


# बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरूयोजना

(२०७५/२०७६-२०७९/२०८०)



## बूढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाडौं

प्रदेश नं. ३

# बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना

(२०७५/०७६-२०७९/०८०)

**पौष २०७५**

## तयार गर्ने

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
प्रदेश नं. ३, नेपाल

## परामर्शदाता संस्था

लुम्बिनी सामाजिक विकास केन्द्र
सन्धिखर्क नगरपालिका १, अर्घाखाँची
फाने नं. ०७७-४२०६५७, ४२०३२०
मो. ९८५७०६१४४१/९८५७०६३६३३
www.lsdc.org.np
email: lumbinisdc@gmail.com

# दीर्घकालीन सोच (Vision)

## समृद्ध नगरको आधार, दिगो पर्यटन र पूर्वाधार

# ब्रान्ड

‘एउटै शिलाबाट निर्मित विश्वकै ठूलो बूढानीलकण्ठको मूर्ति, नगरबासीको वरदान’

प्रदेश नं ३
हेटौडा, मकवानपुर, नेपाल

## शुभकामना

धार्मिक,साँस्कृतिक,प्राकृतिक,पर्यापर्यटकीय सम्पदाहरुले भरिएको बुढानीलकण्ठ नगरपालिकाले ऐतिहासिक,सामाजिक,सांस्कृतिक ,धार्मिक तथा सामाजिक विविधतालाई उजागर गरी आन्तरिक तथा बाहय पर्यटकहरुलाई नगरमा भित्र्याई नगरको समग्र विकासमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्ने अभिप्रायले बुढानीलकण्ठ नगरपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी प्रकाशन गर्न लागेकामा हर्षित बनाएको छ।

**"स्वच्छ,शान्त,समृद्ध,पर्यटकीय नगर बुढानीलकण्ठ "** भन्ने नारा सहित पर्यटन विकास र प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी सोहि अनुरुप पर्यटकीय पूर्वाधार निर्माण,सामाजिक सांस्कृतिक मूल्य मान्यताहरुको जगेर्ना,सार्वजनिक निजी साझेदारीका भावनालाई आत्मसात गराई अगाडि बढ्न सकिएको खण्डमा पर्यटन गुरुयोजनाले समग्र नगरको आर्थिक समृद्धिमा कोषेढुङ्गा सावित हुने विश्वास लिएको छु । राजधानीको सामिप्यतामा अवस्थित रहि नेपाल भ्रमण वर्ष,२०२०को पूर्वसन्ध्यामा तर्जुमा गर्न लागिएको यस गुरुयोजनाले नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** को नारालाई अवश्य टेवा पुर्‍याउने छ । पर्यटकीय सम्भावना रहेर पनि हालसम्म महत्व नपाएका सबैखाले पर्यटकीय स्थलहरुको पहिचान गरी त्यसको उचित संरक्षण ,विकास र प्रचार प्रसार गर्न सकेको खण्डमा यसले समग्र नगरपालिकाको विकास तथा स्थानीय स्तरमा रोजगारीका अवसरहरु सृजनामा मद्धत पुग्ने छ । गुरुयोजना निर्माण सकरात्मक कदम भए पनि यसको सफल कार्यान्वयनबाट मात्र लक्ष्य प्राप्त हुने भएकाले यसको लागि नगरका जनप्रतिनिधिहरु,सरकारी तथा गैरसरकारी संघ संस्थाहरु,निजी क्षेत्र,नागरिक समाज, राजनीतिक क्षेत्र सबैको सामूहिक प्रतिवद्धता र प्रयास आवश्यक रहने भएको हुँदा सबैको साथ सहयोग प्राप्त गर्नमा नगरपालिका सफल हुने विश्वासका साथ गुरुयोजनाको सफल कार्यान्वयनको लागि शुभकामना दिन चाहन्छु ।

अन्तमा गुरुयोजना निर्माणमा सहयोग गर्नु हुने तथा प्रकाशनको अवस्थासम्म ल्याउन योगदान पुर्‍याउनु हुने सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

मिति :२०७५।०९।२७

.................
डोरमणि पौडेल
मुख्यमन्त्री

पान नं : ३०२२३२२३१ स.क.प.आ.ब.नं : २०९९३ जि.प्र.का.दर्ता नं : ११७ ०६३ ०६४

# लुम्बिनी सामाजिक विकास केन्द्र

सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची

**Lumbini Social Development Centre (LSDC)**

Sandhikharka Municipality -1, Arghakhanchi

स्थापना : २०६३

च.नं.

प.नं.

मिति २९ पौष, २०७५

## हार्दिक आभार तथा धन्यवाद

नेपालको संविधान २०७२ को संघीय संरचना अनुसार स्थापित बूढानीलकण्ठ नगरपालिका प्रसिद्ध धार्मिक सम्पदाको नामबाट पुकारिएको छ । प्रदेश ३ अन्तर्गत काठमाडौं जिल्लाको उत्तरमा यो नगरपालिका अवस्थित छ । बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना (२०७५-२०८०) पर्यटन क्षेत्रको समग्र विकासको दस्तावेज हो । नगरपालिकाको पर्यटन विकासको लक्ष्य हासिल गर्न मूल मार्गदर्शनका रूपमा यो गुरुयोजना तयार गरिएको छ । पाँच वर्षको विस्तृत कार्ययोजना (Five years detail action plan) र १० वर्षको दीर्घकालीन दूरदृष्टि (Vision) यो गुरुयोजनाले पहिल्याएको छ । पर्यटन विज्ञहरू, सरकारी, गैरसरकारी, सघंसस्थाहरू तथा जनप्रतिनिधिहरूसँग बृहत् छलफल गरी यो दस्तावेज तयार गरिएको छ । यो गुरुयोजना नेपालको संविधान २०७२, पर्यटन नीति २०६५, ऐन, नियमावली र नेपालको राष्ट्रिय पर्यटन रणनीति (सन् २०१६-२०२५), पर्यटन साहित्य, नगरका वार्षिक योजना, प्रगति प्रतिवेदन समेतलाई अध्ययन गरी तयार गरिएको छ ।

**'समृद्ध नगरको आधार, दिगो पर्यटन र पूर्वाधार'** नगरको संकल्पलाई साकार पार्ने लक्ष्यका साथ यो पर्यटन गुरुयोजना नगरपालिकाको वास्तविक धरातलमा रहेर तयार गरिएको छ । नगरका अनुपम एवं प्राकृतिक स्रोतहरू र जीवित सांस्कृतिक सम्पदाहरूलाई अन्तर्राष्ट्रिय र आन्तरिक पर्यटकमाफ प्रवर्द्धन गर्न, स्थानीय स्तरमा वसोवास गर्ने नागरिकको आय आर्जन र रोजगारीमा अभिवृद्धि गरी पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरिबी निवारणका लागि टेवा पुऱ्याउन पर्यटन क्षेत्रलाई नगरको विकासको अग्रणी क्षेत्रका रूपमा स्थापित गरी समावेशी विकास जस्ता अन्तरविषयक सवालहरू (Cross Cutting Issues) को समाधान गर्न सकिन्छ । गुरुयोजनाले नयाँ अवसरको खोजी तथा प्रयोग गर्न नयाँ विकास पद्धति र योजना विधिका रूपमा स्थानिक आधार (Spatial base) र सहभागितामूलक विकास योजना तथा कार्यक्रमबाट स्थानीय तहमा दिगो जीवन निर्वाहमा सुधार ल्याउन सक्ने र विकास निर्माणका उपलब्धि र प्रक्रियामा स्वामित्व (Ownership) र स्थायित्व विकासको मौलिकपनबाट नगरको समृद्धि अघि बढ्न सक्ने परिकल्पना गरेको छ । नगरस्तरीय आर्थिक विकास र सामाजिक रुपान्तरणका मुख्य आधारहरूको पहिचान, परिचालन र प्रयोगका लागि पर्यटन प्रवर्द्धन तथा विकास प्रक्रिया दिशानिर्देश गर्न दीर्घकालीन रणनीतिक योजनाको परिपूर्ति यस पर्यटन गुरुयोजनाबाट हुने नै छ ।

***एउटै शिलाबाट निर्मित विश्वकै ठूलो बूढानीलकण्ठको मूर्ति नगरवासीको वरदान*** यस नगरको ब्रान्ड मार्फत धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको बजारीकरण गर्न सकिने सम्भावना रहेको छ । यो पर्यटन गुरुयोजनाले नगरको पर्यटन विकासका लागि दिशाबोध गर्ने अल्पकालीन र दीर्घकालीन कार्य योजनाको मार्गचित्र तयार गरेको छ ।

यस नगरको पर्यटन गुरुयोजना निर्माण गर्ने सन्दंभमा अमूल्य सुझाव दिने यस नगरका प्रवुद्धवर्ग, सांसदहरु, नगर प्रमुख लगायत जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत अन्य कर्मचारीहरु, स्थानीय समाजसेवी, संस्कृतिविद् सत्य मोहन जोशी, पर्यटन विज्ञ कर्ण शाक्य लगायतलाई विशेष धन्यवाद दिन चाहन्छु ।

पर्यटन गुरुयोजना तर्जुमाको समयावधिभरि तथ्यगत विवरणको खोजी गर्न अध्ययन अनुसन्धान एवं भौगोलिक सूचना प्रणालीको आधारमा पर्यटकीय स्रोत सम्पदाको सर्वेक्षणमा क्रियाशील रहनुहुने लुम्बिनी सामाजिक विकास केन्द्रका विज्ञहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा, पर्यटन गुरुयोजना निर्माणका लागि यस संस्थालाई जिम्मेवार दिनुहुने नगरपालिकाप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

इन्द्रमणि पौडेल

संयोजक (कार्यकारी निर्देशक)

"गुणस्तरीयता र पारदर्शिताको लागि हाम्रो अभियान"

फोन नं : +९७७-०७७-४२०६५७, ४२०३२०, Email: lumbinisdc@gmail.com, lsdcorg@yahoo.com, website: www.lsdc.org.np

# अध्याय १


नगरपालिकाको सामान्य वस्तुगत विवरण (General condition of municipality profile) १

१.१ नगर परिचय (Introduction) १

१.२ भौगोलिक स्थिति (Geographical position) १

१.२.१ भू-बनोट (Landmark) १

१.२.२ भू -उपयोग सम्बन्धी विवरण (Land usage details) २

१.२.३ वन तथा वातावरण सम्बन्धी विवरणहरू (Forest and Environmental details) २

१.२.४ प्राकृतिक जोखिम क्षेत्र (Natural risk area) २

१.३ जनसंख्यासम्बन्धी विवरण (Population details) ३

१.३.१ जनसंख्या वृद्धि तथा वर्गीकरण (Population growth and grouping) ४

१.३.२ जात-जातीय विवरण (Cast ethnicity detail) ५

१.३.३ नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको लैंगिक तथा वैवाहित स्थिति (Gender related and marital (Status of citizens of the municipality) ५

१.४ सडक सम्बन्धी विवरण (Details on roads) ५

१.५ नगरपालिकाको स्वास्थ्य स्थिति (Health status of municipality) ६

१.६ जलस्रोतको अवस्था (Water resources status) ६

१.६.१ खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण (Details of drinking water and sanitation) ७

१.६.२ फोहोरमैला तथा ढल व्यवस्थापन (Sewage and wastage management) ८

१.७ धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (Religious and cultural heritages) ९

१.७.१ धर्म– संस्कृति (Religious culture) ९

१.७.२ धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (Religious and cultural heritages) ९


# अध्याय २


पर्यटनको अवस्था विश्लेषण (Situation of tourism) १०

२.१ विषय प्रवेश १०

२.२ पर्यटकीय दृष्टिमा बूढानीलकण्ठ नगरपालिका (Tourism Perspective in Budhanilkanta municipality) १०

२.३ नगरपालिकामा पर्यटक आगमन प्रवृत्ति (Trend of tourist arrivals in municipality) १०

२.४ बूढानीलकण्ठ नगरपालिकाका पर्यटकीय मूल्य र मान्यता(Tourism Value and validity of budhanilkantha municipality) ११

२.४.१ सांस्कृतिक तथा ऐतिहासिक महत्त्व (Cultural and historical importance) ११

२.४.२ प्राकृतिक महत्त्व (Natural importance) ११

२.४.३ तीर्थाटनको महत्त्व (Pligrimmage importance) १२

२.४.४ स्थानीय स्रोतको दिगो उपयोग (Sustainable use of local resources) १२

२.४.५ जिम्मेवारीपूर्ण पर्यटन (Responsible tourism) १२

२.४.६ स्थानीय स्तरमा आर्थिक लाभ (Economic gains in local level) १३

२.५ पर्यटन पूर्वाधार र पर्यटकीय आकर्षणका स्रोत (Tourism infrastructures and attractions) १३

२.५.१ आगमन सुगमता (Facilated arrival) १४

२.५.२ आवास (Lodging and residences) १४

२.५.३ आरामदायी सेवा सुविधा (Comfortable services and facilities) १४

२.५.४ मेलापर्व र मनोरञ्जन गतिविधि (Festivals and recreational activities) १५

२.६ ऐतिहासिक, पुरातात्त्विक सांस्कृतिक सम्पदा (Historical and archeological cultural heritage) १६

२.७ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (Shivapuri Nagarjun National park) १६

२.८ नेपालको पर्यटन इतिहास (Tourism history of Nepal) १९

२.९ नेपालमा बनेका पर्यटन गुरुयोजनाहरू (Tourism masterplans ofNepal) २२
२.१० दिगो विकासका लक्ष्यहरू Sustainable Development Goal (SDG) २२
२.११ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ (National Tourism Strategy 2016-2025) २३
२.१२ पर्यटनको दीर्घकालीन दृष्टिकोण (भिजन) २०२० (Nepal tourism vision 2020) २४
२.१३ पर्यटन विकासका क्षेत्रमा आवधिक योजनाहरूको समीक्षा (Review of the periodic plans in tourism development) २५
२.१३.१ प्रथम पञ्चवर्षीय योजना समीक्षा २०१३ देखि २०१८ (First plan 2013-2018) २५
२.१३.२ दोस्रो पञ्चवर्षीय योजना समीक्षा २०१८ देखि २०२२ (Second plan 2018-2022) २६
२.१३.३ तेस्रो पञ्चवर्षीय योजना समीक्षा २०२३ देखि २०२७ (Third plan 2023-2027) २६
२.१३.४ चौथो पञ्चवर्षीय योजना समीक्षा २०२७देखि २०३२ (Fourth plan 2027-2032) २६
२.१३.५ पाँचौं पञ्चवर्षीय योजना समिक्षा २०३२ देखि २०३७ (Fifth plan 2032-2037) २६
२.१३.६ छैटौं पञ्चवर्षीय योजना समीक्षा २०३७ देखि २०४२ (Sixth plan 2037-2042) २७
२.१३.७ सातौं पञ्चवर्षीय योजना समीक्षा २०४२देखि २०४७ (Seventh plan 2042-2047) २८
२.१३.८ आठौं पञ्चवर्षीय योजना समीक्षा २०४९ देखि २०५४ (Eight plan 2049-2054) २८
२.१३.९ नवौं पञ्चवर्षीय योजनाको समीक्षा२०५५ देखि २०५९ (Ninth plan 2055-2059) २९
२.१३.१० दसौं पञ्चवर्षीय योजना समीक्षा २०५९ देखि २०६४ (Tenth plan 2059-2064) ३०
२.१३.११ एघारौं त्रिवर्षीय अन्तरिम योजना समीक्षा २०६४ देखि २०६६ (Eleventh interim plan 2064-2066) ३१
२.१३.१२ बाह्रौं त्रिवर्षीय अन्तरिम योजनासमीक्षा २०६७ देखि २०६९ (Twelfth interim plan 2067-2069) ३२
२.१३.१३ तेह्रौं त्रिवर्षीय अन्तरिम योजना समीक्षा २०७० देखि २०७३ (Thirteenth interim plan 2070-2073) ३२
२.१३.१४ चौधौं त्रिवर्षीय अन्तरिम योजनाको समीक्षा २०७४ देखि २०७६ (Fourteenth interim plan 2074-2076) ३३

## अध्याय ३

ऐन, नियम पुनरावलोकन (Review of legislation, policies) ३४
३.१ ऐन, नीति तथा कानुनी प्रावधानहरू (Legislation, Policies, Laws and Guidelines) ३४
३.२ नेपालको संविधान २०७२ मा पर्यटन विकास सम्बन्धी व्यवस्थाहरू (Tourism development matters in nepal's constitution 2072) ३४
३.३ पर्यटन नीति २०६५ (Tourism policies 2065) ३५
३.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (government legislations 2074) ३६
३.५ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (Environment conservation policies 2053, rules, 2054) ३७
३.६ वातावरण संरक्षण ऐन २०५३, नियमावली, २०५४ (Forest regulations 2052) ३७
३.७ दुर्लभ वन्यजन्तुहरको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ (Wildlife conservation rules 2049 for the conservation of endangered species) ३७
३.८ वन नियमावली २०५२ (Water resources rules and regulations 2049) ३७
३.९ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ (Economic policies) ३८
३.१० राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० (Tourism development diplomatic plans 2016-2025) ३८
३.११ जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०४९ (Agriculture Development Strategy (ADS) 2015 to 2035) ३८
३.१२ अर्थ विधेयक २०७५ (Economic Policies) ३८
३.१३ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ (Multilateral environmental agreements) ३९

३.१४ कृषि विकास रणनीति (२०७२ देखि २०९२) Agriculture Development Strategy (ADS) 2015 to 2035 ३९
३.१५ वातावरण निर्देशिका २०५७ (Environment Guideline) ४०
३.१६ बहुपक्षीय वातावरणीय सम्झौताहरू (Multilateral Environmental Agreements) ४०
३.१७ पर्यटन विकाससँग सम्बन्धित ऐनहरू (Offices related to tourism development) ४०
३.१८ पर्यटन विकाससँग सम्बन्धित नियमहरू (Offices under archeology department related to tourism development) ४०
३.१९ पर्यटन विकास सम्बन्धित गठन आदेशहरू (Commands related to tourism development) ४१
३.२० पर्यटन विकास सम्बन्धी कार्यालयहरू (Offices related to tourism development) ४२
३.२१ पर्यटन विकास सम्बन्धी पुरातत्त्व विभाग तथा अन्तर्गत कार्यालयहरू (Offices under archeology department related to tourism development) ४२
३.२२ पर्यटन विकास सम्बन्धी संस्थानहरू (Institutions related to tourism development) ४३
३.२३ पर्यटन विकास सम्बन्धी समितिहरू (Committees related to tourism) ४३
३.२३.१ संस्कृति सम्बन्धी समितिहरू (Committees related to culture) ४३
३.२३.२ पर्यटन सम्बन्धी समितिहरू (Committees related to tourism) ४३

## अध्याय ४

पर्यटन गुरुयोजना निर्माणको पृष्ठभूमि (Tourism master plan's background) ४४
४.१ विषय प्रवेश ४१
४.२ पर्यटन गुरुयोजना तर्जुमाको औचित्य (Rationale of the tourism master Plan formulation) ४५
४.३ पर्यटन गुरुयोजनाको आवश्यकता (Needs of tourism master plans) ४६
४.४ गुरुयोजना निर्माण प्रक्रिया (Tourism master plan preparation methodology) ४९
४.५ गुरुयोजना तयारी विधि (पुस्ट्याइँ सहित) (Preparation process of tourism master plan) ५२
४.५.१ तथ्यांक स्रोत (Statistical sources) ५२
४.५.२ स्थलगत अध्ययन (Field study) ५२
४.५.३ तथ्यांक विश्लेषण (Statistical analysis) ५३
४.५.४ डेस्क समीक्षा (Desk study) ५३
४.५.५ नगरस्तीय अन्तरक्रिया कार्यक्रम (Municipal level interaction programs) ५३
४.५.६ जनसहभागितामा आधारित (Public participations) ५३
४.५.७ तलबाट माथि उठ्ने (Bottom-up approach) ५३
४.५.८ नक्सा निर्माण (Map making) ५४
४.५.९ पर्यटन गुरुयोजना मस्यौदा तयारी (Tourism master plan draft preparation) ५४
४.५.१० पर्यटन गुरुयोजनाको अन्तिम तयारी (Final preparation of tourism master plan) ५४
४.५.११ विधि (सारांश) (Methodology summary) ५५
४.६ पर्यटन गुरुयोजनाको संरचना (Format of tourism masterplan) ५५
४.७ गुरु योजनाको परिधि (Scope) तथा सीमितता (Limitation) ५६
४.८ पर्यटनको वर्गीकरण (Classification of tourism) ५७
४.९ पर्यटन क्षेत्रका प्रभावहरू (Effects of tourism sector) ५७
४.१० नगरमा पर्यटन प्रवर्द्धनका भौगोलिक तथा सांस्कृतिक आधार (Geographical and cultural bases of municipal tourism promotion) ५७
४.११ मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles) ५७

## अध्याय ५

पर्यटन गुरुयोजनाका दूरदृष्टि, ध्येय, मूल्य, लक्ष्य, उद्देश्य, नीति, कार्यनीति र रणनीति
(Vision, Mission, Goal and Objectives) ५९
५.१ दीर्घकालीन सोच (Vision) ५९
५.२ ध्येय (Mission) ५९
५.३ मूल्य (Values) ५९
५.४ लक्ष्य (Goal) ६०
५.५ उद्देश्यहरू (Objectives) ६०
५.६ पर्यटन गुरु योजना कार्यान्वयनका लागि निम्न (policies) नीतिहरू ६१
५.७ पर्यटन विकास रणनिती (Tourism development strategies) ६१
५.८ कार्यनीतिहरू (Strategy) पर्यटन गुरुयोजना कार्यान्वयनकाकार्यनीतिहरू ६२
५.९ उद्देश्यहरूको कार्यान्वयन रणनीतिहरू (Implementing strategies of objectives) ६४

## अध्याय ६

नगरपालिकाका पर्यटकीय गन्तव्य स्थलहरू ६८
६.१ बूढानीलकण्ठ मन्दिर ६८
६.२ विष्णुद्वार धाम ६९
६.३ वाग्द्वार ७०
६.४ शिवपुरी चुचुरो ७१
६.५ कामधेनु शिला ७२
६.६ शतरुद्रेश्वर ७३
६.७ खड्ग भद्रकाली मन्दिर (धर्मपुर) ७३
६.८ नौलीन भद्रकाली मन्दिर ७४
६.९ रुद्रेश्वरमहादेव ७५
६.१० पञ्चकुमारी मन्दिर ७६
६.११ कपन बगलामुखी मन्दिर ७७
६.१२ कपनगढी र कपन गुम्बा ७८
६.१३ नागी गुम्बा ७८
६.१४ चुनदेवीमन्दिर ७९
६.१५ पुतली डाँडागढी/गुफा ७९
६.१६ अप्सरा घाट ८०
६.१७ खप्तडबाबा समाधिस्थल ८०
६.१८ विष्णुमती झरना ८०
६.१९ धोबी ढुंगा ८१
६.२० विपश्यना ८२
६.२१ सुवर्ण शमशेर क्रिकेट मैदान ८२
६.२२ धोबीखोला जलाशय (वाटर पार्क) ८३
६.२३ तारेभीर ८३

## अध्याय ७

पर्यटन गुरुयोजनामा गरिने मुख्य मुख्य कार्यक्रमहरू (Main activities of tourism master plan) ८८
७.१ नगरमा भएका सबै मन्दिरहरूको संरक्षण
(Preservation of temples and monuments in the municipality) ८८
७.२ ऐतिहासिक स्थलहरूको संरक्षण (Preservation of historical places) ८८

| | | |
|---|---|---|
| ७.३ | घुम्ती पर्यटक प्रहरीको व्यवस्था (Tourism police service) | ८८ |
| ७.४ | प्रचार सामग्री उत्पादन तथा वितरण (Production of advertising materials) | ८८ |
| ७.५ | पर्यापर्यटन (Eco-tourism) | ८९ |
| ७.६ | पदयात्रा पर्यटन (Trekking tourism) | ८९ |
| ७.७ | फेसबुक तथा इमेल इन्टरनेट (Facebook and internet) | ९० |
| ७.८ | भ्युटावर (दृश्यावलोकन) -Sight seeing) | ९० |
| ७.९ | सूचना केन्द्रको स्थापना (Establishment of information centers) | ९० |
| ७.१० | पर्यटन सर्वेक्षण तथा अनुसन्धान (Tourism surveying and research) | ९० |
| ७.११ | तालिम (Training) | ९० |
| ७.१२ | मनोरञ्जन (Entertainment) | ९० |
| ७.१३ | अतिथि सत्कार (Guests' welcome) | ९१ |
| ७.१४ | शिवपुरी केबलकार (Shivapuri Cablecar) | ९१ |
| ७.१५ | पर्यटन विकास समिति गठन र सुदृढीकरण (Formation of tourism development committee and improvement) | ९१ |
| ७.१६ | सांस्कृतिक तथा धार्मिक पर्यटन (Cultural and religious tourism) | ९१ |
| ७.१७ | पर्यटन उत्पादन, विकास तथा उपयोग (Tourism production, development and usages) | ९२ |
| ७.१८ | प्रशासनिक सुदृढीकरण (Administrative improvement) | ९२ |
| ७.१९ | पर्यटन गुरुयोजना कार्यान्वयन व्यवस्था (Tourism master plan execution) | ९२ |
| ७.२० | नयाँ पूर्वाधारको विकास (Developing new infrastructures) | ९२ |
| ७.२१ | पार्क तथा पिकनिक स्पट (Parks and picnic spots) | ९३ |
| ७.२२ | पर्यटन नमुना वडा (Sample tourism wards) | ९३ |
| ७.२३ | अन्तराष्ट्रिय सम्पर्क (International contacts) | ९३ |
| ७.२४ | निजी क्षेत्रको परिचालन तथा सुविधा (Mobilization of private sectors) | ९३ |
| ७.२५ | वातावरण संरक्षण (Environmental conservation) | ९३ |
| ७.२६ | ब्रान्डिङ (Branding) | ९४ |
| ७.२७ | धोवी खोलामा जलाशय निर्माण (Construction of watersheds in dhobikhola) | ९४ |
| ७.२८ | फूल तथा फूलका बेर्ना (Flowers and its seeds) | ९४ |
| ७.२९ | पर्यटन सेवा सुदृढीकरण (Tourism services promotion) | ९४ |
| ७.३० | सडक तथा यातायात (Roads and transport) | ९४ |
| ७.३१ | सुशासन (Good governance) | ९५ |
| ७.३२ | मानव अधिकार (Human rights) | ९५ |
| ७.३३ | तथ्याङ्क (Statistics) | ९५ |
| ७.३४ | एग्रो टुरिजम (Agrotourism) | ९५ |
| ७.३५ | सरसफाइ तथा खानेपानी (Sanitation and drinking water) | ९६ |
| ७.३६ | फोहरमैला व्यवस्थापन (Wastages management) | ९६ |
| ७.३७ | जैविक विविधता कार्यक्रम (Ecosystem diversity programs) | ९६ |
| ७.३८ | स्वास्थ्य पर्यटन कार्यक्रम(Health tourism program) | ९६ |
| ७.३९ | शैक्षिक पर्यटन (Edu Tourism) | ९७ |
| ७.४० | खेल पर्यटन (Sport tourism) | ९७ |
| ७.४१ | साइक्लिङ रुट (Cycling route) | ९७ |
| ७.४२ | पर्यटन प्रवर्द्धनमा समुदाय-सार्वजनिक-निजी -साझेदारी (पीपीपीपी) (Community-private- public- partnerships in tourism promotion) | ९७ |
| ७.४३ | साहसिक पर्यटन (Adventurous tourism) | ९८ |
| ७.४४ | वृक्षरोपण (Tree plantation) | ९८ |

| | | |
|---|---|---|
| ७.४५ | घाट, धारा र वाटर पार्क (Water parks) | ९८ |
| ७.४६ | संग्रहालय (Museums) | ९८ |
| ७.४७ | पर्व, जात्रा प्रवर्द्धन र संरक्षण (Festivals and fests preservations and conservation) | ९८ |
| ७.४८ | अध्ययन अनुसन्धान तथा गुरुयोजना (Study, research and master plans) | ९८ |
| ७.४९ | माइस पर्यटन (Mice tourism) | ९८ |


## अध्याय ८


| | | |
|---|---|---|
| पाँचवर्षे विस्तृतम कार्य योजना (5 Years detailed action plan) | | ९९ |
| ८.१ | प्रस्तावित कार्यक्रम, बजेट र जिम्मेवारी (Proposed programs, budgeting and responsibility) | ९९ |
| ८.२ | ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू (Historical, archeological, religious, cultural and natural heritages) | ९९ |
| ८.३ | प्राकृतिक, जैविक विविधतायुक्त पर्यटकीय स्थलहरूको अध्ययन–अनुसन्धान (Study of natural diversity and biodiversity related sites) | १०० |
| ८.४ | पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता (Trainings for tourism human resources, income generating skills and labour) | १०० |
| ८.५ | पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ (Construction of tourism infrastructures) | १०१ |
| ८.६ | प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण र ब्रान्डिङ (Advertisement, promotions, information, marketing and branding) | १०२ |
| ८.७ | कानुन, सुरक्षा र संस्थागत सुधार (Laws, security and institutional improvement) | १०२ |
| ८.८ | पञ्चवर्षीय कार्ययोजना (5 Years work plan) | १०३ |
| ८.९ | तत्कालीन प्राथमिकताका कार्यक्रमहरू (Immediate Priority Programs) | १०३ |
| ८.९.१ | धार्मिक र पर्यावरणीय पर्यटन क्रियाकलापमा प्रवर्द्धन (Promotion of religious and ecosystem activities) | १०३ |
| ८.९.२ | पर्यटकीय सम्पदा र पर्यापर्यटकीय गतिविधिमा विविधीकरण (Diversification tourism Product & adventure activities) | १०४ |
| ८.१० | गुरुयोजनाको कार्यान्वयन र अपेक्षाहरू(वि. सं. २०८०) (Execution of master plan 2080 B.S) | १०४ |
| ८.११ | पर्यटन गुरुयोजना कार्यान्वयनका लागि आवश्यक वित्त व्यवस्था (Economic facilities for execution of tourism masterplan) | १०५ |
| ८.१२ | दीर्घकालीन पर्यटन विकास र कार्यान्वयन (Sustainable tourism development and execution) | १४२ |
| ८.१२.१ | दिगो पर्यटन पूर्वाधार निर्माण (Construction of sustainable tourism infrastructures) | १४२ |
| ८.१२.२ | आर्थिक दिगोपन (Economic sustainability) | १४२ |
| ८.१२.३ | सामाजिक दिगोपन (Social sustainability) | १४३ |
| ८.१२.४ | सांस्कृतिक दिगोपन (Cultural sustainability) | १४३ |
| ८.१२.५ | पर्यावरण दिगोपन (Ecosystem sustainability) | १४३ |
| ८.१३ | वि.सं.२०८०–२०८५ सम्मका दीर्घकालीन अपेक्षा (Long-term expectations for 2080 - 2085) | १४३ |
| ८.१४ | पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाहरू (वि.सं. २०८५) (Sustainable diplomatic plans for tourism development) | १४४ |


## अध्याय ९


| | | |
|---|---|---|
| नगरपालिकामा पर्यटनका (SWOT) विश्लेषण (swot analysis of municipality tourism) | | १४९ |
| ९.१ | पर्यटन गतिविधि र विकासको पुनरावलोकन (Review of tourism and developmental activities) | १४९ |
| ९.२ | सबल पक्षहरू (Strengths) | १५० |
| ९.३ | कमजोरीहरू (Weaknesses) | १५० |
| ९.४ | अवसरहरू (Opportunities) | १५१ |

९.५ चुनौतीहरू (Threats) १५२
९.६ बूढानीलकण्ठ नगरपालिकामा पर्यटन विकास र प्रवर्द्धनमा देखिएका प्रमुख समस्याहरू (Main problems observed in the tourism of Budhanilkantha municipality) १५७
९.७ कार्यक्रम कार्यान्वयन संरचना (Programme implementing model) १५८
९.७.१ नगरस्तरीय संस्थागत संरचना (Municipality level institutional structure) १५८
९.७.२ स्थानीय संस्थागत संरचना (Local level institutional structure) १५९
९.७.३ पर्यटन गुरुयोजना कार्यान्वयनका लागि संस्थागत कार्यढाँचा १५९
९.८ कार्यक्रमको अनुगमन र जिम्मेवारी (Program monitoring and responsibility) १६२
९.८.१ स्थलगत अनुगमन भ्रमण (Site visit & monitoring) १६२
९.८.२ विकास सूचक एवं वार्षिक समीक्षा (Development indicators & annual analysis) १६२
९.८.३ पर्यटन विकास शाखामार्फत नगरपालिकाबाट अनुगमन (Monitoring by municipality through tourism development branch) १६२
९.८.४ स्थानीय समितिहरूबाट अनुगमन (Monitoring by local committiees) १६३
९.९ पर्यटन गुरुयोजना कार्यान्वयन, परिचालन र मूल्यांकन योजना (Tourism master plan execution, mobilization and inspection plans) १६३
९.१० वि.स.२०८० सम्म अपेक्षित उपलब्धिहरू (Expectations till 2080) १६४
९.११ बूढानीलकण्ठ मन्दिर, नगरपालिका, प्रदेश सरकार र संघीय सरकारस्तरीय सुझावहरू (Budhanilkantha temple, municipality, provincial government and federal governmental suggestions) १६५
९.११.१ बूढानीलकण्ठ मन्दिरमा पर्यटन प्रवर्द्धनका लागि सुझाव (Budhanilkantha temple protection promotion related suggestions) १६६
९.११.२ नगरपालिकास्तरीय सुझावहरू (Municipality level suggestions) १६६
९.११.३ प्रदेश सरकारस्तरीय सुझावहरू (Province level suggestions) १६८
९.११.४ संघीय सरकारस्तरीय सुझावहरू (Federal government level suggestions) १६८

## उपसंहार १

तर्कयुक्त ढाँचा (Logical Frame work) १६९

## तालिका सूची

तालिका नं. १.१ भू-उपयोगको अवस्था (Land usage stage) २
तालिका नं १.२ बूढानीलकण्ठ नगरपालिकामा वडाहरूको जनसंख्या विवरण (Ward wise population details of Budhanilkantha municipality ३
तालिका नं.१.३ जनसंख्याको विवरण (Population details) ४
तालिका नं १.४ उमेर समूह अनुसार जनसंख्याको विवरण (Population details according to age groups) ४
तालिका नं. १.५ जातजाति समूहको विवरण (Ethinic groups details) ५
तालिका नं. १.६ सडक सम्बन्धी विवरण (Road details) ६
तालिका नं. १.७ नगरपालिकाको स्वास्थ्य स्थिति (Health status of municipality) ६
तालिका नं.१.८ खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण (Drinking water and sanitation details) ७
तालिका नं. १.९ चर्पीको विवरण (Lattrines details) ८
तालिका नं.१.१० धर्म अनुसार जनसंख्याको विवरण (Religious details of population) ९
तालिका नं. २.१ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पर्यटक प्रवेश संख्या ११
तालिका नं.२.२ शिवपुरी निकुञ्जमा पाइने वनस्पतिहरू १७
तालिका नं. २ .३ शिवपुरी निकुञ्जमा पाइने स्तनधारी जनावर १८
तालिका नं. २.४ नेपालमा पर्यटक आगमन तथ्यांक (विसं. २०२१ देखि २०७४ : ५३ वर्ष) २०
तालिका नं. २.५ नेपालमा पर्यटक आगमन (२०५० देखि २०७४) २१

तालिका नं. २.६ प्रथम पञ्चवर्षीय योजना देखि चौधौं त्रिवर्षीय अन्तरिम योजना २६
तालिका नं. ४.१ गोष्ठी गरिएको मिति, स्थान, सहभागीहरू (Date, place and participants of seminars) ५०
तालिका नं.४.२ दृष्टिकोण र पद्धति (Approach and methodology) ५२
तालिका नं. ६.१ नगरपालिकाका धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटकीय महत्वका स्थलहरू
(Famous religious, cultural and natural touristic areas of municipalities) ८४
तालिका नं ८.१ पाँचवर्षे विस्तृत कार्ययोजना (अल्पकालीन) (Five years detailed action plan) (प्राथमिकता नं. १)
(Priority number 1) १०५
तालिका नं.८.२ आधार स्तम्भहरू, प्रस्तावित योजनाहरूको संख्या, वर्ष र बजेट (वि.स. २०७५–२०८०)
(Bases, proposed plan numbers, years and budgets) १३२
तालिका नं ८.३ पाँचवर्षे विस्तृत कार्य योजना (Five years detailed action plan) (प्राथमिकता नं. २)
(Priority number 2) १३३
तालिका नं.८.४ आधार स्तम्भहरू, प्रस्तावित योजनाहरूको संख्या, वर्ष र बजेट (प्राथमिकता नं. २ को बजेट सारांश)
(Bases, proposed plan numbers, years and budgets)Budget summary १४२
तालिका नं.८.५ पर्यटन प्रवर्द्धनका लागिदीर्घकालीन प्रस्तावित योजनाहरू
(Sustainable and proposed tourism promotion plans) १४६
तालिका नं.९.१ नगरका पर्यटकीय क्षेत्रमा देखिएका सबल पक्ष र दुर्बल पक्षहरू
(Strengths and weaknesses in touristic areas) १५३
तालिका नं. ९.२ बूढानीलकण्ठ मन्दिरका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू
(SWOT) analysis of budhanilkantha temple) १५६
तालिका नं.९.३ शिवपुरी क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू
(SWOT) Analysis of shivapuri area) १५७
तालिका नं.९.४ पर्यटन गुरुयोजना कार्यान्वयनका लागि संस्थागत कार्यढाँचा
(Organizational workformat of tourism masterplan) १५९
तालिका नं.९.५ विभिन्न तहका पर्यटन विकास समितिहरू एवं जिम्मेवारी
(Responsibilities and committees of differrent levels of tourism development) १६१
तालिका नं. ९.६ पर्यटन गुरुयोजनाको परिचालन तथा मूल्यांकन योजना
(Mobilization and valuation plans of tourism) १६४
तालिका नं.९.७ जोखिम र अनिश्चितताको आकलन तथा व्यवस्थापन
(Risks and uncertainties management) १६५

**नक्सा सूची**

नक्सा नं.४.१ एसियामा नेपालको स्थान (Nepal in Asia) ४७
नक्सा नं.४.२ नेपालको नक्सामा बूढानीलकण्ठ नगरपालिका (B.N municipality in the map of nepal) ४८
नक्सा नं. ४.३ काठमाडौं जिल्लामा बूढानीलकण्ठ नगरपालिका (B.N municipality in Kathmandu district) ४८
नक्सा नं. ४.४ बूढानीलकण्ठ नगरपालिकाका वडाको अवस्थिति (Ward situations of B.N municipality) ४८
नक्सा नं. ६.१ नगरपालिकाका मुख्य-मुख्य पर्यटकीय स्थलहरू ८७

**चित्र सूची**

चित्र नं. ४.१ पर्यटन विकासमा महत्त्वपूर्ण साझेदारहरू (Important partners of tourism development) ४९
चित्र नं.४.२ गुरुयोजना निर्माण गर्न अपनाइएको प्रक्रिया (Process taken to prepare master plan) ५१
चित्र नं.४.३ पर्यटन गुरुयोजना गन्तव्य, रणनीतिक आधार, दृष्टिकोण र योजना
(Destinations, diplomatic references, visions and plans of tourism master plans) ५४
चित्र नं. ६.१ प्रमुख पर्यटकीय गन्तब्य स्थलहरू ८८
चित्र नं.६.२ नगरपालिकाका दोस्रो पर्यटकीय गन्तव्य स्थलहरू ८६

**अनुसूची १** शब्दावली तथा परिभाषा १७३
**अनुसूची २** वडा स्तरीय दृश्यावलोकन स्थल १७५
वडा स्तरीय गुफा स्थल
वडा स्तरीय पार्क, चौर पिकनिक स्पट,कोट स्थल
**अनुसूची ३** पर्यटन गुरुयोजना निर्माण कार्ययोजना १७६
**अनुसूची ४** पर्यटन गुरुयोजना निर्माण टोली १७६
**अनुसूची ५** पर्यटन गुरुयोजन सुझाब समिति १७७
**अनुसूची ६** पर्यटन गुरुयोजना निर्देशक समिति (नगरपालिका बोर्ड) १७७
**अनुसूची ७** विभिन्न गोष्ठीमा सहभागी महानुभावहरूको नामावाली १७८
**अनुसूची ८** नगरपालिकाको संस्थागत ढाँचा १८९
**अनुसूची ९** नगरपालिकाका जनप्रतिनिधिहरूको नामवली १९०
**अनुसूची १०** नेपालको संविधान २०७२ मा भएको संघ–प्रदेश, संघ, प्रदेश र स्थानीय तहको र स्थानीय तहको अधिकारको सूची १९२
**अनुसूची ११** साइकल सम्बन्धी १९५
**अनुसूची १२** फोटा १८९

## सङ्क्षेपीकृत शब्दहरूको विस्तृतरूप (Abbreviations)

| | | |
|---|---|---|
| संपनाउम | : | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| समासाप्रम | : | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| नपा | : | नगरपालिका |
| बूनपा | : | बूढानीलकण्ठ नगरपालिका |
| जिप्रका | : | जिल्ला प्रशासन कार्यालय |
| जिप्रका | : | जिल्ला प्रहरी कार्यालय |
| जिसस | : | जिल्ला समन्वय समिति |
| डिवका | : | डिभिजन वन कार्यालय |
| नेपबो | : | नेपाल पर्यटन बोर्ड |
| टान | : | ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल |
| गैससं | : | गैर-सरकारी संस्था |
| तागाविस | : | तारागाउँ विकास समिति |
| नाथम | : | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान |
| नाट्टा | : | नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल |
| नारा | : | नेपाल एशोसिएसन अफ र्‍याफ्टिङ्ग एजेन्ट्स एजेन्ट्स |
| नेपसं | : | नेपाल पर्वतारोहण संघ |
| राखेप | : | राष्ट्रिय खेलकुद परिषद |
| सावउस | : | सामुदायिक वन उपभोक्ता समूह |
| रानिवसंवि | : | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| रु | : | रूपैया |
| लउविका | : | लघु उद्यम विकास कार्यक्रम |
| किमी | : | किलो मीटर |
| हान | : | होटल सङ्घ- नेपाल (होटल एसोसिएसन अफ नेपाल) |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| पवि | : | पर्यटन विभाग |
| पउम | : | पर्यटन उद्योग महाशाखा |
| टीआरपीएपी | : | ग्रामीण गरीवी निवारणका लागि पर्यटन कार्यक्रम |
| टुर्गान | : | टुरिस्ट गाइड एसोसिएसन अफ नेपाल |
| टिम्स | : | टुरिजम इन्फर्मेसन मेनेजमेन्ट सिस्टम |
| केतवि | : | केन्द्रीय तथ्याङ्क विभाग |
| एनटीएसपी | : | नेपाल टुरिजम स्ट्राटेजिक प्लान (राष्ट्रिय पर्यटन रणनीतिक योजना) |
| एनटीबी | : | नेपाल पर्यटन बोर्ड (नेपाल टुरिजम बोर्ड |
| आव | : | आर्थिक वर्ष |
| आयो | : | आवधिक योजना |
| वि.सं. | : | विक्रम संवत |
| इ.सं. | : | इस्वी संवत |
| स्याउबारी | : | स्थानीय उत्पादन बातावरण मूलक रीतिरिवाज |
| सानिसा | : | सार्वजनिक  निजी सामुदायिक |
| SWOT | : | Strength weakness opportunity Threat |
| P4 | : | people public private  partnership |
| Mice | : | meeting, incentives, conferences and exhibition |

# कार्यकारी सारांश (Executive summary)

बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना (२०७५-२०८०) पर्यटन क्षेत्रको समग्र विकासको दस्तावेज हो। नगरपालिकाको पर्यटन विकासको लक्ष्य हासिल गर्न मूल मार्गदर्शनका रूपमा यो गुरुयोजना तयार गरिएको छ। पाँच वर्षको विस्तृत कार्ययोजना (Five years detail action उबिल) र १० वर्षको दीर्घकालीन दूरदृष्टि (Vision) यो गुरुयोजनाले पहिलाएको छ। पर्यटन विज्ञहरू, सरकारी, गैरसरकारी, सघंसस्थाहरू तथा जनप्रतिनिधिहरूसँग बृहत् छलफल गरी यो दस्तावेज तयार गरिएको छ। यो गुरुयोजना नेपालको संविधान २०७२, पर्यटन नीति २०६५, ऐन, नियमावली र नेपालको राष्ट्रिय पर्यटन रणनीति (**सन् २०१६-२०२५**), पर्यटन साहित्य, नगरका वार्षिक योजना, प्रगति प्रतिवेदन समेतलाई अध्ययन गरी तयार गरिएको छ।

**समृद्ध नेपाल सुखी नेपाली** बनाउने सरकारको संकल्पलाई साकार पार्न सहयोग पुग्ने लक्ष्यका साथ यो गुरुयोजना नगरपालिकाको वास्तविक धरातलमा रहेर तयार गरिएको हो। यस गुरुयोजनामा नगरका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक, प्राकृतिक सम्पदा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, भूगोल, जनसंख्या, जैविक विविधता, स्थानीय वेशभूषा, मेला, जात्रा, वन, जलस्रोत, जीवनस्तर, जातीय विविधता, पेसा, रोजगारी, शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि पर्यटन, पर्यटन उद्यमशीलता, पर्यटक सुरक्षा, रिसोर्ट, पदमार्ग तथा साइक्लिङ लगायतका विषयमा हालसम्मको अवस्थाको अध्ययन, अनुसन्धान गर्नुका साथै सूचना तथा सञ्चारको अवस्थालाई दृष्टिगत गर्दै लाई कार्ययोजना र रणनीति निर्माण गरिएको छ।

यो गुरुयोजनामा (**स्याउबारी**) योजना अनुरूप समग्र नगरपालिकाको १३ वटै वडाका पर्यटकीय योजनाहरूलाई समावेश गरिएको भए पनि नगरका मुख्य राष्ट्रिय गौरवका महत्त्वपूर्ण योजनाहरूलाई दृर्घकालीनमा समावेश गरिएको छ। यसका साथै **SWOT** विश्लेषणबाट प्राप्त अवसर र चुनौतीहरूलाई समेत समावेश गरिएको छ।

**मूलतः** शिवपुरी क्षेत्रमा साहसिक गतिविधि हाइकिङ, पदयात्रा तथा बूढानीलकण्ठ मन्दिर, गुम्बा र प्रकृति पर्यटनलाई केन्द्रविन्दुमा राखी समग्र गतिविधिलाई विविधीकरण गर्ने प्रयास गरिएको छ। पर्यटन व्यवसायलाई स्थानीय समुदायको जीवनस्तर सुधारको आधारका रूपमा विकास गर्न त्यसबाट प्राप्त प्रतिफललाई नगरबासीको पहुँचसम्म पुऱ्याउने उद्देश्य अनुरूपका कार्यक्रमलाई प्रस्ताव गरिएको छ। नगरको समग्र पर्यटन गतिविधिलाई नै दिगो तथा जिम्मेवार बनाउने गरी प्रस्तुत पर्यटन गुरुयोजनाको दीर्घकालीन योजनाहरूलाई (**सानिसा**) मोडेलमा प्रस्तुत गरिएको छ।

बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजनालाई **नौवटा अध्यायमा** विभाजन गरिएको छ। जस अनुसार **पहिलो अध्यायमा** नगरको वस्तुस्थितिलाई सामान्य रूपमा प्रस्तुत गरिएको छ। जहाँ नगरको परिचय, भौगोलिक अवस्था, जैविक विविधता, प्राकृतिक स्रोत सम्पदाहरू, जलस्रोतको अवस्था, भौतिक पूर्वाधार सम्बन्धी विवरण र स्थानीय समुदायको सामाजिक जनसांख्य एवं स्वास्थ्य, सरसफाइ अवस्थाको उल्लेख गरिएको छ। बूढानीलकण्ठ नगरपालिकाका मुख्य आकर्षकका रूपमा रहेका धार्मिक, मठमन्दिर, गुम्बाहरूको परिचय पनि उल्लेख गरिएको छ।

**दोस्रो अध्यायमा** समग्र नगरको पर्यटन विकासको पुनरावलोकन गर्दै विगतमा नगरपालिकामा पर्यटन विकासका सन्दर्भमा भए गरेका अध्ययन, अनुसन्धान, प्रगति प्रतिवेदन, वार्षिक बजेटलाई संक्षेपमा नियाल्ने प्रयास गरिएको छ। यस अध्यायमा पर्यटनको अवस्था विश्लेषण, **नगरपालिकामा पर्यटक आगमन प्रवृत्ति**, बूढानीलकण्ठ नगरपालिकाका पर्यटकीय मूल्य र मान्यता, पर्यटन पूर्वाधार र पर्यटकीय आकर्षणका स्रोत, नेपालमा बनेका पर्यटन गुरुयोजनाहरू, दिगो विकासका लक्ष्यहरू, निजी क्षेत्र, पर्यटनको इतिहास र पञ्चवर्षीय योजनाहरूको चर्चा गरिएको छ। यस समीक्षात्मक अध्ययनले नै नयाँ पर्यटन गुरुयोजना तर्जुमा गर्नका लागि मुख्य आधार प्रदान गरेको छ। हाल प्राप्त सूचना र तथ्यांकका आधारमा मात्र नगरमा आन्तरिक र बाह्य पर्यटनको सही लेखाजोखा गर्न सकिँदैन।

**तेस्रो अध्यायमा** पर्यटन सम्बन्धी संविधान, ऐन, कानुन तथा नीतिहरूको अध्ययन गरिएको छ। नेपालमा पर्यापर्यटन, धार्मिक, सांस्कृतिक विकास, प्रचारप्रसार र संरक्षणका लागि कानुन, नीति र रणनीतिहरूको तर्जुमा

भएको छ। ती कानुन, नीति र रणनीतिमध्ये केही पर्यापर्यटन र होमस्टे, जैविक विविधता, प्राकृतिक दृश्यावलोकन, जंगल सफारी, पदमार्गमा पूर्णलक्षित छन् । यो गुरुयोजना वस्तुतः पर्यटन विकाससँग लक्षित भएकाले यससँग सम्बन्धित कानुनहरू सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ।

**चौथो अध्यायमा** बूढानीलकण्ठमा पर्यटन विकास र आर्थिक समृद्धिको अपार सम्भावना लाई आत्मसाथ गर्दै पर्यटन गुरुयोजनाको प्रस्तुति गरिएको छ। पर्यटन एक अत्यन्तै प्रतिस्पर्धी उद्योग भएकाले यसको सुधार नभई त्यस्तो सम्भावना भित्राउन सकिँदैन। यसको सफलताको मुख्य आधार भनेकै राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा फैलिने राम्रो छवि, सुदृढ पूर्वाधार, विकासका लागि यथेष्ट लगानी, ब्रान्डिङ सहितको प्रवर्द्धन तथा बजारीकरण हो । यसलाई ध्यान दिँदै यस अध्यायमा गुरुयोजना तर्जुमाको औचित्य, आवश्यकता, विधि, क्षेत्र, मार्गदर्शक सिद्धान्तहरू र प्रक्रियालाई उल्लेख गरिएको छ । नगरका मुख्य पर्यटकीय सवाल र अवरोधहरूको पहिचान गरी तदअनुरूप सम्बोधन गर्ने गरी योजना तर्जुमाको (Buttom up approach) विधिलाई अवलम्बन गरिएको छ। जसअनुसार नगरका सबै १३ वटै वडामा गोष्ठी, स्थलगत सर्वेक्षण, मुख्य पर्यटकीय स्थल *(शिवपुरी क्षेत्र, बूढानीलकण्ठ मन्दिर, नागी र कपन गुम्बा)* भ्रमण, समुदायसँग छलफल, नगरकार्यपालिकाका सदस्यहरू, पर्यटन व्यवसायी एवं सरोकारवाला, सरकारी, गैरसरकारी, सांसद, स्थानीय राजनीतिक दलहरूसँग अन्तरक्रियात्मक कार्यक्रम र विशेषज्ञहरूबाट प्राप्त राय सुझावलाई समेटी ६ वटा मार्गदर्शक सिद्धान्तका आधारमा पर्यटन गुरुयोजना निर्माण गरिएको छ।

**पाँचौं अध्यायमा** '**समृद्ध नगरको आधार, दिगो पर्यटन र पूर्वाधार**' स्थापित गर्ने दूरदृष्टिको परिकल्पना गर्दै त्यसैमा टेकेर छ वटा ध्येय (Mission), सात वटा मूल्य (Values), छ वटा लक्ष्य (Goal) निर्धारण गरी १४ वटा उद्देश्यहरूको पहिचान गरिएको छ । उल्लेखित उद्देश्यहरूलाई पूरा गर्न १२ वटा नीतिहरू (Policies), ४५ वटा कार्यनीतिहरू (Strategy), ४८ वटा कार्यान्वयन रणनीति (Implementing strategy) अगाडि सारिएको छ।

**छैठौं अध्यायमा** नगरपालिकाका मुख्य पर्यटकीय स्थलहरू बूढानीलकण्ठ मन्दिर, विष्णुद्वार धाम, वाग्द्वार, शिवपुरीचुचुरो, कामधेनु शिला, शतरुद्रेश्वर, खड्ग भद्रकाली मन्दिर (धर्मपुर), नौलीन भद्रकाली मन्दिर, रुद्रेश्वर महादेव, पञ्चकुमारी मन्दिर, कपन बंगलामुखी मन्दिर, कपनगढी र कपन गुम्बा, नागी गुम्बा, चुनदेवी मन्दिर, पुतली डाँडागढी/गुफा, अप्सरा घाट, खप्तडबाबा समाधिस्थल, विष्णुमती झरना, धोबी ढुंगा, विपश्यना, सुवर्ण शमशेर क्रिकेट मैदान, धोबीखोला जलाशय (वाटर पार्क), तारेभीर जस्ता गन्तव्य स्थलहरूको छोटकरीमा विवरण तथा Google नक्सा र फोटो राखिएको छ।

**सातौं अध्यायमा** पर्यटन गुरुयोजनामा गरिने मुख्य मुख्य कार्यक्रमहरू जस्तैः नगरमा भएका सबै मन्दिरहरूको संरक्षण, घुम्ती पर्यटक प्रहरीको व्यवस्था, प्रचार सामग्री उत्पादन तथा वितरण, पर्यापर्यटन, पदयात्रा पर्यटन, फेसबुक तथा इमेल इन्टरनेट, भ्युटावर (दृश्यावलोकन), सूचना केन्द्रको स्थापना, पर्यटन सर्वेक्षण तथा अनुसन्धान, तालिम, मनोरञ्जन, अतिथि सत्कार, शिवपुरी केबलकार, पर्यटन विकास समिति गठन र सुदृढीकरण, सांस्कृतिक तथा धार्मिक पर्यटन, पर्यटन उत्पादन, विकास तथा उपयोग, प्रशासनिक सुदृढीकरण, पर्यटन गुरुयोजना कार्यान्वयन व्यवस्था, नयाँ पूर्वाधारको विकास, पार्क तथा पिकनिक स्पट, पर्यटन नमुना वडा, अन्तर्राष्ट्रिय सम्पर्क, निजी क्षेत्रको परिचालन तथा सुविधा, वातावरण संरक्षण, **ब्रान्डिङ**, धोबी खोलामा जलाशय निर्माण, फूल तथा फूलका बेर्ना, पर्यटन सेवा सुदृढीकरण, सडक तथा यातायात, सुशासन आदि जस्ता कार्यक्रमहरूलाई प्रस्तुत गरिएको छ।

**आठौं अध्यायमा** पर्यटन गुरुयोजनाले पाँच वर्षमा पूरा गर्नुपर्ने क्रियाकलापहरूको प्रस्तुत गरिएको छ। जसमा कार्य सम्पन्न गर्न लाग्ने अवधि, जिम्मेवार निकायहरू, अनुमानित बजेट, कार्यगत प्रक्रिया तथा सूचकहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । योजनामा उल्लेख गरिएको लक्ष्यप्राप्ति एवं उद्देश्य पूरा गर्न तिनीहरूकै सेरोफेरोमा रहेर पर्यटनसम्बद्ध योजनाहरूलाई समूहगत गरिएको छ । प्रस्तावित पर्यटन विकास एवं योजना नगरकार्यपालिकाको भूमिका मार्फत सञ्चालन गर्ने गरी प्रस्ताव गरिएका छन् । प्रस्तावित कार्यक्रमहरू नगरका सबै वडा, निजी क्षेत्रका पर्यटक प्रवर्द्धक संस्थाहरू, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, होटल, रिसोर्ट, लज व्यवसाय, यातायात समितिहरूबाट समेत प्राप्त सुझाव बूढानीलकण्ठ क्षेत्र विकास समिति, मठाधीश, नगरस्तरीय पर्यटन गुरुयोजना समिति, प्रदेश सांसद, नगरप्रमुख तथा पर्यटन गुरुयोजना निर्माण उपसमिति, प्रमुख प्रशासकीय

अधिकृतद्वारा प्रस्ताव गरिएको कार्यक्रमहरूको वरिपरि रहेर नै यी कार्यक्रमहरू तयार गरिएका छन् । पर्यटन गुरुयोजना मार्फत दिगोपन, एकीकृत पर्यटन विकास र प्रवर्द्धन, साझेदारी र सहभागिताको अभ्यास, क्षमता अभिवृद्धि एवं जीवनस्तरमा सुधार जस्ता मार्गदर्शक सिद्धान्तका आधारमा गुरुयोजनाका लागि छ वटा शीर्षकहरू प्रस्ताव गरिएको छ–

१. ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू
२. प्राकृतिक, जैविक विविधतायुक्त, पर्यटकीय स्थलहरूको अध्ययन-अनुसन्धान
३. पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलकता र उद्यमशीलता
४. पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ
५. प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार र बजारीकरण तथा ब्रान्डिङ
६. कानुन, सुरक्षा र संस्थागत सुधार

त्यस्तै पर्यटन विकास रणनीति, कार्यक्रम कार्यान्वयन र अनुगमन एवं दीर्घकालीन अपेक्षाबारे चर्चा गरिएको छ। मूल्य मान्यतामा आधारित क्रियाकलाप, क्षेत्रविशेषका लागि प्राथमिकतामा आधारित कार्यक्रम, स्थानीय स्रोतको दिगो तथा जिम्मेवारीपूर्ण उपयोग, जीवनस्तमा उन्नतिमुखी पर्यटन, स्थानीय स्तरमा आर्थिक लाभ र स्थिरता जस्ता रणनीतिहरू समग्र पर्यटन विकासका लागि तय गरिएका छन् । **समृद्ध नगरको आधार, दिगो पर्यटन र पूर्वाधार**लाई आत्मसात् गर्दै प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाको नेतृत्वमा विभिन्न समिति, उपसमितिहरूलाई क्रियाशील गराउने गरी प्रस्ताव गरिएको छ ।

नगरका १३ वटै वडामा पर्यटन विकास तथा प्रवर्द्धन समितिको सक्रियतामा कार्यक्रम कार्यान्वयनमा जोड दिइएको छ । यस गुरुयोजनामा प्रस्तावित कार्यक्रमहरूलाई पाँच वर्षभित्र गरिने कार्यक्रम र दीर्घकालीन रूपमा १० वर्षे अपेक्षासहितका कार्यक्रमहरू समेटिएका छन् । अन्तरक्रिया एवं छलफल कार्यक्रमका सहभागीहरूको विवरणलाई अनुसूचीमा समेटिएको छ । गुरुयोजना तर्जुमा एवं अध्ययन गतिविधि झल्काउने तस्बिर तथा GIS, GPS मार्फत उपलब्ध नक्साहरू समावेश गरिएका छन् । यस पर्यटन गुरुयोजनाको सफल कार्यान्वयन मार्फत नगरपालिकाको समग्र विकास एवं आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक रूपान्तरणको अपेक्षाका साथ तदनुरूपका कार्यक्रमहरूको प्रस्ताव गर्दै योजनालाई प्रस्तुत गरिएको छ ।

उल्लेखित शीर्षक अन्तर्गत प्रस्तावित १६३ वटा पर्यटन विकासका योजनाहरू मध्ये **८९ वटा** योजनाहरूलाई पहिलो प्राथमिकता र दोस्रो प्राथमिकतामा **७४ वटा** योजनाहरू समावेश गरिएका छन् । यस गुरुयोजनाद्वारा प्रस्ताव गरिएका कार्यक्रम कार्यान्वयन गर्न पाँच वर्षका लागि **रु ५३,१९,००,०००/–** (**रु त्रिपन्न करोड उन्नाईस लाख**) को अनुमानित बजेट समेत प्रस्ताव गरिएको छ ।

**नवौं अध्यायमा** नगरपालिकामा पर्यटनका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीहरूको **SWOT** विश्लेषण, समस्या, सुझाव, उपलब्धि, जोखिम पक्ष, व्यावस्थापन पक्ष, अनुगमन तथा मूल्यांकनहरूलाई नियाल्ने प्रयास गरिएको छ । सरोकारवालाहरूसँग अन्तरक्रियात्मक छलफल कार्यक्रमका आधारमा निरूपण गरिएका उल्लेखित विषयहरूमा टेकेर नै पर्यटनका वास्तविक सवालहरूको पहिचान गरी योजना तर्जुमा गर्दा त्यसलाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।

# अध्याय १

## नगरपालिकाको सामान्य वस्तुगत विवरण
## (General condition of municipality profile)

### १.१ नगर परिचय (Introduction)

बुढानीलकण्ठ नगरपालिका प्रसिद्ध धार्मिक सम्पदाको नामबाट रहेको छ। ३ नं. प्रदेश अन्तरगत पर्ने काठमाडौँ जिल्लाको उत्तरमा बुढानीलकण्ठ नगरपालिका रहेको छ। काठमाडौंका ११ वटा नगरपालिकामध्ये (महानगरबाहेक) जनसंख्याको आधारमा सबैभन्दा ठुलो नगरपालिका पर्दछ। नगरपालिकाको उत्तरमा नूवाकोट जिल्ला, दक्षिणमा काठमाडौं महानगरको वडा नं ३, ४, ६ र ७ पर्दछ। पश्चिममा टोखा नगरपालिका र पुर्वमा गोकर्णेश्वर नगरपालिकासँग जोडिएको छ। साविकका चपली भद्रकाली, विष्णू बुढानिलकण्ठ, खड्का भद्रकाली, महांकाल, चूनिखेल र कपन गरी ६ वटा गाविस मिलाएर १३ वटा वडामा प्रशासनिक कार्य हूँदै आएको छ। वि.सं २०६८ को तथ्यांक अनूसार १,०७,९१८ जनसंख्या रहेको नगरपालिकामा बर्तमानमा करिब २ लाख जनसंख्या पूगेको अनूमान गरिएको छ।

उत्तरतर्फ शिवपूरी पर्वत श्रृंखला, हरियाली जंगल करिब ३ किमि दुरीमा भिरालो भुभाग रहेको छ। दक्षिणतर्फ समथर उर्वर भुभाग बाक्लो बस्तीले ढाकेको र केही खाली क्षेत्रहरूमा समेत क्रमशः नयाँ बस्तीहरू निर्माण हूने क्रममा रहेका छन्। विष्णूमती, रूद्रमती, धोबीखोला र यज्ञमती जस्ता नदी, खोलाहरू रहेका छन्। बिचका केही भागहरूमा सामूदायिक जंगलहरू र सार्वजनिक जग्गामा हरियाली रहेको छ।

नगरपालिकाभित्र प्रसिद्ध बुढानीलकण्ठ मन्दिर, खडग भद्रकाली (धर्मपूर), चण्डेश्वरी मन्दिर, रुद्रेश्वरमहादेव, नौलीन भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण जस्ता देवदेवीका मन्दिरहरू रहेका छन्। बौद्धमार्गीहरूका चर्चित नागी गूम्बा, कपन गूम्बा लगायत बौद्ध मठहरू रहेका छन्। अन्य धर्मावलम्बीहरूका आस्थाका केन्द्रहरू समेत नगरमा रहेका छन्।

२०७५ साउन १ गतेबाट जनतालाई पायक पर्ने छूट्टाछूट्टै स्थानमा १३ वटा वडा कार्यालय स्थापना गरी सेवा प्रवाह हूदै आएको छ।

### १.२ भौगोलिक स्थिति (Geographical position)

विश्व मानचित्रमा बुढानीलकण्ठ नगरपालिकाको अवस्थिति २७०४४'०६" उत्तरी अक्षांशदेखि २७०४८'४४" उत्तरी अक्षांश र ८५०१९'४०" पूर्वी देशान्तरदेखि ८५०४७'०५" पूर्वी देशान्तरसम्म रहेको छ।

### १.२.१ भू–बनोट (Landmark)

नगरपालिकाको उत्तरमा शिवपुरी चुचुरो र दक्षिणमा होचो समथर उपत्यका भएका कारण उत्तर देखि दक्षिण तर्फ पानीढलो हूँदै यहाँका खोला खोल्सा बगेका छन्। नगरपालिकाको सबभन्दा होचो भाग समूद्र सतह देखि १२८८ मिटरबाट सूरु भएर २७२४ मिटरसम्मको उचाइमा रहेकोछ। नगरपालिकाको मध्य भागबाट पश्चिमतर्फ विष्णूमतीको जलाधार पर्छ। पुर्वतर्फ धोबीखोलाको जलाधार पर्छ। यस जलाधार प्रणालीमा अन्य स-साना खोला र खोल्सा मिसिएर अन्तमा वाग्मतीमा आएर मिसिन्छन्। नगरपालिकाको भुबनोटलाई विश्लेषण गर्दा यहाँ ३ डिग्रीको समतल भागदेखि करिव ६० डिग्री भिरालोपन छ। शिवपूरीको माथिल्लो भाग बढी भिरालो छ। तल्लो भागमा समतल भूभाग छ। शिवपूरीको डाँडागाउँ देखि पुर्वतर्फको सून्दरीजल नगरपालिका सीमासँग जोडिएको पहाडी भागमा भिरालोपन रहेकोछ।

## १.२.२ भू –उपयोग सम्बन्धी विवरण (Land usage details)

बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्था उत्तरी क्षेत्र निकूञ्जको संरक्षित क्षेत्र पर्दछ। वरिपरि जंगल, बूट्यान तथा झाडीले ढाकेको छ। उपत्यकाको वरिपरि पर्ने पहाडका फेदको भुभाग परम्परागत रूपमा काँठका नामले चिनिन्थ्यो र अहिले पनि यही नाममा प्रचलनमा छ। काँठ शब्दले उः बेलामा सहरको छेउ, ग्रामीण बस्ती, कृषिमा आधारित जीवन पद्धति जस्ता विशेषणलाई संकेत गर्दथ्यो। अहिले पनि गर्दछ। बुढानीलकण्ठ नगरपालिकाको धेरै भाग यही काँठ क्षेत्रमा अवस्थित छ। बढ्दो सहरीकरणका कारण सडक सूविधा पूगेका र अग्ला ठाउँहरूमा तीव्र बस्ती विस्तार भएको छ। होचा, खोल्सी, खोँच क्षेत्रमा गरिने मूख्य कार्य कृषि रहेकोछ। नगरको लगभग ४२ प्रतिशत भुभाग झाडी बूट्यानले ढाकेको छ। ५८ प्रतिशत भुभाग कृषि तथा आवासमा प्रयोग भएको छ। उत्तरी भाग जंगलको छेउ, भिरालो र भुक्ष्यका दृष्टिले संवेदनशील भएका कारण कृषि तथा बस्ती विकासमा कम प्रयोग भएको छ। दक्षिण, पश्चिम तर्फ काठमाडौं महानगरपालिकासँग जोडिएका वडाहरूमा कृषिकार्य हराउँदै गएको छ। होचा, सिँचाइको सूविधा भएका क्षेत्रमा पर्ने ठाउँहरूमा अहिले पनि खाद्य तथा तरकारी बालीहरू उत्पादन गरिएको छ। सदीयौंदेखि कृषिकार्यबाट जीविकोपार्जन गर्ने सयौं परिवारले राम्रो लाभ लिन सफल भएका छन्। जनचेतना, सिप विकास, भण्डारण र प्रशोधन जस्ता कार्यमा नगरबासीहरूलाई सहयोग पूऱ्याउँदा कृषि क्षेत्र नगरपालिकाको आर्थिक क्षेत्र बन्नसक्छ। नगरपालिकाको भुउपयोगको अवस्था तालिकामा प्रस्तूत गरिएको छ।

**तालिका नं १.१ भू–उपयोगको अवस्था (Land usage stage)**

| भु आवरण | कूल क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | २०१६.४९ | ५७.५ |
| जंगल | ८७८.४४ | २५.० |
| बूट्यान | ५९४.६१ | १६.९ |
| सहरी बस्ती निर्माण क्षेत्र | ०.९३ | ०.० |
| भवन | ०.४१ | ०.० |
| खोला | १६.२० | ०.५ |
| पोखरी | ०.१० | ०.० |
| बालूवा | १.७८ | ०.१ |
| कूल | ३५०८.९६ | १००.० |

## १.२.३ वन तथा वातावरण सम्बन्धी विवरणहरू (Forest and environmental details)

मानव बस्ती विकास तथा सहरीकरणका लागि वन विकासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालमा वन विनाशको क्रम केही वर्षहरूमा तीव्ररूपमा वृद्धि हुँदै गइरहेको छ। वन जंगल मासिँदै गएपछि आगामि दिनमा प्राकृतिक प्रकोप हुन गई जनधनको विनाश हुन जाने अवस्था सिर्जना हुन सक्दछ। यसर्थ अहिलेको पुस्ताले भावी सन्ततिको भविष्य समेत विचार गरी समयमा नै सजग भई वन विनाश हुनबाट जोगाउन नितान्त आवश्यक छ।

## १.२.४ प्राकृतिक जोखिम क्षेत्र (Natural risk area)

नगरपालिकाको माथिल्लो भागको भु-धरातल अति नै कमजोर रहेको छ। भिरालो भु-बनावट र संवेदनशील सतह भएका कारण बगेका खोला खोल्साहरूमा नजिकसम्म बस्तीको विस्तार, अविच्छिन्न खेती कार्य जोखिमपुर्ण हूने सम्भावना रहेकोछ। भुक्षयको सम्भावनालाई न्युनीकरण गर्न आवश्यक पहल नगर्दा भविस्यमा समस्या आउने सम्भावना रहेको छ।

मानिसहरूको अति चापका कारण बस्तीहरू बाक्लिदै जानू अथवा खोला वरपरका क्षेत्रहरूमा बस्तीले अतिक्रमण गरेको देखिन्छ। नगरपालिकाले सडक बनाउने क्रममा खोला तथा खोल्साहरूमा अतिक्रमण गर्ने, घर जग्गा पर्खाल, ढलका पाइप तथा अवैज्ञानिक रूपमा निर्माण भएका संरचनाहरू निर्माण गर्दा पानीको बहाव थूनिने कारणले वर्षातको समयमा अति नै जोखिम भोग्नूपरेको देखिन्छ।

## १.३ जनसंख्यासम्बन्धी विवरण (Population details)

नगरपालिकाको वस्तुगत विवरणमा पारिवारिक तथा जनसंख्या सम्बन्धी विवरण उल्लेख गरिएको छ। नगरपालिकाले उपलब्ध गराउँदै आएको सेवा, भौतिक निर्माण, जनचाहाना अनुरूपको कार्य विस्तार, बसोबास गर्ने बासिन्दाहरूको सम्पूर्ण अवस्थाबारे, परिवार संख्या, कुल जनसंख्या, उनीहरूले अपनाउने पेसा, व्यवसाय, रोजगार आदिबारे समेट्ने प्रयास गरिएको छ।

नगरपालिकाको पारिवारिक तथा जनसंख्याबारे अध्ययन र त्तसम्बन्धी विवरण यहाँ समावेश गरिएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाको जनसंख्या १,१२,२८१ रहेको छ। ५०.९६ प्रतिशत पुरुष अथवा ५७,२२२ जना रहेका छन्। ४९.०४ प्रतिशत महिला अथवा ५५,०५९ जना रहेका छन्। लैंगिक अनुपात अनुसार १०० पुरुषमा महिलाको संख्या १०३.९३ प्रतिशत रहन गएको छ। नगरपालिकाको कुल जनसंख्या मध्ये ७६,५९७ जना १५ वर्षदेखि ५९ वर्षसम्मका (६८.२२ प्रतिशत), २९,२७८ जना १४ वर्ष अथवा सोभन्दा कम उमेरका (२६.०८ प्रतिशत) र ६४०६ जना ६० वर्षभन्दा माथिका उमेरका (५.७१ प्रतिशत) रहेका छन्। जनगणना २०६८ का अनुसार नगरपालिकामा २६,४८५ घरपरिवारहरू रहेका छन्। औसतमा प्रति परिवार नगरपालिकामा ४.२४ जना सदस्य रहेका छन्। नगरपालिका बासीको साक्षर ९५.०९ प्रतिशत रहेको छ। नगरको कुल जनसंख्या मध्ये १.९३ प्रतिशत अथवा १,१७७ जनामा आपांगता रहेको जनगणना २०६८ ले जनाएको छ। पुरुषको संख्या ५८९ अथवा ५०.०४ प्रतिशत रहेको छ। ५८८ जना महिला अथवा ४९.९६ प्रतिशत महिला रहेका छन्।

**तालिका नं. १.२ बूढानीलकण्ठ नगरपालिकामा वडाहरूको जनसंख्या विवरण**

| सि.नं. | घरधूरी संख्या | जम्मा जनसंख्या | पूरुषको जनसंख्या | महिलाको जनसंख्या |
|---|---|---|---|---|
| १ | ११२१ | ४६९८ | २३०५ | २३९३ |
| २ | १४५३ | ६१२९ | ३०३२ | ३०९७ |
| ३ | १२३१ | ५३७२ | २६३७ | २७३५ |
| ४ | १२३० | ५२०४ | २५९१ | २६१३ |
| ५ | १२६४ | ४८४५ | २३७६ | २४६९ |
| ६ | ११७१ | ४९७७ | २४९६ | २४८१ |
| ७ | १४११ | ५७८४ | २८४० | २९४४ |
| ८ | २२६७ | ९१७१ | ४५९० | ४५८१ |
| ९ | २१५४ | ८८२६ | ४४३९ | ४३८७ |
| १० | ६२४६ | २४०५० | १२२९६ | ११७५४ |
| ११ | २०११ | ८४२९ | ४१९८ | ४२३१ |
| १२ | ४०६७ | १५९८४ | ८१७७ | ७८०७ |
| १३ | ८५९ | ४४४० | २२०८ | २२४१ |
| **जम्मा** | २६४८५ | १०७९१८ | ५४१८५ | ५३७३३ |

*स्रोतः नेपाल राजपत्र*

**तालिका नं. १.३ जनसंख्याको विवरण तालिका**

| विवरण | वि.स. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ११२२८१ |
| पूरुष | ५७२२२ (५०.९६ प्रतिशत) |
| महिला | ५५०५९ (४९.०४ प्रतिशत) |
| लैंगिक दर | १०३.९६ |
| जम्मा घरधूरी | २६४८५ |
| औसत परिवार आकार | ४.२४ |
| साक्षरता दर (६ वर्ष भन्दा माथिको) | ८५.०९ प्रतिशत |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

### १.३.१ जनसंख्या वृद्धि तथा वर्गीकरण

नगरपालिकामा २०६८ को जनगणना अनुसार १,१२,२८१ जना नागरिकहरू बसोबास गर्दछन् । जनसंख्या वितरणको बर्तमानको अवस्थालाई हेर्दा प्राकृतिक वृद्धिदर भन्दा कैयौं गुना बढी बसाइ सरेर आउने जनसंख्या छ । भौतिक पूर्वाधार, सहरी सुविधा, रहनसहन आदि काठमाडौं महानगरपालिकासँग मिल्दोजुल्दो रहेको छ । राजधानीसँग सिधा सम्पर्क भएकाले जनसंख्याको चाप अधिग रहेकोछ । नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूको उमेरगत वर्गीकरण तालिकामा राखिएको छ ।

**तालिका नं १.४ उमेर समूह अनुसार जनसंख्याको विवरण**

| उमेर समुह | जनगणना २०६८ | | | |
|---|---|---|---|---|
| | पूरुष | महिला | जम्मा | प्रतिशत |
| ०-४ | ४००३ | ३५९४ | ७५९७ | ६.७७ |
| ५-९ | ५०७३ | ४४५२ | ९५२५ | ८.४८ |
| १०-१४ | ६५७१ | ५५८५ | १२१५६ | १०.८३ |
| १५-१९ | ७१४५ | ६२०३ | १३३४८ | ११.८९ |
| २०-२४ | ६६१८ | ७०८६ | १३७०४ | १२.२१ |
| २५-२९ | ५७५८ | ६६१५ | १२३७३ | ११.०२ |
| ३०-३४ | ५१४० | ५३१५ | १०४५५ | ९.३१ |
| ३५-३९ | ४३१९ | ४२४५ | ८५६४ | ७.६३ |
| ४०-४४ | ३६३५ | ३२७६ | ६९११ | ६.१६ |
| ४०-४९ | २६४८ | २२७१ | ४९१९ | ४.३८ |
| ५०-५४ | १९७४ | १७४८ | ३७२२ | ३.३१ |
| ५५-५९ | १३६७ | १२२५ | २६०१ | २.३२ |
| ६०-६४ | १०३८ | ११४० | २१७८ | १.९४ |
| ६५-६९ | ७२७ | ८१७ | १५४४ | १.३८ |
| ७०-७४ | ४६२ | ५९९ | १०६१ | ०.९४ |
| ७५-७९ | ३६३ | ४५१ | ८१४ | ०.७२ |

| | | | | |
|---|---|---|---|---|
| ८०-८४ | २२४ | २४९ | ४७३ | ०.४२ |
| ८५-८९ | ९९ | ११८ | २१७ | ०.१९ |
| ९०-९४ | ३० | ५२ | ८२ | ०.०७ |
| ९५ | १९ | १८ | ३७ | ०.०३ |
| जम्मा | ५७२२२ | ५५०५९ | ११२२८१ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

## १.३.२ जात–जातीय विवरण (cast ethnicity detail)

नेपाल बहूभाषिक, बहूधार्मिक, बहूजातिय, अनेकतामा एकताले भरिएको मूलूक हो । विभिन्न जातजाति, भाषा, भाषी र समूदायमा विविध धर्म, संस्कृति अनूसरण गर्दै आएका नागरिकहरूको बसोबास रहेकोछ । यस्तो विविधता बुढानीलकण्ठ नगरपालिकामा पनि छ । परम्परागत रूपमा बसोबास गर्ने जातजाति कमभए पनि बसाइ सरेर वा अस्थायी बसोबास गर्ने बासिन्दाहरू विविध जातजातिका भएका कारण यो नगरपालिकाको जनसंख्यामा ठुलो विविधता छ ।

विविधताले भरिएको यस नगरपालिकाको पछिल्लो जनगणना अनूसार करिब १०२ जातजातिका मानिसहरू बसोबास गर्दछन् । करिब १२३ भाषाभाषीहरू रहेको तथ्यांक छ । जम्मा २६,४८५ घरधूरी रहेको छ । नगरपालिकामा बसोबास गर्ने भिन्न भिन्न जातजातिहरूलाई तालिकामा प्रस्तूत गरिएको छ ।

**तालिका नं. १.५ जातजाति समूहको विवरण तालिका**

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ३२६०८ | २९.०४ |
| २ | ब्राह्मण | २९३८५ | २६.१७ |
| ३ | जनजाति | ३८२३३ | ३४.०५ |
| ४ | तराई मुल | १२३६ | १.११ |
| ५ | तराई दलित | ८७१ | ०.७७ |
| ६ | पहाड दलित | ४७२६ | ४.२१ |
| ७ | विदेशी मुल | १७९ | ०.१६ |
| ८ | अन्य | ५०४३ | ४.४९ |
| | जम्मा | ११२२८१ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

## १.३.३ नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको लैंगिक तथा वैवाहित स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ११२२८१ कुल जनसंख्या रहेको छ । ५०.९६ प्रतिशत अर्थात ५७,२२२ जना पुरुष छन् । ४९.०४ प्रतिशत अर्थात ५५,०५९ जना महिला छन् । लैंगिक आधारमा छुट्याएर हेर्दा महिलाको जनसंख्या भन्दा पुरुषको जनसंख्या १.९२ प्रतिशतले बढी रहेको देखिन्छ ।

## १.४ सडक सम्बन्धी विवरण (Details on roads)

नगरपालिकामा सानाठूला गरी जम्मा ७३ किलोमिटर सडक निर्माण भएको छ । जसमा ४५ किलोमिटर सडक मात्र कालोपत्रे भएको छ । सडक सञ्जाल कमजोर हुनुमा नगरपालिकाभित्रको भू-बनावटले पनि प्रभाव पारेको छ । उत्तर तर्फको अग्लो भाग र भित्री भागमा पनि ढिस्का, खोल्सा र बालुवामाटो भएका कारण कच्ची सडक जोखिमपूर्ण छन् । नगरपालिकाको सडकलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १.६ सडक सम्बन्धी विवरण**

| बाटोको किसिम | लम्बाइ (मिटर) | प्रतिशत |
|---|---|---|
| जिल्ला सडक | १४९०६ | २०.५ |
| इअन्य मार्ग | २०५५८ | २८.३ |
| गोरेटो | २५३७ | ३.५ |
| मूख्य पदमार्ग | १७३२१ | २३.८ |
| साना पदमार्ग | १७३२१ | २३.८ |
| जम्मा | ७२६४३ | १००.०० |

*स्रोतः बुढानीलकण्ठ नगरपालिकाको स्रोत नक्सांकन, २०७२*

## १.५ नगरपालिकाको स्वास्थ्य स्थिति (Health status of municipality)

स्वास्थ्य नै धन हो भन्ने भनाइ आज हरेक गाउँ र सहरमा गुन्जयमान भएको पाइन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार नगरपालिकामा २ वटा स्वास्थ्य चौकी, ४ वटा उपस्वास्थ्य चौकी, एउटा आयुर्वेदालय, एउटा प्रयोगशाला, एउटा निजी लगानीको अस्पताल तथा केही मात्रामा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य क्लिनिकहरू खोलिएका छन् । बाक्लो बस्ती, पर्याप्त जनघनत्व भए पनि नगरपालिकाले आम नगरबासीहरूलाई अन्य नगरको भै पर्याप्त स्वास्थ्य सेवा प्रदान गर्न सकेको छैन । देशकै नाम चलेका सहिद गंगालाल हृदयरोग केन्द्र र न्युरो अस्पताल नगरपालिकाको सिमानामा रहेका छन् । नगरपालिकामा भएका स्वास्थ्य चौकीलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. १.७ नगरपालिकाको स्वास्थ्य स्थिति**

| वडा नं. | स्वास्थ्य चौकी |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | १ |
| ४ | १ |
| ५ | १ |
| ६ | १ |
| ७ | १ |
| ८ | २ |
| ९ | १ |
| १० | १ |
| ११ | ३ |
| १२ | १ |
| १३ | ३ |

*श्रोत : नं.पा. अभिलेख*

## १.६ जलस्रोतको अवस्था (Water resources status)

स्वच्छ पानीलाई जीवन रक्षाको मूल आधार मान्न सकिन्छ । पानी बिना कुनै पनि प्राणी तथा वनस्पति रहन सक्दैनन् । नगरपालिकाको प्रमुख जलस्रोतका रूपमा मानिने विष्णुमती र धोबीखोला पानीका प्रमुख स्रोत रहेका छन् । खानेपानीका स्रोतहरूमध्ये नगरपालिकामा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज संरक्षित जंगलमा स-साना खोला तथा पानीका स्रोतहरू भएकाले उत्तरतर्फका बाक्ला बस्तीहरूमा पानीका मूल तथा प्राकृतिक धाराहरू प्रयोगमा रहेका छन् । बस्तीहरू बाक्लिँदै गएकाले पानीको खपत पनि बढ्दै गएको छ ।

एकातर्फ घरहरू दिन प्रतिदिन बाक्लिँदै जानु अर्कातर्फ संरक्षित जंगलहरूको विनाश दिन प्रतिदिन बढ्दै जानाले मानवलाई प्रत्यक्ष असर पर्दै गएको देखिन्छ। नगरपालिकाको शिरमा रहेको शिवपुरी जंगल अहिले आएर मानव चपेटामा परेको देखिन्छ। डाँडाबाट बग्ने साना तथा ठूला खोला तथा खोल्साहरू दिन प्रतिदिन सुक्दै गएका छन्। यसको प्रत्यक्ष असर यहाँका मानव समुदायलाई परेको देखिन्छ। यहाँबाट बग्ने खोला तथा खोल्साहरू सुक्दा नगरपालिकामा मात्र होइन अन्य छिमेकी नगरपालिकाहरू पनि प्रत्यक्ष मारमा पर्नेदेखिन्छ।

२०६८ को केन्द्रीय तथ्यांक अनुसार नगरपालिकामा रहेका १६२१२ घरधुरीहरूमा पानीको धारा तथा पाइप वितरण गरिएको छ। धारा जडान गरिए पनि नगरपालिकाका तल्ला भेगका समुदायमा पानीको अभाव रहेकोछ। वडा नं. ६ र ७ का बासिन्दाहरूका अनुसार सबैभन्दा ठूलो समस्या पानीकै रहेको बताउँछन्। स्थानीय बासिन्दाका अनुसार कतिपय ठाउँमा अग्लो टार भएका कारणले गर्दा भूमिगत पानी पनि नहुने र पाइपको वितरण पनि व्यवस्थित नभएका कारण पानीको समस्या रहेको छ।

## १.६.१ खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण (Details of drinking water and sanitation)

स्वच्छ पिउने पानी जीवनको आधार हो। नगरपालिकामा पिउने पानीको संकटग्रस्त अवस्था छैन। परम्परागत कूवा, धारा, पँधेरा तथा पानीका स्रोतहरू अझै पनि अस्त्विमा छन्। गूम्सिँदो सहरी वातावरण भन्दा बुढानीलकण्ठको जनजीवन खूला, प्राकृतिक र गाउँले परिवेश झल्किने प्रकारको रहेको छ।

उत्तरतर्फको शिवपूरी पहाड र राष्ट्रिय निकूञ्जका नामले संरक्षित शिवपूरी वनले जैविक विविधता तथा पर्यावरणलाई मजबूत बनाएको छ। नगरबासीहरूलाई स्वच्छ पिउने पानी र सिँचाइका लागि अतूलनीय योगदान पूऱ्याएको छ। शिवपूरी पहाड र त्यसको आसपासका पानीका स्रोतहरूलाई नगरपालिकाले पानीको व्यवस्था गरेको छ। सतही पानीका स्रोतहरूका अतिरिक्त भुमिगत जल भण्डारलाई पनि सिँचाइ तथा पिउने पानीको रूपमा प्रयोगमा ल्याइएको छ।

चपली, भद्रकाली, कपन लगायतका क्षेत्रमा खानेपानीको बढी समस्या देखिएको छ। केन्द्रीय तथ्यांक विभागको आँकडा अनूसार २०६८ र नगरपालिका कार्यालयले उपलब्ध गराएको सुचनाहरूलाई विश्लेषण गर्दा बुढानीलकण्ठ नगरपालिकामा बासिन्दाहरूले प्रयोग गर्ने पानीका स्रोतहरूको विवरण तालिकामा प्रस्त गरिएको छ।

**तालिका नं.१. ८ खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण (Details of drinking water and sanitation)**

| वडा नं. | धारा/पाइप | ट्यूबवेल/हाते पम्प | इनार/कूवा | जम्मा घरधूरी |
|---|---|---|---|---|
| १. | ७३१ | २०५ | | ११२१ |
| २. | ८५५ | २२१ | ३७७ | १४५३ |
| ३. | ८१३ | १७ | १५३ | ९८३ |
| ४. | ७८१ | ३१२ | १३८ | १२३१ |
| ५. | ९४३ | ११४ | १९० | १२४७ |
| ६. | ८६७ | ३२५ | ७२ | १२६४ |
| ७. | ८५३ | ४३९ | ११९ | १४११ |
| ८. | १४९१ | ५१२ | २६४ | २२६७ |
| ९. | १३९२ | ४७८ | २८४ | २१५४ |
| १०. | ३३७२ | १८७४ | १००० | ६२४६ |

| | | | | |
|---|---|---|---|---|
| ११. | १२९८ | ५३२ | १८१ | २०११ |
| १२. | २९१५ | ६१९ | ५३३ | ४०६७ |
| १३. | १५,१६,१७ | ६४५ | १८७ | २७८५९ |

*स्रोत : बुनपा नगरपालिका*

## १.६.२ फोहोरमैला तथा ढल व्यवस्थापन (Sewage and wastage management)

बढ्दो सहरीकरणसँगै सहर भित्र बढ्दै गएको अव्यवस्थित आवासको समस्या सहरीकरणको अर्को चुनौती बन्दै गएको छ। अवसर र समृद्ध जीवनशैलीका लागि सहर केन्द्रित बसाइसराइका कारण सहरी जनजीवन दिन प्रतिदिन समस्याग्रस्त बन्दै गएको छ। वातावरणीय विनाश, प्रदूषण, अव्यवस्थित बस्ती तथा सहरले थेग्नै नसक्ने गरी जनघनत्व बढेको छ। अव्यवस्थित बस्तीहरूबाट दिनहुँ उत्पादन हुने ठोस फोहोरको सही व्यवस्थापन नभई सिर्जित यावत वातावरणीय तथा जनजीवीकासँग सम्बन्धित विविध समस्याहरूको पर्याय बनेका छन्।

फोहोर न्यूनीकरण र विसर्जनको कार्यलाई प्रभावकारी रूपमा अवलम्बन गर्ने रणनीति तयार गरी घरदैलोबाट निस्कासन हुने फोहोरलाई न्यूनीकरणका लागि फोहोरको वर्गीकरण गर्नुपर्दछ। पुनः प्रयोग गर्न सकिने फोहोरको बिक्री गर्न र स्रोतमै विसर्जन गर्नका लागि फोहोर संकलन गर्दा जथाभावी र जुनसुकै समयमा फोहोर फाल्ने बानीलाई परिवर्तन गर्न'पर्दछ। विभिन्न संघसंस्था, टोल विकास समिति र सरोकारवाला निकायसँग समन्वय गरी कार्य योजना तयार पारी फोहोर संकलन र ढुवानीको व्यवस्था मिलाउनु पर्दछ।

नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरूमध्ये ५२.९५ प्रतिशत घरधुरीले सार्वजनिक ढल भएको शौचालय प्रयोग गरेका छन्। ३१.३७ प्रतिशत घरधुरीहरूले सेफ्टी ट्यांकीको प्रयोग गरेका छन्। नगरपालिकाबासीले प्रयोग गरेको शौचालयको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १.९ चर्पीको विवरण**

| वडा नं. | सार्वजनिक ढल | सेप्टी ट्यांकी | साधारण | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १८ | ४७६ | ६१२ | १० | ५ | ११२१ |
| २. | २७ | ३४२ | ३६४ | २४ | ९ | १४५७ |
| ३. | ५५ | ७५४ | ४११ | ७ | ४ | १२३१ |
| ४. | ४८ | ८८६ | २७६ | १२ | ८ | १२३० |
| ५. | १४८ | ९३५ | १४० | ३६ | ५ | १२६४ |
| ६. | ३१९ | ६६६ | १७० | ११ | ५ | ११७१ |
| ७. | ७२८ | ५५५ | ११९ | ० | ९ | १४११ |
| ८. | ११५२ | ६१५ | ४७४ | १२ | १४ | २२६७ |
| ९. | १९२२ | १५९ | ५४ | २ | १७ | २१५४ |
| १०. | ५०३७ | ९८९ | १८२ | १ | ३७ | ६२४६ |
| ११. | ७९४ | ६६८ | ३२८ | ६ | ८ | २००६ |
| १२. | ३६५६ | ७७ | २९९ | ० | ३५ | ४०६७ |
| १३. | १५,१६,१७ | १९ | ४०२ | ३३२ | ९९ | ४८४९ |
| जम्मा | | १४०२३ | ८०२७ | ४०५५ | २२० | १६०२६४८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रतिशत** | | ५२.९५ | ३०.३१ | १५.३१ | ०.८३ | ०.६०<br>१००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

## १.७ धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (Religious and cultural heritages)

### १.७.१ धर्म, संस्कृति (Religious culture)

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकामा अधिकांश हिन्दु धर्मालम्बीहरू रहेका छन् । ७९.४४ प्रतिशत नागरिक अथवा ८९,२०१ घरधुरीले हिन्दु धर्म मानेका छन् । बौद्ध धर्म मान्ने १५.१६ प्रतिशत अथवा १७,०२६, क्रिस्चियन धर्म मान्ने ३.०६ प्रतिशत अथवा ३४४० जना, किराँत धर्म मान्ने १.६५ प्रतिशत अथवा १,८५६ जना घरधुरी रहेको तथ्यांक छ। यसका साथै इस्लाम धर्म मान्ने ०.४५ प्रतिशत अथवा ५०६ जना, प्रकृति ०.०८ प्रतिशत अथवा ८८ जना, बोन धर्म मान्नेहरूको संख्या ०.०७ प्रतिशत अथवा ७४ जना रहेको तथ्यांक रहेकोछ।

नगरपालिकामा बसोबास गर्ने धेरैजसो मानिसहरूले सनातन हिन्दुधर्म मान्ने गर्दछन् । चाडपर्वहरू जस्तै दसैं, तिहार, जनैपूर्णिमा, तीज, छठ, माघी, होली, साउने संक्रान्ति आदि मनाउने गर्दछन्। अन्य धर्म मान्ने धर्मावलम्बीहरूले ल्होसार, बुद्धजयन्ती, चण्डी पर्व, क्रिसमस डे जस्ता चाडवाडहरू मनाउने गर्दछन् । तथ्यांकलाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.१.१० धर्म अनुसार जनसंख्याको विवरण**

| हिन्दू | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | बहाई | बोन | प्रकृति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ८९,२०१ | १७,०२६ | ५०६ | १८५६ | ३४४० | १ | ७४ | ८८ | ८९ | ११२२८१ |
| ७९.४४ | १५.१६ | ०.४५ | १.६५ | ३.०६ | ०.०० | ०.०७ | ०.०८ | ०.०९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

### १.७.२ धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (Religious and cultural heritages)

परम्परागत रूपमा हिन्दू र बौद्ध धर्म मान्ने मानिसहरूको बसोबास रहेको नगरपालिका हो । अन्य धर्म मान्ने मानिसहरूको आगमन बढ्न गएको छ। कतिपय धार्मिक मठ, मन्दिर, गूम्बा र धार्मिक स्थलहरू साझा प्रकारका छन्। जस्तो धर्मश्रृग बिहार, नारायणथान मन्दिर, शिवपूरी जस्ता स्थलहरूलाई हिन्दू तथा बौद्धमार्गी समूदायले आ-आफ्नै धर्म, परम्परा सदीऔं देखिको मौलिक चलन अनूसार मान्दै आएका छन्। हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित धार्मिक स्थलहरूको प्रयोगमा भेदभाव रहेको पाइदैन । नगरबासीहरू पूराना मुर्ति, देवालय, मठ, मन्दिर जस्ता सम्पदाहरूको प्रयोग, व्यवस्थापन र जीर्णोद्धार कार्यमा सक्रिय सहभागिता रहेको छ। सामुहिक धार्मिकता, सहकार्य र सहअस्तित्वका लागि सिंगो समाज जवाफदेही छ। नगरपालिका क्षेत्रभित्र निर्माण भएका धार्मिक तथा सांस्कृतिक स्थलहरूले जीवन्त संस्कृतिको उजागर गरेका मात्र छैनन् । पर्यटन व्यावसाय, होटल तथा हाते सामान उत्पादन जस्ता व्यवसायहरूबाट मनग्ये आय आर्जन गर्ने माध्यम पनि प्राप्त भएको छ। शिवपूरी, बुढानीलकण्ठ मन्दिर, कपन गूम्बा धार्मिक तथा अन्य पर्यटन व्यवसायका लागि राम्रो माध्यम बनेका छन्।

# अध्याय २

## पर्यटनको अवस्था विश्लेषण (Situation analysis of tourism)

### २.१ विषय प्रवेश

यस अध्यायमा पर्यटनको अवस्था विश्लेषण र विभिन्न पञ्चवर्षीय योजनाहरू, निजी क्षेत्र तथा पर्यटनको इतिहासबारे चर्चा गरिएको छ । यस समीक्षात्मक अध्ययनले नै नयाँ पर्यटन गुरुयोजना तर्जुमा गर्नका लागि मुख्य आधार प्रदान गरेको छ । हाल प्राप्त सूचना र तथ्यांकका आधारमा मात्र नगरमा आन्तरिक पर्यटनको सही लेखाजोखा गर्न सकिँदैन । त्यसैले यी तथ्य तथ्यांकको विश्लेषण आवश्यक छ ।

### २.२ पर्यटकीय दृष्टिमा बूढानीलकण्ठ नगरपालिका (Tourism Perspective in budhanilkanta municipality)

काठमाडौं महानगरपालिकाको उत्तरतर्फ अवस्थित बूढानीलकण्ठ नगरपालिका क्षेत्रफलको हिसाबले ३५ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ । हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको धरोहर बूढानीलकण्ठ मन्दिर यसै नगरको वडा नं.३ मा अवस्थित छ । यसै मन्दिरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको छ । यस नगरपालिकाको पूर्वमा गोकर्णेश्वर नगरपालिका, पश्चिममा टोखा नगरपालिका, उत्तरमा नुवाकोट र काभ्रे जिल्ला तथा दक्षिणमा काठमाडौं महानगरपालिका पर्दछ । बूढानीलकण्ठ नगरपालिकाको उत्तरमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पर्दछ । निकुञ्जभित्र पर्ने वाग्द्वार, शिवपुरी बाबाको तपस्यास्थल (चुचुरो), कामधेनु शिला, शतरुद्रेश्वर, विष्णुमती धाम र विष्णुमती झरना जस्ता पवित्र देवस्थलहरू यहाँ रहेका छन् । नेपाल महात्म्यको हिमवत् खण्डमा उल्लेख भएअनुसार बूढानीलकण्ठ भगवान्को दर्शन र पूजा गर्नाले आर्थिक सम्पन्नता हासिल हुन्छ भन्ने मान्यता रही आएको छ । वर्तमान मठाधीशका अनुसार यो मूर्ति स्वयं भगवान् विश्वकर्माले बनाएका हुन् । विश्वमै नभएको आश्चर्यलाग्दो एउटै शीलाबाट निर्मित हरिहरस्वरूप मूर्ति २२ फिट लम्बाइ र १२ फिट चौडाइको छ ।

यस नगरपालिकाको क्षेत्रभित्र पर्ने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज देशको राजधानीसँग जोडिएको विभिन्न प्रकारका जङगली जनावर, चराचुरुंगी पाइने आकर्षक क्षेत्र हो । काठमाण्डौको वातावरणलाई सन्तुलन कायम गर्न तथा खानेपानीको श्रोतकारूपमा यस निकुञ्जको भूमिका महत्वपूर्ण रहेको छ । काठमाण्डौ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न तथा पर्यटकीय स्थलका रूपमा विकास गर्न शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई खुला चिडियाखानाका रूपमा रूपान्तरण गर्नुपर्दछ । निकुञ्ज वरिपरी तारवार लगाई जङगली जनावरको वास्तविक वासस्थानका रूपमा विकास गर्न सक्यो भने पर्यटन प्रवर्द्धन हुने देखिन्छ । अर्कोतर्फ यस क्षेत्रमा गुम्बाहरूको संख्या धेरै देखिन्छ जसमा नागी गुम्बा, कपन गुम्बा, नाम्खा ब्योङजोङ गुम्बा, छापदोर्जे गुम्बा, डाँडागाउँ फेन्दे भाङदेवल गुम्बा रहेका छन् । यी बाहेक नौलीन भद्रकाली मन्दिर, रुद्रेश्वरमहादेव, धर्मपुरमा अवस्थित खड्ग भद्रकाली लगायत अनेक देवालय र जात्रापर्वले सुसज्जित यो नगर सांस्कृतिक पर्यटनका लागि उचित स्थानका रूपमा लिन सकिन्छ ।

### २.३ नगरपालिकामा पर्यटक आगमन प्रवृत्ति (Trend of tourist arrivals in municipality)

बूढानीलकण्ठ मन्दिरमा दैनिक वा वार्षिक कति जनाले दर्शन गर्छन् भन्ने यकिन तथ्यांक राख्ने व्यवस्था नभए पनि दैनिक हजारौं भक्तजनले यो मन्दिर भरिएको देख्न सकिन्छ । मन्दिर परिसरमा दैनिक देखिने पुरोहित, पूजा

सामग्री पसल र खाना खाजाका पसलको अवस्थाले पनि दर्शनार्थी प्रशस्त आउने अनुमान गर्न सकिन्छ। पर्यटकका रूपमा आउने व्यक्तिहरूको अभिलेखिकरण हालसम्म भएको अवस्था नरहेतापनि हरेक एकादशीमा बुढानिलकण्ठ मन्दिर दर्शन गर्नेको संख्या भने प्रशस्त रहेको देखिन्छ। हिन्दु र बौद्ध धर्मावलम्बीहरूको आस्थाको धरोहरका रूपमा रहेको बुढानिलकण्ठ मन्दिरलाई प्रचारप्रसार गर्न सकेको खण्डमा बूढानिलकण्ठ नगरपालिकाको समग्र विकासमा मद्दत मिल्न सक्छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पनि स्वदेशी र विदेशी पर्यटकको आकर्षण रहेको छ। निकुञ्ज कार्यालयको तथ्यांक अनुसार २०७०/२०७१ देखि २०७४/२०७५ सम्म बूढानीलकण्ठ नगरपालिकासँग रहेको क्षेत्र पानीमुहान र यसै नगरको सिमाना रहेको टोखा प्रवेशद्वारबाट कुल नेपाली पर्यटकको करीब २२ प्रतिशत कुल सार्क राष्ट्का पर्यटकको २३ प्रतिशत कुल र अन्य राष्ट्का पर्यटकको करीब २७ प्रतिशत र समग्रमा करिब २२ प्रतिशत पर्यटक निकुञ्ज प्रवेश गरेको विवरण रहेको छ। जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २.१ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पर्यटक प्रवेश संख्या**

| आ.व. | कुल नेपाली | | कुल सार्क विदेशी | | कुल अन्य विदेशी | | कुल पर्यटक | | कुल पर्यटक |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ०७०।७१ | १६३१५२ | | १७३५२ | | | | | | १८०५०४ |
| ०७१।७२ | १२४३४२ | | १३७४२ | | | | | | १३८०८४ |
| ०७२।७३ | १३२६९७ | | १०६५५ | | | | | | १४३३५२ |
| ०७३।७४ | ८४२५२ | १०५४२४ | ६७५ | १०८३ | ६०४२ | ८३१६ | ९०९६९ | ११४७७८ | २०५७४७ |
| ०७४।७५ | ९१४६० | १२०५५८ | ५२९ | ८८२ | ६३१४ | ९००० | ९८३०३ | १३०४४० | २२८७४३ |

*स्रोत : शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय पानी मुहान, बूढानीलकण्ठ*

## २.४ बूढानीलकण्ठ नगरपालिकाका पर्यटकीय मूल्य र मान्यता (Tourism Value and validity of budhanilkantha municipality)

यस नगरपालिकाले पर्यटनलाई समृद्धिको आधार मानेको छ । स्थानीय सरकारको गठनपछि विकासका गतिविधि दिनप्रतिदिन बढिरहेका छन् । नगरपालिकाले गुरुयोजनाका माध्यमबाट यस क्षेत्रको पर्यटनलाई नमुना पर्यटनका रूपमा रूपान्तरण गर्ने प्रयास थालेको छ। सामाजिक, सांस्कृतिक मूल्य मान्यतालाई प्रवर्द्धन गर्ने गरी पर्यटन गुरुयोजना तयार पारिएको छ। स्थानिक पहिचान वातावरण संरक्षण स्थानीय मौलिक परम्परा अनुरूपका मूल्य र मान्यताहरूलाई तल उल्लेख गरिएको छ –

### २.४.१ सांस्कृतिक तथा ऐतिहासिक महत्त्व (Cultural and historical importance)

सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले बूढानीलकण्ठ नगरको उच्च मूल्य एवं महत्त्व रहेको छ। यहाँका सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरूमाथि भने पर्यटन आवागमन तथा व्यावसायिक भवन निर्माणमा आएको वृद्धिबाट बढ्दो जनचाप, विभिन्न चाडपर्वहरूको आयोजना र बढ्दो सवारी साधनहरूको आवागमन जस्ता मानवीय क्रियाकलापहरूका कारण अत्यधिक चाप परेको देखिन्छ। विशेषगरी शिवपुरी चुचुरो र बूढानीलकण्ठ मन्दिरबाट बढी पर्यटक प्रभावित भएको पाइन्छ।

### २.४.२ प्राकृतिक महत्त्व (Natural importances)

बूढानीलकण्ठ नगरमा पर्यटन प्रवर्द्धनका लागि प्रशस्त आकर्षक प्राकृतिक स्थलहरू छन् । यहाँ चट्टानयुक्त पहाड, वनजंगल, जडीबुटी, वन्यजन्तुहरू, विभिन्न प्रजातिका चराहरू, प्राकृतिक गुफाहरू र स्कन्ध पुराणको हिमवत् खण्ड नेपाल महिमामा वर्णित देवलीलाहरू छन् । यहाँका सम्पदाहरूलाई वर्गीकरणगरी पर्यटन केन्द्रका रूपमा विकास गर्नुपर्दछ।

## २.४.३ तीर्थाटनको महत्त्व (Pligrimmage importance)

हिन्दु र बौद्ध धर्म मान्ने संख्या जोड्दा विश्वको मुख्य हिस्सा यो धर्मावलम्बीहरूको रहेको छ। त्यसमा पनि भारत र चीन यस्ता मुलुक हुन्, जससँग ठूलो संख्यामा हिन्दु र बुद्ध धर्म मान्ने मानिसहरूको बसाई रहेको छ। भारतमा रहेका लगभग ९० करोड जनसंख्या जसले धर्मका नाममा आफ्नो आम्दानीको १५% जति खर्च गर्दछ चिनियाहरू पर्यटकककारूपमा वार्षिक करोडौंको सङ्ख्यामा घुमफिरमा निस्कन्छन्। नेपाल चीन र भारतकोबिचमा प्राकृतिकरूपमा अति सुन्दर देशका रूपमा विश्वमान चित्रमा चित्रित यस्तो देश हो, जसको सम्भावना पर्यटनमा अतुलनीय रहेको छ, यसले क्षेत्रगत पर्यटन विकासमा ध्यान दिनु पर्दछ। धार्मिक पर्यटनका लागि बुढानिलकण्ठ नगरपालिका उर्वरभूमि हो भन्न सकिन्छ। ऐतिहासिक हिन्दु मन्दिर, गुम्बाहरूको संख्याका आधारमा पनि यस क्षेत्रलाई धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न सकिन्छ। तीर्थाटनका लागि आउने पर्यटकलाई बुढानिलकण्ठ क्षेत्रमा भ्रमण गर्ने तथा बस्ने वातावरण बनाउनु आजको आवश्यकता हो।

## २.४.४ स्थानीय स्रोतको दिगो उपयोग (Sustainable Use of  local resources)

बूढानीलकण्ठ नगरमा पर्यटन बजार विस्तारको सम्भावनाका साथै पर्यटन विकासका अवसरहरू पनि प्रशस्तै रहेका छन्। वर्तमान पर्यटन बजार तथा उपभोक्ताको प्रवृत्तिले देखाए अनुरूपा अनुभवी पर्यटकहरू सुविधा सम्पन्न र कहलिएका आधुनिक पर्यटकीय स्थलहरूभन्दा परम्परागत शैलीमा रहेका तथा प्रकाशमा नआएका मूल मार्गभन्दा टाढाका पर्यटकीय स्थलहरूमा भ्रमण गर्न र छुट्टी मनाउन बढी रुचाउँछन्। यस्ता पर्यटकका लागि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज उनीहरूको रोजाइ बन्न सक्छ। यो निकुञ्ज नेपालको राजधानीमै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जम्मा १० किलोमिटरको दूरीमा अवस्थित छ। दिगो पर्यटन गतिविधिका प्रयासलाई नियाल्दा वर्तमान विश्वपर्यटन सुनसान प्राकृतिक तथा मौलिक संस्कृतिमा आधारित पर्यापर्यटकीय क्रियाकलापहरूमा वृद्धि हुँदै गइरहेको देखिन्छ। यो प्रवृत्ति आगामी २५ वर्षभित्र झन्डै दोब्बर र अझै तेब्बर समेत हुने प्रक्षेपण गरिएको छ।

विश्वमा सांस्कृतिक, धार्मिक तथा आध्यात्मिक र पर्यापर्यटनका क्रियाकलापहरूप्रति पर्यटकहरूको चाहना बढ्दै गइरहेको वर्तमान अवस्थामा नगरसामु अवसरहरू धेरै रहेका छन्। यस अवसरलाई उपयोग गर्नका लागि नगरमा सांस्कृतिक, आध्यात्मिक तथा धार्मिक र पर्यापर्यटनका क्रियाकलापहरूको विकास गर्न सक्नुपर्दछ।

सम्पूर्ण प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूलाई संयोजन गरी आकर्षक र बजारयोग्य पर्यटकीय सम्पदामा रूपान्तरण गर्दै लानुपर्ने देखिन्छ। सवारी साधनहरूको पार्किङ एवं पर्यटनका अन्य पूर्वाधारहरूको निर्माणमा स्थानीय समुदायको सहयोग र साझेदारीमा पनि वृद्धि गर्न सकिन्छ। पर्यटकलाई आकर्षित गर्ने अन्य स्थानहरूमा एकीकृत ढंगबाट पूर्वाधार र सेवाहरूको विकास योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको छ। स्थानीय समुदाय, पर्यटन सम्बद्ध साझेदार, स्थानीय निकाय र सरकारी निकायहरूसँगको साझेदारीमा पर्यटन विकासका कार्य हुनु जरुरी देखिन्छ। यस्तो साझेदारीले पर्यटन क्षेत्रबाट हुने नकारात्मक प्रभाव न्यूनीकरण गर्न एवं पर्यटन विकास प्रक्रियालाई दिगो बनाउन समेत मद्दत पुऱ्याउनेछ। यस नगरले पदयात्रा मार्गहरूको आवश्यक स्तरोन्नति गर्नेछ र बूढानीलकण्ठ काठमाडौं उपत्यकाकै एउटा आकर्षक र लोकप्रिय पर्यटकीय गन्तव्यस्थल बन्नेछ। यसका लागि माथि भनिए झैं स्थानीय स्रोतको अधिकतम उपयोगमा जोड दिइने छ।

## २.४.५ जिम्मेवारीपूर्ण पर्यटन (Responsible tourism)

यस पर्यटन गुरुयोजनाले जिम्मेवार तथा जवाफदेहीपूर्ण पर्यटन विकासको प्रारूपमा केन्द्रित भई नगरमा पर्यटन क्रियालापलाई अझ दिगो तथा भरपर्दो बनाउनेतर्फ विशेष जोड दिएको छ। पर्यटन क्रियाकलापको विकास गर्दा एकातिर अहिले यहाँ भ्रमण गर्ने पर्यटकहरू र गन्तव्यस्थलहरूको आवश्यकता परिपूर्ति गर्नमा सहयोग पुग्नेछ भने भविष्यमा समेत त्यस्तो सम्भावना रहिरहनेछ। नेपाल पर्यटन बोर्डले प्रकाशन गरेको त्वबखर्भी त्फ्उकपुस्तिकामा वातावरणीय आचारसंहिता उल्लेख गर्दै जिम्मेवारीपूर्ण पर्यटनको अवधारणालाई अगाडि सारेको छ। एक जिम्मेवार पर्यटकका नाताले पदमार्ग वरिपरि जथाभावी खाली बोतल, प्लास्टिक, कागज, टिनका बट्टा र प्लास्टिकको

प्याकेटमा राखिएको तयारी खाना प्रयोग नगर्न समेत सुझाव दिइएको छ। पर्यटन गतिविधि गर्दा सबै स्रोत तथा सम्पदाको प्रभावकारी र दक्षतापूर्वक व्यवस्थापन गर्न सकिएमा आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्दै पर्यावरणीय प्रक्रियामा सन्तुलन कायम राख्न, जैविक विविधता र जीवनोपयोगी प्रणाली स्थापित गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। स्थानीय समुदायको स्वामित्व स्थापित भएमा मात्र पर्यटकीय वस्तु तथा सेवा दिगो, जवाफदेही र प्रतिफलमुखी पर्यटनको केन्द्रविन्दु भएर रहन सक्छ। अतः यसका लागि स्थानीय समुदायमा सचेत्त वृद्धि गर्ने तथा तिनको समेत स्वामित्व अभिवृद्धि गर्ने वातावरण बनाइने छ।

पर्यटन उद्योग मूलतः निजीक्षेत्रद्वारा सञ्चालित हुने व्यवसाय हो र यस उद्योगमा विपन्न वर्गका लागि रोजगारीको सिर्जना, स्थानीय व्यवसायीमा उद्यमशीलताको अवसर, पूर्वाधार विकास एवं पर्यटन सेवाको पहुँचमा वृद्धि गराउने जस्ता बहुपक्षीय लाभका क्षेत्रहरू रहेका हुन्छन्। पर्यटनमा स्थानीय विपन्न वर्गको प्राकृतिक स्रोतमाथिको पहुँच घटाउने र जोखिम बढाउने जस्ता बहुपक्षीय लागतका क्षेत्रहरू पनि त्यति नै रहेका हुन्छन्। तसर्थ पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभ र लागत दुवैको होसियारीपूर्वक लेखाजोखा गरी स्थानीय विपन्न वर्गका जीविकोपार्जनमा सहयोग पुऱ्याउने र जीवनस्तरमा सुधार ल्याउने गरी प्रयास गर्नुपर्ने हुन्छ।

### २.४.६ स्थानीय स्तरमा आर्थिक लाभ (Economic gains in local level)

बूढानीलकण्ठ नगरपालिकामा पर्यटन क्रियाकलापलाई जति बढी दिगो, भरपर्दो र जिम्मेवार बनाउन सकिन्छ, त्यसअनुरूप नै स्थानीय स्तरको आर्थिक स्थायित्व अझ वृद्धि हुन सक्ने देखिन्छ। स्थानीय स्रोतको अधिकतम प्रयोगले स्थानीय समुदायका आर्थिक र सामाजिक आवश्यकता पूरा गर्न सहयोग पुग्नुका साथै स्थानीय तहमा अर्थिक क्रियाकलाप र जीवन निर्वाह पद्धतिलाई बचाई राख्न मद्दत पुग्दछ। यदि ठूलो संख्यामा स्थानीय जनतालाई सहभागी गराई स्थानीय स्रोतलाई दिगो रूपमा उपयोग गर्न सके पर्यटन क्षेत्रले स्थानीय समुदायको आर्थिक स्तर उठाउन योगदान पुऱ्याउनुका साथै आर्थिक स्थिरता कायम गर्न समेत सहयोग पुऱ्याउँछ। नगरमा रहेका विविध प्रकारका सांस्कृतिक, प्राकृतिक, भौगोलिक जनजीवनका आकर्षणहरूलाई पर्यटन गतिविधिमा समेट्दा स्थानीय समुदायको आर्थिक लाभ र सामाजिक कल्याणमा अभिवृद्धि हुने गरी सञ्चालन एवं व्यवस्थापनमा जोड दिनुपर्ने भन्ने कुरा सहभागीबाट नै आएको थियो। पर्यटकीय क्रियाकलापहरू वातावरणीय एवं सांस्कृतिक रूपमा दिगो हुनुपर्दछ र गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने तथा स्थानीय स्तरमा आर्थिक स्थिरता कायम राख्ने खालको हुनुपर्दछ भन्ने यथार्थलाई पनि मनन गरिएको छ। यस गुरुयोजनाले नगरमा रहेका पर्यटनका अवसरहरूमा स्थानीय समुदायको पहुँच विस्तार गरी प्राप्त आर्थिक लाभलाई दिगो बनाइराख्ने अवधारणालाई अवलम्बन गर्नेछ। यसबाट सिर्जित अवसरका कारण सबै स्तरका स्थानीय व्यक्तिहरू लाभान्वित हुनेछन् भन्ने अपेक्षा राखिएको छ।

## २.५ पर्यटन पूर्वाधार र पर्यटकीय आकर्षणका स्रोत (Tourism infrastructures and attractions)

सनातन धर्मावलम्बीहरू भगवान्को महिमाका कारण तीर्थाटनमा निस्कन्छन्। वाग्द्वारमा तपस्यारत ॐ बाबा भौतिक रूपमा सामान्य सुविधा पनि नभएको थानमा मुक्तिको कामना लिएर बस्नुभएको छ। हामी सुविधा खोज्छौं भने कोही मुक्ति पनि खोज्दा रहेछन्। भक्तिभावले ओतप्रोत भएकाहरू जसरी पनि पर्यटनमा निस्कन्छन्। उनीहरूलाई भौतिक विकाससँग कुनै सरोकार हुँदैन। आज विश्वभर चलेको पर्यटक भित्र्याउने लहरका लागि भने स्थानीयले पूर्वाधार बनाउनु आवश्यक छ। कुनै पनि गन्तव्यलाई पर्यटकीय रूपमा विकास गर्न मुख्यतया आगमन सुलभता, आवास, आरामदायी सेवा, सुविधा, मेलापर्व र मनोरञ्जन गतिविधि एवं ऐतिहासिक, पुरातात्त्विक सांस्कृतिक क्रियाकलापको अवस्था एवं सम्भावनाको विश्लेषण गरिनु आवश्यक छ। पाँचवटैको सम्मिश्रण राम्रो भएको गन्तव्यलाई सामान्यतया उत्तम रूपमा लिइन्छ। यिनको उपलब्धता मात्रै पर्यटनका लागि पर्याप्त भने नहुन सक्छ। दिगो पर्यटनका लागि यी त्त्वहरूको उचित, प्रभावकारी र जिम्मेवारीपूर्ण तवरले आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणमा सकारात्मक प्रभाव रहने गरी व्यवस्थापन गरिएको हुनुपर्छ।

## २.५.१ आगमन सुगमता (Facilated arrival)

पर्यटनमा निस्कने जुनसुकै साधन वा पैदल आउँदा पनि सुगमता खोज्नु स्वाभाविक नै हो । यातायातका साधनमा जाने भए सजिलै त्यस्ता साधन पुग्न सक्ने हुनुपर्छ । पैदल हिँडने भए पनि बिनाअवरोध हिँड्न सकिने अवस्था हुनु आवश्यक छ । आफ्नो निजी साधन नहुनेका लागि सुलभ सार्वजनिक सवारी साधनको उपलब्धता पनि आवश्यक हुन्छ । यस्ता सुविधा नपाइने ठाउँ पर्यटनमैत्री मानिँदैनन् । बूढानीलकण्ठ मन्दिरसम्म पुग्न यातायातको सुविधा पाउन सकिन्छ । शिवपुरी निकुञ्जभित्र विष्णुद्वार, विष्णुमती झरना र नागिन गुम्बासम्म सडक यातायातबाट पुग्न सकिन्छ । वाग्द्वार, शिवपुरी चुचुरो, कामधेनु शिला एवं सतरुद्रेश्वरसम्म पुग्न पैदल मार्ग छ । एकान्तमा एकदिने भ्रमणका लागि वाग्द्वार, शिवपुरी चुचुरो, कामधेनु शिला एवं शतरुद्रेश्वर यात्रा उपयुक्त देखिन्छ तर यसका लागि पैदल मार्गको आवधिक मरम्मत गर्ने र व्यवधानरहित बनाउने कार्यलाई प्राथमिकता दिनु पर्दछ ।

## २.५.२ आवास (Lodging and residences)




पर्यटकहरू घुम्न आउँदा रात बस्ने भए सुविधाजनक आवास तथा रात नबस्ने भए थकाइ मार्ने तथा खाजा खाने स्थान आवश्यक मानिन्छ । बूढानीलकण्ठ नगरमा आवासका लागि वडा नं ३ मा एक पर्यटक स्तरीय पार्क भिलेज होटल सञ्चालनमा छ । यसमा १५० जनासम्म पाहुनाले आतिथ्य लिन सक्छन् । यो नगर देशकै राजधानी भएको महानगरपालिकासँग जोडिएको हुँदा स्तरीय होटलबाट खासै धेरै दूरीमा छैन । राजधानीका कुनै पनि होटलमा बसेर यहाँको अवलोकन भ्रमण गर्न सकिन्छ तापनि त्रिशूली हुँदै उत्तरी वायुको प्रवेश विन्दु बूढानीलकण्ठ स्तरीय होटलका लागि उपयुक्त स्थान हो । काठमाडौंको प्रदूषणका कारण त्यहाँ बस्न नचाहने पर्यटकलाई बूढानीलकण्ठको स्वच्छता प्रचार गरी पर्यटकलाई यहाँ बास बस्ने वातावरण बनाउन सकिन्छ र बनाउनुपर्छ ।

नगरपालिकाको कपन क्षेत्रमा होमस्टेका बोर्ड देखिए पनि त्यति व्यवस्थित रूपमा सञ्चालन गरेको पाइएन । यस क्षेत्रमा साना साना खाजाघर तथा सामान्य खाना खाने होटलहरू सञ्चालन भएकोले होमस्टेहरू सञ्चालन हुन छोडेको कुरा पाखिन होमस्टेकी सञ्चालिकाले भनेको 'हाल पाहुना आउन छाडेका छन्' भन्ने भनाईबाट यस क्षेत्रमा होमस्टे सञ्चान नभएको कुरा प्रस्ट हुन्छ ।

## २.५.३ आरामदायी सेवा सुविधा (Comfortable services facilities)

बूढानीलकण्ठ नगरभित्र सञ्चार सुविधा छ तर शिवपुरी निकुञ्जक्षेत्रमा पर्यटकका लागि भरपर्दो सञ्चार सुविधा नभएको देखिन्छ । यस नगरमा औषधि पसलहरू प्रशस्त छन् । अस्पतालको हकमा एक न्युरो अस्पताल छ । ठूलाठूला अस्पतालहरू भएको काठमाडौं महानगरपालिकसँग सीमा जोडिएको नगरपालिकाका कारण अस्पताल पुग्न धेरै टाढासम्म पुग्नुपर्ने अवस्था छैन । शिवपुरी निकुञ्जभित्रका हकमा पर्यटक स्वयं सजग हुन आवश्यक छ । सुरक्षा स्थिति पनि सबल बनाउनुपर्ने अवस्था छ । नगरभित्रका सबै पर्यटकीय ठाउँमा खानेपानी र शौचालयको पनि पर्याप्त सुविधा मिलाउनु वाञ्छनीय देखिन्छ ।

### क) बूढानीलकण्ठ विद्यालय (Budhanilkantha school)

शैक्षिक पर्यटनको लागि यस नगरपालिकाको बूढानिलकण्ठ स्कूल एक प्रमुख शैक्षिक संस्था मानिन्छ । धेरै योजना र विचारहरूको फलस्वरूप सन् १९७२ मा स्थापना भएको बूढानिलकण्ठ स्कुलको पठनपाठन १९७३ मा

भएको हो । यस स्कुलमा सन् १९८३ देखि अङ्ग्रेजी माध्यममा अध्यापन सुरु भयो । यो स्कुलले छात्र छात्रावासको सुविधा उपलब्ध गराउँदै देशकै उत्कृष्ट नतिजा ल्याउने विद्यालय मध्ये एकको रूपमा चिनिन थाल्यो ।



वर्तमान अवस्थामा १०७८ विद्यार्थीहरू मध्ये चालीस प्रतिशत छात्राहरूलाई पठन पाठन गराउने यस स्कुलका अध्यक्ष श्री केशर बहादुर खुलाल हुनुहुन्छ । यस स्कुलमा कक्षा पाँचदेखि १० सम्म नेपाली राष्ट्रिय पाठ्यक्रम अनुसार पठन पाठन हुन्छ । कक्षा ११ र १२ मा विज्ञान सङ्काय साथै ए लेभल को पाठ्यक्रम पनि पठनपाठन हुन्छ ।

दक्ष र श्रृजनशील जनशक्ति उत्पादन गर्ने हेतुले यस स्कुलमा पढाई सँगसँगै खेलकुद, नेतृत्व विकास, व्यक्तित्व विकास र अतिरिक्त क्रियाकलापमा समेत विशेष जोड दिइन्छ ।

## ख) न्युरो अस्पताल (Neuro Hospital)



यस नगरभित्र पर्ने उपेन्द्र देवकोटा मेमोरियल राष्ट्रिय न्युरोलोजिकल संस्थान देशकै प्यारालाइसिस र नसासम्बन्धी अशक्तताहरूको उपचार तथा छुटकाराका लागि त्पर नेपालकै प्रमुख अस्पताल हो । यहाँको न्युरोलोजी विभाग २०१४ मा स्थापना भएको हो र यहाँका न्युरो शल्यचिकित्सकहरू विरामीहरूको सेवा सुविधा, खोज अनुसन्धान र चिकित्सा शिक्षामा सधैँ प्रतिबद्ध छन् । भिडभाडले ग्रसित काठमाडौंबाट टाढा हरित र शान्त वातावरणमा विरामीको उपचार गराइ नशा सम्बन्धी समस्याको निराकरण नै यस सस्थानको मुख्य उद्देश्य रहेको छ । स्व. प्रोफेसर उपेन्द्र देवकोटाबाट तालिमप्राप्त चिकित्सक र कर्मचारीहरूबाट स्तरीय उपचार नै यस संस्थानको मुख्य विशेषता हो र यसलाई यस नगरक्षेत्रकै एउटा महत्वपूर्ण संस्थाका रूपमा लिनु पर्दछ ।

## २.५.४ मेलापर्व र मनोरञ्जन गतिविधि (Festivals and recreational activities)

समुदायले आफ्नै आस्था र विश्वासअनुसार मनाउने मेलापर्व पनि पर्यटकका लागि मनोरञ्जनका साधन बन्न सक्छन् । विशेष अवसरमा देखाइने लाखे नाच, रोपाइँ जात्रा, रथयात्रा, जन्माष्टमी जात्रा, इन्द्रजात्रा, नौलिङ्गेश्वर जात्रा, भद्रकाली जात्रा (चण्डीपूर्णिमा), पञ्चकुमारी जात्रा (चण्डीपूर्णिमा) र बुद्धजयन्ती जात्रा जस्ता अवसरले पर्यटकलाई आकर्षित गर्न सकिन्छ । हरिबोधिनी एकादशी मेलामा बूढानीलकण्ठ मन्दिरमा विशेष भीड लाग्छ । यी पर्वलाई अझ व्यवस्थित बनाएर पर्यटन गतिविधि बढाउन सकिन्छ । त्यस्ता जात्राले समुदायबीच आपसी सद् भाव पनि प्रगाढ बनाउन मद्दत पुऱ्याउँछन् । यहाँ खेलकुद र साहसिक पर्यटन प्रवर्द्धनको कार्य पनि गर्न सकिन्छ । पर्यटकलाई मनोरञ्जन दिने खालका स्थानीय नाचगान देखाएर पर्यटकलाई अझ आकर्षित गर्न सकिने देखिन्छ ।

## २.६ ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक सम्पदा (Historical and archeological cultural heritage)

बूढानीलकण्ठ मन्दिरको ऐतिहासिक पाटो नेपाल महिमाबाट पनि पुष्टि हुन्छ । किंवदन्तीअनुसार परापूर्व कालमा हाल बूढानीलकण्ठको मूर्ति भएको ठाउँमा किसानले खलो बनाएका थिए रे । त्यहाँ धान झाँट्दा धान निखन्नथ्यो रे । अन्यत्रको धान त्यहाँ खन्याइयो भने पुनः भर्दा दोब्बर हुन्थ्यो रे । किसानहरूको त्यस जमिन मुनि केही आश्चर्य छ भनी खनेर हेर्ने चाहना हुँदा उनीहरूले खन्न सुरु गरे रे । खन्दा उक्त मूर्तिको हातको औंलामा चोट लाग्न गई रगत देखिएछ । सावधानी पूर्वक उत्खनन गर्दा उक्त विशाल मूर्ति भेटिएको रे । यसबाट पनि यसको प्राचीनता पुरातात्विक महत्वको पुष्टि हुन्छ । वाग्द्वार, शिवपुरी आश्रम, विष्णुद्वारधाम, धरमपुर खडग भद्रकाली, कपन गढी, पुतलीडाँडागढीले आआफ्नै ऐतिहासिकता बोकेका छन् । यस्ता ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका संरचनाहरू पर्यटकीय गन्तव्य हुन् । यहाँ मनाइने पञ्चकुमारी जात्रा, नौलिन भद्रकाली जात्रा स्थानीय सांस्कृतिक सम्पदा हुन् । यी एकातिर सांस्कृतिक दृष्टिले महत्वपूर्ण छन् भने पुरातात्विक अध्ययन अनुसन्धानका दृष्टिले पनि उत्तिकै महत्वपूर्ण छन् ।

## २.७ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (Shivapuri Nagarjun National park)






स्रोतः शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज २००९ मा नामाकरण भयो जबकि शिवपुरी पहाडको जङ्गल क्षेत्रलाई सन् २००२ मा नै राष्ट्रिय निकुञ्जको नामाकरण गरी त्यस क्षेत्रको भौगोलिक तथा प्राकृतिक सम्पदाहरूको प्रवर्धन तथा विकास प्रक्रिया अगाडि बढाइएको हो । शिवपुरी क्षेत्र २७०४५' उत्तरी अक्षंश देखि २७०५२' उत्तरी अक्षंशसम्म फैलिएको छ भने ८५०१६' पूर्वी देशान्तर देखि ८५०४५' पूर्वी देशान्तर सम्म फैलिएको छ। त्यसैगरी नागार्जुन जङ्गल २७०४३' उत्तरी अक्षांस देखि २७०४६' उत्तरी अक्षांश र ८५०१३' पूर्जी देशान्तर देखि ८५०१८' पूर्वी देशान्तर सम्म फैलिएको छ । सन् २००९ मा नागार्जुन पहाडको यो क्षेत्रलाई शिवपुरी राष्ट्रिय निकुञ्जमा गाभी शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नामकरण भएको र त्यस अनुरूप विकास गरिएको हो । यो राष्ट्रिय निकुञ्ज ११८.६१ ब.कि. क्षेत्रफलमा फैलिएको छ भने समुन्द्र सतहबाट १३५ मि. देखि २७३२ मि. सम्मको उचाइमा फैलिएको छ। काठमाडौं, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ जिल्लासँग सिमाना जोडिएको यो राष्ट्रिय निकुञ्जले बूढानीलकण्ठ नगरपालिकाका ३ वटा वडाहरू जोडिएका छन् । यो जंगल क्षेत्रले बूढानीलकण्ठ नगरपालिका मात्र नभई उपत्यकाको उत्तरी क्षेत्रलाई नै स्वच्छ पिउने पानी र वायु प्रदूषण नियन्त्रणमा अहं सहयोग पुऱ्याएको छ। सानो क्षेत्रफल भए पनि या क्षेत्र जैविक विविधताका दृष्टिले ज्यादै महत्त्वपूर्ण छ। यो क्षेत्रमा १२५० प्रकारका फूल फुल्ने वनस्पति, ५७ प्रकारका जडीबुटी, ४९ प्रकारका कन्दमूल १२९ प्रकारका च्याउ पाइने कुरा निकुञ्जबाट प्रकाशित दस्तावेजहरूमा उल्लेख छ। शिवपुरी नागार्जन राष्ट्रिय निकुञ्जमा २४ प्रकारका

स्तनधारी, १०६ प्रकारका पुतली र ३१८ प्रकारका चरा चुरुंगी भएको आँकडा छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज धार्मिक, पर्यटकीय र वातावरणीय दृष्टिले पनि महत्त्वपूर्ण छ। शीतोष्ण हावापानी, बहुप्रजातीय वनस्पति तथा जीवजन्तु, मनोरम प्राकृतिक दृश्य आदिका कारण आगन्तुकहरूको मनै लोभ्याउँछ। घुमन्ते हुन् या प्रकृति प्रेमी, तीर्थालु हुन् या खोजकर्ता यो क्षेत्र सबैका लागि वैभवशाली छ, उपयोगी छ, महत्वपूर्ण छ। धार्मिक पर्यटनका लागि वाग्द्वार, विष्णुद्वार, शिवपुरी चुचुरो, कामधेनु शिला, शतरुद्रेश्वर शिला लगायत मुख्य छन् भने दृश्यावलोकनका लागि ककनी-गुर्जे-छापभञ्ज्याङ-शिवपुरी-पानी मुहान वाग्द्वार-रोल्चे-चिसापानी, टोखा-गुर्जेभञ्ज्याङ-गुरुङ गाउँ लगायतका क्षेत्रहरू बढी आकर्षक छन्।

**तालिका नं.२.२ शिवपुरी निकुञ्जमा पाइने वनस्पतिहरू**

| सिनं वनस्पतिको नाम | पाइने स्थान | उचाइ |
|---|---|---|
| १. चिलाउने (Schima wallichi) | तल्लो मिश्रित चौडा पाते वन | १००० मिटरदेखि १५०० |
| २. कटुस (Castonopsis Spp.) | (Lower Mixed Hardwood Forest) | मिटरसम्म |
| ३. पैयुँ (Prunus Cerasioids) | “ | |
| ४. काफल (Myrica Esculanta) | “ | |
| ५. टुनी (Toona Ciliate) | “ | |
| ६. महुवा (Madhuca Indica) | “ | |
| ७. शिरिस (Albizzia spp) | “ | |
| ८. उत्तिस (Alnus Nepalensis) | “ | |
| ९. रानी सल्लो र खोटे सल्लो | “ | |
| (Pinus Roxburghil) | “ | |
| १०. ढाले कटुस (Castonopsis Indica) | रानी सल्लो खोटे सल्लो वन | |
| ११. काफल (Myrica Esculanta) | Chirpine Forest | १००० मिटरदेखि १६०० |
| १२. मयल (Pyeus Pashia) | “ | मिटरसम्म |
| १३. (पांग्रे (Aesculus Spp) | “ | |
| १४. फिरफिरे (Acer Spp) | “ | |
| १५. ओखर (Juglans Regia) | “ | |
| १६. लाँकुरी (Fraxinus Spp) | उपल्लो मिश्रित चौडापाते वन | |
| १७. जंगली पैयुँ (Prunus Carmesina) | LoWer Mixed Hardwood Forest | |
| १८. बैंस (Salix Spp) | “ | |
| १९. खस्रु/बाँझ (Quercus Spp) | “ | |
| २०. अर्खलो (Litchocarpus Spp) | “ | १५०० मिटरदेखि |
| २१. खरी (Celtis Spp) | “ | २७०० मिटरसम्म |
| २२. खस्रु (Quercus Semecarpifolia) | “ | |
| २३. झंगाइनु (Eurya Accuminata) | “ | |
| २४. फलाँट (Quercus Leucotricophora) | “ | |
| २५. लिसो (Illex Dipyrens) | खस्रु वन (Oka Forest) | |
| २६. चाँप (Michellia Spp.) | “ | |
| २७. लालीगुराँस | “ | |
| (Rhododendron Arboreum) | “ | |
| २८. खोल्मे (Sympiocus Spp) | “ | २३०० मिटरदेखि |
| २९. ओखर्लो (Lithocarpus Spp) | “ | २७०० मिटरसम्म |
| | “ | |

*स्रोत : शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, वार्षिक प्रगति प्रतिवेदन २०७२/०७३*

## तालिका नं. २ .३ शिवपुरी निकुञ्जमा पाइने स्तनधारी जनावर

| Sn English Name | Nepali Name | Family Name | Scientific Name |
|---|---|---|---|
| 1. Himalayan serow<br>2. Himalayan ghoral<br>3. Barking Deer<br>4. Sambar Deer<br>5. Wildboar<br>6. Golden Jackal<br>7. Jungle Cat<br>8. Clouded Leopard<br>9. Common Leopard<br>10. Leopard Cat<br>11. Common Mongoose<br>12. Crab eating<br>13. Mongoose<br>14. Yellow throated Marten<br>15. Himalayan black bear<br>16. Large indian civt<br>17. Bat<br>18. Hodgson"s brown toothed<br>shrew<br>19. Indian pangolin<br>20. Chonese pangolin<br>21. Indian hare<br>22. Royle' s Pika<br>23. Assamese Monkey<br>24. Rhesus Monkey<br>25. Hanuman Langur<br>26. Indian creasted Porcupine<br>27. Fawn-colored mouse<br>28. Estern house mouse<br>29. House ret<br>30. Orange bellied Himalayan<br>squirrel<br>31. Flyingsquirrel<br>32. Himalayan Shrew<br>33. Homalayan streped squirrel | थार<br>घोरल<br>रतुवा मृग<br>जरायो<br>बँदेल<br>स्याल<br>वन बिरालो<br>ध्वाँसे चितुवा<br>चितुवा<br>चरिबाघ<br>न्याउरी मुसा<br>न्याउरी मुसा<br>माल्साप्रो<br>हिमाली कालो<br>चितुवा<br>ठूलो निरबिरालो<br>चमेरो<br><br><br>कालो सालक<br>तामे सालक<br>खरायो<br>पाइका मुसा<br>पहरे बाँदर<br>रातो बाँदर<br>लंगुर बाँदर<br>दुम्सी<br>खाकी रंगे मुसा<br>डुहुरे मुसा<br>घर मुसा<br><br><br>कोइरालो | Bovidae<br>Bovidae<br>Cervidae<br>Cervidae<br>Suidae<br>Canidae<br>Falidae<br>Falidae<br>Falidae<br>Falidae<br>Herpestidae<br>Herpestidae<br>Mustlelidae<br>Ursidae<br>Vivrridae<br>Vivrridae<br><br><br>Manis crassicaudata<br>Manish pentadactyla<br>Lepusnigricollis<br>Ochotonisae<br>Cercopithecidae<br>Cercopithecidae<br>Cercopithecidae<br>Muridae<br>Muridae<br>Muridae<br>Muridae<br><br>Sciuridae<br>Soricidae<br>Soricidae<br><br>Soricidae | Capricornis<br>Naemorhedus goral<br>Muntaiacusvaginalis<br>Rusa unicolor<br>Sus scrofa<br>Canisaureus<br>Felis chaus<br>Canis aureus<br>Felis chaus<br>Pardotelis nebulosa<br>Panthera pardus<br>Prionailurus benga-<br>lensis<br>Herpestes<br>Herpestes urva<br>martes flavigula<br>Ursus thibetanus<br>Paguma larvata<br>Vivera zibetha<br><br><br>Soriculuscaudatus<br>Manis crassicaudata<br>Manis pentadactyla<br>Lepus nigricollis<br>Ochotona roylei<br>Hystrix Indica<br>Macaca assamensis<br>Macca mulata<br>Semonopithecus<br>entellus<br>Hystrix indica<br>Mus cervicolor<br>Mus musculus<br>Ratus ratus<br>Dremomys lokriah<br>Pteromyini spp.<br><br><br>Soriculus nigrescens<br>Tamiops mcclellandii |

स्रोत : शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, वार्षिक प्रगति प्रतिवेदन २०७२/०७३

## २.८ नेपालको पर्यटन इतिहास (Tourism history of Nepal)

परापूर्व कालमा नेपालको सिँगै अस्तित्व देखिए पनि प्राचीन कालपछि भने नेपाल पूर्व, पश्चिम र मध्य भागमा सयौं राज्य र रजौटाका रूपमा विभाजित भएको देखिन्छ । सन्को थालनी अघिसम्म नेपालको इतिहास प्रायः पाउन सकिँदैन । ऐतिहासिक एवं धार्मिक कथन वा विवरण अनुसार यहाँ राम, पाण्डव, ऋषिमुनि लगायतका प्राग ऐतिहासिक विषयहरू चर्चित छन् । सामान्य रूपमा हेर्दा पूर्वी नेपालमा किराँतहरू, उपत्यकामा नेवार र मध्यपश्चिममा गुरुङ र मगरहरूले शासन गरेको भेटिन्छ ।

प्राचीन नेपालको इतिहासको खोजी गर्ने हो भने नेपालमा पहिलो राज्य स्थापना गर्ने गोपालवंशीहरू भेटिन्छन् । त्यसपछि महिषपाल, किराँती र लिच्छविहरू देखापर्दछन् । वंशावलीका अनुसार गोपालवंशीहरूले करिब ५ सय वर्ष, महिषपालहरूले १ सय ८२ वर्ष, किराँतवंशीहरूले ७ सय वर्षजति र लिच्छविहरूले १ हजार वर्षजति नेपालमा शासन गरे । इ.पू. तीन सयतिर सुरु भएको किराँत कालमा किराँती राजा जितेदास्तीको शासन कालतिर गौतमबुद्ध, स्थुङ्का र भारतीय सम्राट अशोक नेपाल आएको उल्लेख छ । त्यस समयमा अशोकले लुम्बिनीमा बनाएको स्तूप अहिलेसम्म पनि छँदै छ ।

किराँतीहरूपछि शासक भएका लिच्छवीहरूले आफ्नो लामो शासनकालमा नेपालको सर्वांगीण विकासलाई अगाडि बढाए । नेपालको राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, कलाकौशल आदिका क्षेत्रमा लिच्छवीहरूले गरेको उन्नति जुन अहिलेसम्म पनि नेपाल र नेपालीको गौरवको विषय बनेको छ र त्यो काललाई नेपालको स्वर्णयुग पनि भनिन्छ ।

औपचारिक रूपमा नेपालमा पर्यटन कार्यको सुरुवात वि.सं.१९०७ मा जंगबहादुरले झन्डै ४०–५० जनाको समूह लिएर स्वेजनगर पार गर्दै इजिप्ट, कायरो, अलेगजेन्ड्रिया, माल्टा र जिब्राल्टार हुँदै बेलायत पुगे र फर्कंदा फ्रान्स हुँदै भारत आई विभिन्न तीर्थस्थलहरूको भ्रमण गरे । यो यात्रा राजनीतिक कारणले मात्र नभएर आनन्दका लागि पनि थियो । योजनाबद्ध पर्यटनको विकास भने नेपालमा पञ्चवर्षीय राष्ट्रिय विकास योजना प्रथम पटक विसं. २०१२ मा बनेको थियो । यसको अवधि विसं.२०१३ देखि २०१८ सम्म रह्यो । त्यो पहिलो योजनाले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औंल्याएको थियो । सरकारका तर्फबाट नेपालमा पहिलोपटक राष्ट्रिय संस्थाका रूपमा 'पर्यटन विकास बोर्ड' को विसं. २०१४ मा स्थापना गरिएको थियो । त्यसैगरी विसं. २०१५ मा त्त्कालीन 'शाही नेपाल वायुसेवा निगम' (हाल : नेपाल वायुसेवा निगम) को स्थापना भयो भने विसं. २०१६ मा 'पर्यटन विभाग' स्थापना गरियो । यसलाई नेपालको अर्थतन्त्रको एक प्रमुख अंग मानी त्यसका लागि दीर्घकालीन योजना बनुपर्ने कुरामा जोड दिन थालियो । फलस्वरूप त्यसै वर्ष 'पर्यटन विकास समिति' पनि गठन गरियो । त्यसैको अग्रसरतामा विसं.२०२९ मा पहिलो पटक नेपालको राष्ट्रिय पर्यटन गुरुयोजना तयार भएको थियो । त्यसपछि नेपालको पर्यटन ऐन (२०३५) पनि बन्यो । पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पर्ने तथा यसलाई प्रभाव पार्ने अन्य ऐन-कानुन तथा नीति-नियमहरू पनि क्रमशः बन्दै गए । विसं.२०४७ को दशकमा यस्ता धेरै नीति-नियमहरू बनेका थिए । त्यसमध्ये वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, राष्ट्रिय हवाई नीति २०५०, नेपाल नागरिक उड्डयन ऐन २०५३, नेपाल पर्यटन बोर्ड ऐन, २०५३ प्रमुख छन् । नेपाल पर्यटन बोर्ड ऐन, २०५३ का आधारमा नै नेपाल पर्यटन बोर्डको स्थापना भएपछि नेपालको पर्यटन नीति २०५२ बन्यो । उक्त नीतिले खासगरी पर्यटनमा निजी क्षेत्रको भूमिकालाई थप उजागर गरेको थियो भने नेपालमा ग्रामीण पर्यटन विकास हुनुपर्ने कुरालाई पनि पहिलोपल्ट जोड दियो । २०६५मा आएर नयाँ पर्यटन नीति बन्यो । त्यही नीति नै हालसम्म पनि कार्यान्वयनमा छ । त्यसै वर्ष नेपालको पर्यटन गुरुयोजना बनाउने भनेर एउटा परामर्श टोलीलाई जिम्मा दिइएको थियो । त्यो मस्यौदा नेपाल सरकारले स्वीकृत गरेन । त्यसो गर्नुका मूल २ कारणहरू थिए : पहिलो- त्यसमा निजी क्षेत्रका सरोकार र भावनाहरू अपेक्षा गरेअनुसार समावेश गरिएका थिएनन्; दोस्रो- त्यस मस्यौदामा प्रस्तुत गरिएको कार्ययोजनाको खाका ज्यादै नै अधुरो थियो ।

सन् २००९ मा नेपाल सरकारले पर्यटनको दीर्घकालीन दृष्टिकोण ('टुरिजम भिजन') २०२० तयार पाऱ्यो । त्यसमा निजी क्षेत्रको समेत राम्रो सहभागिता र साझेदारिता थियो । सन् २०२० सम्ममा नेपालको पर्यटनले कस्तो

रूप लिनुपर्छ भन्ने कुरा त्यस दीर्घकालीन दृष्टिकोणमा उल्लेख गरिएको छ । के-के गर्ने भन्ने कुराको विस्तृत कार्ययोजना भने त्यसले समेट्न सकेको छैन ।

**तालिका नं. २.४ नेपालमा पर्यटक आगमन तथ्यांक (विसं. २०२१ देखि २०७४ : ५३ वर्ष)**

| वर्ष | जम्मा | | हवाई मार्ग | | जमिन | | औसत बसाइ |
|---|---|---|---|---|---|---|---|
| | संख्या | वार्षिक वृद्धि दर % | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०२१ | ९,५२६ | ३०.९ | ८,४३५ | ८८.५ | १,०९१ | ११.५ | NA |
| २०२२ | ९,३८८ | -१.४ | ८,३०३ | ८८.४ | १,०८५ | ११.६ | NA |
| २०२३ | १२,५६७ | ३३.९ | ११,२०६ | ८९.२ | १,३६१ | १०.८ | NA |
| २०२४ | १८,०९३ | ४४.० | १५,०६४ | ८३.३ | ३,०२९ | १६.७ | NA |
| २०२५ | २४,२०९ | ३३.८ | १९,७१७ | ८१.४ | ४,४९२ | १८.६ | NA |
| २०२६ | ३४,९०१ | ४४.२ | २८,१३० | ८०.६ | ६,७७१ | १९.४ | NA |
| २०२७ | ४५,९७० | ३१.७ | ३६,५०८ | ७९.४ | ९,४६२ | २०.६ | NA |
| २०२८ | ४९,९१४ | ८.६ | ४०,३६९ | ८०.९ | ९,५४५ | १९.१ | NA |
| २०२९ | ५२,९३० | ६.० | ४२,४८४ | ८०.३ | १०,४४६ | १९.७ | NA |
| २०३० | ६८,०४७ | २८.६ | ५५,७९१ | ८२.० | १२,२५६ | १८.० | NA |
| २०३१ | ८९,८३८ | ३२.० | ७४,१७० | ८२.६ | १५,६६८ | १७.४ | ३२.२० |
| २०३२ | ९२,४४० | २.९ | ७८,९९५ | ८५.५ | १३,४४५ | १४.५ | १३.०५ |
| २०३३ | १०५,१०८ | १३.७ | ९०,४९८ | ८६.१ | १४,६१० | १३.९ | १२.४१ |
| २०३४ | १२९,३२९ | २३.० | ११०,१८० | ८५.२ | १९,१४९ | १४.८ | ११.६० |
| २०३५ | १५६,१२३ | २०.७ | १३०,०३४ | ८३.३ | २६,०८९ | १६.७ | ११.८४ |
| २०३६ | १६२,२७६ | ३.९ | १३७,८६५ | ८५.० | २४,४११ | १५.० | १२.०२ |
| २०३७ | १६२,८९७ | ०.४ | १३९,३८७ | ८५.६ | २३,५१० | १४.४ | ११.१८ |
| २०३८ | १६१,६६९ | -०.८ | १४२,०८४ | ८७.९ | १९,५८५ | १२.१ | १०.४९ |
| २०३९ | १७५,४४८ | ८.५ | १५३,५०९ | ८७.५ | २१,९३९ | १२.५ | १३.३३ |
| २०४० | १७९,४०५ | २.५ | १५२,४७० | ८५.० | २६,९३५ | १५.० | ११.५३ |
| २०४१ | १७६,६३४ | -१.५ | १४९,९२० | ८४.९ | २६,७१४ | १५.१ | ११.५५ |
| २०४२ | १८०,९८९ | २.५ | १५१,८७० | ८३.९ | २९,११९ | १६.१ | ११.३० |
| २०४३ | २२३,३३१ | २३.४ | १८२,७४५ | ८१.८ | ४०,५८६ | १८.२ | ११.१६ |
| २०४४ | २४८,०८० | ११.१ | २०५,६११ | ८२.९ | ४२,४६९ | १७.१ | ११.९८ |
| २०४५ | २६५,९४३ | ७.२ | २३४,९४५ | ८८.३ | ३०,९९८ | ११.७ | १२.०० |
| २०४६ | २३९,९४५ | ५३.७ | २०७,९०७ | ८६.६ | ३२,३८ | १३.४ | १२.०० |
| २०४७ | २५४,८८५ | ६.२ | २२६,४२१ | ८८.८ | २८.४६४ | ११.२ | १२.०० |
| २०४८ | २९२,९९५ | १५.० | २६७,९३२ | ९१.४ | २५,०६३ | ८.५ | ९.५ |
| २०४९ | ३३४,३५३ | १४.१ | ३००,४९६ | ८९.९ | ३३,८५७ | १०.१ | १०.१४ |
| २०५० | २९३,५६७ | -१२.२ | २५४,१४० | ८६.६ | ३९,४२७ | १३.४ | ११.९४ |
| २०५१ | ३२६,५३१ | १२.२ | २८९,३८१ | ८८.६ | ३७,१५० | ११.४ | १०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०५२ | ३६३,३९५ | ११.३ | ३२५,०३५ | ८९.४ | ३८,३६० | १०.६ | ११.२७ |
| २०५३ | ३९३,६१३ | ८.३ | ३४३,२४६ | ८७.२ | ५०,३६७ | १२.८ | १३.५० |
| २०५४ | ४२१,८५७ | ७.२ | ३७१,१४५ | ८८.० | ५०,७१२ | १२.० | १०.४९ |
| २०५५ | ४६३,६८४ | ९.९ | ३९८,००८ | ८५.८ | ६५,६७६ | १४.२ | १०.७६ |
| २०५६ | ४९१,५०४ | ६.० | ४२१,२४३ | ८५.७ | ७०,२६१ | १४.३ | १२.२८ |
| २०५७ | ४६३,६४६ | -५.७ | ३७६,९१४ | ८१.३ | ८६,७३२ | १८.७ | ११.८८ |
| २०५८ | ३६१,२३७ | -२२.१ | २९९,५१४ | ८२.९ | ६१,७२३ | १७.१ | ११.९३ |
| २०५९ | २७५,४६८ | -२३.७ | २१८,६६० | ७९.४ | ५६,८०८ | २०.६ | ७.९२ |
| २०६० | ३३८,१३२ | २२.७ | २७५,४३८ | ८१.५ | ६२,६९४ | १८.५ | ९.६० |
| २०६१ | ३८५,२९७ | १३.९ | २९७,३३५ | ७७.२ | ८७,९६२ | २२.८ | १३.५१ |
| २०६२ | ३७५,३९८ | -२.६ | २७७,३४६ | ७३.९ | ९८,०५२ | २६.१ | ९.१० |
| २०६३ | ३८३,९२६ | २.३ | २८३,८१९ | ७३.९ | १००,१०७ | २६.१ | १०.२० |
| २०६४ | ५२६,७०५ | ३७.२ | ३६०,७१३ | ६८.५ | १६५,९९२ | ३१.५ | ११.९६ |
| २०६५ | ५००,२७७ | -५.० | ३७४,६६१ | ७४.९ | १२५,६१६ | २५.१ | ११.७८ |
| २०६६ | ५०९,९५६ | १.९ | ३७९,३२२ | ७४.४ | १३०,६३४ | २५.६ | ११.३२ |
| २०६७ | ६०२,८६७ | १८.२ | ४४८,८०० | ७४.४ | १५४,०६७ | २५.६ | १२.६७ |
| २०६८ | ७३६,२१५ | २२.१ | ५४५,२२१ | ७४.१ | १९०,९९४ | २५.९ | १३.१२ |
| २०६९ | ८०३,०९२ | ९.१ | ५९८,२५८ | ७४.५ | २०४,८३४ | २५.५ | १२.१६ |
| २०७० | ७९७,६१६ | -०.७ | ५९४,८४८ | ७४.६ | २०२,७६८ | २५.४ | १२.६० |
| २०७१ | ७९०११८ | -०.९ | ५८६९८१ | ७४.२ | २०४१३७ | २५.८ | १२.४४ |
| २०७२ | ५३८९७० | -३२ | ४०७४१२ | ७५.६ | १३१५५८ | २४.४ | १३.१६ |
| २०७३ | ७५३००२ | ४० | ५७२५६३ | ७६ | १८०४३९ | २४ | १३.४ |
| २०७४ | ९४०२१८ | २५ | ७६०५७७ | ८१ | १७९६४१ | १९ | १२.६ |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपालमा पर्यटन तथ्यांक २०७४*

**तालिका नं. २.५ नेपालमा पर्यटक आगमन (२०५० देखि २०७४)**

| वर्ष | तेस्रो मुलुक | भारतीय | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०५० | २१०२०५ | ८३३६२ | २९३५६७ | -१२.२ |
| २०५१ | २२३९९१ | २०२५४० | ३२६५३१ | ११.२ |
| २०५२ | २४६१३५ | ११७२६० | ३६३३९५ | ११.३ |
| २०५३ | २७११०१ | १२२५१२ | ३९३६१३ | ८.३ |
| २०५४ | २८८४१९ | १३३४३८ | ४२१८५७ | ७.२ |
| २०५५ | ३२०४५५ | १४३२२९ | ४६३६८४ | ९.९ |
| २०५६ | ३५०८४३ | १४०६६१ | ४९१५०४ | ६.० |
| २०५७ | ३६७७३१ | ९५९१५ | ४६३६४६ | -५.७ |
| २०५८ | २९६९१७ | ६४३२० | ३६१२३७ | -२२.१ |
| २०५९ | २०८६९१ | ६६७७७ | २७५४६८ | -२३.७ |

| | | | | |
|---|---|---|---|---|
| २०६० | २५१७६९ | ८६३६३ | ३३८१३२ | २२.७ |
| २०६१ | २९४९७१ | ९०३२६ | ३८५२९७ | १३.९ |
| २०६२ | २७८९६४ | ९६४३४ | ३७५३९८ | -२.६ |
| २०६३ | २९०२०४ | ९३७२२ | ३८३९२६ | २.३ |
| २०६४ | ४३०६९५ | ९६०१० | ५२६७०५ | ३७.२ |
| २०६५ | ४०९१०० | ९११७७ | ५००२७७ | -५.० |
| २०६६ | ४१६०७२ | ९३८८४ | ५०९९५६ | १.९ |
| २०६७ | ४८१९६९ | १२०८९८ | ६०२८६८ | १८.२ |
| २०६८ | ५८६७११ | १४९५०४ | ७३६२१५ | २२.१ |
| २०६९ | ६३७२७७ | १६५८१५ | ८०३०९२ | ९.१ |
| २०७० | ६१६६४२ | १८०९७४ | ७९७६१६ | -०.७ |
| २०७१ | ६५४७७५ | १३५३४३ | ७९०११८ | -०.९ |
| २०७२ | ४६४१५६ | ७४८१४ | ५३८९७० | -३१ |
| २०७३ | ६३४,७५३ | ११८,२४९ | ७५३,००२ | ४० |
| २०७४ | ७७९३८६ | १६०,८३२ | ९४०२१८ | २५ |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपालमा पर्यटन तथ्यांक २०७४*

## २.९ नेपालमा बनेका पर्यटन गुरुयोजना (Tourism master plans of Nepal)

नेपालको प्रथम पर्यटन गुरु योजना १९७० देखि १९८० सम्मका लागि तर्जुमा भएको थियो। पर्यटन क्षेत्रमा यसले ठूलो सहयोग पुऱ्याएको छ। दीर्घकालीन पर्यटन योजनाको आधारमा आयोजनाहरू सञ्चालन गर्दा पर्यटन क्षेत्रको विकासमा एक ठोस तथा फलदायी योगदान पुग्ने गर्दछ। योजनाबद्ध रूपमा विकास तया विस्तार योजना कार्यान्वयन हुन सक्ने भएकाले नेपालमा पर्यटन विकासको लागि एउटा दीर्घकालीन गुरुयोजना तयार गरी त्यसैअनुरूप क्रमबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन भएका थिए। पर्यटक रुचिका स्थानहरू र प्रत्येकमा गर्नुपर्ने सुधार र सुविधा व्यवस्थाको यकिन गर्ने, पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न आवश्यक प्रभावकारी प्रचार, यातायात, होटल व्यवस्था आदि पर्यटन विकाससम्बन्धी विभिन्नकार्यहरू समावेश गरिएका थिए। भविष्यका विकास क्रमहरूलाई बढी प्रभावकारी बनउने उद्देश्यले तयार गरिएको गुरुयोजनाको तर्जुमा गर्ने काममा विदेशी अनुभवी विशेषज्ञहरूलाई संलग्न गरेर बनाइएको थियो। पर्यटन उद्योगको व्यवस्थित तथा प्रभावकारी आधारमा विकास गर्न उपयुक्त बमोजिमको गुरुयोजना सम्बन्धी प्रतिवेदन योजनाको प्रथम वर्षको मध्यतिर मात्र प्राप्त हुन थालेको थियो। यसरी प्राप्त भएको प्रतिवेदनको आधारमा कतिपय नयाँ आयोजनाहरू योजनामा समावेश गरिएका थिए।

## २.१० दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goal -SDG)

सन् २०१५ मा विश्वका धेरै मुलुकहरूले गरिबी निवारण गर्न, पृथ्वीलाई जोगाउन र सबैका लागि समृद्धिको सुनिश्चित्त गर्नका लागि १७ वटा दिगो विकासका लक्ष्यहरू अवलम्बन गरेका छन्। यस्ता लक्ष्यहरू मध्ये नं ८ ले उपयुक्त रोजगारी र आर्थिक वृद्धि गर्ने लक्ष्य र नं. ले १२ जिम्मेवार उत्पादन र उपभोग गर्ने परिपाटीको सुनिश्चित्त गर्ने लक्ष्य लिएकाले दुवै दिगो विकासका लक्ष्यहरू पर्यटन क्षेत्रसँग प्रत्यक्ष सबन्धित छन्। रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरूको प्रवर्द्धन मार्फत दिगो पर्यटनलाई बढावा दिने नीतिहरू तर्ज'मा र कार्यान्वयन गर्ने लक्ष्य दिगो विकासको लक्ष्य नं.८ ले लिएको छ भने रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरूको प्रवर्द्धन मार्फत दिगो पर्यटन दिगो विकासका प्रभावहरूको अनुगमन गर्ने उपायहरू तयार गरी कार्यान्वयन गर्ने दिगो विकासको लक्ष्य नं.१२ ले लिएको छ। वातावरणमा भैरहेको परिवर्तन, वन विनास, कार्बन उत्सर्जन

लगायतका विषयहरू प्रत्यक्षरूपमा पर्यटन व्यवसायसँग सम्बन्धित छन् । दीगो विकासका लक्ष्यले विकासलाई समृद्धिसँग जोड्ने एक देशबाट अर्को देशका स्रोत र साधनको आदान प्रदान गर्दा स्थानीय स्तरको समृद्धिलाई अल्पकालिन भन्दा दीर्घकालीन कसरी बनाउन सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्नेमा जोड दिएको छ। नेपालको सन्दर्भमा दीगो विकासको लक्ष्य भनेको गरिबी निवारण केन्द्रित क्रियाकलापहरू तर्जुमागरी कार्यान्वयनमा ल्याउनु नै प्राथमिकीकरणमा रहेको छ।

## २.११ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६–२०२५ (National Tourism Strategy 2016-2025)




नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५, नेपाल सरकारको मध्यावधिक रणनीतिक दस्तावेज हो, जुन नेपालको समग्र पर्यटन विकासका लागि अति आवश्यक छ। नेपालको पर्यटन विकासको लक्ष्य हासिल गर्नका लागि दिशाबोध गर्ने मूल पथ-प्रदर्शक दस्तावेजका रूपमा यो तयार भएको छ। दस वर्षको दूरदृष्टि (भिजन) र ५ वर्षको विस्तृत कार्य-योजना (एक्सन-प्लान) को साथमा कार्यान्वयनको पहिलो पाँच वर्षमा सरकारले प्रमुख चुनौतीहरूको कसरी सामना गर्नुपर्छ भन्ने सवालहरूलाई यो रणनीतिक योजनाले प्रस्ट्याएको छ। यस अवधिका लागि अगाडि सारिएका प्राथमिक कार्ययोजनाहरू सरकारी निकाय, निजीक्षेत्रका सरोकारवाला र अन्य संघसंस्थाहरू एवं विज्ञहरूसँगको सहभागितामा व्यापक छलफल गरी तयार गरिएका हुन्। यस दस्तावेजमा नेपालको संविधान अनुरूप पर्यटन क्षेत्र संघ र प्रदेशको साझा अधिकारको विषय भएकाले देशको समग्र पर्यटनको विकासका लागि केन्द्र र राज्य बीचको समन्वयर पर्यटनबाट प्राप्त हुने लाभका विषयमा पनि परिचर्चा गरिएको छ।

**यो रणनीतिक योजनाले नेपाल सरकारको पर्यटन विकासको दीर्घकालीन दृष्टिकोणलाई यसरी सम्बोधन गरेको छ–**

- नेपाललाई यस क्षेत्रकै एक प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने महत्त्वपूर्ण माध्यमको रूपमा विकास गर्ने,
- अन्तर्राष्ट्रिय पर्यटकहरूलाई उनीहरूका चाहना र इच्छाअनुसार विविध अनुभवहरू प्रदान गर्नका लागि हाल रहेका केही पर्यटकीय केन्द्रहरूका अतिरिक्त अन्य पर्यटकीय गन्तव्य तथा अनुभवमा विविधीकरण ल्याउने।

**पर्यटन क्षेत्रको समग्र विकासका लागि ११ वटा विशेष रणनीतिक लक्ष्यहरू तय गरिएका छन्–**

१. योजना तर्जुमा तथा विकासको लक्ष्य : पर्यटनलाई योजनाबद्ध र दिगो तवरबाट विकास गर्ने।

२. ब्रान्डिङका लक्ष्यहरूः विश्वव्यापी रूपमा परिचित नेपालको पर्यटन ब्रान्ड स्थापना गर्ने र स्वदेश तथा विदेशमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने।

३. बजारीकरणका लक्ष्यहरू : वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने र आगन्तुकहरूबाट प्रतिपादित मूल्य, राजस्व, ऋतु र भौगोलिक वितरणमा उल्लेखनीय रूपले सुधार गर्ने।

४. पर्यटन अर्थतन्त्रसम्बन्धी लक्ष्यहरू : राष्ट्रिय विकासको लागि गार्हस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण र दिगो रूपमा वैदेशिक मुद्रा आर्जन वृद्धि गर्नमा योगदान गर्ने।

५. लगानी र व्यावसायिक वातावरण सुधारका लक्ष्यहरू : पर्यटन व्यवसायमा सुविधा तथा सेवाहरू विस्तार गर्नका लागि लगानी आकर्षितगरी व्यावसायिक विकासको वातावरण सुधार गर्ने।

६. मानव संसाधन विकाससम्बन्धी लक्ष्यहरू : पर्यटन मानव संसाधनको क्षमता, गुणस्तर, संख्या र कार्यसम्पादनको सुधार गर्ने ।

७. पर्यटन गुणस्तर सुधारका लक्ष्यहरू : गुणस्तर, आवास, बसाइ, खाना, सुरक्षा र सार्वजनिक क्षेत्रका सेवाहरूमा सुधार ल्याई नेपालको पर्यटन अनुभवलाई फराकिलो पार्ने ।

८. पर्यटन पूर्वाधार विकासका लक्ष्यहरू : आवश्यक पर्यटन पूर्वाधार विकासका लागि स्पष्ट नीति तथा कार्य-योजना तयार पारी केन्द्र तथाप्रदेशहरूको समन्वय मार्फत कार्यान्वयनको वातावरण मिलाउने । यस कार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

९. संस्थागत संरचना, व्यवस्थापन तथा नीतिगत लक्ष्यहरू : पर्यटन क्षेत्रको विकास र दिगो वृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा प्रभावकारी संस्थागत र नियमनकारी ढाँचा विकास गर्ने ।

१०. सांस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी लक्ष्यहरू : नेपालको विविध मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र प्रवर्द्धन गरी दिगो पर्यटन विकास मार्फत आय र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गर्ने ।

११. प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यहरू : प्रदूषण रहित (Zero Carbon) पर्यटनको विकास गरि पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।

## २.१२ पर्यटनको दीर्घकालीन दृष्टिकोण (भिजन) २०२० (Nepal tourism vision 2020)

सन् २००६ बाट देखिएको उत्साहजनक वातावरण, विदेशी पर्यटक आगमनमा वृद्धि र विसं. २०६५ को पर्यटननीति पछि नेपालको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सन् २००९ मा सन् २०२० लाई लक्षित गरी दूरदृष्टि २०२० (भिजन २०२०) नामक रणनीतिक दस्तावेज निर्माण गरेको छ । यो दस्तावेजले सन् २०२० सम्ममा नेपालको पर्यटनलाई अझ स्तरीय बनाउनका लागि र परिच्छेद ३ मा उल्लेख गरिए अनुसारका लक्ष्य प्राप्तिका लागि विभिन्न नीतिहरू, नीति अनुसारका कार्य वा रणनीतिहरू निर्धारण गरेको छ । यसले निर्धारण गरेका लक्ष्य र रणनीतिहरू यस प्रकार रहेका छन्–

- पर्यटनका माध्यमबाट नेपाली जनताको जीवनस्तर सुधार गर्ने (११ रणनीतिहरू)
- नेपालको अर्थतन्त्रमा पर्यटनको भूमिका वृद्धि गर्ने (३ रणनीतिहरू)
- पर्यटकीय सम्पदाहरूको विकास तथा विस्तार गर्ने (५ रणनीतिहरू)
- नेपाललाई पर्यटकीय गन्तव्यका रूपमा अझ बढी प्रवर्द्धन गर्ने (६ रणनीतिहरू)
- वायुसेवाका सबै पक्षहरूको गुणस्तर अभिवृद्धि गर्ने (८ रणनीतिहरू)
- पर्यटन क्षेत्रमा लगानीको आकर्षण बढाउने (३ रणनीतिहरू)

यी प्रत्येक उद्देश्य प्राप्त गर्नका लागि छुट्टाछुट्टै समूहगत रणनीतिहरू तयार पारिएका छन् । प्रत्येक क्षेत्रमा एउटा पर्यटकीय (गन्तव्य) केन्द्र निर्माण गरी त्यसकै वरिपरि पर्यटनलाई केन्द्रित गराउने यसको योजना छ । यसका लागि २० वटा त्कालीन र ११ वटा दीर्घकालीन रणनीतिहरू तयार पारिएका छन् । अन्य यस नगरपालिकाको पर्यटन विकास सम्बन्धी रणनीतिक योजना यही राष्ट्रिय रणनीति अनुरूप तयार गरिएको छ ।

**तालिका नं. २.६ प्रथम पञ्चवर्षीय योजना देखि चौधौं त्रिवर्षीय अन्तरिम योजना**

| क्र.स. | योजना वर्ष | मिति कहिले देखि कहिले सम्म |
|---|---|---|
| १ | प्रथम पञ्चवर्षीय योजना | २०१३ देखि २०१८ |
| २ | द्रोस्रो पञ्चवर्षीय योजना | २०१८ देखि २०२२ |

| | | |
|---|---|---|
| ३ | तेस्रो पञ्चवर्षीय योजना | २०२२ देखि २०२७ |
| ४ | चौथो पञ्चवर्षीय योजना | २०२७ देखि २०३२ |
| ५ | पाँचौं पञ्चवर्षीय योजना | २०३२ देखि २०३७ |
| ६ | छैठौ पञ्चवर्षीय योजना | २०३७ देखि २०४२ |
| ७ | सातौं पञ्चवर्षीय योजना | २०४२ देखि २०४७ |
| ८ | आठौं पञ्चवर्षीय योजना | २०४९ देखि २०५४ |
| ९ | नवौं पञ्चवर्षीय योजना | २०५५ देखि २०५९ |
| १० | दसौं पञ्चवर्षीय योजना | २०५९ देखि २०६४ |
| ११ | एघारौ त्रिवर्षीय अन्तरिम योजना | २०६४/०६५ देखि २०६६/०६७ |
| १२ | बाह्रौं त्रिवर्षीय अन्तरिम योजना | २०६७/०६८ देखि २०६९/०७० |
| १३ | तेह्रौं त्रिवर्षीय अन्तरिम योजना | २०७०/७१ देखि २०७२/७३ |
| १४ | चौधौं त्रिवर्षीय अन्तरिम योजना | २०७४ देखि २०७५/७६ |

## २.१३ पर्यटन विकासका क्षेत्रमा आवधिक योजनाहरूको समीक्षा (Review of the periodic plans in tourism development)

पर्यटन विकास सम्बन्धमा पञ्चवर्षीय योजना साथै त्रिवर्षीय अन्तरिम योजनाहरूको निर्माण तथा कार्यान्वयनका प्रयासहरू भएका देखिन्छन् । यहाँ संक्षेपमा तिनको विवरण र प्रगति समीक्षा प्रस्तुत गरिएको छ ।

### २.१३.१ प्रथम पञ्चवर्षीय योजना समीक्षा (२०१३ देखि २०१८) (First plan 2013-2018)

नेपालका सबै पञ्चवर्षीय योजनाहरूमा पर्यटनले उल्लेख्य स्थान र प्राथमिकता पाउँदै आएको छ । प्रथम पञ्चवर्षीय योजना सुरु हुनुभन्दा अगाडि नेपालमा पर्यटन विकास योजनातर्फ कुनै खास कदम उठाइएको थिएन । प्रथम पञ्चवर्षीय योजना अवधिमा पर्यटन विकास कार्यक्रम सञ्चालन गर्न पर्यटन विकास समिति र पर्यटन सूचना केन्द्रको स्थापना, भ्रमण विकास योग्य स्थान तथा होटलहरूको सर्वेक्षण, नेपालबारे विश्वका विभिन्न पर्यटन संस्थाहरूमा पोस्टर पर्चाको वितरण, पर्यटकहरूको तथ्यांक संकलन गर्ने व्यवस्था, गाइड तालिम आदि केही आधाभूत कामहरू भएका थिए। यसका अतिरिक्त ककनीमा बंगलाको मर्मत, नगरकोटमा सडक निर्माण, भक्तपुरमा रेस्टुराँ भवनको निर्माण र पोखरामा टुरिस्ट हटमेन्ट तथा बगैंचा बनाउने कामहरू भएको उल्लेख छ। उक्त अवधिमा नेपालमा प्रतिवर्ष भारतीयहरू बाहेक औसत ५००० पर्यटक आएको र तिनीहरूबाट करिब ४,५०,००० डलर तथा ने.रु. ३४,२०,००० को आम्दानी भएको अनुमान गरिएको थियो । प्रथम योजनाकालमा पर्यटन विभाग र पर्यटन सूचना केन्द्रहरूको स्थापना गरिएको थियो। त्यसपछि काठमाडौंमा बढ्दै गएको होटल तथा पर्यटन विकासका लागि चाहिने सुविधाहरूको विकासले गर्दा नेपालमा आउने पर्यटकहरूको संख्यामा ठूलो वृद्धि भयो ।नेपालमा पर्यटन उद्योगको विकासका निमित्त २०१४ सालमा पर्यटन विकास समितिको गठन भएको थियो ।

### २.१३.२ दोस्रो पञ्चवर्षीय योजना समीक्षा (२०१८ देखि २०२२) (Second plan 2018-2022)

पर्यटनको दृष्टिकोणबाट नेपाल एक महत्त्वपूण देश मानिएको छ। दोस्रो पञ्चवर्षीय योजना कालमा नेपालमा प्रतिवर्ष भारतीय बाहेक औसत ५,००० पर्यटकहरू आएको अनुमान गरिएको थियो । देशमा पर्यटकहरूको सुविधाको लागि राम्रो व्यवस्था हुन नसकेकाले पर्यटकहरूको आवागमनमा आशातीत वृद्धि हुन सकेको थिएन । साथै पर्यटकहरूबाट आर्जन हुन सक्ने अधितम विदेशी मुद्रा पनि पर्यटन उद्योगलाई उपलब्ध हुन सकेन । त्यसकारण

तेस्रो योजनामा पर्यटन विकासका लागि आधारभूत सुविधाहरूको व्यवस्था गर्नमा जोड दिइएको पाइयो । दोस्रो योजना अवधिमा ११० होटल बेडको वृद्धि गर्ने लक्ष्य राखिएको थियो । यसको निम्ति गैरसरकारी क्षेत्रलाई नेपाल औद्योगिक विकास कर्पोरेसनबाट रु. ४८ लाख ऋण उपलब्ध गराइने भनिएको थियो । विदेशी मुद्रा आर्जनमा वृद्धि ल्याउन तथा पर्यटकहरूको सुविधाका लागि कन्डक्टेड टुरको व्यवस्था मिलाउन एक राष्ट्रिय ट्राभेल एजेन्सीको स्थापना गरिने  उल्लेख गरेको पाइयो । काठमाडौं उपत्यका, पोखरा उपत्यका र लुम्बिनी आदि भ्रमण योग्य स्थानहरूको विकास गरिने योजनाले भनेको पाइयो । यसका अतिरिक्त प्रचार तथा तालिमको कार्यक्रम पनि चालु राखिने र पर्यटन प्रशासनका लागि एक भवन पनि निर्माण गरिने लक्ष्य रहेको थियो । पर्यटन सम्बन्धी कुनै ऐन, नीति, नियम, निर्देशिका बनेको भने पाइएन ।

### २.१३.३ तेस्रो पञ्चवर्षीय योजना समीक्षा (२०२२/२०२३ देखि २०२६/२०२७) (Third plan 2023-2027)

संसारका धैरै देशहरूमा पर्यटन व्यवसाय राष्ट्रको आम्दानी बढाउने र विदेशी मुद्रा आर्जन गर्ने एउटा महत्त्वपूर्ण स्रोत हो। नेपालप्रति पर्यटकहरूको अभिरुचि बढेर संख्यामापनि तीव्र गतिले वृद्धि भइरहेको थियो । पर्यटन विकासका लागि यात्राको समुचित सुविधा र राम्रो तथा आधुनिक सुविधाहरूले सुसज्जित बस्ने ठाउँहरूको व्यवस्था हुनुपर्दछ । तेस्रो पञ्चवर्षीय योजनाका समयमा पनि पर्याप्त हवाई उडान र होटल सुविधाको अभावले आउन खोज्ने सबै पर्यटक आउन सकेनन् । कुनै खास मौसममा हवाइजहाजमा सिटको अभाव हुनुका साथै होटलहरू पनि पूरा भरिएका हुने गर्दथे । पञ्चवर्षीय योजनाको अन्तिम वर्षसम्म प्रतिवर्ष २०,००० पर्यटकहरू नेपालमा आउने अनुमान गरिएको भए पनि त्यस योजना कालभित्र अहिलेको पर्यटकहरूको संख्यामा दुईगुना वृद्धि गर्न असम्भव थिएन । पर्याप्त मात्रामा हवाई तथा होटल सुविधा प्राप्त नहुने हुनाले नेपाल आउने पर्यटकहरू संख्या अनुमान गरेभन्दा धैरै कम रहन गयो । २०२६-२७ सम्म भारतले २,००,००० पर्यटकहरू आउने अनुमान गरेको थियो । नेपालले त्यसमध्ये १० प्रतिशत आकर्षित गर्ने लक्ष्य लिए पनि पूर्वाधारको कमीले गर्दा सोचेअनुरूप हुन सकेन ।

### २.१३.४ चौथो पञ्चवर्षीय योजना समीक्षा (२०२७ देखि २०३२) (Fourth plan 2027-2032)

चौथो योजनाको नीति तथा कार्यक्रममा  योजनाबद्ध किसिमबाट पर्यटन विकास गराउने हेतुले चौथो योजना अवधिको सुरुमै एक गुरुयोजना तयार गरिने लक्ष्य रहेको थियो । यसका आधारमा क्रमशः पर्यटक आकर्षण स्थलको निर्माण र विकास गर्ने तथा देशका विभिन्न भागमा पर्यटकहरूका निमित्त सुविधाहरू सिर्जना गरिँदै जाने उल्लेख थियो । अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्नुका साथै पार्क, ताल, सिकार र क्रीडास्थल आदि जस्ता आकर्षक ठाउँहरूको विकास गरी पर्यटकहरूलाई पुग्ने, बस्ने र डुल्ने सुविधाहरू उपलब्ध गराउन गैरसरकारी क्षेत्रलाई पनि प्रोत्साहित गरिने कार्यक्रम थियो ।

पर्यटन उद्योगको विकास सम्बन्धित विभागको कार्यक्रम तथा कार्यान्वयनले मात्र सफल हुन सक्दैन र यसको सफलता विभिन्न विभागहरूको कार्यक्रमसँग सम्बद्ध भएको हुँदा अन्य विभागहरूका कार्यक्रमहरूसँग पनि पूर्णतया समन्वय कायम गरी विकास गरिरहेको थियो । वास्तवमा पर्यटन उद्योगको विकास सम्बन्धित विभागको भन्दा पनि अन्य विभागहरूको कार्यक्रममा बढी निर्भर रहन गयो ।

### २.१३.५ पाँचौं पञ्चवर्षीय योजना समीक्षा (२०३२ देखि २०३७) (Fifth plan 2032-2037)

पाँचौ योजना अवधिमा पर्यटन मन्त्रालयबाट सञ्चालित पर्यटन विकाससम्बन्धी आठ आयोजनाहरू सञ्चालनमा आएका थिए (१) अन्तर्राष्ट्रिय पर्यटन प्रचार-प्रसार (२) होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र, (३) पोखरा पर्यटन विकास (४) पर्यटन महानिर्देशनालयको भवन निर्माण, (५) तातोपानी क्षेत्रको विकास (६) पदयात्रा मार्गको

सर्वेक्षण, (७) केबलकार सञ्चालन र (८) पर्यटन सूचना केन्द्रहरूको स्थापना पर्दछन् । पाँचौं योजना अवधिमा अन्तर्राष्ट्रिय पर्यटन प्रचारप्रसारतर्फ ३५ लाख प्रति पुस्तिका छपाई वितरण गर्ने भनी लक्ष्य राखिएकामा १६ लाख प्रति वितरण गरिएको, १०९ पटक अन्तर्राष्ट्रिय स्तरमा विज्ञापन गर्नेमा १३३ पटक गरिएको, ८६ जनालाई आतिथ्य प्रदान गर्नेमा ६४ जनालाई आमन्त्रित गरिएको, १६ हजार फोटो स्लाइड तयार गर्नेमा १०,००० तयार गरिएको, २ वृत्तचित्र निर्माण गर्नेमा दुवै पूरा गरिएको, ४४ पटक मेला सेमिनार तथा प्रदर्शनीमा भाग लिइएको र पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरूको तथ्यांक संकलन तथा प्रकाशन गरिएको थियो । तालिम कार्यक्रम अन्तर्गत होटल व्यवस्थापन तथा तालिम केन्द्रद्वारा ५०० प्रशिक्षार्थीलाई तालिम दिने भन्ने लक्ष्य राखिएकामा १०९५ जनालाई तालिम दिइएको थियो । भवन निर्माण गर्ने लक्ष्य रहेकामा भवन खरिद गरिसकिएको छ ।

पाँचौं योजनाकालको बीचमा थपिन आएका अन्य कार्यक्रमहरूमध्ये पर्वतीय पर्यटन विकासमा २ क्याम्पिङ साइटको विकास गर्न जग्गा प्राप्त गरिएको र विभिन्न पदयात्रा मार्गहरूमा सूचना संकेत राख्ने कार्य सम्पन्न भएको छ । उपयुक्त ३ स्थानमा पर्यटन सूचना केन्द्र स्थापना गर्ने लक्ष्य राखिएकामा २ स्थानमा स्थापना गरिसकिएको छ । तातोपानी क्षेत्रको विकासतर्फ म्याग्दी र कोदारीमा निर्माण कार्यहरू भइरहेका छन् । केबलकार सञ्चालनमा प्रारम्भिक कार्य सकिएको र जग्गा प्राप्त गर्ने कार्य भइरहेको छ । पोखरा पर्यटन विकासमा क्याम्पिङ साइटको निर्धारण तथा बेगनासताल र रूपाताल क्षेत्रको प्रारम्भिक अध्ययन समाप्त गरिएको छ । पदयात्रा मार्गको सर्वेक्षणमा केही नयाँ पदयात्रा मार्गहरूको सर्वेक्षण गरिसकिएको छ । पर्यटन महानिर्देशनालयको भवन निर्माणका सम्बन्धमा निर्माण ठेक्का स्वीकृत गरिएको तथा केही अंशमा निर्माण चालु रहेको छ । पाँचौं योजना अवधिमा कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरूमा उपत्यका बाहिर गर्नुपर्ने निर्माण कार्यमा विविध कारणहरूले गर्दा हुन गएको ढिलाइ र पर्यटन विकासलाई विस्तार गर्नमा चाहिने आधारभूत सुविधाहरूको कमी मुख्य रूपले देखिएको छ । पाँचौं योजनाकालमा यस क्षेत्रमा खासगरी दुई मुख्य लक्ष्यलाई समाविष्ट हुने गरी कार्यक्रमहरू सञ्चालन गरिएको थियो । यसमा (१) अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको पर्यटनसम्बन्धी प्रचारप्रसार तथा (२) पर्यटन उद्योगको विकासको निमित्त आवश्यक जनशक्तिको उत्पादनका लागि तालिमको व्यवस्था पर्दछन् । नेपालमा पर्यटकहरूको आगमनमा भएको वृद्धि र जनशक्ति उत्पादनतर्फ भएको प्रगतिबाट सकारात्मक प्रतिफल देखिन आएको छ तापनि पर्यटकहरूको बसाइ अवधि लम्ब्याउन र पर्यटन उद्योगबाट अर्थतन्त्रलाई अधिकतम लाभ दिलाउनमा आवश्यक योगदान पुगेको देखिन्न ।

नेपाल जस्तो ऐतिहासिक एवं कलात्मक वस्तुहरू तथा प्राकृतिक सौन्दर्यले परिपूर्ण भएको मुलुकमा पर्यटन उद्योगको विकासको सम्भावना छ । पर्यटन उद्योगको विकासबाट राजस्वतर्फ रोजगारीमा हुने वृद्धिका साथै विकासका लागि अत्यावश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा आर्जनमा ठूलो योगदान पुग्ने हुन्छ । यस उद्योग विकासका लागि चाहिने यात्रा सुविधा, आधुनिक आवासको व्यवस्था, दृश्यावलोकन सम्बन्धी सुविधा जस्ता आधारभूत कुराहरूको व्यवस्था हुनु अति आवश्यक छ ।

## २.१३.६ छैटौं पञ्चवर्षीय ययोजना समीक्षा (२०३७ देखि २०४२) (Sixth plan 2037-2042)

राष्ट्रको सर्वाङ्गीण आर्थिक तथा सामाजिक विकसका क्रममा हालसम्म ६ वटा विकास योजनाहरू सम्पन्न भएका छन् । २०३७ साउनदेखि लागू भएको योजना यस क्रममा छैटौं हो र २०४२ असारमा यस योजनाको अवधि समाप्त भयो । यहाँ छैटौं योजनाका उद्देश्य र नीतिहरू मुताविक राष्ट्रले विभिन्न क्षेत्रहरूमा के कस्ता उपलब्धिहरू हासिल गर्न समर्थ भयो र सामना गर्नुपरेका अवरोधहरूको विवेचना गर्ने प्रयत्न गरिएको छ । छैटौं योजनामा चार वर्षको तथ्याङ्कबाट कुल ६,७९,४२० पर्यटकहरू नेपाल भ्रमणमा अएको देखिन्छ । पाचौं योजनाकालको पहिलो ४ वर्षमा झन्डै १५ प्रतिशत औसत वृद्धि थियो भने छैटौं योजनाको विगत ४ वर्षमा केवल ३ प्रतिशतले मात्र औसत वृद्धि भएको देखिन्छ । छैठौं योजनाको चौथो चरण वा (१९८३) सम्म यो क्रमशः १२.६० प्रतिशत, ०.५ प्रतिशत, ३७.१ प्रतिशत १.१० प्रतिशत, ०.६१ प्रतिशत, ५.७ प्रतिशत पुगेको देखिएकाले क्रमिक वृद्धि भएको देखिए तापनि

वार्षिक वृद्धि भने ज्यादै नै अनिश्चित देखिन्छ। सन् १९८३ को तथ्याङ्क अनुसार एसियाली क्षेत्र (जसमा बहुसंख्यक भारतीय पर्यटकहरू समावेश छन्) बाहेक अन्य बजारमा युरोपको प्रमुख स्थान रहेको देखिन्छ। १९८० मा यो संख्या कुल पर्यटक आगमनको ४३.२ प्रतिशत रहेकामा सन् १९८३ मा ३७.१ प्रतिशत पुग्न गएकाले युरोपबाट आउने पर्यटकहरू झन्डै ५ प्रतिशतले घट्न गएको छ। एसियाली मुलुकबाट आउने पर्यटकहरूको संख्याले पाँचौं योजनाको अन्तिम वर्षसम्म कुल पर्यटक आगमनको खुद वृद्धि भएको देखिन्छ। यसबाट नेपाल आउने पर्यटकहरूमा क्षेत्रभित्रकै पर्यटकहरूको संख्या बढ्दै गएको छ। समष्टिगत बजारको रूपमा हेर्दा एसियाली क्षेत्र बाहिरका अन्य क्षेत्रहरूमा अझै पनि युरोपेली पर्यटकको त्यत्तिकै महत्त्व रहेको देखिन्छ। पर्यटन क्षेत्रबाट आर्जन हुने विदेशी मुद्रको विगत ४ वर्षको प्रवृत्ति उत्साहजनक छैन। छैटौं योजनाको सुरु वर्षमा १८.९ प्रतिशत वृद्धि भएको, दोस्रो वर्ष १९.९ प्रतिशत घट्न गएको तेस्रो वषं ०.६ प्रतिशतले घट्न गएको तथा चौथो वर्ष ३.३ प्रतिशत वृद्धि हुन गएको छ। यस प्रकार पर्यटकहरूको आगमन संख्या बढ्न गए तापनि विदेशी मुद्राको आर्जन भने बढ्न सकेको छैन। यसबाट पर्यटकहरूको संख्यामा वृद्धि भएर खुद आर्जन बढ्न नसक्ने देखिएकाले संख्यात्मक वृद्धिभन्दा गुणात्मक वृद्धि गर्नुपर्ने तथ्य स्पष्ट हुन आउँछ। पर्वतारोहणतर्फ छैटौं योजना अवधि (१६८० हेमन्त ऋतुदेखि १९८५ वसन्तु ऋतुसम्म) मा ४११ टोलीले पर्वतारोहण गरेको तथा करिब २,००० उच्च शिखरमा चढ्ने नेपालीहरूले काम पाएको देखिन्छ। यसबाट रोयल्टी बापत रु. ६०,०१,५४९।- प्राप्त भएको तथा नेपाल बस्दा उक्त टोलीहरूको बिमाबापत बराबर खर्च गरेको देखिन्छ। यसका साथै पर्वतारोहणमा सम्मिलित नेपालीहरूको बिमाबापत रु. २०,७६,८३८।- शुल्क तिरेको छ। यस प्रकार छैटौं योजना अवधिमा पर्वतारोहणबाट कुल रु. ९,१५,२९,३४९।- बराबरको विदेशी मुद्रा पर्वतारोही दलबाट नेपालले आर्जन गरेको देखिन्छ। काठमाडौं उपत्यकामा जम्मा होटलको बेड सन् १९७९ मा ४,९२५ भएकामा १९८३ मा ६,८१९पुगी ३८.४५ प्रतिशतले वृद्धि भएको छ। १९८३ को तथ्यांक अनुसार काठमाडौंका होटलहरूमा ३२.९प्रतिशत तथा काठमाडौं बाहिर २८.९ प्रतिशत बेडहरू प्रयोगमा आएको तथा प्रति पर्यटकको बसाइ दर पनि एकदमै कम अर्थात् २.६ रात पर्यटक देखिन आएको छ।

## २.१३.७ सातौं पञ्चवर्षी योजना समीक्षा (२०४२ देखि २०४७०) (Seventh plan 2042-2047)

सातौं योजना (२०४२-४७) अवधिमा विदेशी पर्यटकहरूको आगमन संख्या पहिलो चार वर्षमा औसत ११.०५ प्रतिशतले वृद्धि भएको थियो भने सन् १९८९ मा भारतसँगको व्यापार तथा पारवहन सन्धिको समाप्तिपछि उत्पन्न गतिरोधको कारणले यस संख्यामा ९.८ प्रतिशतले ह्रास हुन पुग्यो। यस योजनाको अन्तिम वर्षमा विदेशी मुद्रा आर्जन ६ करोड ८३ लाख ४३ हजार अमेरिकी डलर पुगी पाँच वर्षमा औसत ११.२४ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा प्रत्येक पर्यटकले औसत ३२० अमेरिकी डलर (प्रतिदिन २७) खर्च गरेका थिए भने पर्यटकहरूको औसत बसाइ ११.६८ दिन रहेको देखियो। यी तथ्यांकहरूलाई विश्लेषण गर्दा यस योजना अवधिमा पनि लक्ष्य गरिएको उच्चस्तरीय पर्यटकभन्दा साधारणस्तरका पर्यटकहरूकै बाहुल्यता रह्यो। यद्यपि देशको आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदानको धेरै महत्त्वपूर्ण भूमिका रहेको छ। खासगरी विदेशी मुद्रा आर्जनद्वारा यसले शोधनान्तर स्थितिलाई सुधार्न तथा रोजगारीका अवसरहरू सिर्जना गर्न ठूलो सहयोग पुऱ्याएको छ।

## २.१३.८ आठौं पञ्चवर्षी ययोजना समीक्षा (२०४९ देखि २०५४) (Eight plan 2049-2054)

आठौं योजनाले पर्यटन क्षेत्रको विकासद्वारा अधिकतम विदेशी मुद्रा आर्जन गर्ने, देशको अरू भागमा समेत पर्यटन विस्तार र विकास गर्ने, बेरोजगारी र गरिबी निवारण गर्न मद्दत पुऱ्याउने पर्यटन प्रवर्द्धनका लागि विविध प्रचारप्रसार कार्य गर्ने, विदेशी हवाई सेवालाई सञ्चालन गर्न बढावा दिने, पर्यटन सेवाको गुणस्तर वृद्धि गर्ने आदि नीतिहरू समावेश गरिएका थिए। आठौं योजनामा पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने नीति अनुरूप पर्यटकको आगमन संख्यामा वृद्धि गर्न पूर्वी एसिया, दक्षिण पूर्वी एसिया, अस्ट्रेलिया, पश्चिम युरोप एवं अमेरिकामा विभिन्न

पर्यटन व्यापार मेला एवं प्रदर्शनी कार्यक्रममा भाग लिइएको थियो । यसैगरी रेडियो नेपालबाट पर्यटन कार्यक्रम प्रसारण, इन्टरनेट मार्फत सूचना प्रवाह, पोस्टर, पुस्तिका र विभिन्न भाषामा लिफलेट प्रकाशन रवितरण, पत्रिका, रेडिया, टिभीमा विज्ञापन, स्टार टिभीबाट विज्ञापन प्रसारण जस्ता माध्यमबाट नेपालको पर्यटकीय स्थल एवं वस्तुहरूको व्यापक प्रचारप्रसार गरिएको थियो । यस्तै लुम्बिनी र पोखरा महोत्सव जस्ता कार्यक्रम सञ्चालन गरी पर्यटन गतिविधिलाई विस्तार गर्ने प्रयास गरिएको थियो । पर्यटन उद्योगलाई गुणात्मक रूपमा विकास गरी उल्लेखनीय आय वृद्धि गर्न सन् १९९८ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने तयारी कार्यहरू चालु राखियो । पर्यटन उत्पादन विकास गर्ने नीति अनुरूप आठौं योजना अवधिमा भारतीय पर्यटन बजार अध्ययन एवं नेपालका म्याग्दी र सुनसरीको पर्यटन स्थलहरूको सुदृढीकरण कार्यक्रम सञ्चालन भयो । आठौं योजनामा पर्यटन क्षेत्रमा निजी क्षेत्रको परिचालन गर्ने नीति अनुरूप आन्तरिक हवाई यातायातमा निजी क्षेत्रलाई प्रोत्साहन र अन्तर्राष्ट्रिय हवाई उडानमा उदार आकाश नीति अवलम्बन गरिएको थियो । यस नीति अन्तर्गत १४ वटा एयरलाइन्स हवाई सेवा (एभिएसन) लाई स्पोर्टस र बेलुनिङमा समेत गरी आन्तरिक हवाई सेवा सञ्चालन गर्न अनुमति दिइएको छ। तीमध्ये अधिकांशले आफ्नो सेवा सञ्चालन गरिसकेका छन् । यसै नीति अनुरूप देशको दुर्गम क्षेत्रमा हेलिकप्टर सेवा पनि सञ्चालन गरियो । आठौं योजना अवधिमा प्रशासनिक सुदृढीकरण गर्ने नीति अनुरूप पर्यटन विकास वोर्ड ऐन २०५३ नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ पारित गर्न'का साथै गैरसैनिक हवाई उडान (सिभिल एभियसन) ऐन २०५३ लागु भएको छ । यसैगरी आन्तरिक विमान सेवाहरूको स्वस्थ विकास र उड्डयन सुरक्षा समेतलाई मध्यनजर राखी राष्ट्रिय हवाई नीति २०५० लाई आवश्यक संशोधन गरी लागू गरिएको छ । प्राकृतिक प्रकोप तथा आपतकालीन अवस्थामा हवाई सेवाको उचित परिचालन गर्ने उद्देश्य अनुरूप आठौं योजना अवधिमा देशमा भएको अप्रत्याशित प्राकृतिक प्रकोपबाट सर्वसाधारण तथा पर्यटकहरूको जीउज्यान र सम्पत्तिको बचाउ गर्ने कार्यमा निजी क्षेत्रका वायुयान, शा.ने.वा.निं., शाही नेपाली सैनिक एवं प्रहरी समेतको सहयोगमा आवश्यक खोज तथा उद्धार कार्य गरेको छ । आठौं योजना अवधिमा कुल १९,०७,७४५ पर्यटकहरू आगमन हुने प्रक्षेपण गरिएकामा कुल १७,६४,७३९ पर्यटकहरूको आगमन भई लक्ष्यको ९२.५ प्रतिशत प्रगति भएको देखिन्छ । त्यसैगरी योजना अवधिको प्रथम चार वर्षमा अमेरिकी डलर ३७.५४ करोड आर्जन गर्ने लक्ष्य राखिएकामा उक्त अवधिमा अमेरिकी डलर ३७.४६ करोड आर्जन भई लक्ष्यको करिब शत प्रतिशत प्रगति भएको थियो ।

## २.१३.९ नवौं पञ्चवर्षीय योजनाको समीक्षा (२०५५देखि २०५९) (Ninth plan 2055-2059)

संस्कृति तथा पर्यटन क्षेत्रलाई देशको समग्र आर्थिक विकासको एक महत्त्वपूर्ण अंगका रूपमा स्थापित गर्न अग्र र पृष्ठ सम्बन्ध विकास गर्ने, विश्वसम्पदा सूचीमा परेका, प्रस्तावित र अन्य राष्ट्रिय सम्पदाहरूको संरक्षण गर्दै पर्यटकीय आकर्षणका रूपमा विकास गर्ने र सम्पदा संरक्षण कार्य स्व-आर्जनको आधारमा संस्थागत तथा सामुदायिक स्तरमा व्यवस्थापन गर्दै लाने नवौं योजनाको लक्ष्यहरू थिए । प्रभावकारी रूपमा प्रचार-प्रसार गरी मुलुकलाई विश्वको एक विशिष्ट पर्यटन गन्तव्यस्थलका रूपमा स्थापित गर्ने, कला-कौशललाई उद्योग व्यवसायको रूपमा स्थापित गरी रोजगारीका अवसर, आय आर्जन एवं विदेशी मुद्रा आर्जनमा वृद्धि गर्ने र पर्यटनबाट हुने लाभलाई ग्रामीणस्तरसम्म पुऱ्याउने उद्देश्य लिई सञ्चालन भएको यस क्षेत्रका कार्यक्रमहरूको नवौं योजना अवधिमा मिश्रित उपलब्धि हासिल भएको छ ।

पर्यटन क्षेत्रको विकासका लागि पहिलो पटक राष्ट्रिय अभियानका रूपमा सञ्चालित "नेपाल भ्रमण वर्ष १९९८" कार्यक्रमबाट पर्यटनप्रति जनचेतना बढाउने, पर्यटन सम्बद्ध क्षेत्रमा आकर्षण तथा स्थानीय लगानी बढाउने, नयाँ-नयाँ सम्भाव्य पर्यटनस्थललाई अगाडि ल्याउने, अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउने र पर्यटनको छविलाई अन्तर्राष्ट्रिय स्तरमा पुनः स्थापित गर्ने कार्यहरू सशक्त रूपमा सम्पन्न भए । नेपाल आउनका लागि हवाई मार्ग प्रशस्त गर्ने उद्देश्यले विभिन्न मित्रराष्ट्रसँग नयाँ हवाई सम्झौता गर्ने र भइसकेका सम्भौताहरूको नवीकरण गरी हवाई सिटहरू थप्ने कार्य भए । विदेशी दातृ संस्थाहरूबाट सहयोग प्राप्त गरी पहाडी तथा व्यस्त स्थानीय विमानस्थलमा

थप पूर्वाधारको निर्माण, धावनमार्ग सुधार, थप उपकरणहरू जडान, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तर वृद्धि, पार्किङ क्षेत्र एवं टर्मिनल भवन विस्तार, अग्नि निवारण सेवा सुदृढीकरण लगायत अन्य भौतिक सेवा सुविधा वृद्धि गर्ने कार्य पनि यसै योजना वधिमा भएका छन् । नवौं योजनाको मध्यतिर विशेषगरी दक्षिण एसियाका मुलुकमा पर्यटक आगमनमा मन्दी आए पनि चार वटा थप अन्तर्राष्ट्रिय विमान सेवाले हवाई सेवा सुरु गरेकाले नेपाल आउने पर्यटकको आगमनमा मन्दी आएन बरु बढोत्तरी भयो । स्वदेशी निजी क्षेत्रलाई आन्तरिक उडानमा सरिक गराउनुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा उडान गर्न पनि स्वीकृति दिइयो । संस्थागत सुधारतर्फ हवाई विभागलाई नेपाल नागरिक उड्डयन प्राधिकरणका रूपमा विकास गर्नुका साथै पर्यटन विभागलाई खारेज गरी निजी क्षेत्रको बाहुल्य रहेको नेपाल पर्यटन बोर्ड स्थापना गरियो । संस्कृति क्षेत्र पनि यस मन्त्रालय अन्तर्गत गाभी मन्त्रालयको नामकरण संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय गरिएको छ ।

यसैबिच विश्व बौद्ध सम्मेलन लुम्बिनीमा आयोजना गरियो । उक्त क्षेत्रमा उल्लेख्य रूपमा निर्माण सुधार र मायादेवी मन्दिरको पुनर्निर्माण कार्यको सुरुवात गरियो । विश्व सम्पदास्थलको नयाँ सूचीमा लुम्बिनी क्षेत्र पनि समावेश भएको छ । उक्त सूचीभित्र पर्ने पशुपति क्षेत्रभित्रको वाग्मती नदीको जल शुद्धीकरण लगायत चाँगुनारायण र स्वयम्भू क्षेत्रमा समेत भौतिक पूर्वाधारहरूको संरक्षण तथा सुधार गर्ने कार्यहरू भएका छन् । गोरखा तथा उपत्यकाका तीनवटै ऐतिहासिक दरबार क्षेत्रहरूको मर्मत सम्भारको कार्य लक्ष्यअनुसार सम्पन्न भए । सम्पदा संरक्षणका लागि केही जिल्लाहरूमा स्थानीय निकायसँग समन्वय गरी उपभोक्ता समिति गठन भएका छन् ।

नवौं योजना अवधिमा बर्सेनि १० प्रतिशतका दरले पर्यटक आगमनमा र २० प्रतिशतका दरले विदेशी मुद्रा आर्जनमा वृद्धि गर्ने लक्ष्य राखिएकामा निम्न अनुसार प्रगति भएको छ । नवौं योजनामा पर्यटकको बसाइ अवधि १३ दिन पुऱ्याउने लक्ष्य रहेकामा पहिलो तीन वर्षमा क्रमशः १०.४९, १०.७६ र १२.२८ दिन पुगेको र पछिल्ला दुई वर्षमा घटेर क्रमशः ११.८८ र ११.९३ दिनमा झरेको छ । त्यसैगरी प्रतिपर्यटक प्रतिदिन ६० अमेरिकी डलर आम्दानी गर्ने लक्ष्य राखिएकामा सन् २००१ मा ३९.६ अमेरिकी डलर रहेको छ । आ.व. २०५९/६० सम्ममा १११,३२९ लाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने भनिएकामा योजना अवधिसम्ममा जम्मा ८०,००० लाई मात्र रोजगारी पुऱ्याइएको अनुमान छ । मुलुकको कुल विदेशी मुद्रा आर्जन र कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रले क्रमशः १२.० र ३.० प्रतिशतले योगदान पुऱ्याएको थियो ।

## २.१३.१० दसौं पञ्चवर्षीय योजना समीक्षा (२०५९ देखि २०६४) (Tenth plan 2059-2064)

पर्यटन बजारका सम्भाव्य मुलुकहरू भारत र चीनलाई केन्द्रित गर्नुका साथै अन्य क्षेत्रीय मुलुकहरू जापान, सिंगापुर, मलेसिया, थाइल्यान्ड, बंगलादेश आदिमा पर्यटन प्रवर्द्धनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिएका छन् । पर्यटन केन्द्रहरू निर्धारण गरी कार्यक्रमहरू एकीकृत गर्दै जाने उद्देश्यले नेपाल पर्यटन बोर्डद्वारा पर्यटन केन्द्र (Hub) हरू चयन भएका छन् । नेपालका पर्यटकीय तथा सांस्कृतिक सम्पदाबारे प्रचारप्रसार गर्न अन्तर्राष्ट्रिय स्तरमा बैठक, सम्मेलन गरिनुका साथै पर्यटन उद्योगको विविधीकरणका लागि चेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरी गन्तव्य नेपाल अभियान (२००२-०३) सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा नेपाललाई उल्लेखनीय गन्तव्यस्थलका रूपमा प्रवर्द्धन गर्न "Naturally Nepal: Once is not Enough" नारामार्फत Branding गर्ने कार्य सम्पन्न भएको छ । यी प्रयासहरूबाट विश्व बजारमा नेपालको अनुपम प्राकृतिक छटालाई उजागर गरी नेपाललाई प्रमुख भ्रमण स्थलको रूपमा परिचित गराउने कार्य सफल भएको छ । गरिबी निवारण गर्ने राष्ट्रिय उद्देश्यमा ठोस योगदान पुऱ्याउनका साथै दिगो पर्यटन विकास गर्न गरिब, पिछडिएका जाति एवं महिला वर्गतर्फ लक्षित गरी ६ वटा जिल्लाहरूमा Pilot Project का रूपमा ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (TRPAP) सफलताका साथ सम्पन्न भइसकेको छ । पर्यटन क्षेत्रलाई दिशानिर्देश गर्ने एकीकृत पर्यटन गुरुयोजना निर्माण एवं पर्यटन नीतिमा समसामयिक सुधार र परिमार्जन गर्ने कार्य अन्तिम चरणमा रहेको छ । अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको जनशक्ति उत्पादन गर्ने उद्देश्य बमोजिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा Bachelor

in Hotel Management / Bachelor in Traveland Tourism Management अयगचकभ सञ्चालन भइसकेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय स्तरको पर्वतीय प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ । पर्वतारोहण पर्यटनलाई व्यवस्थित गर्न खुला गरिएका सबै हिमशिखरहरूका लागि फोहोर मैला व्यवस्थापन प्रणाली अनिवार्य गरिएको छ ।

पर्यटन क्षेत्रलाई व्यावसायिक र आकर्षक बनाउन सगरमाथा प्रथम आरोहणको स्वर्ण महोत्सव, आठ हजार मिटरभन्दा बढी उचाइ भएका अन्य हिमालहरूको प्रथम आरोहणको स्वर्ण महोत्सव सम्पन्न गरिनुका साथै सुदूर पश्चिमाञ्चल र अन्य क्षेत्रका हिमचुलीहरूको रोयल्टी छुट दिने व्यवस्था मिलाइएको र आरोहण अभ्यासमा रहेका अन्य हिमशिखरहरूको रोयल्टी पुनरावलोकन गर्ने तर्फ सोंच रहेको छ । पर्यटन क्षेत्रमा विदेशी लगानी प्रवर्द्धन गर्ने नीति अनुरूप ट्राभल, ट्रेकिङ, ऱ्याफ्टिङ, पोनी ट्रेकिङ जस्ता गतिविधि सञ्चालन गर्ने पर्यटनमूलक उद्योगको स्थापनामा वैदेशिक लगानी खुला गरिएको छ । ट्राभल तथा ट्रेकिङ व्यवसाय, साहसिक र जलयात्रा गतिविधिलाई नियमित, सुरक्षित र व्यवस्थित बनाउन विद्यमान कानुनी व्यवस्थामा समयमानुकूल परिवर्तन गरी नीतिगत एवं कानुनी सुधारको प्रयासलाई निरन्तरता प्रदान गरिएको छ । पर्यटन उद्योगको विस्तार विकास गर्ने नीति अनुरूप पर्यटकहरूलाई सेवा पुऱ्याउने होटल, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी र तारे होटलको संख्यामा उल्लेख्य वृद्धि भएको छ । दसौं योजना अवधिमा बर्सेनि ७.२ प्रतिशतले पर्यटक आगमन संख्यामा वृद्धि गरी पर्यटकहरूको संख्या ५ लाख १६ हजार पुऱ्याउने र ८ प्रतिशतका दरले विदेशी मुद्रा आर्जनमा वृद्धि गर्ने लक्ष्य राखिएकामा सन् २००० देखि २००२ सम्म लगातार घटेको पर्यटक आगमन संख्यामा सन् २००३ मा केही सुधार आई २००३ मा २१.५ प्रतिशतले र २००४ मा १४ प्रतिशतले वृद्धि भएको भए तापनि २००५ मा उक्त वृद्धिदर कायम हुन नसकी २.२ प्रतिशतले कमी आई पर्यटक संख्या जम्मा ३ लाख ७५ हजार रहन पुग्यो । त्यसैगरी सन् २००६ मा पर्यटक आगमन संख्यामा सामान्य सुधार भएको पाइएको छ । जसअनुसार ३ लाख ८३ हजार ९२६ पर्यटक नेपाल भ्रमणमा आएको देखिएको र पर्यटक आगमन संख्यामा २.३ प्रतिशतको सामान्य वृद्धि देखिएको छ ।

## २.१३.११ एघारौं त्रिवर्षीय अन्तरिम योजना समीक्षा (२०६४/०६५ देखि २०६६/०६७) (Eleventh interim plan 2064-2066)

पर्यटनलाई देशको आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासका लागि सम्बद्ध सबै मन्त्रालय र निकायका कार्यक्रमहरूलाई पर्यटन प्रवर्द्धनमुखी बनाउन पर्यटन नीति, २०५२ लाई परिमार्जन गरी पर्यटन नीति, २०६५ ल्याइएको छ । पर्यटन प्रवर्द्धनका लागि मौलिक ब्रान्ड Naturally Nepal : Once is not Enough लाई अगाडि बढाइएको छ । पर्यटन बजारका लागि सम्भाव्य मुलुकहरू भारत र चीनलाई केन्द्रित गरी अन्य मुलुकहरू श्रीलंका, जापान, थाइल्यान्ड, मलेसिया, सिंगापुर, रसिया, कोरिया, जर्मनी, बेल्जियम, अमेरिका, बेलायत लगायतका मुलुकहरूमा पर्यटन प्रवर्द्धन मेला र अन्य क्रियाकलापहरू सञ्चालन गरिएका छन् । पर्यटन प्रवर्द्धनका क्रियाकलापहरूमा विदेश स्थित नेपाली कूटनीतिक नियोगहरूको परिचालन गरिएको छ । विदेशमा बस्ने गैरआवासीय नेपाली र उनीहरूको संस्थाको उपयोग गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । विश्व पर्यटन संगठन, दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (SASEC), बिमस्टेक, कोस्क्याप (Cooperative, Operational, Safety and Continuing Air Worthiness Programme) जस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूको सहयोगमा पर्यटन प्रवर्द्धन कार्यक्रमहरू अगाडि बढाइएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बिदा पर्यटन कार्यक्रमको सुरुवात गरिएको छ । पर्यटन क्षेत्रका सरोकारवाला र पर्यटन व्यवसायीहरूको सहकार्यमा नेपाल पर्यटन दूरदृष्टि २०२० जारी गरिएको छ । यस अन्तर्गत सन् २०२० सम्मका लागि पर्यटन क्षेत्रको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीतिहरू समाहित गरी सन् २०२० मा २० लाख पर्यटक भित्राउने लक्ष्य राखिएको छ । देशमा भएको द्वन्द्वका कारण पर्यटन क्षेत्रमा गुमेको विश्वसनीयतालाई पुनःस्थापित गर्ने, अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारमाप्रचार प्रसार गर्ने, नयाँ गन्तव्यस्थलहरूको प्रवर्द्धन गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने, पर्यटन क्षेत्रमाक्षमता अभिवृद्धि गरी १० लाख पर्यटन भित्राउने उद्देश्यका साथ सन् २०११

लाई "नेपाल पर्यटन वर्ष"का रूपमा मनाउन "पर्यटनका लागि सँगसँगै" भन्ने नाराका साथ शुभारम्भ गरिएको छ। नेपाल पर्यटन वर्षको अभियानलाई राष्ट्रव्यापी र अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्ने कार्यलाई व्यापकता दिइएको छ।

पर्यटकीय पूर्वाधारको विकास गर्न पर्यटन पूर्वाधार विकास आयोजना सञ्चालन गरिएको छ। पर्वतीय पर्यटनमा सक्षम जनशक्ति विकास गर्न पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिको गुरुयोजना स्वीकृत गरिएको छ। तराई-मधेस क्षेत्र र कर्णाली क्षेत्रमा एकीकृत रूपमा पर्यटन विकासका लागि विराट क्षेत्र, सलहेस क्षेत्र, विदेह-मिथिला क्षेत्र, सिम्रौन क्षेत्र, लुम्बिनी क्षेत्र, चिसापानी क्षेत्र र कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको गठन गरी काम सुरु गरिएको छ। पर्यटन क्षेत्रका लाभहरू समुदाय र ग्रामीण क्षेत्रसम्म विस्तार गर्न घरबाससम्बन्धी कार्यविधि स्वीकृत गरी लागु गरिएको छ। होमस्टे सञ्चालनका लागि अध्ययन, जनचेतना, तालिम लगायतका कार्यक्रमको सुरुवात गरिएको छ। पर्यटन क्षेत्रमा उच्चस्तरीय जनशक्ति विकास र पर्यटन व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउने जनशक्ति उत्पादनका लागि प्रयासहरू गरिएका छन्। तीन वर्षीय अन्तरिम योजनामा पर्यटन आगमन संख्या ३ लाख ७५ हजारबाट ७ लाख पुऱ्याउने, पर्यटकको बसाइ अवधि १३ दिन पुऱ्याउने, विदेशी मुद्रा आर्जन अमेरिकी डलर ३० करोड पुऱ्याउने, प्रतिपर्यटक प्रतिदिन खर्च ६३ डलर पुऱ्याउने, पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी १ लाख पुऱ्याउने लक्ष्य राखिएकामा मुलुकमा संक्रमणकाल लम्बिएको, लक्ष्य अनुरूप पर्यटन क्षेत्रमा लगानी नभएको, बारम्बार भइरहने बन्द, हडतालका कारण अपेक्षित परिणाम आउन सकेको छैन।

## २.१३.१२ बाह्रौं त्रिवर्षीय अन्तरिम योजना समीक्षा (२०६७/०६८ देखि २०६९/०७०) (Twelfth interim plan 2067-2069)

यस अवधिमा पर्यटन पूर्वाधार, पर्यटन प्रवर्द्धन र पर्यटकीय गतिविधिहरूको विविधीकरण तथा विस्तार गर्ने नीति लिइए अनुसार मुलुकका विभिन्न क्षेत्रहरूमा पर्यटन पूर्वाधार निर्माणका कार्यहरू भइरहेका छन्। पर्यटकीय मेला, उत्सव, महोत्सव मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गरिनुका साथै पर्यटनलाई ग्रामीण स्तरसम्म पुऱ्याउन होमस्टे कार्यक्रम मार्फत जनचेतना, क्षमता अभिवृद्धि र तालिमहरू प्रदान गरिएको थियो। विश्व पर्यटन क्षेत्रको पुनःस्थापना र मुलुकभित्रैको बढ्दो पर्यटन मैत्री वातावरणले गत आवधिक योजना अवधिमा २२.१ प्रतिशतले पर्यटक आगमनमा वृद्धि भई कुल वार्षिक पर्यटक आगमन संख्या करिब ८ लाख पुग्न गएको छ। मुलुकका पर्यटकीय सम्भावनाहरूलाई उजागर गर्न र सन्तुलित रूपमा पर्यटकीय सम्पदाहरूको पहिचान, विकास र प्रवर्द्धन गर्न ७५ वटै जिल्लाहरू समेट्ने गरी १८ वटा पर्यटकीय क्षेत्रहरू घोषणा गरेर पूर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यहरू अघि बढाइएको छ। पर्यटकलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउने उद्देश्यका साथ सञ्चालनमा रहेका क्यासिनोलाई व्यवस्थित तथा मर्यादित रूपले सञ्चालन गर्न नियमावली कार्यान्वयनमा रहेको छ। पर्यटकीय उपजको विविधीकरण र विस्तार गर्न शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन तथा कृषि पर्यटन प्रवर्द्धनसम्बन्धी अध्ययन अवलोकन लगायत विविध कार्यक्रमहरू सञ्चालन भएका छन्। पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नयाँ गन्तव्य स्थलहरूसम्मको पदयात्रा मार्ग निर्माण सुधार, यात्रु निवास निर्माण, पर्यटक सूचना केन्द्र स्थापना लगायतका कार्यहरू अघि बढाइएको छ। जनशक्ति उत्पादनतर्फ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट आतिथ्यता व्यवस्थापनमा स्नानकोत्तरको कक्षा सञ्चालन प्रारम्भ गरिनुका साथै पर्यटन तथा होटल व्यवस्थापनसम्बन्धी विभिन्न स्तरका १७०० जनाभन्दा बढी जनशक्ति उत्पादन गरिएका छन्।

## २.१३.१३ तेह्रौं त्रिवर्षीय अन्तरिम योजना समीक्षा (२०७०/७१ देखि २०७२/७३) (Thirteenth interim plan 2070-2073)

तेह्रौं योजनाले नेपाललाई आकर्षक र सुरक्षित पर्यटन गन्तव्यस्थल बनाई संख्यात्मक र गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउने उद्देश्य राखेको थियो। योजना अवधिमा वार्षिक पर्यटक

आगमन संख्या ११ लाख पुऱ्याउने लक्ष्य रहेकामा समीक्षा अवधिको पहिलो वर्षमा पर्यटक आगमन संख्या ७ लाख ९७ हजार रहेको थियो। दोस्रो वर्षमा भूकम्पका कारणले सो संख्या घटेर करिब ५ लाखमा सीमित रहन गयो। तेस्रो वर्षमा सो संख्या ७ लाख १० हजार रहेको अनुमान छ।

## २.१३.१४ चौधौं त्रिवर्षीय अन्तरिम योजनाको समीक्षा (२०७४ देखि २०७५/७६) (Fourteenth interim plan 2074-2076)




चौधौं योजनाले योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन संख्या वार्षिक १२ लाख, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि १५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ भन्ने लक्ष्य राखेको थियो। विनाशकारी भूकम्प तथा त्यसपछिका परकम्पबाट क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्त्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनःस्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती रहन गयो। भूकम्प पछि आपूर्ति अवरोधबाट अन्तर्राष्ट्रिय जगत्मा नेपालको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्द्धन तथा बजारीकरणका माध्यमबाट निराकरण गर्दै यस क्षेत्रको पुनरुत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, हवाई सेवालाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकास गरी पर्यटकीय गन्तव्यलाई विविधीकरण गर्न' चुनौतीका रूपमा रहेको देखिन्छ।

# अध्याय ३

## ऐन, नियम पुनरावलोकन (Review of legislation, policies)

### ३.१ ऐन, नीति तथा कानुनी प्रावधानहरू (Legislation, Policies, Laws and Guidelines)



पर्यटन विकाससँग सम्बन्धित नेपाल सरकारले विभिन्न समयमा विभिन्न ऐन, नियमावली, निर्देशिकाहरू तयार पारेको छ । नेपालमा हालसम्म १३ वटा ऐन, ३ वटा नीति, १९ वटा नियम-नियमावलीहरू, २३ वटा विभिन्न क्षेत्रका गठन आदेश अन्तर्गतका समितिहरू, १० वटा प्रतिष्ठान, कोष, बोर्ड, संस्थानहरू, ९ वटा संस्कृतिसम्बन्धी पर्यटन विकास समितिहरू, १४ वटा पर्यटनसम्बन्धी विकास समितिहरू विभिन्न वातावरण ऐन, नियम, निर्देशिकाहरू छन् ।

### ३.२ नेपालको संविधान २०७२ मा पर्यटन विकास सम्बन्धी व्यवस्थाहरू (Tourism development matters in nepal's constitution 2072)

संविधानसभाबाट निर्मित राष्ट्रपतिबाट अनुमोदित भई कार्यान्वयनमा रहेको वर्तमान संविधानमा पर्यटनसम्बन्धी व्यवस्थाहरू मूलभूत रूपमा निम्न अनुसार रहेको देखिन्छ ।

- संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकसम्बन्धी व्यवस्था रहेको छ । जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने व्यवस्था रहेको छ ।
- संविधानको भाग- ४ को धारा ५० (२) मा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा कुनै भेदभाव गर्न नपाइने, सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै राष्ट्रिय एकता सुदृढ राख्ने राज्यको सामाजिक एवं सांस्कृतिक उद्देश्य रहेको देखिन्छ ।

**संविधानको धारा ५१ (ग) मा उल्लिखित सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति :**

- स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,
- ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने,
- सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,
- राष्ट्रिय सम्पदाका रूपमा रहेका कला, साहित्य र संगीतको विकासमा जोड दिने,
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता,

शोषण र अन्यायको अन्त्य गर्ने,

- देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायका भाषा, लिपि, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने, बहुभाषिक नीति अवलम्बन गर्ने,
- संविधानको धारा ५१ (ठ) मा उल्लिखित पर्यटनसम्बन्धी नीति : नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने।
- नेपालको संविधानले व्यवस्था गरे अनुरूप संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा संविधानको अनुसूची ५, ६, ७, ८, र ९ मा भएको व्यवस्था अनुसार यस मन्त्रालयको कार्य क्षेत्रसँग सम्बन्धित विषयहरू र त्यसको तहगत बाँडफाँट निम्नानुसार रहेको छ।

## ३.३ पर्यटन नीति २०६५ (Tourism policies 2065)

नेपालमा हाल लागू भइरहेको पर्यटन नीति वि.सं. २०६५ सालमा तयार पारिएको हो। पर्यटन नीति २०५२ लाई विस्थापित गरी यो नीति कार्यान्वयनमा ल्याइएको हो। नेपाल सरकारले पर्यटनलाई उच्च प्राथमिकतामा राख्दै पुरानो नीतिमा संशोधन गरी नयाँ नीति ल्याएको हो। पर्यटन नीति २०६५ ले पर्यटनमा सामुदायिक सहभागिता, गरिबी निवारण, ग्रामीण पर्यटनको विस्तार तथा विकास, नयाँ उत्पादन तथा गन्तव्यको विकास, देशको आर्थिक विकासका लागि राजस्व संकलन, सुरक्षित र लोभ लाग्दो पर्यटन वातावरणमा पर्यटकहरूलाई लामो समयसम्म बस्ने सेवा तथा सुविधाहरूको स्तरोन्नति गर्ने र यी सबैका लागि सार्वजनिक, निजी, सामुदायिक साझेदारी प्रणालीमा काम गर्नुपर्ने प्रस्ताव गरिएको छ।

पर्यटन बहुसरोकारवालाहरूको अन्तरसम्बन्धबाट चल्ने क्षेत्र हो। पर्यटनको सञ्चालन, विकास र प्रवर्द्धनमा अर्थ मन्त्रालय, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, वन तथा भू- संरक्षण मन्त्रालय, स्थानीय विकास तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, उद्योग मन्त्रालय र कृषि विकास मन्त्रालयबीच प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध रहेको कुरालाई बुझ्नु जरुरी छ।

**पर्यटन नीति २०६५ मा व्यवस्था गरिएको दीर्घकालीन दृष्टिकोण**

"नेपाललाई प्राकृतिक, सांस्कृतिक, जैविक र मानव निर्मित सम्पदाहरूको संरक्षण र प्रवर्द्धन मार्फत विश्व पर्यटकीय मानचित्रमा एउटा अत्यन्तै आकर्षक, मनोरम, सुरक्षित र अनुपम गन्तव्यका रूपमा विकास गर्ने।"

"राष्ट्रिय सम्पदाहरूको उचित र दीर्घकालीन उपयोगद्वारा पर्यटकीय गतिविधिहरू सञ्चालन गर्दै राष्ट्रको आर्थिक विकास गरी जनताको जीवनस्तर उकास्ने" भनेर उल्लेख गरिएको छ। यो नीतिमा उल्लिखित उद्देश्यहरू, दीर्घकालीन दृष्टिकोण र लक्ष्य परिपूर्तिका लागि गरिने पर्यटन उद्योगको विकास, नेपालीहरूको जीवनस्तर सुधार गर्नका लागि रोजगारी सिर्जना, ग्रामीण पर्यटन तथा पर्यापर्यटनबाट गरिबी निवारणका उद्देश्यहरूसँग समायोजित छन्। यसका लागि नेपालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्ने, सुरक्षित भरपर्दो र नियमित वायुसेवा र स्थल यातायातद्वारा पर्यटनको विस्तार गर्ने, भएका स्रोत-साधनहरूको दिगो उपयोग गर्दै वातावरणीय सुरक्षा तथा दिगो व्यवस्थापन गर्नेतर्फ विश्वासिलो वातावरण सिर्जना गर्ने पनि यस पर्यटन नीतिले निर्दिष्ट गरेका कार्यदिशाहरू हुन्। समग्रमा यस पर्यटन नीति २०६५ ले सबै पक्षलाई समेट्ने र १५२ नीतिगत क्रियाकलापहरूमार्फत १६ वटा मूल कार्यक्रमहरू कार्यान्वयन गरिने छ। यी नीतिगत क्रियाकलापहरू नीति पूरा गर्ने रणनीतिजस्ता पनि देखिन्छन्। यिनलाई तलका नीतिगत आधारमा विभिन्न प्रकारमा विभाजन गरिएको छ : प्रवर्द्धन, ग्रामीण पर्यटन, आन्तरिक पर्यटन, पर्यटनको विविधीकरण विकास र विस्तार,सभा, सम्मेलन पर्यटन, माइस,टुरिजम),पर्वतारोहण,पदयात्रा,साहसिक,पर्यटन,धार्मिक,पर्यटन,जलयात्रा,खेल/मनोरञ्जन पर्यटन,क्यासिनो

पर्यटन, चलचित्र पर्यटन, शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन ।

**सरकार तथा निजी क्षेत्रको भूमिका**

- मानव संसाधन वा जनशक्ति विकास
- वातावरण संरक्षण र दिगो उपयोग
- सूचना प्रविधिको प्रयोग र तथ्यांकको उपयोग
- पर्यटकको सुरक्षा र संकट व्यवस्थापन
- सुविधा तथा छुटहरू
- मजदूर तथा मालिकका बीचमा सुमधुर सम्बन्ध
- कानुनी, प्रशासकीय, संस्थागत र व्यवस्थापकीय सुधार
- समन्वय, अनुगमन र मूल्यांकन

यो नीति कार्यान्वयनमा राज्यद्वारा सञ्चालित र नियन्त्रित कार्यकारी निकायहरू र निजी क्षेत्रको सहकार्य जिम्मेवार हुन्छन् । यी कार्यकारी निकायहरूमा नेपाल पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, नेपाल वायुसेवा निगम, र निजी क्षेत्रका प्रमुख संस्थाहरूमा टान, नेपाल होटल संघ (हान) र नेपाल एसोसियसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) लगायत छन् ।

## ३.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (government legislations 2074)




स्थानीय सरकार सञ्चलनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न परिच्छेद २ को दफा ९ सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने : (१) प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्त्व, पुरातात्त्विक वस्तु कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसका लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम घोषणा भएका सांस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासका लागि प्रदेश सरकारले विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्ने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको कुरा भए तापनि गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने छ ।

दफा १२ को ख तथ्यांक अधावधिक तथा संरक्षण सम्बन्धमा (१) निजी घर तथा घरपरिवारको लागत राख्ने, उपदफा २ मा ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने । दफा ४१ बमोजिम वडाभित्र घरबास पर्यटन (होमस्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

दफा २६ को ६ मा पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास, त्यस्तै दफा ६४ को (ङ) मा पर्यटन शुल्कको दर निर्धारण तथा संकलन सम्बन्धमा देहाय बमोजिम गर्ने व्यवस्था : (१) पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने । (२) उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, संग्रहालयजस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण गरी संकलन गर्ने ।

## ३.५ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (Environment conservation policies 2053, rules, 2054)

यस ऐन अन्तर्गत पर्यटन सेवा सम्बन्धमा  दफा नं. ६ मा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सेवा सञ्चालन सम्बन्धमा भएको व्यावस्था (१) राष्ट्रिय , आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरी हितको निमित्त नेपाल सरकारले स्वयं वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करारगरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ। यी नै कुराहरूलाई आधारमानी पर्यटनको विकास एवं प्रवर्द्धन गर्न सकिनेछ। त्यस्तै दफा ६ कै उपदफा (२) को (१) मा करार नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र जुनसुकै किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन।

## ३.६ वातावरण संरक्षण ऐन २०५३, नियमावली, २०५४ (Forest regulations 2052)

वातावरणमा पर्न जाने नकरात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने तथा स्रोत साधनहरूको उचित प्रयोग गर्ने कुरामा जोड दिएको छ। वातावरण संरक्षण ऐनको दफा ५ मा उल्लेख गरिए अनुसार कुनै पनि प्रस्तावित कार्य गर्नुपूर्व सम्बन्धित निकायले प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) वा वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment) सहितको आफ्नो प्रस्ताव सम्बन्धित निकायमा पठाउनुपर्ने कानुनी व्यवस्था छ। यसै एनेको दफा ६ (१) मा यदि प्रस्तावित कार्यबाट स्थानीय वातावरणमा कुनै किसिमको महत्त्वपूर्ण प्रतिकूल प्रभाव हुने नदेखिएमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्नका लागि सहमति दिन सक्ने छ। तर यसै ऐनमा व्यवस्था भए अनुसार सानातिना प्रतिकूल प्रभावहरूको बारेमा स्पष्ट खाका सहित न्यूनीकरणका उपायहरू अपनाउनुपर्ने हुन्छ। यदि यस्ता कार्यहरूबाट धेरै प्रभाव पर्ने महसुस गरिएमा त्यस्तो कार्यका लागि थप वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्नुपर्ने कानुनी व्यवस्था वातावरण संरक्षण ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ।




## ३.७ दुर्लभ वन्यजन्तुहरको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ (Wildlife conservation rules 2049 for the conservation of endangered species)

यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाइने २६ किसिमका स्तनधारी, ९ किसिमका पक्षी र ३ किसिमका सरीसर्पलाई संरक्षित वन्यजन्तुको दर्जा दिई उक्त वन्यजन्तुलाई मार्न पक्रन वा लखेट्न वा अन्य किसिमले हानि नोक्सानी पुऱ्याउन निषेध गरेको छ। यस अन्तर्गत लागु गरिएको कानुन सम्पूर्ण किसिमका वन क्षेत्र वा नेपाल अधिराज्यभर लागु भएको छ।

## ३.८ वन नियमावली २०५२ (Water resources rules and regulations 2049)

वन तथा वन्यजन्तुहरूको संरक्षणका लागि कानुनी उपायहरूको खोजी गरेको देखिन आउँछ। वन नियम ६५ ले वन क्षेत्रभित्र राष्ट्रिय प्राथमिकता प्राप्त कुनै योजनाहरू सञ्चालन गर्दा त्यसले स्थानीय व्यक्ति, समुदाय वा

वातावरणमा कुनै किसिमको हानि नोक्सानी वा नकारात्मक प्रभाव पर्न गएमा प्रस्तावको प्रस्तावकले नै त्यसको क्षतिपूर्ति तिर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ।

## ३.९ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ (Economic policies)

यस नियमावली २०५२ ले पर्यटन सम्बन्धमा उल्लेख गरेका कुराहरूलाई संक्षेपमा राख्ने कार्य गरिएको छ। परिच्छेद ३ को मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा नियम ५ अन्तर्गत व्यवस्थापन कार्य योजना तयार गर्ने (१) को (ञ) भू- संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रमहरू गर्ने प्रावधान गरेको छ। त्यस्तै दफा ३६ मा अनुसन्धान कार्य गर्न सकिने (१) कसैले मध्यवर्ती क्षेत्रभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागले पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ।

## ३.१० राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० (Tourism development diplomatic plans 2016-2025)

यस नियमावलीले पर्यटन सम्बन्धमा उल्लेख गरेमा व्यावस्थाहरूलाई उल्लेख गर्ने गरिएको छ। यसै नियमावलीको परिच्छेद २ को नियम ३ मा निकुञ्ज वा आरक्षभित्र सञ्चालन गरिने सेवा : (१) ऐनको दफा ६ बमोजिमको कुनै सेवा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सञ्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तीमा पैँतिस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ। त्यस्तै दफा ४ मा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै सेवा वा सुविधा सञ्चालन गर्नको लागि बोलनबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी नेपाल सरकारबाट स्वीकृत गराउनुपर्दछ। यी आधारहरूलाई टेकेर पर्यटन सम्बन्धी गतिविधि गर्न यो नियमावलीले जानकारी गर्दछ।

## ३.११ जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०४९ (Agriculture Development Strategy (ADS) 2015 to 2035)

पानीका कारणले भूक्षय, बाढी तथा पहिरो हुने भई जमिनको क्षति हुने कुराका साथै जल प्रदूषण पनि बढ्ने हुनाले वातावरणमा पर्ने यस्ता दुष्प्रभावहरूको न्यूनीकरणका प्रावधानहरू उल्लेख गरिएका छन्। पर्यटकीय स्थलहरूमा ढुंगा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्यले बसोबास क्षेत्रमा पर्ने वातावरणीय प्रभावहरूको न्यूनीकरण गर्न प्रस्तावको वातावरणीय विश्लेषण गरी प्रभाव नियन्त्रण र सुरक्षाका उपायहरू अवलम्बन गर्न प्रस्तावकलाई अनिवार्य गरिएको छ।

## ३.१२ अर्थ विधेयक २०७५ (Economic Policies)

नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५ मा पर्यटन सम्बन्धमा उल्लेख भएका विशेषताहरूलाई प्रस्तुत गरिएको छ।

"२५ (क) विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता हुने : नेपाल भ्रमण गरी हवाईमार्गबाट फर्कने विदेशी पर्यटकले पच्चीस हजार रूपैयाँभन्दा बढीको कर लाग्ने वस्तु खरिद गरी आफूसँग लगेमा विभागले तोकेको प्रक्रिया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिइने छ। त्यस्तो फिर्ता हुने रकमको तीन प्रतिशत रकम सेवा शुल्क बापत कट्टा गरिने छ।

तारे होटल वा रिसोर्टहरूले स्वीकृत योजना अनुसार होटेलको निर्माणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पहिलो पटक पैठारी गर्दा निम्न उपशीर्षकहरूमा पर्ने मालवस्तुहरूमा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्ने छ।

(ञ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पर्वतारोहण दलले नेपालका हिमाल

आरोहण गर्नको निमित्त पैठारी गर्ने नेपालमा खपत हुने मदिरा तथा चुरोट बाहेकका मालवस्तुहरूमा दस प्रतिशतभन्दा बढी भन्सार महसुल लाग्ने भएमा दस प्रतिशत मात्र भन्सार महसुल लाग्ने छ। यस्ता दलहरूले पैठारी गर्ने नेपालमा खपत नहुने मालवस्तुहरूको हकमा दरबन्दी बमोजिम लाग्ने महसुल धरौटीमा लिई मालवस्तु फिर्ता गरेपछि धरौटी रकम फिर्ता दिइने छ।

## ३.१३ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६–२०२५ (Multilateral environmental agreements)

नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५, नेपाल सरकारको मध्यावधिक रणनीतिक दस्तावेज हो, जुन नेपालको समग्र पर्यटन विकासका लागि अति आवश्यक छ। नेपालको पर्यटन विकासको लक्ष्य हासिल गर्नका लागि दिशाबोध गर्ने मूल पथ-प्रदर्शक दस्तावेजको रूपमा यो तयार भएको छ। दस वर्षको दूरदृष्टि (भिजन) र पाँच वर्षको विस्तृत कार्य-योजना (एक्सन-प्लान) को साथमा

कार्यान्वयनको पहिलो पाँच वर्षमा सरकारले प्रमुख चुनौतीहरूको कसरी सामना गर्नुपर्छ भन्ने सवालहरूलाई यो रणनीतिक योजनाले प्रस्ट्याएको छ। यस अवधिका लागि अगाडि सारिएका प्राथमिक कार्य-योजनाहरू सरकारी निकाय, निजी क्षेत्रका सरोकारवाला र अन्य संघसंस्थाहरू एवं विज्ञहरूसँगको सहभागितामा व्यापक छलफल गरी तयार गरिएका हुन्। यस दस्तावेजमा नेपालको संविधान अनुरूप

पर्यटन क्षेत्र संघ र प्रदेशको साझा अधिकारको विषय भएकाले देशको समग्र पर्यटनको विकासका लागि केन्द्र र राज्य बीचको समन्वय र पर्यटनबाट प्राप्त हुने लाभका विषयमा पनि परिचर्चा गरिएको छ।

## ३.१४ कृषि विकास रणनीति (२०७२ देखि २०९२) Agriculture Development Strategy (ADS) 2015 to 2035

- **कृषि विकास रणनीतिले पर्यटन सम्बन्धमा उल्लेख गरेका विषयहरूलाई समेट्ने प्रयास गरेको छ।** बाली संरक्षण तथा कृषि पर्यटन अन्तर्गत को भाग-५ को धारा २० **मा सुझावका रूपमा समेटिएको छ** । लोपोन्मुख बालीहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने । विश्वका मूल्यवान जडिबुटी यार्चागुम्बा, गुच्ची च्याउ, वनलसुन, सतुवा, जटामसी, लोठसल्ला र चिराइतो आदिको व्यावसायिक खेती र प्रविधिको विकास गर्ने। यस बाहेक कागुनो, कोदो, फापर र जौ लगायतका बालीहरूको संरक्षणले कृषि पर्यटनमा आकर्षण बढाउन सक्ने हुँदा स्थानीय खाद्यवस्तुको मूल्य शृंखलालाई सुधार गर्ने ।




- **कृषि पर्यटनलाई** ध्यानमा राख्दै विविध भौगोलिक स्थानमा उत्पादन हुने स्थानीय खाद्यान्नलाई उन्नत बनाउने र स्थानीय खाद्य परिकारको विविधताको विकास र विस्तार गर्नुपर्ने। विश्वको उच्चतम स्थानमा उत्पादन हुने मार्सी प्रजातिको धान लगायत कृषि बालीहरूको संरक्षण विकास र विस्तार गर्ने।
- **भाग–३** कृषि विकास रणनीतिको विश्लेषण : यहाँसम्म आइपुग्दा धेरै वटा दीर्घकालीन कृषि नीति र रणनीति बनाई कार्यान्वयन पनि भइसकेका छन्। कृषि वन र कृषि पर्यटनलाई सँगै लाने, सूचना र तथ्यांक अद्यावधिक गर्न नयाँ तथ्यांकको प्रयोग कसरी भएको छ ? कृषि र वन बीचको अन्तरसम्बन्ध के हो ? जलवायु परिवर्तनबाट कृषिमा पर्ने असर, पारिवारिक खेती मार्फत खाद्यान्नमा आत्मनिर्भर हुन सक्ने अवस्था छ, छैन ? यो कुरा रणनीतिले स्पष्ट गरेको देखिँदैन।

## ३.१५ वातावरण निर्देशिका २०५७ (Environment Guideline 2057)

वातावरणमा हुने प्रभावहरूलाई न्यूनीकरण गर्दै साना ग्रामीण पूर्वाधार योजनाहरू कार्यान्वय गर्नुपर्ने कुरामा जोड दिएको छ। प्रस्ताव चक्रका विभिन्न पक्षहरूका चरणहरूमा वातावरण व्यवस्थापन खासगरी वातावरण संरक्षण हुने गरी प्रस्ताव कार्यान्वयन गर्नुपर्ने र यदि आवश्यक भएमा नकारात्मक प्रभाव न्यूनीकरणका उपयाहरू अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ।

## ३.१६ बहुपक्षीय वातावरणीय सम्झौताहरू (Multilateral Environmental Agreements)

ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वातावरण सम्बन्धी केही अन्तर्राष्ट्रिय कानुनहरू कार्यान्वयनका लागि प्रारम्भिक वातावरण परीक्षण क्रममा ध्यान दिनु जरुरी देखिन्छ। नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तर्राष्ट्रियस्तरका विभिन्न सन्धि वा महासन्धिहरूमा महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेका छन्। यस्ता अन्तर्राष्ट्रिय सन्धि तथा वा महासन्धिहरू Plant protection Agreement for South East Asia and Pacific, February-27,1956,Rome, Convention on Biological Diversity, June-5, 1992,Rio De Jenerio, CITES Convention on International Trade in Endangered Species or Wild Flora and Fauna, March-3,1973, Washington  Convention on Wetlands or international importance, February-2,1971, विश्व सास्कृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि (November-23,1972, Paris), अन्तर्राष्ट्रिय ट्रपिकल (Tropical) आदि प्रमुख छन्। यी महासन्धिहरूले प्राकृतिक स्रोत व्यवस्थापन तथा जीव र वनस्पति संरक्षणको सुनिश्चिताबाट वातावरण संरक्षण गर्न आवश्यक प्रावधानको व्याख्या गरेका छन्।

## ३.१७ पर्यटन विकाससँग सम्बन्धित ऐनहरू (Legislations related to tourism development)

१. प्राचीन स्मारक संरक्षण ऐन, २०१३
२. गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५
३. नेपाल वायु सेवा निगम ऐन, २०१९
४. पर्यटन ऐन, २०३५
५. लुम्बिनी विकास कोष ऐन, २०४२
६. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४
७. अभिलेख संरक्षण ऐन, २०४६
८. नेपाल सङ्गीत नाट्य प्रतिष्ठान ऐन, २०६४
९. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४
१०. नेपाल पर्यटन बोर्ड ऐन, २०५३
११. नेपालनागरिक उड्डयन प्राधिकरण ऐन, २०५३
१२. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५
१३. प्रतिलिपि अधिकार ऐन, २०५९

## ३.१८ पर्यटन विकाससँग सम्बन्धित नियमहरू (Policies related to tourism development)

- गैरसैनिक हवाई उडान (दुर्घटना जाँच) नियमहरू, २०२४

- होटल, लज, रेस्टुराँ/बार तथा पथ प्रदर्शक नियमावली, २०३८
- ट्राभल र ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२
- जलयात्रा नियमावली, २०६३
- गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) नियमावली, २०५२
- विमानस्थल दस्तुर नियमावली, २०३८
- हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६
- प्राचीन स्मारक संरक्षण नियमावली, २०४६
- पर्वतारोहणसम्बन्धी नियमावली, २०५९
- प्रतिलिपि अधिकार नियमावली, २०६१
- नेपाल पर्यटन बोर्ड नियमाली, २०५५
- नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८
- नेपालनागरिक उड्डयन प्राधिकरण सर्टिफिकेसन नियमावली,
- नेपालनागरिक उड्डयन प्राधिकरण खेलकुद नियमावली, २०६९
- नेपाल नागरिक उड्डयन प्राधिकरण (पहिलो संशोधन) नियमावली, २०७०
- गैरसैनिक हवाई उडान नियमावली, २०७१
- गैरसैनिक हवाई उडान (हवाई सुरक्षा) नियमावली, २०७१
- गैरसैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१
- क्यासिनो नियमावली, २०७०

## ३.१९ पर्यटन विकास सम्बन्धित गठन आदेशहरू (Commands related to tourism development)

- नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन) आदेश, २०२९
- तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४
- देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५०
- भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५१
- बूढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- मनकामना क्षेत्र विकास (गठन) आदेश, २०५३
- बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३
- पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- हलेसी महादेव स्थान विकास समिति (गठन) आदेश, २०५३
- पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९
- राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३
- रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति (गठन) आदेश, २०६३
- खप्तड क्षेत्र पर्यटक विकास समिति (गठन) आदेश, २०६३
- विराट क्षेत्र पर्यटक प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- सलहेश क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- विदेश-मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- सिम्रौन क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- चिसापानी क्षेत्र प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६

- लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- वृहत्तर वराह क्षेत्र विकास समिति (गठन) आदेश, २०६६
- मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६८

## ३.२० पर्यटन विकास सम्बन्धित कार्यालयहरू (Offices related to tourism development)

- पर्यटन कार्यालय, वीरगन्ज
- पर्यटन कार्यालय, पोखरा
- पर्यटन कार्यालय, नेपालगन्ज
- पर्यटन कार्यालय, भैरहवा
- पर्यटन कार्यालय, काँकडभिट्टा
- पर्यटन कार्यालय, जनकपुर
- पर्यटन कार्यालय, नाम्चे

## ३.२१ पर्यटन विकास सम्बन्धी पुरातत्त्व विभाग तथा अन्तर्गत कार्यालयहरू (Offices under archeology department related to tourism development)

- राष्ट्रिय अभिलेखालय, रामशाहपथ
- राष्ट्रिय संग्रहालय, छाउनी
- राष्ट्रिय मुद्रा संग्रहालय, छाउनी
- राष्ट्रिय कला संग्रहालय, भक्तपुर
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, ललितपुर
- राष्ट्रिय धातुकला संग्रहालय, पाटन
- केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला, ललितपुर
- क्षेत्रीय संग्रहालय, धनकुटा
- क्षेत्रीय संग्रहालय,पोखरा
- क्षेत्रीय संग्रहालय, सुर्खेत
- कपिलवस्तु संग्रहालय, कपिलवस्तु
- गोरखा संग्रहायक, गोरखा
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, नुवाकोट
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय,लमजुङ
- गोरखा दरबार हेरचाह अड्डा, गोरखा
- हनुमान ढोका दरबार हेरचाह अड्डा, काठमाडौं
- नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय, काठमाडौं
- नारायणहिटी दरबार संग्रहालय, काठमाडौं

## ३.२२ पर्यटन विकास सम्बन्धित संस्थानहरू (Institutions related to tourism development)

- नेपाल प्रज्ञा प्रतिष्ठान
- नेपाल प्रज्ञा प्रतिष्ठान
- नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान
- नेपाल पर्यटन बोर्ड
- नेपालनागरिक उड्डयन प्राधिकरण
- नेपाल वायु सेवा निगम
- सांस्कृतिक संस्थान
- लुम्बिनी विकास कोष
- पशुपति क्षेत्र विकास कोष
- बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

## ३.२३ पर्यटन विकास सम्बन्धित समितिहरू (Committees related to tourism)

### ३.२३.१ संस्कृति सम्बन्धी समितिहरू (Committees related to culture)

- श्री पाथीभरा क्षेत्र विकास समिति, पाथीभरा, ताप्लेजुङ।
- श्री वराह क्षेत्र विकास समिति, चतराधाम, सुनसरी।
- श्री हलेसी महादेव स्थान विकास समिति, हलेसी, खोटाङ।
- श्री हनुमान ढोका दरबार संग्रहालय विकास समिति, वसन्तपुर।
- श्री बूढानीलकण्ठ क्षेत्र विकास समिति, बूढानीलकण्ठ, काठमाडौं।
- श्री बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध, काठमाडौं।
- श्री पाटन संग्रहालय विकास समिति, पाटन।
- श्री देवघाट क्षेत्र विकास समिति, देवघाट, तनहुँ।
- श्री भानु जन्मस्थल विकास समिति, रम्घा, तनहुँ।

### ३.२३.२ पर्यटन सम्बन्धी समितिहरू (Committees related to tourism)

- श्री तारा गाउँ विकास समिति, ताहाचल, काठमाडौं।
- श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, रविभवन, काठमाडौं।
- श्री पर्वतीय प्रशिक्षण विकास समिति, विशालनगर, काठमाडौं।
- श्री खप्तड क्षेत्र पर्यटन विकास समिति, सिलगुढी, डोटी।
- श्री राष्ट्रिय ताल संरक्षण विकास समिति, नयाँबानेश्वर, काठमाडौं।
- श्री रुरु-रेसुंगा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति, तम्घास, गुल्मी।
- श्री विदेह-मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, जनकपुर।
- श्री चिसापानी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, नेपालगन्ज।
- श्री लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, भैरहवा।
- श्री सिम्रौनगढ क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, वीरगन्ज।
- श्री विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, जनकपुर।
- श्री कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, जुम्ला।
- श्री सलहेश क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, जनकपुर।
- श्री मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, इलाम।

# अध्याय ४

## पर्यटन गुरुयोजना निर्माणको पृष्ठभूमि
## (Tourism master plan's background)

### ४.१ विषय प्रवेश

नेपालको संविधान २०७२ को संघीय संरचना अनुसार स्थापना भएको एक स्थानीय तह बूढानीलकण्ठ नगरपालिका पनि हो । संविधानको भाग ५ को धारा ५७ उपधारा ५ ले उपलब्ध गराएअनुरूप प्राकृतिक तथा सांस्कृतिक साधन स्रोतको दिगो उपयोग एवं प्रचलित विश्व वैज्ञानिक मान्यता र विकसित प्रविधिको अधिकतम प्रयोग गरी नगरपालिकाको जीवन पद्धति सरल, सहज र समृद्ध बनाउने दायित्व स्थानीय सरकारमा रहेको उल्लेख छ । विद्यमान State-of-art-of the Technology को प्रयोग विकासका आधार खम्बा (Base Pillars) र बाहक (Drivers) को पहिचान, परिचालन गर्ने मुख्य अभिभारा समेत उल्लेख छ। विगतका विकास परम्परा एवं केन्द्रीकृत विकास योजना र कार्यक्रमहरूको प्रभाव गरिबी, असमानता, पछौटेपन, वातावरणीय विचलन, प्राकृतिक प्रकोप र ग्रामीण जीवनशैली, बजारमुखी अर्थतन्त्र र विश्वव्यापीकरणबाट प्रभावित हुँदै गएको छ।

नेपालको संविधान २०७२ को भाग ४ को धारा ५१ को उपधारा ७ ले स्थानीय तहको प्राकृतिक, ऐतिहासक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचारप्रसारमार्फत नगरको अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा पर्यावरण अनुकूल पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने तथा पर्यटन व्यवसायको लाभ वितरणमा स्थानीय समुदायलाई प्राथमिकता दिने कुरा उल्लेख गरेको छ। त्यस्तै संविधानको भाग ५ को धारा ६० को उपधारा ८ ले क्षेत्रीय सन्तुलन, गरिबी न्यूनीकरण, वञ्चितीकरणको अन्त्य र दिगो तथा समावेशी विकासको प्रत्याभूति दिन स्थानीय तहस्तरीय सरकारी संयन्त्र सक्षम हुनुपर्ने उल्लेख छ।

वि.सं. २००७ सालपछि नेपाल विदेशी पर्यटकहरूका लागि खुला गरिएको हो । साढे ६ दशकको अवधिमा नेपालको पर्यटन क्षेत्रमा धेरै परिवर्तन आइसकेको छ । नेपालको पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जन र रोजगारी प्रवर्द्धनका हिसाबले महत्त्वपूर्ण मानिन्छ। नेपालको राष्ट्रिय अर्थतन्त्रमा पनि पर्यटनको भूमिका महत्त्वपूर्ण रहेको छ । नेपालको विकास लक्ष्य हासिल गर्न र नेपाली जनताको दिगो सामाजिक एवं आर्थिक उन्नतिका लागि पर्यटनले नै महत्त्वपूर्ण योगदान दिन सक्ने कुरामा दुईमत नहोला । यसो हुँदाहुँदै पनि नेपालको पर्यटनले अपेक्षा गरेअनुरुप विकास गर्न भने नसकेको यथार्थ छ।नेपालमा वि.सं २०१३ सालदेखि पर्यटन विकासको विधिवत् प्रयास हुन थालेको हो । नेपालको प्रथम पञ्चवर्षीय योजनाको सुरुवातसँगै पर्यटन विकासका लागि जोड दिन थालेको पाइन्छ। खासगरी त्यस योजनाले पर्यटन विकासका नयाँ नयाँ अवसरहरूको पहिचान गर्ने र पर्यटन पूर्वाधारहरूको विकास गर्ने कुरामा जोड दिएको थियो। यसैगरी विसं २०२९ मा नेपालको प्रथम पर्यटन गुरुयोजना बनेको थियो। विभिन्न समयमा त्यस योजनालाई पुनरावलोकन तथा अद्यावधिक गर्ने काम पनि भएका थिए। लामो समयसम्म उही गुरुयोजनालाई आधार बनाएर काम गर्दा केही कठिनाइ भोग्नुपरेको थियो। त्यस्तैगरी **नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६–२०२५** नेपाल सरकारको मध्यावधि रणनीतिक दस्तावेज हो, जुन नेपालको समग्र पर्यटन विकासका लागि अति आवश्यक छ। नेपालको पर्यटन विकासको लक्ष्य हासिल गर्न दिशाबोध गर्ने मूल पथ-प्रदर्शक दस्तावेजका रूपमा यो तयार भएको छ। दस वर्षको दूरदृष्टि (भिजन) र ५ वर्षको विस्तृत कार्य-योजना (एक्सन-प्लान) का साथमा कार्यान्वयनको पहिलो पाँच वर्षमा सरकारले प्रमुख चुनौतीहरूको कसरी सामना गर्नुपर्छ भन्ने सवालहरूलाई यो रणनीतिक योजनाले प्रस्ट्याएको छ। नेपालको आर्थिक विकासका मुख्य आधारशिला कृषि, जलस्रोत र पर्यटनलाई राज्यले प्राथमिकताको क्षेत्रमा राखी तदनुरूप विकास गर्ने नीतिसमेत

लिएको देखिन्छ। नेपालको प्राकृतिक भू-धरातल, वातावरण एवं सांस्कृतिक जनजीवनका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिँदै पर्यटनलाई नयाँ आयामका साथ वैकल्पिक व्यवसायका रूपमा विकास गर्नु उपयुक्त देखिन्छ । तुलनात्मक रूपमा मध्यमस्तरको जनशक्ति एवं कम पुँजी र प्रविधिबाटै सञ्चालन गर्न सकिने श्रमप्रधान एवं सेवामूलक पर्यटन उद्योगको विकासबाट नेपालले आर्थिक र सामाजिक विकास गरी गरिबी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना प्रस्ट देखिन्छ। नेपाल विश्व मानचित्रमा अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएकाले पर्यटन तुलनात्मक लाभ र वैकल्पिक आर्थिक अवसरका लागि उपयुक्त साधनका रूपमा रहेको छ।

प्राकृतिक, सांस्कृतिक एवं जैविक पर्यटकीय सम्पदाको धनी भएर पनि नेपालले विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रचारप्रसारको कमीका कारण सोचे अनुरूप पर्यटकहरूको संख्यामा वृद्धि र पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन नसकेको अवस्था छ । यस परीप्रेक्ष्यमा बूढानीलकण्ठ नगरमा पर्यटन विकासका आधारलाई हेर्दा यसका लागि आवश्यक पर्ने मौलिक ब्रान्ड, हिन्दु तथा बौद्ध धर्ममा आधारित धार्मिक पर्यटन, बूढानीलकण्ठ मन्दिर, शिवपुरी चुचुरोमा पदयात्रा रहेका छन् । यिनै सम्पदाहरूको उचित व्यवस्थापन, संरक्षण र प्रवर्द्धनको अभावमा नगरले पर्यटनबाट अपेक्षित सफलता प्राप्त गर्न सकिरहेको छैन । यसबाहेक शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा जंगली जनावर, चरा, पुतलीलगायत जीवजन्तुको अवलोकन नगरको पर्यटन विकासका महत्त्वपूर्ण आधारका रूपमा रहेका छन् । पर्यटन विकासका प्रचुर सम्भावना बोकेका माथि उल्लेखित सम्पदाहरूलाई आवश्यक संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै वातावरणमैत्री पर्यटन (Ecotourism) कार्यक्रममार्फत दीर्घकालीन पर्यटन विकास (Sustainable tourism) को अवधारणालाई आत्मसात् गर्नुपर्ने देखिन्छ । यसका लागि योजनाबद्ध दिगो पर्यटन विकास कार्यक्रम मार्फत मात्र हामी पर्यटन क्षेत्रबाट अपेक्षित सफलता हासिल गर्न सक्दछौं । बदलिँदो परिस्थितिअनुसार बूढानीलकण्ठ नगरपालिकाको पर्यटन विकास प्रक्रियालाई दिशा-निर्देश गर्नका लागि नयाँ दीर्घकालीन पर्यटन गुरुयोजनाको खाँचो महसुस गरिएको थियो । यसै आवश्यकतालाई मध्यनजर गरी बूढानीलकण्ठ नगरपालिकाको आर्थिक सहयोग र लुम्बिनी सामाजिक विकास केन्द्र सन्धिखर्क अर्घाखाँचीको प्राविधिक सहयोगमा यो गुरुयोजना तयार पारिएको हो । यस पर्यटन गुरुयोजनामा बूढानीलकण्ठ नगरपालिकाको पर्यटन विकासका लागि १० वर्षको विकास खाका (रणनीतिक दीर्घकालीन दृष्टिकोण) कोरिएको छ । यसमा पहिलो ५ वर्षका लागि विस्तृत कार्ययोजना (Action -plan) समेत तयार पारिएको छ। कार्य-योजनाका लागि चाहिने अनुमानित बजेट रकमको रूपरेखासमेत यसमा प्रस्तुत गरिएको छ।

## ४.२ पर्यटन गुरुयोजना तर्जुमाको औचित्य (Rationale of the tourism master plan formulation)

नगरका अनुपम एवं प्राकृतिक स्रोतहरू र जीवित सांस्कृतिक सम्पदाहरूलाई अन्तर्राष्ट्रिय र आन्तरिक पर्यटकमाझ प्रवर्द्धन गर्न, स्थानीय स्तरमा बसोबास गर्ने नागरिकहरूको आय आर्जन र रोजगारीमा अभिवृद्धि गरी पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरिबी निवारणका लागि टेवा पुऱ्याउन पर्यटन क्षेत्रलाई नगरको विकासको अग्रणी क्षेत्रका रूपमा स्थापित गरी समावेशी विकास जस्ता अन्तरविषयक सवालहरूको (Cross cutting issues) समाधान गर्न सकिन्छ। गुरुयोजनाले नयाँ अवसरको खोजी तथा प्रयोग गर्न नयाँ विकास पद्धति र योजना विधिका रूपमा स्थानिक आधार (Spatial base) र सहभागितामूलक विकास योजना तथा कार्यक्रमबाट स्थानीय तहमा दिगो जीवन निर्वाहमा सुधार ल्याउन सक्ने र विकास निर्माणका उपलब्धि र प्रक्रियामा स्वामित्व (Ownership) र स्थायित्व विकासको मौलिकपनबाट नगरको समृद्धि अघि बढ्न सक्ने विकास योजनाले परिकल्पना गरेको छ। नगरस्तरीय आर्थिक विकास र सामाजिक रूपान्तरणका मुख्य आधारहरूको पहिचान, परिचालन र प्रयोगका लागि पर्यटन प्रवर्द्धन तथा विकास प्रक्रिया दिशानिर्देश गर्न दीर्घकालीन रणनीतिक योजना जरुरी छ। नगरलाई नेपालकै आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलका रूपमा विकास गरी पर्यटन व्यवसायलाई नगरको आर्थिक विकासको अग्रणी क्षेत्र (Lead Sector) को रूपमा विकसित गर्ने लक्ष्य पर्यटन गुरुयोजनाले लिएको छ। *नेपालको पर्यटन*

*ब्रान्ड प्राकृतिक सुन्दर नेपाल, एक पटक मात्रले पुग्दैन* (Naturally Nepal, Once is not Enough) भए जस्तै **एउटै शिलाबाट निर्मित विश्वकै ठूलो बूढानीलकण्ठको मूर्ति नगरबासीको वरदान** यस नगरको ब्रान्ड मार्फत धार्मिक, सांस्कृतिक, सम्पत्तिलाई बजारीकरण गर्न सकिने सम्भावना रहेको छ। यो गुरुयोजनाले नगरको पर्यटन विकासका लागि दिशाबोध गर्ने दीर्घकालीन तथा मध्यकालीन कार्य योजनाको मार्गचित्र तयार गरेको छ। नेपाल सरकारले सन् २०३० सम्ममा नेपाललाई कम विकसित राष्ट्रबाट विकाशील राष्ट्रको तहमा अभिवृद्धि गर्ने प्रतिबद्धता तथा सबैका लागि समृद्धिको सुनिश्चितता गर्न अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य नं ८ र १२, नेपालको चौधौं तीनवर्षे योजना अवधारणा पत्र (२०१६) का आधारमा यो पर्यटन गुरुयोजना तयार गरिएको हो।

यसको सफल कार्यान्वयनका लागि उपयुक्त संयन्त्र एवं पद्धतिको पनि विकास हुनु जरुरी छ। पर्यटनसँग सम्बन्धित राष्ट्रियस्तरमा बनेका नीति, योजना तथा रणनीतिहरूको कार्यान्वयन तहमा विस्तृत कार्य-योजनाको अभावले गर्दा पर्यटन विकासमा अपेक्षित लाभ हासिल हुन सकेको छैन। स्थानीय तहमा पर्यटन विकासका आधार भूत सवालहरू पूरा गर्नका लागि यस प्रकारको कार्य-योजना (१० वर्षको दीर्घकालीन दृष्टिकोण एवं ५ वर्षको विस्तृत कार्य-योजना) तयार गर्न बूढानीलकण्ठ नगरपालिका र लुम्बिनी सामाजिक विकास केन्द्र बिच भएको सम्झौता बमोजिम यो पर्यटन गुरुयोजना बनाइएको छ।

## ४.३ पर्यटन गुरुयोजनाको आवश्यकता (Needs of tourism masterplans)

बूढानीलकण्ठमा पर्यटन विकास र आर्थिक समृद्धिको अपार सम्भावना छ। पर्यटन एक अत्यन्तै प्रतिस्पर्धी उद्योग भएकाले यसको सुधार नभई त्यस्तो सम्भावना भित्राउन सकिँदैन। यसको सफलताको मुख्य आधार भनेकै राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा फैलिने राम्रो छवि, सुदृढ पूर्वाधार, विकासका लागि यथेष्ट लगानी, ब्रान्डिङसहितको प्रवर्द्धन तथा बजारीकरण हो। यसका अतिरिक्त स्वास्थ्य र सरसफाइ, सुरक्षा प्रबन्ध र कुनै पनि ठाउँमा स्वतन्त्रतापूर्वक निर्धक्क घुमफिर गर्न पाउने वातावरणको प्रत्याभूति, गन्तव्यसम्म पुग्ने सहज र सस्तो हवाई तथा सडक यातायात व्यवस्था, आफूले छनोट गरेको र तिरेको मूल्य अनुसारको आवास तथा यातायातको गुणस्तर, आतिथ्यको स्तरीयता, सेवाको स्तर, पर्यटकसँग हुने कुराकानी, पर्यटकीय क्षेत्रमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू र वातावरणको संरक्षण, विकास एवं सुव्यवस्थापन हुनु नितान्त जरुरी छ। साथै पर्यटन व्यवसाय सञ्चालन गर्न सहज प्रक्रिया र आवश्यक सहयोग प्रदान गर्ने उपयुक्त संयन्त्र एवं पद्धतिको पनि विकास हुनुपर्दछ। बूढानीलकण्ठ नगरपालिकामा पर्यटन उद्योगसँग सम्बन्धित नीति, योजना तथा रणनीतिहरू नबन्दा विस्तृत कार्य-योजना कार्यान्वयनका लागि पर्यटन विकासमा अपेक्षित लाभ हासिल हुन नसकेको यथार्थलाई मध्यनजर गरी बूढानीलकण्ठ नगरपालिकाका विभिन्न सरोकारवालाहरूको परामर्श तथा सहयोगमा विज्ञहरूको एक परामर्शटोली (कन्सल्टिङ संस्था) नियुक्त गरी बूढानीलकण्ठ नगरपालिकाको अगुवाइमा यो पर्यटन गुरुयोजना तयार पारिएको छ। माथि उल्लिखित पर्यटन विकासका आधारभूत सवालहरू पूरा गर्नका लागि यस गुरुयोजनाले १० वर्षको दीर्घकालीन दृष्टिकोण (10-years Horizon) सहित पाँचवर्षे विस्तृत कार्य-योजनाको खाका (Five -years action-plan) प्रस्तुत गरेको छ।

**नक्सा नं. ४.१ एसियामा नेपालको स्थान (Nepal in Asia)**




नेपालले विश्वको ०.०३ प्रतिशत भूभाग तथा एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ। एसिया महादेशको दक्षिणी भागमा अवस्थित नेपाल पर्यटनका लागि उर्वर मानिएको छ। यहाँ अनेक रहस्मयी प्रकृतिका साथै धार्मिक, सांस्कृतिक सम्पदाहरू प्रचुर मात्रामा रहेका छन् । विविध भौगोलिक अवस्था, धार्मिक विविधता र जीवित सांस्कृतिक सम्पदाले विश्वभरका पर्यटकहरूको गन्तव्य स्थान बनिरहेका सार्क देशहरू विकासोन्मुख देशका रूपमा रहेका र जहिले पनि राजनीतिक अस्थिरताले उब्जाएका समस्याहरूको सामाना गरिरहेका देशहरू भएकाले यहाँको पर्यटन विकास पनि पर्याप्त हुन सकिरहेको छैन ।

**नक्सा ४.२ नेपालको नक्सामा बूढानीलकण्ठ नगरपालिका**




नेपालका ७७ जिल्लाहरू मध्ये नेपालको राजधानी काठमाडौँको उत्तरमा रहेको यो नगरपालिका नेपालको संविधान २०७२ अनुरूप ७ वटा प्रदेश मध्ये प्रदेश नं.३ मा पर्ने नगरपालिका बूढानीलकण्ठ नगरपालिका हो । यो नगरपालिकालाई विश्वको अद्वितीय गन्तव्य स्थलका रूपमा विकास गर्ने उद्देश्यका साथ पर्यटन गुरुयोजना निर्माण गरिएको छ । विश्वमा राजधानीबाट सबैभन्दा नजिक पर्ने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पनि यही नगरपालिकामा पर्दछ । धेरै विदेशी पर्यटकहरू यस निकुञ्जमा प्राकृतिक दृश्यावलोकन, पदमार्गबाट गरिने पदयात्रा, साइक्लिङ, रकक्लाइबिङ, चरा अवलोकन, जंगल सफारी, जंगली जनावर अवलोकन गर्न आउने गर्दछन् । त्यस्तै हिन्दुहरूको आस्थाको केन्द्रका रूपमा रहेको बूढानीलकण्ठ मन्दिरमा भगवान विष्णुको दर्शन गर्नका लागि हिन्दु दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ । जसले गर्दा यस नगरपालिकामा वार्षिक लाखौं पर्यटकहरूले भ्रमण गर्ने गर्दछन् ।

**नक्सा ४.३ काठमाडौं जिल्लामा बूढानीलकण्ठ नगरपालिका अवस्थिति**

बूढानीलकण्ठ नगरपालिका ३ नं. प्रदेश अर्न्तगत काठमाडौं जिल्लामा पर्दछ। काठमाडौं जिल्लाको ११ वटा स्थानीय तह मध्ये १ वटा महानगरपालिका र बाँकी १० वटा नगरपालिका मध्ये बूढानीलकण्ठ नगरपालिका १३ वटा वडामा प्रशासनिक विभाजन कार्य हुँदै आएको छ। यहाँको जनसंख्या १०७९१८ रहेको छ भने क्षेत्रफल (वर्ग कि.मी) ३४.८ मा फैलिएको छ (स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) यस नगरको उत्तरमा नुवाकोट जिल्ला, पूर्वमा गोकर्णेश्वर नगरपालिका, पश्चिममा टोखा नगरपालिका र दक्षिणमा काठमाडौं महानगरपालिका पर्दछन् । स्रोत : (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार काठमाडौं) ।




**नक्सा नं. ४.४ बूढानीलकण्ठ नगरपालिकाका वडाको अवस्थिति**

बूढानीलकण्ठ नगरपालिका साबिकका ६ वटा गाविसहरू मिलाएर १३ वडामा समायोजन गरी अन्तिम प्रशासकीय ढाँचा नेपाल राजपत्रमा प्रकाशित भएको छ जस अनुरूप प्रशासनिक कार्यहरू सञ्चालन हुँदै आएका छन् । छुट्टाछुट्टै वडा कार्यालयबाट नागरिकलाई दैनिक सेवा प्रवाह हुँदै आएको छ। वडा कार्यालय रहने स्थानहरू तपसिल अनुसार रहेकाछन् वडा नं.१, र वडा नं.२ को कार्यालय चपलीमा रहेको छ। वडा नं. ३, वडा नं. ४ र वडा नं. ५ को कार्यालय विष्णु बूढानीलकण्ठमा रहेको छ। वडा नं. ६ र वडा नं. ७ को कार्यालय खड्का भद्रकालीमा रहेको छ । वडा नं. ८ र वडा नं. ९ को कार्यालय महांकालमा रहेको छ। वडा नं. १० र वडा नं. १२ को कार्यालय आकाशेधारा, कपनमा रहेको छ । वडा नं. ११ को कार्यालय कपनमा रहेको छ। वडा नं. १३ को कार्यालय चुनिखेलमा रहेको छ।



**चित्र नं. ४.१ पर्यटन विकासमा महत्वपूर्ण साझेदारहरू**

बूढानीलकण्ठ नगरपालिका पर्यटनको विकास र विस्तारमा सेतो कागज जस्तै छ । सरकार, निजी क्षेत्र र समुदायको संयुक्त छलफलबाट यसका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना तहगत रूपमा विकास भएको छ । प्रत्येक तहले आफ्नो भूमिका निर्वाह गर्दै जानेछन् ।




*स्रोतः पर्यटन गुरुयोजना निर्माण टोली*

## ४.४ गुरुयोजना निर्माण प्रक्रिया (Tourism master plan preparation methodology)

गुरुयोजना निर्माणका क्रममा सबैभन्दा पहिले नगरपालिका स्तरीय सरोकारवाला, कार्यपालिका सदस्य तथा विज्ञहरू सम्मिलित पूर्वतयारी कार्यशाला गोष्ठी मिति २०७५ साल साउन ११ मा वडा नं. ८ को कार्यालयमा नगर प्रमुख श्री उद्धव खरेलज्यूको अध्यक्षतामा सम्पन्न गरिएको थियो । यो गोष्ठीमा सहभागीहरूले गुरुयोजना निर्माण प्रक्रियाबारे सुझावहरू दिएका थिए । Buttom up approach अनुरूप सुझाव, तथ्यांक, तथ्य योजना संकलनकै क्रममा नगरपालिकाका साविकका ६ वटा गाविस स्तरीय १३ वटै वडालाई समेट्ने गरी सम्बन्धित वडाका जनप्रतिनिधिहरू, स्थानीय सरोकारवाला, बुद्धिजीवी, प्राज्ञिक व्यक्ति, पर्यटक प्रवर्द्धक संस्थाका प्रतिनिधिहरू सम्मिलित अन्तरक्रिया गोष्ठी आयोजना गरी गुरुयोजना निर्माण प्रक्रियाका लागि सुझावहरू प्राप्त गरियो । तपसिलमा उल्लेख गरिए अनुसार गोष्ठी गरिएको थियो ।

**तालिका नं. ४.१ गोष्ठी गरिएको मिति, स्थान, सहभागीहरू**

| क्र.स. | गोष्ठी गरिएको मिति | गोष्ठीमा सहभागी वडा | गोष्ठी गरिएको ठाउँ | गोष्ठीको अध्यक्षता | गोष्ठीमा सहभागी सख्या |
|---|---|---|---|---|---|
| १ | २०७५/४/२४ | १ र २ | वडा नं.२ कार्यालय | राजेन्द्र खड्का वडा नं.२ अध्यक्ष | २६ जना |
| २ | २०७५/४/२४ | १३ | वडा नं.१३ कार्यालय | श्रीकृष्ण श्रेष्ठ वडा नं. १३ अध्यक्षता | २२ जना |
| ३ | २०७५/४/२६ | ३, ४, ५ | वडा नं. ३ कार्यालय | बालकृष्णश्रेष्ठ वडा नं. ३ अध्यक्षता | २७ जना |
| ४ | २०७५/४/२७ | ६, ७ | वडा नं. ७ कार्यालय | वंशनारायण महर्जन वडा नं. ७ अध्यक्षता | ३१ जना |
| ५ | २०७५/४/२८ | ८, ९ | वडा नं. ८ कार्यालय | सुमन तामाङ वडा नं. ८ अध्यक्षता | १३ जना |
| ६ | २०७५/४/२९ | १०, ११ र १२ | वडा नं. १० कार्यालय | नवराज भट्टराई वडा नं. १० अध्यक्षता | ३७ जना |

लुम्बिनी सामाजिक विकास केन्द्रको गुरुयोजना निर्माण टोलीले नगरपालिकाको सहयोगमा सन्दर्भ सामग्रीहरूको संकलन गरी तिनको विस्तृत अध्ययन गऱ्यो । सन्दर्भ सामग्रीहरूमा नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५), पर्यटन सम्बन्धी अन्य किताब, साविकका गाविसका वस्तुगत विवरण, जनगणना वि.स.२०६८, पञ्चवर्षीय योजना, भू-उपग्रहीय चित्र (Satellite image) टोपोसिट म्याप तथा अन्य सूचनाहरू पर्दछन् । संकलित भू-उपग्रहीय चित्र तथा नक्साहरूको उपयोग गरी भू-सूचना प्रणाली (Geographical Information System) (GIS), Geographic positioning system (GPS) प्रविधिमार्फत धार्मिक, ऐतिहासिक सम्पदाहरू, पदमार्ग, जंगल सफारी लगायतको नक्सांकन तथा विश्लेषण गरिएको थियो । यसरी तयार गरिएको नक्सा तथा सूचनाहरूको (GIS) विज्ञ टोलीले स्थलगत प्रमाणीकरण गरेको थियो ।

सामग्रीहरूको अध्ययन विश्लेषण पश्चात स्थानीय स्तरमा सबै वडामा परामर्श तथा अध्ययनका लागि प्रश्नावली, योजनाका लागि खाका तयार गरी योजनाको तथ्यांक संकलन गर्ने कार्य गरियो । वडा स्तरबाट प्राप्त योजना साथै अनुभव समेतको आधारमा नगरपालिका स्तरमा सरोकारवालाहरूसँग अन्तरक्रियात्मक गोष्ठी मार्फत मस्यौदा प्रतिवेदन र गुरुयोजना निर्माणको विधिबारे सुझाव संकलन गरिएको थियो । पर्यटकीय दृष्टिले नगरपालिकाका १३ वटा वडामा रहेका धार्मिक ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक महत्त्व बोकेका स्थानहरूको स्थलगत अध्ययन त्यस क्षेत्रका बासिन्दहरू, पाका मानिसहरू (महिला, दलित, आदिबासी र सीमान्तकृत) समुदायहरू लगायत महत्त्वपूर्ण स्थानहरूमा एकल अन्तर्वार्ता तथा समूहगत छलफलहरू सञ्चालन गरी व्यापक सूचना संकलन गरिएको थियो । त्यसैगरी १३ वटै वडामा रहेका सरकारी, गैरसरकारी, सहकारी, होमस्टे सञ्चालक (कपन) पर्यटक प्रवर्द्धक संस्था, जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू समेतले छलफलका माध्यमबाट सुझाव दिएका थिए । त्यस्तै मिति २०७५ साल मंसिर २५ गते वडा नं. ८ को कार्यालयमा नगरपालिका स्तरीय दीर्घकालीन, दूरदृष्टि कार्यशाला गोष्ठीमा विज्ञहरूबाट सहजीकरण भई दूरदृष्टि (Vision) **समृद्ध नगरको आधार दिगो पर्यटन र पूर्वाधार**लाई अन्तिमरूप दिइएको थियो । यसरी प्राप्त सुझाव र गुरुयोजना टोलीका विषय विज्ञहरूले गरेका विश्लेषणका नतिजाको आधारमा गुरुयोजनाको पाँचवर्षे विस्तृत कार्ययोजना र १० वर्षे दीर्घकालीन रणनीतिक मार्गचित्र तथा कार्यक्रमहरू निर्धारण गरी अन्तिम तयारी गरिएको छ । यसरी गुरुयोजना सुझाव संकलन गर्न नगरपालिका स्तरमा सरोकारवालाहरूसँग पटक पटक गोष्ठी भएको थियो । जसमा उपस्थित महानुभावहरूको संख्या अनुसूचिमा राखिएको छ । वडा स्तरमा १३ वटै वडामा गोष्ठी गरिएको थियो । पर्यटन गुरुयोजना निर्माण गर्न अपनाइएको प्रक्रियाको रूपरेखा चित्र नं.४.१ मा प्रस्तुत गरिएको छ ।

चित्र नं.४.२  गुरुयोजना निर्माण गर्न अपनाइएको प्रक्रिया



**तालिका नं.४.२ दृष्टिकोण र पद्धति (Approach and methodology)**

नगरपालिकाको पर्यटन गुरुयोजना पर्यटन विकास, संस्थागत रूपरेखा प्रदान गर्ने एक दूरदृष्टि दस्तावेज हो । यसले नगरको (Road Map) तयार गर्दछ र पर्यटन विकासको लागि अनुकूल वातावरण निर्माण गर्न मद्दत गर्छ। यसले पर्यटन सम्बन्धी पूर्वाधार र सेवासुविधा साथै सरकारी, गैरसरकारी संस्थाहरूको संलग्नताका निम्ति आधार पनि प्रदान गर्नेछ।

| नगरपालिकाको पर्यटन गुरुयोजना | | |
|---|---|---|
| **पहिलो तह :**<br>स्थिति विश्लेषण | **दोस्रो तह :**<br>सरोकारवालाहरूसँग परामर्श | **तेस्रो तह :**<br>पर्यटन कार्ययोजना र प्रस्तावहरू |
| **मुख्य कार्य :**<br>विद्यमान पर्यटन अवस्थाको अध्ययन | **मुख्य कार्य :**<br>विभिन्न सरोकारवालाहरू, समूहहरूसँगको परामर्श | **मुख्य कार्य :**<br>पर्यटनका विस्तृत कार्ययोजना र प्रस्तावहरू |
| **सहायक कार्यहरू :**<br>● तथ्याङ्क संकलन र वडाका पर्यटक स्थलहरूको भ्रमण।<br>● गुरुयोजना र रणनीतिहरूको पुनः विश्लेषण गर्ने।<br>● सफल पर्यटनहरूको प्रतिवेदन सम्बन्धी अध्ययन।<br>● पर्यटनको माग र पूर्ति सम्बन्धी अध्ययन।<br>● पर्यटन सेवा पूर्वाधार मूल्यांकन अध्ययन। | **सहायक कार्यहरू :**<br>● नगरपालिकाको पर्यटन गुरुयोजनामा विभिन्न सरोकारवालाहरूसँग समूहगत छलफल<br>● आन्तरिक र बाहृय पर्यटन सगँ छलफल<br>● सरकारी र गैरसरकारी संस्थाहरूसँग परामर्श<br>● वडा स्तरीय सरोकारवालाहरूसँग छलफल | **सहायक कार्यहरू :**<br>● पर्यटन विकासका लागि निजी क्षेत्रलाई पर्याप्त लगानी योजनाहरू तयार<br>● पर्यटन क्षेत्रलाई दिगो आय आर्जनका रूपमा तयार बूढानीलकण्ठ क्षेत्रको पर्यटन नक्सा (Tourist map) बनाई प्रचार प्रसार रणनीति तयार<br>● बूढानीलकण्ठ नगरपालिकालाई विश्व स्तरीय पर्यटन गन्तव्य बनाउने। |

## ४.५ गुरुयोजना तयारी विधि (पुस्ट्याइँ सहित) (Preparation process of tourism masterplan)

गुरुयोजना तयारीको क्रममा के-कस्ता विधि र साधनहरूको प्रयोग गरियो, त्यसैलाई अध्ययनमा उल्लेख गरिएको छ। गुरुयोजना तयारीका विधिहरू निम्नानुसार रहेका छन्।

### ४.५.१ तथ्यांक स्रोत (Statistical sources)

गुरुयोजना निर्माणका लागि आवश्यक पर्ने तथ्य, तथ्यांक र सूचना प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको छ। नगरपालिकासम्बन्धी सामग्रीहरू, नीति, केन्द्र र क्षेत्रीय स्तरका योजना एवं कार्यक्रम सम्बन्धी जानकारी र जिल्ला तथा नगर स्तरीय कार्यक्रमहरू बारे जानकारी प्रकाशित प्रतिवेदन, कार्यालय अभिलेखबाट संकलन गरिएको छ। स्थलगत सर्वेक्षण, महत्त्वपूर्ण प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरूको पहिचान तथा स्थानीय महत्त्वका सूचनाहरू प्राथमिक स्रोतबाट संकलन गएिको छ।

### ४.५.२ स्थलगत अध्ययन (Field study)

डेस्क समीक्षाका क्रममा नगरपालिका र परामर्शदाता बिचको छलफलपछि बूढानीलकण्ठ नगरपालिकामा उपलब्ध प्राकृतिक, सांस्कृतिक, सामाजिक, धार्मिक ऐतिहासिक स्थलहरूको अवस्थिति, अवस्था र सम्भावनाको लेखाजोखा गर्न स्थलगत सर्वेक्षण गरीएको थियो। यसरी गरिने स्थलगत सर्वेक्षण वा अध्ययनका बहु विषयक

विज्ञ टोलीको सहभागिता रहेको थियो। स्थान पहिचानको किटान (Setellite Image) को माध्यमबाट गरिएको थियो। स्थान पहिचान पछि सबै पक्षको नक्सांकन निर्माण गरिएको छ। पहिचान गरीएका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरूको संरक्षण, विकास, व्यवस्थापन र प्रचारप्रसार गर्ने विधि प्रक्रिया एवं कार्यक्रमबारे सम्बन्धित क्षेत्रका सरोकारवालाहरूसँग सामूहिक छलफल गरिएको थियो। स्थानीय तहका सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा पर्यटन गुरुयोजना तयार गरिएको छ । बूढानीलकण्ठ नगरपालिका क्षेत्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक ऐतिहासिक स्थलहरूको पहिचान तिनीहरूको महत्त्व, विकास गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, प्रचार प्रसार, जनचेतना विकास, संरक्षण तथा पर्यटन व्यवसायबाट सृजना गर्न सकिने उद्यम व्यवसाय, रोजगारका अवसर आदि सम्बन्धी जानकारी स्थलगत अध्ययनको क्रममा गरिने अवलोकन ९क्भतर्भाष्तिभ ाबनभ० व्याख्या र छलफलबबाट संकलन गरिएको छ।

## ४.५.३ तथ्यांक विश्लेषण (Statistical analysis)

संकलित तथ्यांकको प्रशोधन तालिकीकरण र क्रस चेकबाट तथ्यांक विश्लेषण गरिएको छ। विश्लेषित तथ्यांकबाट आवश्यक संख्यात्मक चित्र तथा नक्सा निर्माण गरिएको छ। गुरुयोजना निर्माणको क्रममा संकलन र विश्लेषण गरिएका तथ्य – त्थ्याङ्क तथा जानकारी निर्देशिका र सुझाव समेटेर बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिएको छ।

## ४.५.४ डेस्क समीक्षा (Desk study)

नगरपालिकाको पर्यटन गुरुयोजना निर्माणका सैद्धान्तिक पक्ष, सवैधानिक प्रावधान, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५, चौधौँ त्रिवर्षीय योजना, जिल्ला समन्वय समिति काठमाडौंको वार्षिक योजना, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको प्रतिवेदन र बूढानीलकण्ठ नगरपालिकाको वार्षिक योजनाबाट आवश्यक सूचना संकलन गरी गुरुयोजना निर्माण प्रक्रिया तय गरिएको छ।

## ४.५.५ नगरस्तीय अन्तरक्रिया कार्यक्रम (Municipal level interaction programs)

गुरुयोजना निमार्णको चरणमा डेस्क समीक्षा र स्थलगत अध्ययनबाट प्राप्त जानकारी स्थानीय सरोकारवालाहरूबाट पर्यटन गुरुयोजना तर्जुमाका लागि प्राप्त सुझाव नगरस्तरीय अन्तक्रिया कार्यक्रममा प्रस्तुत गरिएको थियो। पर्यटन गुरुयोजना निर्माणको आधार, विधि, प्रक्रिया एवं प्राप्त प्राथमिक, द्वितीय सूचना बारे जानकारी सहित गुरुयोजनाको मस्यौदा प्रस्तुत गरी आवश्यक थप सूचना तथा सुझाव संकलन गरिएको छ।

## ४.५.६ जनसहभागितामा आधारित (Public participations)

स्थानीयबासीको प्रत्यक्ष जनसहभागितामा आधारित पद्धति कुनै स्थानीय योजना निर्माणको उपयुक्त पद्धति हो। आफुआफु मिलेर आफ्नो आवश्यकता अनुसार आफैँले आफ्ना लागि गरेर परजीवी बन्नु नपर्ने पद्धति अनुरूप योजना छनोटदेखि कार्यान्वयनसम्म गुणस्तरीय सेवा सञ्चालन हुने भएकाले यहाँ पनि जनसहभागितामा आधारित पद्धतिलाई अपनाइएको छ।

## ४.५.७ तलबाट माथि उठ्ने (Bottom – up approach)

यो पद्धति विद्यमान पद्धतिको ठीक उल्टो शीत ओभाएर घैला भर्ने सिद्धान्तमा आधारित छ। यसमा स-साना कुरा, स्रोत साधन र आवश्यकताका आधारमा सम्पूर्ण जनतालाई सहभागि गराएर तथा गरेर सिक्ने पद्धतिमा सीप विकास गरेर अनि त्यस्तै गरि स्थानीयहरूसँग छलफल गरेर, स्थानीयको चाहना, आवश्यकताबारे जनतासँगै बसेर छनोट र निर्णय गर्ने पद्धतिलाई अंगालिएको छ।

### ४.५.८ नक्सा निर्माण (Map making)

पर्यटन गुरुयोजनाको क्षेत्र र गन्तव्य स्थलको अवस्थिति प्रभाव क्षेत्र, एवं वडागत रूपमा जनसंख्या तथा वनजंगलको अवस्था, वडागत रूपमा धार्मिक स्थलहरू, सुरक्षाको अवस्था, पदमार्गको अवस्था, विपत जोखिम न्यूनीकरणको अवस्था (खुल्ला स्थानहरूको विवरण), समेटी (GIS) बाट नक्सा निर्माण गरिएको छ।

### ४.५.९ पर्यटन गुरुयोजना मस्यौदा तयारी (Tourism masterplan draft preparation)

प्रकाशित सामग्री एवं अभिलेखबाट प्राप्त जानकारी तथा स्थलगत अध्ययनबाट जानकारीका आधारमा, नक्सा निर्माणपछि नगरपालिकाको पर्यटन गुरुयोजनाको प्रारम्भिक मस्यौदा तयार गरी नगरपालिकामा पेस गरिएको थियो।

### ४.५.१० पर्यटन गुरुयोजनाको अन्तिम तयारी (Final preparation of tourism master plan)

नगरपालिकाको पर्यटन गुरुयोजना विवरणको मस्यौदामाथि प्राप्त सुझाव समेटेर अन्तिम दस्तावेज तयार गरी कार्यान्वयनका लागि नगरपालिकाको कार्यालयमा पेस गरिएको छ।

**चित्र नं.४.३ पर्यटन गुरुयोजना गन्तव्य, रणनीतिक आधार, दृष्टिकोण र योजना**




स्रोतः पर्यटन गुरुयोजना निर्माण टोली

### ४.५.११ विधि (सारांश) (Methodology summary)

- विभिन्न दस्तावेजहरूको अध्ययन/पुनरावलोकन
- नगरका विभिन्न क्षेत्रको स्थलगत अध्ययन भ्रमण, अवलोकन
- सरोकारवालाहरूसँग विभिन्न तहमा कार्यशाला गोष्ठी
- ब्रान्डिङसम्बन्धी सरोकारवालाहरूसँग विशेष परामर्श
- विभिन्न सरोकारवाला तथा विशेष अनुभवी व्यक्तिहरूसँग छलफल
- प्रमुख पर्यटकीय स्थलहरूको भ्रमणमा आएका केही विदेशी तथा स्वदेशी पर्यटकहरूसँग अन्तर्वार्ता
- नेपालमा भ्रमण सञ्चालन गर्ने प्रमुख बजारका टुरअपरेटरहरूसँग छलफल
- पर्यटन सम्बन्धी सूचना तथा प्रमुख सूचकहरूको गणना, तथ्य अद्यावधिक एवं सूचना प्रविधिका विभिन्न माध्यमबाट नगरका मुख्य मुख्य पर्यटक गन्तव्यस्थलहरूको पहिचान
- वडा स्तरीय छलफल (साविक गाविस अनुसार) छलफल गोष्ठी आयोजना
- GIS तथा Google को माध्ययबाट नगरभित्र रहेका पर्यटकीय क्षेत्रहरूको नक्सांकन
- समुदाय स्तरको छलफल र नक्सांकनपछि नगरपालिकामा पर्यटन प्रवर्द्धन सम्बन्धी दीर्घकालीन सोचको लागि कार्यशालाको आयोजना
- पर्यटन प्रवर्द्धनसँग सम्बन्धित विभिन्न संस्थाहरू
- विश्व सम्पदासूचीमा नेपालका सम्पदाहरू
- कार्यशाला गोष्ठीमा संकलन गरिएका सूचनाहरूलाई विषयगत उपसमितिमा छलफल गरी प्राप्त सुझावका आधारमा गुरुयोजनाको ब्रान्ड निर्माण
- कार्यशाला गोष्ठीबाट प्राप्त भएका सुझाव र निर्देशन बमोजिम गुरुयोजनाको ड्राफ्ट तयार
- पर्यटन पूर्वाधारका लागि आवश्यक पर्ने निर्माण कार्यहरूको डिजाइन तयार
- गुरुयोजनाको लक्ष्य, उद्देश्य सहित ५ वर्षभित्र गरिने क्रियाकलापहरू तयार गरी अन्तिम प्रतिवेदन नगरमा पेस
- विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरूको समावेशन
- राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेशन
- भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याइँका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तुको समावेशन

## ४.६ पर्यटन गुरुयोजनाको संरचना (Format of tourism masterplan)

५ वर्षको (Detail action plan) र १० वर्षको दीर्घकालीन दृष्टिकोण अवधिको यो गुरुयोजनामा पहिलो ५ वर्षका लागि अर्ध विस्तृत (Semi defail) कार्ययोजना र सोही आधारमा १०, १५ र २५ वर्षका लागि पर्यटन प्रक्षेपित लक्ष्य समावेश गरिएको छ। यस गुरुयोजनाको लक्ष्य बूढानीलकण्ठ नगरपालिकाको धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटन प्रवर्द्धन, संरक्षण तथा व्यवस्थापनको समष्टिगत विम्ब समेटिएको छ। यसमा वस्तु स्थिति विश्लेषण र योजना समेटिएको छ। वस्तु स्थिति विश्लेषणमा समावेश गरिएको तथ्यांकहरू पर्यटन गुरुयोजना कार्यान्वयनका सिलसिलामा र कार्यान्वयन पश्चात् उपलब्धि मूल्यांकन गर्ने अवस्थामा आधारभूत सूचनाको रूपमा उपयोग गर्न सकिन्छ। गुरुयोजनाको ५ वर्षमा कार्यान्वयन गरिने विभिन्न ६ वटा शीर्षकमा रहेर प्रवर्द्धन, विकास, संरक्षण, अनुसन्धान, प्रचारप्रसार, आय आर्जन, संस्थागत संरचना, नीतिगत योजनाहरू समावेश गरिएको छ। यी योजनाहरूलाई प्राथमिकता नं. १ र प्राथमिकता नं. २ मा विभाजन गरिएको छ। दोस्रो १० वर्षमा दीर्घकालीन योजनाहरू समावेश गरिएको छ।

## ४.७ गुरु योजनाको परिधि (Scope) तथा सीमितता (Limitation)

पर्यटन गुरुयोजना निर्माणपूर्व तयार पारिएको कार्यसूची (Terms of reference) र बूढानीलकण्ठ नगरपालिकाका पदाधिकारी र विज्ञ समूहबीच पटक पटक भएका छलफल समेतको आधार र परिधिभित्र रही यो पर्यटन गुरुयोजना तयार पारिएको छ।

नेपालको संविधान २०७२, पर्यटन नीति २०६५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र नेपालको राष्ट्रिय पर्यटन रणनीति २०१६–२०२५ योजनालाई पर्यटकीय दृष्टिले परिपूरण गरी गुरुयोजना निर्माण गरिएको छ। नगरमा रहेका पर्यटकीय सम्पदाहरू पर्यटकीय दृष्टिले विकास र प्रवर्द्धनका विभिन्न क्रियाकलापहरूमा पर्यटनप्रति र वातावरणीय पक्षप्रति संवेदनशील भई विकास र वातावरणलाई सन्तुलित ढंगबाट अगाडि बढाउनको लागि पर्यटन क्षेत्रमा वातावरणीय पक्षको मूल प्रवाहीकरणलाई यो गुरुयोजनाले प्रोत्साहन गर्दछ। यो गुरुयोजनामा समावेश गरिएका तथ्यांकहरू विभिन्न स्रोतबाट संकलन गरिएको र संकलित तथ्यांकहरू पर्याप्त नहुँदा बूढानीलकण्ठ मन्दिरमा कति स्वदेशी र विदेशी पर्यटक आएको अभिलेख नराख्दा, कतिपय अवस्थामा फरक वर्षका रहेका हुँदा विश्लेषणमा केही फरकपन देखिन सक्छ। त्यस्ता सूचना तथा तथ्यांकहरू आवधिक योजना कार्यान्वयनका लागि उपयुक्त भए पनि विस्तृत अध्ययन अनुसन्धानका लागि स्थलगत रूपमा गहिरो अध्ययन आवश्यक छ। यो पर्यटन गुरुयोजनामा समावेश गरिएका कार्यक्रमहरू बूढानीलकण्ठ नगरपालिकालाई केन्द्रविन्दुमा राखेर सञ्चालन गरिने छन्। धार्मिक, ऐतिहासिक, वातारण तथा जैविक विविधता संरक्षणको मूलथलो संरक्षित क्षेत्र (शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज/मध्यवर्ती क्षेत्र) भएकाले त्यहाँ सञ्चालन हुने लक्षित कार्यक्रमहरू निर्धारण गरिएको छ।

पर्यटन उद्योग अन्य उद्योग भन्दा कान्छो र धुवाँरहित उद्योग हो। वर्तमान परिप्रेक्षमा यो उद्योग विश्वव्यापी बन्दै गइरहेको छ। अन्य उद्योग व्यावसाय भन्दा यो व्यवसाय परोक्ष रूपमा मानिससँग अन्तरसम्बन्धित छ किनभने यसबाट प्राप्त हुने आनन्दको सीमा निर्धारण पनि असम्भव नै देखिन्छ। धनी, गरिब जस्तोसुकै परिस्थितिको मानिस पनि आफ्नो गच्छे अनुसार यात्रामा निस्कन्छ। केबल उनीहरूको यात्रा अवधि, पटक, आर्थिक कारोवार र इच्छा चाहनामा भने तलमाथि पर्न सक्छ।

२१ औँ शताब्दीका मानव सभ्यता अत्याधुनिक प्रविधिले युक्त छ। यस युगको नेतृत्व शिक्षित वर्गलाई शिक्षित वर्गद्वारा गरिएको छ। यसै युगमा मानिस अन्तरिक्षमा पर्यटन गर्ने, अन्तरिक्षमा आफ्नो चन्द्रमा स्थापना गर्ने, अन्तरिक्ष यात्राको लागि अग्रिम टिकट बुकिङसम्मको गतिविधि तय गरेको समुदायको पर्यटकीय दायरा बृहत् बनेको छ। चन्द्रलोक, मंगललोक आदि स्थानको सफल अन्वेषण पश्चात् चन्द्रलोकको यात्रा सम्पन्न भएको र निकट भविष्यमा मंगलको यात्रा समेत सफल पार्न वर्तमान वैज्ञानिक समुदाय लागि परेको छ। यस परिप्रेक्ष्यमा विकसित देशहरूले आफ्नो पर्यटन उद्योगलाई समय सापेक्ष परिमार्जन तथा विस्तृतीकरण गर्दैछन्। हाम्रो जस्तो विकासोन्मुख मुलुकहरू बल्ल उक्त व्यवसायको सम्भाव्यता अध्ययनतिर लागेका छौँ। यसै व्यवसायद्वारा नै मुलुक समृद्ध बन्छ भन्ने दिशामा हाम्रा आँखा उघ्रँदैछन्। विकसित देशका पर्यटकहरू विकासोन्मुख देशका शिक्षा, संस्कृति, कला, चाडपर्व, मूल्य मान्यता आदिको अध्ययनार्थ बढी आकर्षित हुने गरेका छन्।

पर्यटन आफैँमा आनन्द र मनोरञ्जनको विषय बनेको छ। यसको सीमांकन गर्न मुस्किल पर्छ। जुनसुकै स्थान र समयमा पर्यटकीय आकर्षण पैदा गर्ने गराउने खालका उत्पादन र व्यवस्थापन गरी पर्यटक भित्राउन सकिन्छ। जल, आकाश, पृथ्वी, परम्परा, संस्कृति, कला लगायत पर्यावरणीय सम्पदाको संरक्षण र संवर्द्धन पर्यटनका क्षेत्राधिकार बन्दछन्। त्यसैले पर्यटनको सम्भाव्यता वा विकासका लागि मुख्यतया सुगम, सर्वसुविधा सम्पन्न आवास Accmodation र उपयुक्त हावापानी Pleasing Weather पनि अत्यावश्यक अवयव हुन्। पर्यटन व्यवसायलाई बढावा दिनका लागि कतिपय देशमा कृत्रिम वातावरण निर्माण गरेर पनि पर्यटन व्यवसायलाई थप टेवा पुर्‍याउने प्रयास गरिएको पाइन्छ।

## ४.८ पर्यटनको वर्गीकरण (Classification of tourism)

पर्यटकहरू विभिन्न उद्देश्य लिएर पर्यटनमा निस्किएका हुन्छन् । कुनै पर्यटक बिदाको सदुपयोग गर्ने उद्देश्यले पर्यटनमा निस्किएका हुन्छन् भने कुनै मनोरञ्जन वा आनन्द प्राप्तिको लागि पर्यटनमा सरिक हुन्छन् । कोही ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक खोज र अनुसन्धानका लागि निस्कन्छन् । पर्यटकहरू विभिन्न स्वभाव, इच्छा, रुचि र चाहनाबाट निर्देशित हुन्छन् । त्यसैले पर्यटन व्यवसायीले तदनुरूपको पर्यटकीय व्यवस्था मिलाउनुपर्ने हुन्छ किनकि पर्यटकको स्वभाव, इच्छा, रुचि र चाहाना पूरा गरिदिनुमा नै व्यवसायीको सर्वोपरी हित हुन्छ ।

पर्यटक, पर्यटन व्यवसायी र स्थानीय जनता सचेत शिक्षित भएको खण्डमा परम्परागत रूपमा चलिआएको पर्यटन व्यवसायलाई केही परिवर्तन गरी वैकल्पिक पर्यटनको धारणालाई अगाडि बढाउँदै पर्यटन र वातावरणलाई दिगो तुल्याउन सकिन्छ । यस सन्दर्भमा पर्यटनका विविध प्रकारलाई पनि ध्यान दिनु पर्ने हुन्छ । सामान्यतया प्रचलनमा रहे अनुरूप पर्यटनलाई निम्न किसिमले वर्गीकरण गरिएको पाइन्छ ।

धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्यापर्यटन, जल, जंगल पर्यटन, सहरी पर्यटन साहसिक पर्यटन, खेलकुद पर्यटन, समूह पर्यटन, दिगो पर्यटन, पर्वतारोहण, दृश्यावलोकन पर्यटन, गुणस्तरीय पर्यटन, नियन्त्रित पर्यटन, चल्तीको पर्यटन, मनोरञ्जन पर्यटन, चलचित्र तथा कथा निर्माणका लागि पर्यटन, प्राकृतिक र मानवनिर्मित पर्यटन, राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन, स्वास्थ्यको दृष्टिले गरिने पर्यटन, सभा सम्मेलन पर्यटन, व्यापार तथा प्रविधि पर्यटन, शैक्षिक वा अनुसन्धानमूलक पर्यटन, प्रवर्तक पर्यटन आदि ।

## ४.९ पर्यटन क्षेत्रका प्रभावहरू (Effects of tourism sector)

१. आर्थिक प्रभाव : रोजगारीको अवसर, व्यक्तिहरूको आयस्तरमा वृद्धि, राष्ट्रिय गार्हस्थ उत्पादनमा वृद्धि, अन्तर्राष्ट्रिय मुद्रा आर्जन ।
२. सामाजिक प्रभाव : बाह्य सभ्यता र संस्कृतिको आगमन र त्यसबाट सिक्ने अवसर, विश्व भाइचारा सम्बन्धमा वृद्धि, परम्परागत मान्यतामा सुधार र अन्धविश्वासको अन्त्य, सामाजिक संरचनामा परिवर्तनको आधार
३. सांस्कृतिक प्रभाव
४. वातावरणीय प्रभाव
५. पर्यावरणीय र जैविक विविधतामा प्रभाव
६. स्थानीय कृषि उत्पादकत्वमा वृद्धि
७. स्थानीय जनताको चेतनास्तरमा वृद्धि

## ४.१० नगरमा पर्यटन प्रवर्द्धनका भौगोलिक तथा सांस्कृतिक आधार (Geographical and cultural bases of municipal tourism promotion)

- भू-बनोट, भू-आकृति, भू-दृश्य, हावापानी, पारिस्थतिक प्रणाली
- प्राकृतिक सम्पदा, परम्परागत प्रयोग विधि, सम्पदा संरक्षण अभ्यास र जैविक विविधता
- ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरू
- धार्मिक स्थलहरू
- सांस्कृतिक परम्परा, मान्यता एवं मूल्यको विविधता, सहिष्णुता, विभिन्न जाति प्रजातिको बासस्थान

## ४.११ मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles)

संसारमा कहीँ नभएको एउटै सिलाबाट निर्मित विसाल बूढानीलकण्ठ हरिहरस्वरूप त्यस्तै संसारकै सबै भन्दा राजधानीबाट नजिक पर्ने एकमात्र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पनि यहि बूढानीलकण्ठ नगरपालिकामा पर्ने र

नेपालमा सबै भन्दा धेरै गुम्बाहरू भएको बूढानीलकण्ठ नगरपालिका पर्दछ। यस अर्थमा पनि यस नगरमा अवलम्बन गरिने पर्यटनको दिगो विकास र व्यवस्थापनबाट समग्र नगरबासीले  उपयुक्त लाभ हासिल गर्न सक्ने देखिन्छ। यहाँ उपलब्ध प्राकृतिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक र वातावरणीय स्रोतहरूको संरक्षण र प्रबर्द्धनप्रति विशेष जोड दिँदै यसबाट हुने बृहत्तर फाइदालाई स्थानीय समुदायमा प्रवाह गर्नका लागि समग्र नगरको पर्यटन विकास प्रक्रिया निम्न बमोजिमका मुलभूत मार्गदर्शक सिद्धान्तद्वारा निर्देशित गरिएको पर्यटन विकास र प्रवर्द्धन, साझेदारी र सहभागिताको अभ्यास, क्षमता अभिवृद्धि एवं जीवनस्तरमा सुधार जस्ता ६ वटा मार्गदर्शक सिद्धान्तको आधारमा पर्यटन गुरुयोजनामा समावेश कार्यक्रमहरू :

१. ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू
२. प्राकृतिक, जैविक विविधतायुक्त पर्यटकीय स्थलहरूको अध्ययन–अनुसन्धान
३. पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता
४. पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ
५. प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण र ब्रान्डिङ
६. कानुन, सुरक्षा र संस्थागत सुधार

# अध्याय ५

## पर्यटन गुरुयोजनाका दूरदृष्टि, ध्येय, मूल्य, लक्ष्य, उद्देश्य, नीति, कार्यनीति र रणनीति (Vision, Mission, Goal and Objectives)

## ५.१ दीर्घकालीन सोच (Vision)

बूढानीलकण्ठ नगरपालिकाधार्मिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक, ऐतिहासिक सम्पदाहरूको सम्मिश्रण सहितको अनुभवकालागि विश्वकै एउटा अद्बितीय पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको नगरपालिका हो । पर्यटकको संख्या बढाउन **बूढानीलकण्ठ मन्दिर, गुम्बा र शिवपुरीलाई** पर्यटकीय स्थलका रूपमा विकास गरी पर्यटन ब्रान्ड स्थापित गरेको छ । बाह्य तथा आन्तरिक, धार्मिक, पर्यापर्यटकीय, अन्वेषक पर्यटकको बसाइलाई ध्यान दिँदै नगरवासीको आयआर्जन, रोजगारका अवसर बृद्धि एवं गुणस्तरीय मानव जीवनको सुनिश्चतता गर्न र **नगरले अंगीकार गरेको समृद्ध नगरपालिका सुखी नगरवासीको** आधारशिला निर्माण गर्न 'नगरपालिकाको पर्यटन दीर्घकालीन दृष्टिकोण' तपसिल अनुसार रहेको छ।

दीर्घकालीन सोच (Vision) **समृद्ध नगरको आधार, दिगो पर्यटन र पूर्वाधार**

## ५.२ ध्येय (Mission)

धार्मिक, सांस्कृतिक,प्राकृतिक सम्पदाहरूलाई मुख्य केन्द्रमा राखी नगरको पर्यटन गुरुयोजना तयारी गर्दा mission लाई एकमहत्त्वपूर्ण कार्यको रूपमा लिएको छ। नगरको मिसन भनेको पर्यटन पूर्वाधारको विकास, प्रवर्द्धन र पर्यटनको वृद्धि गर्नु रहेको छ । यसले आर्थिक विकासमायोगदान पुर्‍याउँछ । पर्यटन गुरुयोजनाको माध्यमले दीर्घकालीन रूपमा अर्थव्यवस्था बढ्दै जानेछ। त्यस्तै गरी रोजगार सिर्जना गरी व्यावसायिक गुणस्तर सेवा प्रदान गर्नु यस पर्यटन गुरुयोजनाको  मिसन तपसिल अनुसार रहेको छ।

१. धार्मिक, साँस्कृतिक, प्राकृतिक स्थल एवंम परम्पराको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन उद्योग मार्फत नगरलाई समृद्ध बनाउने ।
२. नगरमा पर्यटकको संख्यामा वृद्धि गर्नु ।
३. पर्यटकको संख्यामा वृद्धि गर्न धार्मिक, सांस्कृतिक, प्राकृतिक क्षेत्रलाई मुख्य आकर्षणको केन्द्रको रूपमा विकास गरिने ।
४. पर्यटकहरू गुणस्तरीय सेवाको अनुभव गरेका हुने ।
५. सार्वजनिक, निजी, सामुदायिक (सानिसा) मोडेलमा समन्वय हुने ।
६. पर्यटकहरू खुसि भई वसाइ अवधि र खर्च बृद्धि गर्नु ।

## ५.३ मूल्य (Values)

**बूढानीलकण्ठको पर्यटन उद्योगलाई यी मूल्यका आधारमा थप निर्देशित गरिएको छ।**

१. विश्वास
२. कानुनको सर्वोच्चता कायम
३. परिर्वतन
४. निष्ठावान, जवाफदेही र पारदर्शिता
५. सहयोग र समन्वय
६. आगन्तुकको आदर तथा स्वागत, सत्कार
७. लचिलोपन तथा परिवर्तनलाई आत्मसात गर्न सक्ने

## ५.४ लक्ष्य (Goal)

१. बूढानीलकण्ठ नगरपालिकाका धार्मिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक र ऐतिहासिकसम्पदाहरूको संरक्षण, प्रवर्द्धनका साथै पर्यटन पूर्वाधारहरू विकास गरी नगरवासीको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ।
२. वार्षिक २ लाख आन्तरिक र वाह्य पर्यटक बूढानीलकण्ठको मन्दिर, शिवपुरी र अन्य पर्यटकीय स्थलहरूमा पुऱ्याउने ।
३. बूढानीलकण्ठ पर्यटन वर्ष वि.सं.२०८० मा करिब १० लाख आन्तरिक र वाह्य पर्यटक नगरमा भित्र्याउने।
४. पर्यटन क्षेत्रबाट कम्तीमा १० हजार परिवारले प्रत्यक्ष अप्रत्यक्ष रूपमा रोजगारी तथा आर्थिक अवसरहरू प्राप्त गर्ने।
५. वि.सं.२०८५ सम्म नगरमा कम्तीमा २० लाख आन्तरिक र वाह्य पर्यटक पुऱ्याउने।
६. वि.सं.२१०० सम्म नगरमा कम्तीमा ५० लाख आन्तरिक र वाह्य पर्यटक पुऱ्याउने।

## ५.५ उद्देश्यहरू (Objectives)

### पर्यटन गुरुयोजना तर्जुमाको उद्देश्य

यस नगरपालिकाको गुरुयोजना पर्यटनको विकास एवं व्यवस्थापन गर्ने ध्येयले बनाइएको छ। पर्यटनका सम्भावित सबै आयामहरूलाई समेटेर तर्जुमा गरिएको यस योजनालाई 'बूढानीलकण्ठ नगरको पर्यटन गुरुयोजना' नामकरण गरिएको छ। नगरभित्रका पर्यटकीय स्रोतहरूको खोज, पहिचान, विकास, संरक्षण अनि प्रवर्द्धन गर्दै स्थानीय समुदायमा पर्यटन सम्बद्ध उद्यमशीलताको विकास गर्नु यसको मूल उद्देश्य रहेको छ। नगरमा पर्यटन गतिविधिलाई व्यवस्थित गरी स्थानीय समुदायका युवायुवती तथा पिछडिएका वर्गको जीविकोपार्जनमा अवसर दिने गरी नगरको दिगो पर्यटन विकासका लागि योजना तर्जुमा गरिएको छ।

यस गुरुयोजनाले नगरका पर्यटकीय सम्पदा तथा अन्य सम्पदाको संरक्षण र विकाससँग सम्बन्धित भई पर्यटन विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस नगरका पदमार्ग, साहसिक यात्रास्थल, प्रस्तावित पिकनिकस्थल तथा विभिन्न खेल मैदान, वाटर पार्कस्थललाई योजनाबद्ध विकास अवधारणाका आधारमा अझै विकसित गर्दै लैजाने आशा गरिएको छ। उल्लेखित दीर्घकालीन सोचका साथ लक्ष्य प्राप्तिका लागि बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना (२०७५-०८०) का लागि अपेक्षित प्रतिफल प्राप्त गर्न निम्नानुसार उद्देश्यहरू उल्लेख गरिएकोछ।

१. पर्यटन विकासको लागि पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरूको तथ्य संकलन व्यवस्थापन तथा संरक्षण गर्ने।
२. धार्मिक तथा सांस्कृतिक गतिविधिका लागि उपयुक्त स्थान एवम् आस्थाका केन्द्रहरूको संरक्षण र व्यवस्थापन गर्ने।
३. नगरलाई साहसिक गतिविधि एवम् खेलकुद पर्यटनका लागि उपयुक्त गन्तव्यका रूपमा विकास र प्रवर्द्धन गर्ने।
४. प्राकृतिक सम्पदाहरू वन तथा वातावरण, भू-बनावट र जैविक विविधता सम्बन्धित पर्यटकीय सम्पदाको पहिचान गर्दै आवश्यक व्यवस्थापन एवं संरक्षण गर्ने।
५. पर्यटन क्रियाकलाप मार्फत आर्थिक तथा सामाजिक गतिविधिका क्षेत्रमा अवसरको सृजना गर्न आवश्यक पूर्वाधारको विकास गर्ने।
६. एकीकृत अवधारणा अनुरूप समुदायमा आधारित दिगो एवं जिम्मेवारीपूर्ण पर्यटनको विकास गर्ने।
७. बूढानीलकण्ठ नगरपालिकालाई विश्वमानै एक अद्वितीय एवं अलौकिक पर्यटकीय गन्तव्यस्थलका रूपमा प्रवर्द्धन गर्ने।
८. बहुसांस्कृतिक, प्राकृतिक मनोरम तथा पर्यटकीय नगर निर्माण गर्ने।
९. विभिन्न जातजातिका भाषाभाषिहरूको पहिचान, संरक्षण, प्रर्वद्धन र विकास गरि सम्पूर्ण

नगरबासीहरूबीच सद्भाव एवं एकता कायम गरी नगरको विकासमा बल पुऱ्याउने ।

१०. पर्यटनको सही व्यवस्थापन गर्दै नगरको सन्तुलित सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने ।

११. पर्यटकीय पूर्वाधार निर्माण एवं क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइने ।

१२. नगरको समग्र आर्थिक विकासको एक महत्वपूर्ण अङ्गको रूपमा पर्यटन क्षेत्रको विकास गर्ने ।

१३. पर्यटन क्षेत्रबाट रोजगारीको अवसर आय आर्जन एवं विदेशी मुद्रा आय आर्जन बृद्धि गरी यी लाभहरूलाई वडासमुदाय क्षेत्रसम्म विस्तार गर्ने ।

१४. नगरका प्रमुख पर्यटकीय स्थलहरूको विकास तथा प्रवर्द्धन गरी नगरमा पर्यटकहरूलाइ आर्कषण गर्नु ।

## ५.६ पर्यटन गुरु योजना कार्यान्वयनका लागि निम्न (Policies) नीतिहरू अपनाइएको छ

१. नगरमा पर्यटनको विकास र बिस्तारको लागि अल्पकालीन र दीर्घकालीन अवधारणा सहित पर्यटन गुरु योजनाले तय गरेका योजनालाई वार्षिक नगर विकास योजनामा समावेश गरी लगिने छ ।

२. बूढानीलकण्ठ मन्दिर र शिवपूरीलाई नगरको विकास प्रक्रियामा समेटी पर्यटन व्यावसायीलाई अनुकूल वातावरण सिर्जना गरिनेछ ।

३. नगरका आन्तरिक पर्यटकलाई व्यावसायिक क्षेत्रमा समावेश गराइनेछ ।

४. बृहत्तर बूढानीलकण्ठ मन्दिर लगायत महत्वपूर्ण धार्मिक साँस्कृतिक स्थलहरूको गुरुयोजना तयार गरी कार्यान्वयनका लागि निजी क्षेत्रसँगको समन्वयमा सञ्चालन गरिनेछ ।

५. पर्यटकीय पूर्वाधारहरूको विकास निर्माण र कार्यान्वयनमा वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४ लाई प्राथमिकता दिइ वातावरणमैत्री पूर्वाधार प्रभावकारी बनाईनेछ ।

६. नगरका मुख्य मुख्य पर्यटकीय स्थलहरूको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

७. शिवपुरी क्षेत्रमा हुने पर्यटकीय गतिविधि जस्तै साइकिलिङ्ग, पदयात्रा, तारेभिरमा रकक्लाइमिङ्ग, चराअवलोकन, मेला आदिलाई पर्यटक मैत्री बनाइनेछ ।

८. पर्यटन गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि अन्तर मन्त्रालय, प्रदेश, संघीय सरकार र सम्बद्ध सरकारी निकाय बीच समन्वय गर्न उच्चस्तरीय पर्यटन विकास समन्वय समिति नगरप्रमुखको संयोजकत्वमा गठन गरिनेछ ।

९. सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक सम्पदाका साथ साथै पर्यटन केन्द्रहरूको वातावरणीय संरक्षण गरिनेछ ।

१०. पर्यटन व्यवसायसँग सम्वन्धित विषयहरूमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

११. नगरपालिकामा पर्यटन जनशक्ति विकास गर्न विद्यालय तह देखिनै पर्यटन विषयलाई पाठ्क्रममा समावेश गर्न समन्वय गरिनेछ ।

१२. यो पर्यटन गुरुयोजना कार्यान्वयनका सम्बन्धमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्र पर्ने विभिन्न स्थानहरूको पूर्वाधार निर्माण तथा प्रवर्द्धनका कार्य गर्दा निकुञ्जको समन्वयमा गरिनेछ ।

## ५.७ पर्यटन विकास रणनिती (Tourism Development strategies)

बूढानीलकण्ठ नगरपालिका धार्मिक, साँस्कृतिक, प्राकृतिक, पर्यापर्यटकीय सम्पदाहरूले विश्वकै अद्धितीय नमुनाको रूपमा रहेको छ । ऐतिहासिक कालदेखि नै आश्चर्यजनक मानिने एउटै शिलाबाट निर्मित बूढानीलकण्ठको मुर्ति यसै नगरभित्र अवस्थित छ । यो नगरपालिका नेपालको सबै भन्दा धेरै गुम्बाहरू भएको नगरको रूपमा चिनिँदै आएको छ । जसमध्ये कपन गुम्बा र नागी गुम्बा प्रमुख गुम्बाकोरूपमा परिचित छन् । त्यस्तै संसारकै एकमात्र राजधानीबाट नजिक पर्ने शिवपुरी निकुञ्जले यस नगरको पर्यटकीय क्रियाकलापलाई बढाबा दिएको छ । यी

पर्यटकीय सम्पदाको संरक्षण प्रवर्द्धनमा सरोकारवालाबीच सचेतना अभिवृद्धि गर्दै विभिन्न क्रियाकलापहरूका माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि अनुसन्धानमूलक कार्य गरी जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक छ। जनप्रतिनिधिबाट पर्यटन विकासका रणनीतिक क्षेत्रहरू पहिचान गर्न, आर्थिक विकासलाई अगाडी बढाउन तथा नगरमा रहेका साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागी गुरुयोजना बनाउने काम गरिएको छ। यस योजनालाई अर्थतन्त्रको महत्वपुर्ण क्षेत्रका रूपमा अगाडि सारिएको छ। पर्यटन गुरुयोजना तर्जुमा गर्ने क्रममा नगरका वडाहरूमा आयोजित छलफलमा सहभागीहरूबाट उठाइएका सवालहरूलाई ध्यानमा राखी निम्न पर्यटन विकास कार्यनीति र रणनीतिहरू तय गरिएको छ।

## ५.८ कार्यनीतिहरू (Strategy) पर्यटन गुरुयोजना कार्यान्वयनका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछ।

१. नगरमा बढी भन्दा बढी पर्यटक भित्र्याउन बि.स.२०८० लाई बूढानीलकण्ठ पर्यटन भ्रमण वर्षको रूपमा प्रस्तुत गरिएकोछ।
बूढानीलकण्ठमा पर्यटन वर्ष, २०८० को अभियानलाई सफल बनाउन स्थानीय वडा, प्रदेश, संघिय सरकारसँग प्रभावकारी समन्वय कायम गरी प्रबर्द्धनात्मक कार्य गरिनेछ।

२. पर्यटन व्यवसायी (विशेषतः ट्राभल र ट्रेकिङ एजेन्सी तथा होटलहरू) बीच स्वस्थ प्रतिस्पर्धा तथा सहकार्यमा अभिवृद्धगर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पर्यटन सम्बन्धी जनचेतना अभिबृद्धि र सामाजिक परिचालनका लागि प्रोत्साहन गरिनेछ।

४. पर्यटन गतिविधिहरू बारे जनचेतना जगाउन विभिन्न स्थानमा महोत्सव, मेला, अन्तरक्रिया जस्ता कार्यक्रमहरू जनस्तरमा सन्चालन गरिनेछ। स्थानीय वडा एवं स्थानीयस्तरको अग्रसरता र आयोजनामा हुने यस्ता कार्यक्रमहरूमा प्राबिधिक सहयोग गर्ने र नियमितरूपमा नगरको क्यालेण्डरमा समावेश गरी अन्य प्रबर्द्धन कार्यमा सहयोग पुऱ्याउने नीति लिइनेछ।

५. पशुपतिनाथमा आउने धार्मिक पर्यटकहरूलाई बूढानीलकण्ठ मन्दिरमा आउने बातावरण मिलाइनेछ।

६. विश्व पर्यटन संगठन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, एसियाली विकास बैंक, विश्व बैंक, युएसएआइडी, डिएफआइडी जस्ता बहुपक्षीय विकास साझेदारहरूलाई पर्यटन पूर्वाधार विकासका साथै स्थानीय जनताको जीवनस्तर सुधार हुने क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ।

७. पर्यटन र सोसँग सम्बन्धित पूर्वाधारहरूको विकास, विस्तार र सुधारका लागि अन्य द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहायता परिचालन गरिनेछ। यस प्रक्रियाद्वारा जनचेतना, मानव संसाधन विकास तथा तालिम जस्ता कार्यक्रमका लागि स्थानीय वडा, टोल विकास संस्था, आमा समूहहरू, गैर सरकारी संघसंस्थालाई प्रोत्साहन गरिनेछ।

८. विश्वभरि नेपालको छवि स्थापित गर्न बूढानीलकण्ठ नगरपालिकाको समष्टिगत पर्यटकीय सम्पदा र बूढानीलकण्ठ मन्दिरलाई उचित तवरले "ब्रान्डिङ" गर्दै लगिनेछ।

९. संसार भरि छरिएर विदेशी मुलुकमा बसोबास गरेका बूढानीलकण्ठ बासी र उनीहरू आबद्ध संस्थालाई बूढानीलकण्ठ नगरपालिकाको पर्यटन प्रवर्द्धन र प्रचारप्रसारमा उपयोग गरिनेछ। बढी पर्यटक नेपाल पठाउने, पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनका क्षेत्रमा लगानी बढाउन योगदान पुऱ्याउने संस्था तथा गैरआवासीय नेपालीलाई प्रोत्साहन स्वरूप पुरस्कृत र सम्मान गरिनेछ।

१०. नगरका विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरूको छुट्टाछुट्टै विशिष्ट पहिचान बनाई "एक वडा एक पहिचानको" नीति अवलम्बन गरिनेछ।

११. नगरस्तरमा मौलिक आकर्षण भएका र सम्भाव्य पर्यटकीय स्थलहरूमध्ये प्रत्येक वर्ष कम्तीमा एक वडा वा स्थललाई पर्यटन वडाका रूपमा विकास र प्रवर्द्धन गरिनेछ।

१२. नगरपालिकामा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न (मेयरसँग भ्रमण कार्यक्रम) निश्चित सहुलियतयुक्त वार्षिक बिदासहितको भ्रमण प्रोत्साहन कार्यक्रम लागुगरिनेछ

१३. शिवपुरीको पदयात्रा पर्यटनलाई विश्वको एउटाउत्कृष्ट पर्यटकीय स्थलका रूपमा बढी सुरक्षित,भरपर्दो र आकर्षक बनाइनेछ।

१४. पदयात्रा पर्यटनमा संलग्न पथप्रदर्शकलाई न्यूनतम आधारभूत सेवा र सुविधा उपलब्ध गराउने तर्फ निजी क्षेत्रसँग समन्वय गरिनेछ।

१५. सांस्कृतिक पर्यटन विभिन्न जातजातिहरूका मौलिक संस्कृतिलाई समेटी सांस्कृतिक पर्यटनलाई जोडदिने क्रियाकलापहरूको सञ्चालनमा वडा, जनसमुदाय र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१६. बूढानीलकण्ठ मन्दिरलाई धार्मिक पर्यटकीय एवं भगवान् विष्णुको आध्यात्मिक केन्द्रका रूपमा विकास गरी (Shiva-Bishnu Sub Circuit) का रूपमा एकीकृत विकास एवं विश्वव्यापी प्रवर्द्धन गरिनेछ।

१७. शिवपुरी क्षेत्रमा स्थानीयको भ्रमणमा व्यापक वृद्धि गर्न मेयरसगँ पदयात्रा साथै साइक्लिङ कार्यक्रम वार्षिक रूपमा सञ्चालन गरिनेछ।

१८. नगरभित्रका शैक्षिक संस्थामा अध्यनरत सबै विद्यार्थीहरूलाई वार्षिक रूपमा नगरले निर्दिष्ट गरेका स्थलहरूमा अनिवार्य भ्रमणको व्यवस्था गरिनेछ।

१९. पर्यटन क्षेत्रको जनशक्ति विकास गर्न नगरका सबै विद्यालय तह देखिनै पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गर्न समन्वय गरिनेछ।

२०. नगरका सांस्कृतिक र प्राकृतिक सम्पदाको दिगो उपयोग गरिनेछ।

२१. वातावरणमैत्री पर्यटन व्यवसाय सञ्चालन गर्न नगरका व्यवसायीलाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिनेछ।

२२. नगरका पर्यटकीय स्थलहरू साथै अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धन कार्यमा स्थानीय वडाका समुदायहरू, महिला, आदिवासी जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

२३. पर्यटन क्षेत्रमा देखापरेका नवीनतम अवधारणा एवं मान्यतासम्बन्धी सूचना निरन्तर रूपमा संकलन, विश्लेषण र प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

२४. बूढानीलकण्ठ मन्दिरमा आउने पर्यटकहरूको अभिलेखीकरण गरिनेछ।

२५. पर्यटनसम्बन्धी तथ्यांकलाई भरपर्दो र अद्यावधिक गराई विश्लेषण गर्ने प्रक्रियाको माध्यमबाट पर्यटकीय सूचना प्रणालीको विकास गरी त्यस्तो सूचनालाई योजना निर्माणको आधार बनाइनेछ।

२६. नगरपालिकामा पर्यटकहरूको सुविधा तथा सुरक्षाका लागि पर्यटकप्रहरीको व्यवस्था मिलाइनेछ

२७. बूढानीलकण्ठ मन्दिरलाई पर्यटक केन्द्रित केन्द्रीय स्तरको (Tourism hub) का रूपमा विकास गरिनेछ।

२८. नीतिगत विषयमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, प्रदेश सरकारलगायत कार्यगत रूपमा विभिन्न मन्त्रालय, विभाग, कार्यालय एवं अन्य निकायसँग समन्वय गरी कार्यगरिनेछ।

२९. नगरका प्रत्येक वडामा पर्यटन प्रवर्द्धन र विकास सम्बन्धी कार्यलाई समन्वयात्मक रूपबाट सञ्चालन गर्न नगरकार्यपालिकाकाले निर्णय गरी स्थानीय पर्यटन व्यवसायी, सामाजिक व्यक्तित्व, उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि, धार्मिक क्षेत्र तथा स्थानीय जनसहभागिता समेत रहने गरी पर्यटन विकास समिति गठन गरिनेछ।

३०. पर्यटक पथप्रदर्शक वार्षिक २० जना उत्पादन गरिनेछ।

३१. नगरक्षेत्रमा कम्तीमा १०० देखि १५० वटा स्तरीय रिसोर्ट, खाजा घरको विकास गरिनेछ।

३२. पर्यटकहरूको बसाइ लम्ब्याउन थप सुविधाहरूको विकास गर्न सम्भाव्यता अध्ययन गराई निजी क्षेत्रका व्यवसायीहरूलाई प्रोत्साहन दिइनेछ।

३३. नगरमा धार्मिक पर्यटन र युवा पर्यटन एवं आन्तरिक (Domestic) पर्यटनको विकास गरिनेछ।

३४. पर्यटन क्षेत्रका लागि अहिलेसम्म आयातबाट आपूर्ति गरिने विभिन्न सामानहरू सकेसम्म नगरमै उत्पादन गरी

त्यस्ता उद्योगहरू स्थापनाका लागि वित्तीय तथा अन्य सुविधाहरू प्रदान गरिनेछ।

३५. पदयात्रा मार्ग, ऐतिहासिक र धार्मिक स्थलको सरसफाइ, संरक्षण आदिलाई सञ्चालन गर्न एउटा कोष (ट्रस्ट) खडा गर्ने व्यवस्था गरिनेछ।

३६. नगरमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बिदा यात्रा सहुलियतको अवधारणालाई आवश्यक कानुनी व्यवस्था गरी सरकारी एवं निजी क्षेत्रमा क्रमशः लागु गरिनेछ।

३७. आन्तरिक पर्यटकलाई पर्यटकको परिभाषा भित्र कानुनी रूपमा समेटिनेछ।

३८. पर्यटन विकासका सम्भावित स्थलहरूलाई पर्यटन क्षेत्रका रूपमा परिभाषित गरी पर्यटन करिडोर र प्रदेश अवधारणाका आधारमा पर्यटन क्षेत्रको विकास, विस्तार र विविधीकरण गरिनेछ।

३९. स्थलमार्गबाट आउने भारतीय पर्यटकहरूको र आन्तरिक पर्यटकहरूको तथ्याङ्क संकलन गर्ने व्यवस्था तत्काल आरम्भ गरिनेछ। त्यसका लागि नगरमा एउटा छुट्टै युनिटको व्यवस्था गरिनेछ।

४०. नगरमा भएका प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग एवं दिगो रूपमा प्रवर्द्धन गरी वातारण संरक्षण, पर्यापर्यटनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै स्थानीय स्रोतको परिचालन गर्दा वातावरणमैत्री उपायहरूको अवलम्बन गरिनेछ।

४१. बूढानीलकण्ठ मन्दिरमा हुने फोहर, सहरी क्षेत्रको सरसफाइ, फोहरमैला व्यवस्थापन कार्यमा निजी तथा सामुदायिक क्षेत्रको सहभागिता, संलग्नता र स्वामित्व अभिवृद्धि गरिनेछ।

४२. सहस्राब्दी विकास लक्ष्य तथा पर्यटन प्रवर्द्धन गर्न युवासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको परिपालनामा जोडदिइनेछ।

४३. स्वदेशी र विदेशी पर्यटन संख्या सम्बन्धी अध्ययन, अनुसन्धान एवं तथ्याङ्कहरूको संकलन र प्रशोधन कार्यलाई प्रभावकारी बनाउन नगरमा पर्यटनको तथ्याङ्क अध्ययन, अनुसन्धान युनिटकको संस्थागत व्यवस्था गरिनेछ।

४४. शिवपुरी चुचुरो, वाग्द्वारमा जाने पर्यटकहरूलाई ध्यान दिई वाग्द्वारमा गुम्बा भएको स्थानमा एक प्राथमिक स्वास्थ्य संस्थाको निर्माण गर्ने कार्य तत्काल गरिनेछ।

४५. नगरका पर्यटकीय मुख्य सम्पदा स्थलहरूको विकास एव प्रवर्द्धन गर्नका लागि निजी क्षेत्र, सरकारी-नजी, साझेदारी र सहकारी क्षेत्रको भूमिका वृद्धिगरी रोजगारीका अवसरहरूको सिर्जना गरिनेछ।

## ५.९ उद्देश्यहरूको कार्यान्वयन रणनीतिहरू (Implementing Stategies of Objectives)

प्रस्तुत पर्यटन गुरुयोजना मूलतः दिगो पर्यटन विकास एवं व्यवस्थापनसँग सम्बन्धित छ। तदनुरूप नै यसका उद्देश्यहरू राखिएको हुँदा अपेक्षित प्रतिफल प्राप्त गर्न स्पष्ट दिशानिर्देश कार्यायोजना आवश्यक पर्दछ। उल्लेखित उद्देश्यहरू पूरा गर्न आगामी पाँच वर्षभित्र सम्बन्धित सरोकारहरूले प्राथमिकताका साथ कार्यान्वयन रणनीति अवलम्बन गरिनेछ। यसै सन्दर्भमा सम्बन्धित सरोकारवालाहरूले योजना कार्यान्वयनका सन्दर्भमा अपनाउनु पर्ने रणनीतिक कार्ययोजनालाई निम्न अनुसार उल्लेख गरिएकोछ।

### कार्यान्वयन रणनीति (Implementing Strategy)

१. स्थानीय समुदायको सक्रिय संलग्नतामा पुरातात्विक र ऐतिहासिक महत्वका सम्पदाहरूको व्यवस्थापन तथा संरक्षण गर्न समिति बनाई आवश्यक कार्य सम्पादन रणनीति तय गरिनेछ।

२. पर्यटक अनुभवलाई अभिवृद्धि गर्ने सोचका साथ पुरातात्विक र ऐतिहासिक महत्वका सम्पदाहरूको तथ्यपूर्ण विस्तृत अभिलेख तयार पारिनेछ।

३. पर्यटकीय सेवा सुविधामा विकास गर्दा वातावरणमैत्री अवधारणा अनुरूप पुरातात्विक एवं ऐतिहासिक स्थल/सम्पदाहरूको पुनर्निर्माण गर्दा भौतिक तथा सामाजिक पक्षलाई विशेष ध्यान दिइनेछ।

४. सांस्कृतिक तथा सामाजिक जीवनका पक्षमा स्थानीय तहमा पर्यटन गतिविधिका कारण देखिने

सम्भावित नकारात्मक प्रभावमा न्यूनता आउने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

५. हिन्दु तथा बौद्धमार्गीहरूको आस्था र विश्वासको केन्द्रका रूपमा रहेका विभिन्न मठमन्दिर र गुम्बाहरूलाई पर्यटकीय सम्पदाका रूपमा विशेष व्यवस्थापन गरी विकास एवं प्रवर्द्धन गरिनेछ।

६. धार्मिक सम्पदासँग जोडिएका किंवदन्तीहरूलाई लिपिबद्ध गरी रोचक अनुभूति प्रदान गर्न पर्यटकीय वस्तुका रूपमा प्रवर्द्धन गरिनेछ।

७ .परम्परागत सांस्कृतिक गतिविधि र मौलिक जीवनशैलीको संरक्षण गर्दै पर्यटकीय आकर्षण केन्द्रका रूपमा विकास गरिनेछ।

८. बूढानीलकण्ठ मन्दिर, गुम्बाहरू, शिवपुरीचुचुरो, वाग्द्वाार, विष्णुद्वार धाम जस्ता धार्मिक स्थलमा पर्यटक सूचना, सुरक्षा र सरसफाइतर्फ आवश्यक सुधार गरिनेछ।

९. शिवपुरी क्षेत्रमा पदमार्गहरूको पहिचान, विकास र स्तरोन्नति एवं प्रवर्द्धन गरिनेछ।

१०. नगरलाई  साहसिक ट्रेकिङ, चट्टान, तारेभिर तथा गन्तव्य एवं प्रशिक्षण केन्द्रका रूपमा विकास एवं पवर्द्धन गर्ने प्रयत्न गरिनेछ।

११. शिवपुरी क्षेत्रमा चरा, जंगली जनावर तथा फिरन्ते घरपालुवा पशुहरूको अवलोकनका लागि आवश्यक व्यवस्थापनमा जोड दिइनेछ।

१२. शिवपुरीको उच्च भू-भागमा सञ्चालन गर्न उपयुक्त हुने साहसिक खेलकुद कार्यक्रमलाई राष्ट्रिय तथा अन्तर र्षिट्रय स्तरका प्रतियोगिता आयोजना गरी सञ्चालन एवं प्रवर्द्धन गर्ने प्रयत्न गरिनेछ।

१३ पर्यटन विकासका लागि भू-बनावट, झरना, धोबीखोला, गुफा, शिवपुरी चुचुरोलगायत प्राकृतिक सम्पदाहरूको संरक्षणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४. शिवपुरी चुचुरो एवं तिनका आधार क्षेत्र, चरा एवं वन्यजन्तु अवलोकन क्षेत्र, फलफूल, तरकारी र  जडीबुटी उत्पादनक्षेत्र लगायत नयाँ पर्यटकीय सम्पदाहरूको पहिचान गरी विस्तृत अभिलेख तयार गरिनेछ।

१५. प्राकृतिक स्रोत साधनको उपयोगबाट वातावरणीय प्रभाव न्यून गर्न वैकल्पिक ऊर्जाको प्रयोग गर्ने कार्यक्रम प्राथमिकताको साथ सञ्चालन गरिनेछ।

१६ शिवपूरी पदयात्रा तथा वन्यजन्तु अवलोकन लगायतका तारेभिरमा साहसिक गतिविधि गर्दा वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने गरी आवश्यक व्यवस्थापन एवं रणनीति तय गरिनेछ।

१७. वातावरणीय स्वच्छता कायम राख्न सवारी साधनको आवागमन र प्रदुषण मापदण्ड लागू गर्न उपयुक्त व्यवस्था गरिनेछ।

१८. नगरका प्रमुख पदमार्ग शिवपूरी वरिपरि फोहोरमैला व्यवस्थापन गर्न त्यसको संकलन तथा प्रशोधन केन्द्र स्थापना गरिनेछ।

१९. पर्यटन विकाससँग सम्बन्धित क्रियाकलापहरूको योजना अनुरूप कार्यान्वयन गर्नुका साथै समन्वय, व्यवस्थापन रअनुगमन गर्नका लागि स्थानीय सामुदायिक संस्था एवं समितिहरूको सागठनिक सुदृढीकरण र क्षमता विकासमा जोडदिइने छ।

२०. स्थानीय सामुदायिक संस्थाहरूको संलग्नतामा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको उपयुक्त व्यवस्थापन हुनेगरी पर्यटन क्रियाकलाप सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

२१. स्थानीय रोजगारी प्रवर्द्धन गर्न सीपमूलक तालिम मार्फत घरेलु तथा हस्तकला उद्योग विकासका लागि आवश्यक संयन्त्रको निमार्ण गरिनेछ।

२२. पर्यटन क्षेत्रमा उद्यमशीलताको विकास गर्न स्थानीय समुदायका व्यक्तिहरूको पुँजी लगानी पहुँचमा वृद्धि र तालिमको अवसर प्रदान गरी आय तथा रोजगारीको वातावरण सृजना गर्न जोड दिइनेछ।

२३. सामुहिक आयस्रोतको सिर्जना जस्तै पर्यटक सेवा शुल्क एवं राजस्वबाट प्राप्त आयको समुचित बाँडफाँड र पर्यटनक्षेत्रबाट हुने फाइदाको लागि वितरण प्रणालीलाई संस्थागत रूपमा नै व्यवस्थित गरिनेछ।

२४. पर्यटन व्यवसायमा आवश्यक पर्ने मानव संसाधन तथा जनशक्ति विकास एवं उत्पादनका लागि स्थानीय महिला

तथा युवाहरूलाई प्राथमिकतामा राखी विविध किसिमका तालिमहरू सञ्चालन गर्दै लैजान आवश्यक प्रयत्न गरिनेछ।

२५. पर्यटकहरूलाई स्थानीय रूपमा उत्पादित वस्तु तथा सेवाहरूको प्रयोगमा उत्प्रेरित गर्दै पर्यटनबाट प्राप्त लाभलाई समुदायसम्म पुऱ्याउन आवश्यक पहल गरिनेछ।

२६. स्थानीय तहमा गुरुयोजना अनुरूपको कार्यक्रम तयार गरी कार्यान्वयन गर्न समुदायको सक्रिय सहभागिता र संलग्नताको माध्यमद्वारा साझेदारीमा वृद्धि गर्नुका साथै निर्णय प्रक्रियामा स्थानीय समुदायका विपन्नवर्ग एवं महिलाहरूको संलग्नतार पहुँचमा वृद्धि गरिनेछ।

२७. पर्यटन गतिविधि मार्फत स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सुधार ल्याई समावेशीमूलक आर्थिक विकासमा योगदान पुऱ्याउन आर्थिक तथा सामाजिक सुधार एवं सम्बन्धित पक्षको क्षमता विकासका लागि जोड दिइनेछ।

२८. नगरमा पर्यटनका सम्बद्ध पक्षहरू बीच सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट आवश्यक ज्ञान, सीप तथा धारणामा सकारात्मक परिवर्तन गराई स्थानीय समुदायमा पर्यटन र यसको प्रभावको बारेमा सचेतना अभिवृद्धि गराउन जोड दिइनेछ।

२९. नेपाल पर्यटन बोर्ड, बूढानीलकण्ठ नगरपालिका, शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्ज, वडाहरू, नगर उद्योग बाणिज्य संघ अन्य निजी क्षेत्रसँगको समन्वयमा एकीकृत पर्यटन विकास तथा व्यवस्थापनमा स्थानीय संस्थाको प्रत्यक्ष संलग्नता एवं भूमिकाको अभिवृद्धि गर्ने प्रयत्न गरिनेछ।

३०. पर्यटन विषयसँग सम्बन्धित विज्ञहरूको संलग्नतामा पर्यटन आचार संहिता तथा व्यवसायिक सामाजिक उत्तरदायित्व निर्देशिका निर्माण गरी त्यसको कार्यान्वयनद्वारा दिगो तथा जिम्मेवारीपूर्ण पर्यटनको विकास गरिनेछ।

३१. शिवपूरीको अनौठो भू-वनावट, परम्परागत संस्कृतिमा आधारित गुफाबास सहितको प्राचीन जीवनशैली, प्राचीनगढी, गुम्बा, तारेभिर र लोपोन्मुख चरा तथा वन्यजन्तु, चरन क्षेत्रको फिरन्ते जीवनशैली, विष्णुद्धवार धाम, विष्णुमति झरना लगायतका पर्यटकीय सम्पदाहरूको परिचयात्मक विवरण र पर्यटन क्रियाकलापका बारेमा जानकारीमूलक सामाग्रीको प्रकाशन एवं प्रवर्द्धन गरिनेछ।

३२. बूढानीलकण्ठ मन्दिरको विशेषता शिवपूरी क्षेत्रको पदयात्रा, तारेभिर, चट्टान तथा विष्णुद्धर धाम गतिविधिका बारेमा आन्तरिक एवं अन्तर्राष्ट्रिय पर्यटन बजारमा पहुँच विस्तार गर्न प्रयास गरिनेछ।

३३. नगरमा रहेका पर्यटकीय सम्पदाहरूको बारेमा यथार्थ जानकारी दिने भिडीयो डकुमेण्ट्रि सिडीहरूको उत्पादन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन गरिनेछ।

३४. आन्तरिक रूपमा पोखरा, लुम्बिनी, काठमाडौका पर्यटन व्यवसायी र पत्रकारहरूको सहभागितामा प्रचारात्मक कार्यक्रमको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहयोगमा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन कार्यक्रममा सहभागिता जनाइनेछ।

३५. आधुनिक सूचना प्रविधिमैत्री बन्दै त्यसको भरपूर प्रयोगमार्फत पर्यटन पवर्द्धन तथा बजारीकरण गरिनेछ।

३६. शिवपूरुरी क्षेत्रका विभिन्न स्थानहरूको अवलोकन र विशेष गरी शिवपूरी चुचुरो, नागीगुम्बा, विष्णुद्धरधामलाई पर्यटकीय वस्तुको रूपमा विकास गरिनेछ।

३७. नगरभित्रका मौलिक खानालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउन प्रत्येक वर्ष पौष १५ मा खाना महोत्सवको आयोजना गरिनेछ।

३८. आन्तरिक पर्यटकलाई समेत पर्यटकको परिभाषामा समेटी आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ।

३९. बूढानीलकण्ठ मन्दिरमा आउने विदेशी पर्यटकहरूलाई नगरले तोके बमोजिमको केही राजस्व लिई (पर्यटक शुल्क) मन्दिर भ्रमण गर्नेहरूको तथ्याङ्क राखिनेछ।

४०. साहसिक एवं पर्यटन तथा परम्परागत खेलकुदको विकास गरिनेछ।

४१. नगरमा समग्र खेलकुद तथा खेलकुद पर्यटनको विकासमा सरकारी, निजी र गैरसरकारी क्षेत्रको भूमिकाको

विकास गरिनेछ।

४२. सार्वजनिक-निजी सहकार्य मार्फत पर्यटन मानव संसाधन विकासमा जोड दिइनेछ।

४३. पर्यटन प्रवर्द्धन गर्न व्यावसायिक एवं प्राविधिक शिक्षा र सीपमूलक तालिम कार्यक्रमहरूमा विशेष जोड दिइनेछ।

४४. खानेपानीको स्रोत उपलब्ध नभएका पर्यटकीय स्थानहरूमा शुद्धखाने पानीको व्यवस्था तत्काल गरिनेछ।

४५. शिवपुरी चुचुरो, वागद्वार, बूढानीलकण्ठ मन्दिर, लगायत अन्य धार्मिक पर्यटकीय स्थलहरूमा स्मार्ट शौचालयको निर्माण गरिनेछ।

४६. पर्यटनसँग सम्बन्धित नगरस्तरीय र स्थानीय वडास्तरका आवधिक तथा क्षेत्रगत योजना तयार गरी भू-सूचना प्रणाली (GIS) प्रयोग मार्फत पर्यटकीय नक्साको विकास गरी नगरका मुख्य पर्यटकीय स्थलहरूमा नक्सा, सूचना बोर्ड मार्फत जानकारी गराइनेछ।

४७. पर्यटन उद्योगलाई धुँवारहित प्रमुख क्षेत्रको रूपमा नगरका सबै वडा तहसम्म विकास र विस्तार गरिनेछ।

४८. नगरका प्रमुख पर्यटकीय क्षेत्रहरूमा गुरुयोजनाले पहिचान गरेबमोजिम एकीकृत पर्यटन सेवा केन्द्र तथा पर्यटकीय पूर्वाधार विकास गर्ने साथै बूढानीलकण्ठ मन्दिरको गुरुयोजना तयार गर्ने र अध्ययन, अनुसन्धान गरिनेछ।

माथि उल्लेख गरिएका उद्देश्यहरू पूरा गर्न उल्लेखित रणनीतिहरूको आधारमा स्थानीय नगर पर्यटन विकास समिति मार्फत पर्यटनका सम्बद्ध पक्षहरूको एकीकृत प्रयासमा जोड दिनु आवश्यक छ। पर्यटन विकास मार्फत आर्थिक तथा सामाजिक विकासको प्रकृया एवं सांस्कृतिक  तथा प्राकृतिक वातावरण संरक्षण समेतको विषयलाई एकीकृत रूपमा सञ्चालन गर्न विशेष ध्यान दिनुपर्नेछ। उल्लेखित विषयलाई ख्याल राख्दै पर्यटन व्यवसाय एवं गतिविधिबाट प्राप्त आम्दानीलाई स्थानीय समुदायहरूको सवै वर्गमा अनुभूति हुने गरी वितरण गर्न सकेमा यो एउटा दिगो एवं जिम्मेवारी पर्यटन व्यवस्थापनको राम्रो अभ्यासको समेत प्रारम्भ हुने अपेक्षा  योजनाले राखेकोछ।

# अध्याय ६

## नगरपालिकाका पर्यटकीय गन्तव्य स्थलहरू

### ६.१ बूढानीलकण्ठ मन्दिर

बूढानीलकण्ठ उत्पत्तिका सम्बन्धमा विभिन्न किंवदन्ती प्रचलनमा छन् । हामीले अध्ययनका क्रममा हिमवत् खण्डको नेपाल महिमा र हालका मठाधीश श्री १००८ स्वामी निगमानन्दको भनाइलाई आधिकारिक मानेका छौँ । शिवपुरीमा सूर्यकेतु नाम गरेका राजा थिए । उनले दैनिक बद्रीनाथ र केदारनाथको दर्शन नगरी अन्न ग्रहण गर्दैनथे । राजा वृद्ध भइसकेपछि उनको शरीरले दिनचर्या धान्न सकेन । राजाले भोजन त्याग्नुपर्ने अवस्था आएको बद्री र केदार भगवान्लाई जाहेर गरे । भगवान्ले उनकै राज्यमा दर्शनको व्यवस्था मिलाउने वचन दिए । यति भनेर भगवान्ले विश्वकर्मालाई आफ्नो मूर्ति बनाइदिन आज्ञा दिए । विश्वकर्माले मूर्ति बनाएपछि भीमले अहिले बूढानीलकण्ठ विराजमान भएको ठाउँमा मूर्ति प्रतिस्थापन गरिदिए । भोलिपल्ट दर्शन गर्दा भगवान्को भिन्न आकृति देखेर राजा सूर्यकेतुले भगवान्प्रति आशंका गरे । आफूमाथि षड्यन्त्र भएको गुनासो राजाले गरेपछि भगवान्ले तिम्रा सन्तानले समेत यहाँ आई दर्शन नगरून् भने पछि गद्दीसीनहरूले बूढानीलकण्ठको दर्शन गरेनन् ।






यो द्वापर युगको कुरा थियो । कलि युग सुरु हुनुपूर्व पृथ्वीमा उथलपुथल भयो । बूढानीलकण्ठको मूर्ति पुरियो । अर्को युग सुरु भएपछि यस क्षेत्रमा पनि मानिसको बस्ती विकास भयो । मानिसहरूले बूढानीलकण्ठको मूर्ति माथि धान झाँट्ने खलो बनाए । यसमा धान झाँट्दा जति झारे पनि धान निखिएन । थोरै धानको पनि उत्पादन धेरै भयो । अन्यत्र झारेको धान त्यस खलोमा खन्यायो भने दोब्बर बन्थ्यो । मानिसहरू अचम्म मानेर त्यो स्थानमा उत्खनन गरे । खन्दा त्यहाँ रगत आयो । अहिले पनि मूर्तिमा हेर्ने हो भने दाहिने हातको बूढी औंलामा खत देखिन्छ । मूर्ति भेटिएपछि पाप लाग्ने डरले किसानहरू

भगवान्का शरणमा परे। भगवान्ले पाप नलाग्ने वरदान दिएपछि उनीहरू खुसी भए। बरु किसान नीलकण्ठले उक्त उत्खनन गर्न थालेकाले मूर्तिको नाम नै किसानको नामबाट गरियो। किसान वृद्ध हुनाले मानिसले वृद्ध नीलकण्ठ भन्न थाले। कालान्तरमा अपभ्रंश हुँदै बूढानीलकण्ठ नाम प्रसिद्ध हुन गयो। बद्री र केदार शिव स्वरूप छन्। विष्णु रूप यो मूर्तिमा सर्पको माला र पद्मको स्थानमा खरानीको थुप्रो हुनाले शिव-विष्णु स्वरूप देखिन्छ। यहाँ बटुकले पूजा गर्ने परम्परा छ। राजा प्रताप मल्लको पालासम्म पनि यस मूर्तिमा विराजमान भगवान् चलायमान थिए। दैनिक अप्सरा घाट गई स्नान गर्थे। एकदिन राजा प्रताप मल्ल बूढानीलकण्ठको दर्शन गर्न आए। एक नागले हत्तपत्त मन्दिर प्रवेश गर्न लागेका राजा प्रताप मल्लको बाटो छेके। प्रताप मल्लले उक्त नागलाई अन्धो भएस् भनेर श्राप दिए। उक्त नाग अहिले बहिरो नाग भनिन्छन्। त्यसपछि भगवान् छाया स्वरूपमा भक्तजनलाई दर्शन दिने गरी शालिग्राम स्वरूपमा रहे। ईश्वर भनेको अनौठो र असम्भव कार्य गर्न सक्ने भन्ने बुझिन्छ। बूढानीलकण्ठ अवस्थित पोखरीमा मूर्तिको छाया हेरियो भने मूर्तिकै स्वरूप देखिन्छ। बूढानीलकण्ठ मन्दिरको पूर्व भागमा वासिक गाउँ पञ्चकन्या मन्दिर, पश्चिममा विष्णुमती नदी,उत्तरमा मुहान पोखरी शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र दक्षिणमा चपली, पार्क भिलेज होटल रहेको छ। बूढानीलकण्ठ मन्दिरको **GPS Location N 27.77779, E 085.36240** र उचाँइ १४२० मिटरमा अवस्थित छ।

## ६.२ विष्णुद्वार धाम

बूढानीलकण्ठ पानीमुहान निकुञ्जको प्रवेशद्वारबाट प्रवेश गरेपछि २०० मिटरमाथि सुन्दरीजल-टोखा सडकबाट २ किलोमिटर जति पश्चिम गएपछि विष्णुद्वारको संकेत चिह्न भेटिन्छ। सडकबाट करिब २० मिनेट पैदल दूरी माथि विष्णुद्वार मन्दिर छ। सडकबाट माथितिर जान पुरानो ढुंगेसिँढी छ। ठाडै उकालो भए पनि प्राकृतिक सुन्दरताले मनमोहक स्थान भएकाले उकालो बिर्साइदिन्छ। सडकमाथि थुम्कोमा पुगेपछि दायाँतिर नजिकै सफा र कञ्चन जल प्रवाहित नदी देखिन्छ। वरिपरि जंगल दुवैतिर अग्ला डाँडाको खोंच, मानवीय गतिविधि अत्यन्त पातलो हुनाले एकान्त रहेको यो मन्दिरमा जान कम्तीमा पाँच जना वयष्कसहितको समूह हुनु उपयुक्त होला। चितुवालगायत वन्यजन्तुको क्रीडास्थल सुनसान खोंचमा साँघुरिएर नदी बगेको छ। थुम्काबाट नदीको खोंचमा झर्दा दुवैतिरका पहरा एकआपसमा मिल्न खोजेको आभास हुन्छ। वरिपरि नजिकै जंगलसहितका अग्ला डाँडाको साँघुरो खोंच भएकाले यहाँ दिउँसो पनि सूर्यको किरण पुग्दैन। यहाँ दिउँसै साँझ परेको भान हुन्छ। नदीसँगै झर्दा दायाँ किनारमा कडा पहरोमा साँघुरो गुफा छ। त्यही साँधुरो गुफामा भगवान्का मूर्तिहरू स्थापना गरिएका छन्। त्यही





गुफाको देब्रे कुनामा दुई मिटर जति व्यास भएको भ्वाङ छ। त्यो भ्वाङ बद्रीनाथ र केदारनाथ पुग्ने सुरुङमार्ग भएको किंवदन्ती छ। मन्दिर दर्शन गरेपछि फर्कन नदीको बहावसँगै १०० मिटरजति तलसम्म ठूला ढुंगा माथि काठका फल्याक जोडेर फड्के बनाइएका छन्। त्यसपछि नदी छाडेर निस्कँदा दर्शन गर्न आउँदाको उकालो बाटोमा मिसिने गरी बाटो बनाइएको छ। यो परिक्रमा मार्ग दर्शन गर्ने समयबाहेक १० मिनेट जतिको छ। चिसा र चिप्ला ढुंगा भएर हिँड्नुपर्ने हुनाले अलि सावधान हुनु आवश्यक छ। यसको पूर्वमा तारेभीर, नागी गुम्बा, पश्चिममा आर्मी स्टाफ कलेज (टोखा ब्यारेक) दक्षिणमा बूढानीलकण्ठ मन्दिर उत्तरमा वाग्द्वार शिवपुरी चुचुरो पर्दछ। **विष्णुद्वार धामको GPS Loaction N 2747.532, E 08521.301** र उचाइ १९९९ मिटरमा अवस्थित छ।

## ६.३ वाग्द्वार

**श्री वाग्मत्यै नमः**
**'वाधीश वाग्भवे वाणि भारती भवहारिणी**
**वग्वी भूति भवेशनि भवप्रिय नमोऽस्तुते।**
**नमस्ते देवी वाग्मत्यै सर्व दुस्कृत नाशिनी**
**अधमे धुलितं पापं त्वद्दं शनिश्चिराजिमत्॥'**

वाग्मती मुहान वाग्द्वारमा यो श्लोक लेखिएको छ। यो वाग्मतीको महिमा गान हो। शिवपुरी जंगलमा घुम्दा खुसी भएका महादेव हाँस्दा हाँसोसँगै निस्केकी हुनाले नदीको नाम वाग्वती रहन गएको प्रसंग स्कन्ध पुराण हिमवत् खण्डको नेपाल महात्म्यमा पाइन्छ। शिवपुरी क्षेत्रको पवित्रता यसैमा वर्णित छ। वाग्मतीको मुहानमा बाघको मुखाकृतिबाट पनी निस्केको देखाइएको छ। यो नेपाल महिमासँग मेल खाँदैन। 'वाग्वतीं सरितां श्रेष्ठां महादेवमुखोद्भवाम्' नेपाल महिमा ११ अध्याय ९८ औं श्लोकमा लेखिएको छ। यसको अर्थ वाग्मती महादेवको मुखबाट उत्पत्ति भएकी हुन्। अतः यहाँ महादेवको मुखाकृतिबाट पानी निस्केको देखाएर वास्तविक इतिहास देखाउनुपर्छ। वाक्को अर्थ वाणि हो। वाणिको स्रोत मुख हो। पुराणमा वर्णित वाग्वती नदी हाल वाग्मतीको मुहानमा मुखाकृति देखाउने हो भने देवाधिदेव महादेवको मुखाकृति बनाउनु नै उपयुक्त देखिन्छ। पौराणिक आधार देखाएर यसका माध्यमबाट पर्यटक प्रवर्द्धन कार्य पनि गर्न सकिन्छ। बाघको मुखाकृतिबाट पानी आएको बनाएको प्रति २४ वर्षदेखि त्यही पुण्यभूमिमा तपस्यारत टोड्के बाबापनि प्रसन्न हुनुहुन्न। वाग्मतीको मुहानमा राखिने आकृतिसँग त्यहीं १४ वर्षदेखि तपस्यारत ॐ बाबालाई कुनै सरोकार छैन। उहाँले यो नदी प्रादुर्भावको रोचक कथा भने छोटकरीमा सुनाउनुभयो। भागीरथी नदीले समुद्र भरिएर संसार डुबाउन लागेपछि पार्वती माताले संसारलाई जोगाउन रोक्नुभयो। पुनः पवित्र नदीको आवश्यकता परेपछिभगवान् शिवले वाग्वती सृष्टि गर्नुभयो। उहाँले अत्यन्त









छोटकरीमा वाग्द्वारलाई मुक्ति हुने ठाउँ भन्नुभयो । वाग्द्वार माथिको शिवपुरी चुचुराको तल भूमिगत पोखरी छ । वर्षाको पानी त्यहाँ जम्मा हुन्छ र निरन्तर वाग्द्वार भएर बग्ने ॐ बाबा र टोङ्के बाबाले ठोकुवा गर्नुहुन्छ। वाग्द्वारमा तीन वटा ढुंगेधारा करिब २० फुट लम्बाइको वर्गाकार पोखरी टोङ्के बाबाको अगुवाइमा निर्माण गरिएको उहाँको भनाइ छ । टोङ्के बाबाको कुटी भूकम्पले भत्काएपछि पुनर्निर्माण नगरिएको, बाबाको माग नभए पनि सबैको कल्याणका लागि बस्ने बाबाका लागि सुरक्षित आश्रयस्थल बनाइनु नितान्त आवश्यक छ। यसको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा नुवाकोट जिल्ला, उत्तरमा नुवकोट र दक्षिणमा बूढानीलकण्ठ नगरपालिका रहेको छ। वाग्द्वारको **GPS Loaction N 2748.643, E 08523.447** र उचाइ २४७८ मा अवस्थित छ।

## ६.४ शिवपुरी चुचुरो

समुन्द्र सतहवाट १३५० मि देखि २७३२ मि सम्मको उचाइमा फैलिएको शिवपुरी क्षेत्रमा उपोष्ण (Sub-tropical) देखि समशितोष्ण (Temprate) वन पाइन्छ।भौगोकि रूपमा यस शिवपुरी वन क्षेत्र २७ं ४५ तथा २७ं ५२ उत्तर अक्षांशदेखि ८५ं १५ तथा ८५ं ३० पूर्वी देशान्तरसम्म फैलिएको छ। शिवपुरी जंगलले देशको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको पर्यटन र जलस्रोतको संरक्षण र विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। नेपालमा ६० प्रतिशत भन्दा बढी पर्यटकहरू नेपालका निकुञ्जमा आउने गरेका छन्। शिवपुरी क्षेत्रले बूढानीलकण्ठका ५०प्रतिशत भन्दा बढि बासिन्दाका लागि खानेपानी उपलब्ध गराँउदै आएको छ। २० वटा संरक्षित क्षेत्रमध्ये सबैभन्दा बढी यस शिवपुरी क्षेत्रमा पर्यटक आउने गर्दछन् । यसवाट स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुगेको छ। यस क्षेत्रमा शिव भगवानको तपोभूमि शिवपुरी चुचुरो,वागद्वार, विष्णुद्वार रहेका छन् ।मध्यपहाडलाई प्रतिनिधित्व गर्ने एकमात्र राष्ट्रिय निकुञ्ज पनि यही पर्दछ।यसक्षेत्रमाध्वाँसेचितुवा, चरिबाघ,सालक,पहरेबाँदर जस्ता संरक्षित स्तनधारी वन्यजन्तु र चितुवा,हिमाली कालोभालु वन्यजन्तु, काँडेभ्याकुर लगायत करिब ३१८ प्रजातिका चराहरू पाइन्छन् । मानवविहीन जंगलका रूपमा देखिन्छ । यसको महत्त्व स्कन्ध पुराण हिमवत्खण्ड नेपाल महिमामा उल्लेख गरिएको छ। वाग्द्वारमा २४ वर्षदेखि तपस्यारत टोङ्के बाबा वा ॐ बाबाका अनुसार









यो पुण्यभूमि हो। यहाँ बसे मुक्ति पाइन्छ। यस ठाउँको महिमा नबुझ्नु भुसमा किला गाडेर वस्तु बाँध्नु जस्तै हो। यहाँ देवाधिदेव महादेवको बास छ। शिवपुरी चुचुरामा शिवपुरी बाबाको सालिक स्थापित छ। चौरको पूर्वतर्फ शिवपुरी बाबाको वास्तविक आकारमा सेतो सालिक जस्ताले छाएको गोलाकार कुटीमा स्थापना गरिएको छ। डाँडामा वरिपरि कतै दुई मिटरजति र चार मिटर जति ढुंगे पर्खाल उठाएर शिवपुरी टुप्पामा सुन्दर मैदान बनाइएको छ। चौर करिब ५५ मिटर लम्बाइ र २५ मिटर चौडा छ। चौरको पश्चिमतर्फ एक फिट जति अग्लो २० जना जति अटाउने चौतारो बनाइएको छ। चौर वरिपरि बाँझका ठूला रुख, गुराँस, अँगेराका रुख तथा चौतारी र निगालाका बुट्यान देखिन्छ। शिवपुरी चुचुराको पश्चिमपट्टि पाँच मिटर जति होचो भागमा हावाले छानो बिगारेर भत्किएको अवस्थाको जस्ताले छाएको टहरो छ। टहराको पश्चिमतिर ६ मिटरजति होचो भागमा वरिपरि दुई-तिन मिटर जति पर्खाल उठाएर सम्याएर बनाइएको प्राचीन भग्नावशेष छ। यसलाई हेर्दा राजा सूर्यकेतुको दरबार यहीँ थियो भन्नेअनुमान गर्न सकिन्छ। यसको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा नुवाकोट जिल्ला, उत्तरमा नुवकोट र दक्षिणमा बूढानीलकण्ठ मन्दिर रहेको छ। शिवपुरी चुचुरोको **GPS Location N 2748.733, E 08523.072** र उचाइ २७८० मि मा अवस्थित छ।

## ६.५ कामधेनु शिला

भग्नावशेषको पश्चिमतर्फ ओरालो सुरु हुन्छ। लगभग ४० मिटर पश्चिमतर्फ ओर्लन ढुंगे सिँढी छ। सिँढी झरेपछि विशाल पत्थर छ। पत्थरको वरिपरि घना जंगल छ। पत्थरको माथि चढेर उत्तरतर्फ हिमालयको मनोरम दृश्य हेर्न सकिन्छ। तलपट्टि गरा परेका खेत र बस्ती पनि देखिन्छ। पश्चिमतर्फ जंगल पछि जंगलसहित पहाडको शृंखला, दक्षिणतर्फ जंगलपछि काठमाडौंको उत्तरी सहर देखिन्छ। पूर्वतर्फ भने जंगल मात्र देखिन्छ। यो विशाल पत्थर पश्चिमतर्फ झुकेको छ। पश्चिमी फेदमा मेलाका अवसरमा मानिस बसेर धुनी बालेको खरानी देखिन्छ। यो पत्थरलाई कामधेनु शिला भनेर बोर्ड राखिएको छ। यो शिलाबारे जिज्ञासा राख्दा वाग्द्वारका तपस्वी ॐ बाबाले पवित्र कामधेनु शिलामा टेक्नु हुन्न भन्नुभयो। अतः यस स्थानमा दृश्यावलोकनका लागिसंरचना (भ्युटावर) बनाई कामधेनु शिला पवित्र राख्नु नितान्त जरुरी देखिन्छ। शिलालाई पवित्र र अलंघनीय राख्नु सम्बन्धित निकायको कर्तव्य हुन आउँछ। यसको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा नुवाकोट जिल्ला,








उत्तरमा नुवकोट र दक्षिणमा बूढानीलकण्ठ मन्दिर रहेको छ। कामधेनु शिलाको **GPS Location N 2748.727, E 08522.727** र उचाइ २७७८ मिमा अवस्थित छ।




## ६.६ शतरुद्रेश्वर

कामधेनु शिलाको १० मिटर पूर्वपट्टि कामधेनु शिलाभन्दा केही होचो पत्थर अवस्थित छ। यो शिलालाई शतरुद्रेश्वर महादेव भनी चिनाइएको छ। वाग्द्वारमा तपस्यारत ॐ बाबाका अनुसार शतरुद्रेश्व १०८ रुद्रमध्ये७० औं रुद्र हुन्। शतरुद्रेश्वरको दक्षिणतर्फ फेदमा गुफा छ। गुफामा ढोकासमेत राखिएको छ। ढोका खुलै अवस्थामा छ। वैशाख पूर्णिमा मेलाका अवसरमा यहाँ मानिसहरू बस्दा रहेछन्। यसको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा नुवाकोट जिल्ला, उत्तरमा नुवकोट र दक्षिणमा बूढानीलकण्ठ मन्दिर रहेको छ। शतरुद्रेश्वरको **GPS Location N 2748.736, E 08522.974**, र उचाइ २६८७ मिटरमा अवस्थित छ।




## ६.७ खड्ग भद्रकाली मन्दिर (धर्मपुर)





धर्मपुरबूढानीलकण्ठ नगरपालिकाको वडा नं ६ मा अवस्थित छ। यहाँ नौलिन (खड्ग) भद्रकालीको मन्दिर छ। काठमाडौं उपत्यकामा अवस्थित तीन भद्रकाली मन्दिरमध्ये यो पनि एक हो। सिंहदरबार अगाडि भद्रकाली, नौलिन भद्रकाली (अजिमा द्य) धर्मपुर र नौलिन भद्रकाली (चुनीखेल) गरी तीन भद्रकाली छन्। धर्मपुर स्थित अजिमा मन्दिर अगाडि एउटा शिलालेख छ। शिलालेखमा भएका अक्षर अर्कै लिपिमा लेखिएकाले अर्थ्याउन सकिन्न। त्यसको माथि अंग्रेजीमा ५२० एडी (520 AD) लेखिएको पित्तलको पाता छ। यो मन्दिर त्यो समयमा बनेको प्रमाणित भएकाले भन्न सकिन्छ– यहाँ पूजाआजा गर्ने चलन त्यो समयभन्दा अघिदेखि नै थियो। नेवारी भाषामा पहिले यस गाउँलाई 'ढलम पु' भनिन्थ्यो रे। पछि धरमपुर भन्दा भन्दै धर्मपुर हुन गएको स्थानीयको राय छ। ढलमपुको अर्थ वरिपरि ढल भएको पोखरी हुन्छ। यी देवीलाई नौलिनेश्वरी भद्रकाली



पनि भनिन्छ। स्थानीयले अजिमा द्यका नामले यिनको पुकार गर्छन्।

देवीदेवताको पूजा नित्य हुने गरे पनि वैशाख शुक्ल पूर्णिमा (चण्डी पूर्णिमा) का दिन अजिमाको विशेष पूजा हुन्छ। जात्रा सुरु भएको संकेत दिन चण्डी पूर्णिमाको चार दिनअघि सल्लाका दुई वटा लिंगा उठाइन्छ। लिंगो भाँचियो भने उही दिन शिवपुरी जंगलबाट नयाँ लिंगो ल्याउनुपर्छ। जात्रा अवधिभर कुनै अनिष्ट नहोस् भन्ने कामना गर्दै लिंगा उठाउँदा नागको पनि पूजा गर्ने चलन छ। पूर्णिमाको अघिल्लो रात भनौं चतुर्दशीको मध्य रातमा नासः पूजा गरी न्याखिन्दा बजाउन सुरु गरिन्छ। सर्वप्रथम गणेशलाई खटमा राखेर बाहिर निकालिन्छ अनि अजिमालाई तीनतले खटमा राखेर जात्रा चलाउने ठाउँ (गणेश थानको डबली) मा ल्याइन्छ। त्यहाँबाट अजिमालाई मात्र खड्ग भद्रकाली लैजान खट उठाउनुपूर्व पोङ्गा बजाइन्छ। अघिअघि ध्वजापताका सहितको दवेंचा (देवताको झन्डा) फहराउँदै खटमा अजिमालाई धर्मपुरको द्वारमा पुऱ्याउनासाथ भैरव (टाउको मात्र भएको मूर्ति) बाहिर निकालेर सबैले देख्ने गरी राखेर पूजाआजा गरिन्छ। यसो गर्दा अजिमाको अनुपस्थितिमा यस स्थानमा अनिष्ट हुँदैन भन्ने जनविश्वास छ। खड्ग भद्रकाली खट पुऱ्याएपछि पोङ्गा बजाउँदै खट बिसाइन्छ। यो खट पोङ्गा बज्दाबज्दै उठाउने र बिसाउने गर्नुपर्छ। खट बोक्नेहरूले पोङ्गाको इसारा नबुझ्दा कहिलेकाहीँ वादविवाद पनि पर्ने गरेको छ। त्यसैले खट बोक्नेहरू अभ्यस्त हुन आवश्यक छ। खट बिसाएपछि स्थानीय गुठियारले होम गरी कुखुरा बास्नुपूर्व प्रातकाल ३ बजेअघि पञ्चवली (बोका, थुमा, हाँस, कुखुराको भाले र राँगा) चढाई पूजा गरिसक्नुपर्छ। हाल वलीमा बोका र थुमा यथावत् र अन्य वली निक्रयबाट चलाउन थालिएको छ। दोस्रो दिन गणेशको खट पनि लगेर अजिमा र गणेशको भेट गराइन्छ। एवं रीतले प्रचलनअनुसार हरेक राति र कतैकतै दिउँसो समेत गरी अजिमाको खट टनगाउँ, खड्का गाउँ, खत्री गाउँ, ओखल गाउँ लैजाने र स्थानीय चलनअनुसार कतै वली कतै समयावजी चढाउने गरिन्छ। यस्तै डट्ठु गाउँमा पूजा गरी सिन्दूर जात्रा गरिन्छ। यसरी तेस्रो दिन खटलाई धर्मपुर ल्याउँदा द्वारमा विश्राम गराई सरकारका तर्फबाट पनि पूजा गर्ने परम्परा छ। खटलाई मूलद्वारभित्र गणेश डबलीमा पुऱ्याउनुपूर्व पाँच ठाउँ बिसाउँदै छिमेकी गाउँका भक्तजनले पूजा गर्ने परम्परा छ। यति गरेपछि खटलाई गणेश डबलीमा ल्याइपुऱ्याइन्छ। चौथो दिन सल्लाघारीका मानन्धरहरूले वलीसहित पूजा गर्छन्। अरु वरपरका भक्तजन पनि पूजा गर्न आउँछन्। यो दिन दिउँसो १२ बजे ढापाखल (लिच्छविकालीन भजन) गाइन्छ। यो दिन दोस्रो मुखियाको घरबाट सिन्दूर जात्रा हुन्छ। थकालीको ज्येष्ठ नागरिकले पूजा गरेपछि यो दिनको पूजा समापन हुन्छ। यो दिन परिक्रमा क्षेत्रभर सिन्दूर जात्रा गर्न थालिएको छ।

पाँचौं दिन दिउँसो १२ बजे खट बोकेर धर्मपुरको तीन परिक्रमा पछि डठगाउँ, धनगाउँ, जिसुमबारी, खड्गगाउँ, टनगाउँ, नारायणहिटी (२०३५ सालसम्म), भैरवनाथ गण शीतल निवास (०३८ सम्म), हाल हात्ती गौंडासम्म अनि डठ गाउँ ल्याई बिसाउने गरिन्छ। दुई घण्टाजति त्यहाँ सुस्ताए पछि राति ९ बजेभित्र कतै नरोकी कन बसल्या (भुइँमा बिछ्याइएको रातो कपडा) माथि खट बोक्नेहरू हिँड्दै सुकुन्डा थालीसहित बाटामा हाकुपटासी पहिरनका स्त्रीले कुचो लगाउने जल छर्कने गर्दै खटलाई गणेश थानमा ल्याइपुऱ्याउँछन्। यतिबेला खटलाई धर्मपुर द्वारमा पुऱ्याउना साथ भैरवलाई यथास्थानमा प्रतिस्थापन गर्ने चलन छ। अजिमालाई घुमाउने क्रम सकिएपछि पालोवाला गुठियारकी मूल महिलाले कोएँताचा (फलामको अंकुसी) ले अजिमाको खट तानेर बिसाउन लगाउने प्रचलन छ। यो दिन जात्रामा सहभागी महिला हाकुपटासी पहिरनमा हुनैपर्ने प्रचलन छ। जात्राको छैटौं दिन गुठियारहरूले स्नान गराई हाँस र कुखुराको वलीसहित नित्य पूजा गरेर अजिमालाई खटबाट निकाली यथा स्थानमा प्रतिस्थापन गर्छन्। यसको पूर्वमा डठु गाउँ, पश्चिममा टोखा नं.पा. वडा नं.२ र ३ उत्तरमा लुडे खोला बूनपा वडा नं.४, दक्षिणमा काठमाडौं महानगरपालिका वसुन्धारा वडा नं. ३ रहेको छ। खड्ग भद्रकाली मन्दिरको **GPS Location N 2745.395, E 08520.552** उचाइ १३६२ मिटरमा अवस्थित छ।

## ६.८ नौलिन भद्रकाली मन्दिर

चुनीखेल धोबी खोलाको पूर्वीतटमा अवस्थित भद्रकाली मन्दिर यहाँको धरोहर मानिन्छ। वैशाखपूर्णिमा (चण्डीपूर्णिमा) का अवसरमा यहाँ विशेष मेला लाग्छ। यहाँ पूर्णिमाको दुई दिन अघिदेखि नै मेलाको रौनक सुरु






हुन्छ। त्रयोदशीका साँझ पञ्चवली दिएर पूजा गरिन्छ। चतुर्दशीमा बिहानै वरिपरिका टोलबाट आएर पूजा आराधना गर्छन् । पूर्णिमामा पनि बिहानैदेखि भद्रकालीको पूजा आराधना सुरु हुन्छ। यो दिन राति टुपेक, टुसाल र चपलीबाट भद्रकालीका र गाम्चाबाट गणेशको सहित रथहरू ल्याइन्छन् । टुपेकका गुठियारहरूले बोका वलीसहित चाः (रात्रि) पूजा गर्छन्। गाम्चाबाट ल्याएको गणेशको रथ राति बास नबसाई गणेश थानमै पुऱ्याउने प्रचलन छ। भद्रकालीका रथहरू राति यहीँ बास बसाइन्छन् । भोलिपल्ट माथिल्लो टुसालका गणेशको रथ बाजासहित गाम्चा जाने बाटोमा भद्रकालीलाई लिन जाने अनि सबै रथहरू गाम्चा चौरमा पुऱ्याई राँगाको वलीसहित पूजा गरेर सिन्दूर जात्रा गरिन्छ। यसपछि वासा (पटुका) भुइँमा बिछ्याएर रथहरूलाई गाम्चाबाट बिदाइ गरेपछि आआफ्ना स्थानमा रथ पुऱ्याएर आआफ्ना टोलमा जात्रा गर्दै मेला समापन गर्ने प्रचलन छ। यसको पूर्वमा जनउद्धार मावि, पश्चिममा रुद्रमती (धोबी) खोला, उत्तरमा सुवर्ण शमशेर क्रिकेट मैदान, दक्षिणमा संयुक्त बसपार्क रहेको छ। नौलीन भद्रकाली मन्दिरको **GPS Location N 2745.766, E 08521.889**, उचाइ १३४९ मिटरमा अवस्थित छ।

## ६.९ रुद्रेश्वर महादेव

धोबी खोलाको पूर्वी किनारमा भद्रकालीभन्दा उत्तर अवस्थित रुद्रेश्वर महादेवको मन्दिरप्रति स्थानीयको अगाध आस्था भएको मन्दिरको अवस्थाले जनाउँछ। असजिलो ठाउँमा पनि सजिसजाउ मन्दिरले एक पटक पुगेको भक्तजनलाई पटकपटक आउन प्रेरणा दिने खालको छ। पहराको ठूलो ढुंगामा अवस्थित मन्दिर खोलाको जल प्रवाह नजिक हुँदाले अझ शोभायमान देखिन्छ । शिवरात्रिमा यहाँ विशेष पूजाआजाका साथै रातभर जाग्राम बसेर आराधना गर्ने चलन छ । स्थानीय





भक्तजनबाट दैनिक रुद्री पाठ र साँझ आरतीको व्यवस्था मिलाइएको छ। यसको पूर्वमा बाडे पाखा, पश्चिममा भद्र बस्ती, उत्तरमा बखमानटार, दक्षिणमा भद्रकाली मन्दिर रहेको छ। रुद्रेश्वर महादेवको **GPS Location N 2745.766, E 08521.889** र उचाइ १३५२ मिटरमा अवस्थित छ।

## ६.१० पञ्चकुमारी मन्दिर

वासिकु नेवारी शब्द हो। यस भाषामा वा को अर्थ धान सि को अर्थ दाउरा र कु को अर्थ पानी हुन्छ। यी तीन शब्दको संयोजन गर्दा प्रसस्त पानी भएकाले धेरै धान फल्ने जंगल नजिक हुनाले दाउरा पाइने सुविधायुक्त ठाउँ भन्ने बुझिन्छ। सुविधायुक्त गाउँ भएकाले यस गाउँलाई वासिकु भनियो। पछि यसलाई वासिक मात्र भन्न थालियो।

वासिक गाउँमा पञ्चकुमारीको मन्दिर छ। पञ्चकुमारीको पूजा सधै गरिने भए पनि वैशाख पूर्णिमाको छेकमा चार दिन विशेष पूजा गरिन्छ। सिकारी, सुनदेवी, पञ्चकुमारीदेवी, जलदेवी र महाकाली पाँच दिदी बहिनीको संयुक्त नाम पञ्चकुमारी हो। विशेष पूजाका सिलसिलामा वैशाख चतुर्दशीको मध्य रातमा बोकाको बलिसहित पञ्चकुमारीको विशेष पूजापछि खटमा राखेर गाउँ परिक्रमा गराई उनीहरूको माइती भनिने यसै गाउँको पूर्वतर्फ झ्याङ्ले खोला र धोबी खोलाको संगममा अवस्थित डाँडाको भित्तामा विशाल ढुंगाको फेदमा अवस्थित मन्दिरमा लगेर पुऱ्याइन्छ।

यहाँपञ्चकन्यालाई पुऱ्याएपछि पूजाआजा गरेर रातभर भजन कीर्तन गर्दै जाग्राम बस्ने गरिन्छ। काम विशेषले घर फर्कनेहरू रथ लगेको बाटो फर्कनु हुँदैन भन्ने जनविश्वास छ। फर्कनेहरू तलपट्टिको अर्को बाटो भएर फर्कने चलन छ। पूजा गर्न गुठियारबीच पालो बाँडिएको छ। पहिले पालोमा नगरकोटीहरू पनि थिए। नगरकोटीले पूजाको पालो लिन छाडेपछि श्रेष्ठहरूले हरेक घरको वार्षिक पालो मिलाएका छन्। पालो अनुसार यी पञ्चकन्याको पूजाको कर्म चल्दै आएको छ। यो पूजा दिउँसो गरेमा अनिष्ट हुने जनविश्वास छ। एक पटक दिउँसो पूजा गर्दा झाडावान्ता फैलिएर एक जनाको मृत्यु भएको दुखान्त घटना स्थानीयमा ताजै रहेछ। साँझ परेपछि पूजा सुरु गरेर मध्य रात्रिमा वलि पूजा गर्दा कुनै अनिष्ट नभएको स्थानीयहरू सगर्व सुनाउँछन्। पूर्णिमाको दिन दिनभर पञ्चवलि (बोका, हाँस र कुखुराको भाले) सहित पूजाअर्चना गरिन्छ। पूर्णिमाको दिनभर पूजाआजा गरी सम्मान गरेपछि राति पञ्चकन्यालाई माइती थानबाट रथमा राखेर बासिकतर्फ प्रस्थान गराइन्छ।








स्थानीयले जग्गा दान गरी निर्माण गरिएको वासिक चोकमा अवस्थित गणेश मन्दिरको आँगनमा रथ बिसाइन्छ। त्यहाँ राति पूजा अर्चना गरेपछि भजनकीर्तन सुरु हुन्छ। प्रतिपदा दिउँसो गुठीयारले राँगा र छेत्रीहरूले बोकाको वलि दिएपछि साँझ दैनिक खटमा विराजमान पञ्चकुमारीलाई

स्थानीय टोलहरूमा घुमाएर सिन्दूर जात्रा गराई त्यही गणेशको प्रांगणमा ल्याएर विश्राम गराइन्छ। यो क्रम तीन दिनसम्म चल्छ। अन्तिम दिन ख्वाँटे टोलका स्थानीयले आफ्नो टोलमा खटमा विराजमान पञ्चकुमारीलाई लगी पूजाआजा र सिन्दूर जात्रा गर्छन्। चौथो दिन पञ्चकन्यालाई थानमा राखेपछि जात्रा सकिन्छ।

पञ्चकन्याको माइती मन्दिर (थान) छेउमा नाग थान पनि छ। यहाँ कहिल्यै पानी सुक्दैन। मन्दिरको दायाँबायाँ र माथितिर जंगल छ। यो जंगलका रुख सिधा छैनन्। सबै बाङ्गिएका छन्। यो जंगलका रुख काट्दा अनिष्ट हुने जनविश्वास छ। यसको पूर्वमा पञ्चकन्या सामुदायीक वन वडा नं.२, पश्चिममा बूढानीलकण्ठ मन्दिर वडा नं.३, उत्तरमा नारायण डाँडा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज वडा नं.२ र दक्षिणमा रुद्रेश्वरमहादेव मन्दिर र नौलीन भद्रकाली मन्दिर रहेको छ। पञ्चकन्याको माइतीघर थानको **GPS Location N 2746.179, E 08522.023, -N 2746.284, E 08522.063** पञ्चकन्या मूर्तिस्थल) र उचाइ १४१५ मिटरदेखि १४३१ मिटरमा अवस्थित छ।

## ६.११ कपन बंगलामुखी मन्दिर

कलात्मक टुँडाल र तोरणले सुसज्जित यो मन्दिर प्रवेश गर्दा भक्तजनको मन प्रफुल्ल पार्ने खालको देखिन्छ। मन्दिर छेउको रुद्राक्षको रुख र मूल प्रवेशद्वार बाहिर मन्दिरतिर मुख फर्काइएको चार फुट अग्लो स्तम्भमा रहेको हनुमानको मूर्तिले शोभा बढाएको आभास हुन्छ। मन्दिरको दक्षिण, पश्चिम र उत्तरमा रंग्याइएका फलामे बारले सुरक्षित गरिएको छ। प्रवेशद्वारबाट भित्र पस्ने बित्तिकै गणेश र भैरवको मूर्तिले सजिएको घण्टी र धूपदानीसहितको खुला मन्दिरले शोभायमान देखिन्छ। वरिपरि ढुंगा छापेको फराकिलो आँगन भएकाले हजारौं भक्तजन यहाँ अटाउँछन्। मन्दिरको मूलढोका अगाडि ठूलो घण्ट अनि स्तम्भमा रहेको बाघको प्रतिमाले मन्दिरको शोभा बढाएको पाइन्छ। दैनिक पूजा आरतीको व्यवस्थाले मन्दिरप्रतिको जनमानसको आस्था झल्काउँछ। मन्दिरको दक्षिणतर्फ वरिपरि बसेर २०-२५ जना जतिले सजिलै पूजा गर्न मिल्ने हवनकुण्ड रहेको छ। मन्दिरको दक्षिण पश्चिममा सामान राख्न मिल्ने दुइकोठे भवन उपयोगमा आएको र त्यसको माथि एक तला ढलान गरिसकिएको गारो लगाउन बाँकी अवस्थामा छ। यो पूरा भएपछि मन्दिरको शोभा अझ बढ्ने देखिन्छ। पूर्वतर्फको भित्तामा भवगवान्का सबै अवतार र अन्य देवी देवताका प्रस्तर मूर्ति स्थापना गरिएकाले यस मन्दिरमा इच्छाअनुसार देवीदेवताको आराधना गर्न सकिन्छ। प्रवेशद्वार बाहिर अतिक्रमणको चपेटामा परेर पानी नआउने कलात्मक ढुंगेधाराले आधुनिक विकास र मानव सभ्यतालाई गिज्याएको आभास दिन्छ। यसको पूर्वमा पैंयुटार, पश्चिम कपनटार, उत्तरमा कपन गुम्बा, दक्षिण फैंका रहेको छ। कपन बंगलामुखी मन्दिरको **GPS Location N 2744.313, E 08521.798** र १४२५ मिटर उचाइमा अवस्थित छ।





## ६.१२ कपनगढी र कपन गुम्बा






कपनगुम्बाभित्र सुन्दर चिटिक्क परेको मन्दिर छ। मन्दिर वरिपरि आँगन बनाएर भक्तजन बस्न मिल्ने बनाइएको छ। यो गढी पृथ्वीनारायण शाहले काठमाडौं विजयपूर्व बनाएको किंवदन्ती छ। राजाले आफ्नो गण भएको हरेक ठाउँमा भगवती मन्दिर बनाउने गरेको इतिहास छ। यो




परम्परालाई नेपाली सेनाले हालसम्म पनि कायम राखेको पाइन्छ। यो मन्दिर पृथ्वीनारायण शाहले स्थापना गरेको स्थानीयको भनाइ रहेको छ। स्थानीयका अनुसार यस मन्दिरमा हिजोआज पनि स्थानीय श्रद्धालुले पूजा र किर्तन गर्ने गरेका छन्। गुम्बाका एक कर्मचारीका अनुसार पहिले स्थानीयले शिलामा पूजा गर्ने गरेकाले गुम्बा बनाउँदा मन्दिर पनि निर्माण गरिएको हो। गुम्बा साँच्चै सुन्दर र मनमोहक छ। फूल, बगैंचा र रङरोगन गरेर चिटिक्क सिँगारिएका घर गुम्बाले त्यस ठाउँको शोभा बढाएको पाइन्छ। यहाँ समयसमयमा मानिसहरू ध्यान सिक्न आउँदा रहेछन्। यहाँ बौद्ध शिक्षा (आध्यात्मिक) का साथै नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम पनि पढाइन्छ। यहाँको शिक्षामा मानिसको चरित्र निर्माणलाई प्राथमिकतामा राखिएको बताइन्छ। सर्वसाधारणलाई समेत खुला रहेको गुम्बा हाल अनुमति लिएर मात्र भित्र जान पाइने व्यवस्था मिलाइएको रहेछ। घुम्न आउनेबाट सुरक्षा चुनौती भएको गुम्बाका लेखापाल निमारिन्ची शेर्पाको भनाइ छ। घुम्न आउनेले फूल टिप्ने, धाराका टुटी लैजाने गरेकाले जोसुकैलाई भित्र पस्न दिन नसकिने उहाँको भनाइ रहेको छ। यसको पूर्वमा फुलारी गुम्बा, पशिचममा लक्ष्मिटार अधिकारी गाँउ, उत्तरमा चुनीखेल वडा नं.१३, दक्षिण वडा नं. ११ कार्यालय रहेको छ। कपनगढी र कपन गुम्बाको **GPS Location N 2743.770, E 08517.871 skg u9L, N 2744.547, E 08521.882** र उचाइ १४७८ मिटरमा अवस्थित छ।

## ६.१३ नागी गुम्बा




शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको गर्भमा अवस्थित यो गुम्बालाई प्राकृतिक सौन्दर्यले छपक्कै छोपेको छ। जंगलको बीचमा रमणीय डाँडामाथि



अवस्थित यो गुम्बासम्म पुग्न सडक सुविधा पनि छ। तलबाट निस्कँदा गुम्बा नपुगुन्जेल यो

घनघोर जंगलमा मानवीय उपस्थितिको कल्पना पनि गर्न सकिन्न । गुम्बा ठूलो क्षेत्रफलमा फैलिएको छ । हजारौं मानिस अटाउन सक्ने यो पूर्वाधार हेर्न लायक छ । यहाँ सयौं विद्यार्थी आवासीय रूपमा अध्ययनरत छन् । कक्षा ८ सम्म सरकारी पाठ्क्रमका अतिरिक्त बौद्ध धर्म सम्बन्धी पाठ्यक्रम पढाइ हुने यस गुम्बाले आध्यात्मिक शिक्षालाई प्राथमिकता दिएको पाइन्छ । यहाँ बौद्ध परम्परा अनुसार पूजापाठ र ध्यान पनि गर्ने व्यवस्था छ । जंगली जनावर र चराचुरुंगीका आवाजले यसको मोहकता अझ बढाएको पाइन्छ । प्रकृति अध्ययनका लागि पनि यो सुन्दर पाठशालाका रूपमा रहेको छ । यसको पूर्वमा तारेभीर, पश्चिममा विष्णुद्वार धाम, उत्तरमा वाग्द्वार, दक्षिणमा बूढानीलकण्ठ मन्दिर रहेको छ । नागी गुम्बाको **GPS Location N 27.78290, E 085.38108** र उचाइ १९६० मिटरमा अवस्थित छ ।

## ६.१४ चुनदेवी मन्दिर



चुनिखेलको मध्य भागमा अवस्थित चुनदेवी मन्दिरको नामबाटै यो गाउँको नामकरण गरिएको स्थानीयहरूको भनाइ रहेको छ । यहाँ परम्परादेखि नै स्थानीयले दैनिक पूजाआजा गर्दै आएको पाइन्छ । मन्दिरको गजुरमा उम्रिएको पीपलका जराले पूरै ढाकिएको मन्दिरमा देवीका प्रतिमूर्तिस्वरू ढुंगाका शिला राखिएका छन् । गाई वा भैंसी ब्याएपछि पहिलो बिगौती दूध अनि चोखिएपछि पनि चुनदेवीलाई दूध चढाउने परम्परा रहेको स्थानीय जनसमुदायको कथन छ । चुनदेवी दैनिक प्रातकालमा तल्लो टुसालमा अवस्थित पोखरीमा स्नान गर्न जाने गरेको किंवदन्ती पनि रहेको छ । यसको पूर्वमा पुतली डाँडा, पश्चिमा धोवी खोला, उत्तरमा वासिक गाउँ, दक्षिणमा कपन रहेको छ । चुनदेवीमन्दिरको **GPS Location N 27 45. 241, E 085 22.090** र उचाइ १३८६ मिटरमा अवस्थित छ ।

## ६.१५ पुतली डाँडागढी / गुफा

चुनिखेलको पूर्वपट्टि सल्ला, उत्तिस, अँगेरा र अन्य ससाना वनस्पतियुक्त पुतली डाँडो पर्दछ । काठमाडौंको





दृश्यावलोकन केन्द्रजस्तो लाग्ने उत्तर-दक्षिण फैलिएको डाँडाको बिच ७० मिटर चौडाइ र १५० मिटर लम्बाइ जतिको यो किल्ला छ ।किल्लाभन्दा उत्तर र दक्षिणतर्फ ठूला चौर छन् । डाँडाको थुम्का वरिपरि गोलाकार पर्खाल लगाइएको भग्नावशेष देख्न सकिन्छ । माटाको अग्लो पर्खाल लगाई बिचमा घर बनाई बसेको जस्तो देखिन्छ । ढुंगा नभएको र मोटाइ तिन मिटर जति रहेकाले माटाकै पर्खाल रहेको अनुमान गर्न सकिन्छ । पर्खालभित्रपट्टि चार मिटरजति गहिरो भाग रहेकाले सजिलै दुस्मन भित्र पस्न नसक्ने बनाएको भान हुन्छ । यसले पृथ्वीनारायण शाहका समयमा आफ्नो सुरक्षाका लागि प्रयोग गरिएको प्रविधिबारे जानकारी दिन्छ । हाल खिइँदै गएको पर्खालको ठाउँमा एक मिटर व्यास भएका सल्ला भएकाले यो ठाउँ वर्षौंदेखि बेवारिसे रहेको आभास हुन्छ ।



पृथ्वीनारायण शाहले काठमाडौं अधीन गर्नुअघि उनको फौज यहाँ बसेको स्थानीयको कथन रहेको छ।

यसै डाँडाको पश्चिमपट्टि सय मिटरजति तल भिरालो ठाउँमा घाँस र बुट्यानले घेरिएको एउटा गुफा छ। भिरालो ठाउँमा रहेकाला गुफामा सहजै पुग्न कठिन छ। साहसी फुर्तिला युवा तिन मिटर जतिको यो गुफाको तलबाट छिरेर माथितिरबाट निस्कँदा रहेछन्। कथंकदाचित मानिस चिप्लियो भने दुर्घटना हुने सम्भावना देखिन्छ। पुलली डाँडाको भीरमा अवस्थित गुफामा स्वतन्त्र रूपमा मानिललाई जानका लागि सजिलैसँग जान सकिने संरचना बनाउनु आवश्यक छ। त्यस्तो संरचना नबनाई यसको प्रचारप्रसार गरियो भने दुर्घटना हुने सम्भावना देखिन्छ।त्यहाँ जान सुरक्षित किसिमको फलामे भऱ्याङ र गुफा वरिपरि बार लगाइनु आवश्यक छ। यसको पूर्वमा गोकर्णश्वर नगरपालिका,पश्चिम चुनदेवी मन्दिर, उत्तरमा तारेभिर र दक्षिणमा कपन बंगला मुखी मन्दिर रहेको छ। पुतलीडाँडा गढी/गुफाको **GPS Location N 2745.076, E 08522.709/N 2745.097, E 08522.656** र उचाइ १५०३ मि देखि १५४९ मिटरमा अवस्थित छ।

## ६.१६ अप्सरा घाट



बूढानीलकण्ठको पूर्वपट्टि रुद्रेश्वर नदीको अप्सराघाटमा आश्वीन शुक्ल द्वादशीका दिन भक्तजन काठमाडौं, पाटन र भक्तपुरदेखि स्नानका लागि आउने गर्छन्। उक्त घाटमा न कुनै धारा छ, न स्नान गर्ने स्थान छ। त्यहाँ नदी अत्यन्त साँघुरिएर फोहर बोक्दै बगेको देख्न सकिन्छ। भक्तजन स्नान गर्न आउने स्थान फराकिलो र स्नानयोग्य हुनुपर्ने हो। यहाँ भने पश्चिमतर्फ जलप्रवाहको छेउबाटै जग उठाएर आलिसान भवन बनाइएको छ भने पूर्वतर्फ बाटो छ। यस स्थानमा नदीको करिब तीन मिटर ढुंग्यानको बीच नदी प्रवाह छ। त्यहाँ नुहाउन त परैको कुरा हो, उभिन मिल्ने स्थान पनि छैन। आउने भक्तजनले पक्कै स्थानीयलाई केही न केही दिएर जान्छन् तर यहाँ स्नान गर्न आउनेलाई रोक्ने प्रयत्न गरिएको आभास जोसुकैलाई हुन्छ। पर्यटकीय स्थल बढाउनुपर्नेमा मास्ने काम गर्दा बूढानीलकण्ठ नगरपालिकाको पर्यटन आकर्षण गर्ने सोचलाई कहाँ पुऱ्याउला भन्न सकिन्न।त्यहाँ स्वर्गबाट अप्सराहरू आई नुहाउँछन् भन्ने विश्वास गरिन्छ। बूढापाकाहरूका अनुसार शिलारूप हुनपूर्व भगवान् बूढानीलकण्ठले पनि त्यही अप्सरा घाट गई स्नान गर्नुहुन्थ्यो।

## ६.१७ खप्तडबाबा समाधिस्थल

मुहान पोखरीमा खप्तड बाबाको समाधि स्थल छ। तपस्वी खप्तडमा असीम श्रद्धा राख्नेहरू यहाँ आउन खोज्छन्। हाल यसको व्यवस्थापन व्यक्तिगत रूपमा भएको छ। महान् तपस्वी खप्तडको समाधि स्थलमा उनका अनुयायीहरू आउँछन्। व्यक्तिगत व्यवस्थापनले सबै आगन्तुकहरूलाई आवश्यक सुविधाको व्यवस्थापन हुनु सम्भव पनि देखिँदैन। अतः वैधानिक विधिमार्फत यसलाई नगरपालिका मातहत ल्याई सञ्चालन गर्नु आवश्यक छ।

## ६.१८ विष्णुमती झरना

विष्णुद्वार दर्शन गरेर सडकमा फर्केपछि पानीको छडछडले झरनाको अवस्थिति सजिलै अनुमान लगाउन



सकिन्छ । यो आवाज सुनेर मात्र होइन एउटा सङ्केत पाटीको पनि आवश्यकता देखिन्छ। सडकबाट १० मिटरजति तलबाट झरना सुरु भएको छ। सडकमा बनाइएको प्रतीक्षालयबाट झरना अवलोकन गर्न ठाडो भीर १५० मिटरजति तल झर्नुपर्छ। त्यहाँ झर्न कुनै संरचना बनाइएको छैन । त्यसैले चाहेर पनि सबैले झरना अवलोकन गर्न सक्दैनन्। कतै रुखका जरा त कतै रुखका हाँगा समातेर जबर्जस्ती झर्नुपर्छ। झरिसकेपछि भने आनन्दको सीमा हुँदैन। चराको चिरबिर सँगै झरना अवलोकन गर्न पाइन्छ। ६० मिटर जति माथिबाट झरेको झरनाको पानी बीचमा पहरोमा बज्रिन्छ अनि झरनाको तल लगभग १५ मिटर परसम्म वर्षा भए झैं पानी थोपाथोपा भएर बर्सन्छ। झरना खस्ने




ठाउँमा ठूलाठूला पीठ नमिलेका ढुङ्गा छन् । बढी हौसिएर कोही झरना तल जान खोजेमा दुर्घटना निम्तिन सक्छ। यसको पूर्वमा तारेभीर र नागी गुम्बा, पश्चिममा आर्मी स्टाफ कलेज (टोखा ब्यारेक) दक्षिणमा बूढानीलकण्ठ मन्दिर र उत्तरमा विष्णुद्वार शिवपुरी चुचुरो पर्दछ । विष्णुमती झरनाको **GPS Location N 27 47.532, E 085 21 .301** र उचाइ १८७८ मिटरमा अवस्थित छ।

## ६.१९ धोबी ढुंगा

वासिक गाउँको माथि सिरानमा एउटा विशाल ढुंगो छ। स्थानीयहरू यो ढुंगालाई धोबी ढुंगा भन्दछन् । तौलुङबाट तारेभीर जाने बाटो यही धोबी ढुंगाको शिर हुँदै पूर्वतिर गएको छ।यो ढुंगाको तलपट्टि अत्यन्त डरलाग्दो



भीर छ । ढुंगाको लम्बाइ अन्दाजी लम्बाइ २० मिटर र चौडाइ १० मिटर छ।यसलाई प्राचीनकालमा राजदरबारका लुगा धुने स्थान भनिए पनि भिरालो हुनाले विश्वास लाग्ने खालको छैन । यसको अर्को नाम तारा खसे ढुंगा पनि रहेछ । सिकारीदेवी र पञ्चकन्यादेवीबीच विवाद हुँदा पञ्कुमारीदेवीले कान्छी औंलाले माथिबाट गुडाउँदा यो ढुंगा यहाँ आएर रोकिएको भन्ने किंवदन्ती पनि छ। यसको पूर्वमा




नारायण डाँडा बालुवा, गोकर्णेश्वर नपा वडा नं. १, पश्चिम, बूढानीलकण्ठ मन्दिर वडा नं. ३, उत्तरमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र नागी गुम्बा पर्दछ। धोबी ढुंगाको **GPS Location N 2746.553, E 08522.704** र उचाइ १५७३ मिटरमा अवस्थित छ।

## ६.२० विपश्यना ध्यान केन्द्र

यो मुहान पोखरीमा अवस्थित छ। यहाँ शान्त ध्यान साधना अभ्यास गराइन्छ। यो बुद्धको ज्ञानमा आधारित छ। एक वर्षमा २३ टोलीले साधना गर्ने अवसर पाउँछन्। साधना गर्ने टोलीमा दसैंका अवसरमा सरकारी कार्यालयहरू बिदा हुने कारण इच्छुक कर्मचारीलाई सहभागी हुने मौका दिन नेपाली नागरिकलाई मात्र सहभागी गराइने प्रचलन छ। अन्य समयमा इच्छुक स्वदेशी वा विदेशी जोसुकैले भाग लिन सक्छन्। ध्यान साधनामा कुनै शुल्क लाग्दैन। साधना गरिसकेका साधकले स्वेच्छाले दान दिन सक्छन्। यहाँ दाताको नाम कतै उल्लेख गरिँदैन। सेवा गर्ने स्वयंसेवक (धर्मसेवक/धर्म साधिका) बन्न समेत साधना गरिसकेको साधक हुनुपर्ने नियम छ। दानबाटै यस संस्थाका लागि ३९ रोपनी जग्गा र संरचना निर्माण भएका हुन्। यहाँ साधना गर्न पद तथा उमेरको कुनै भेदभाव हुँदैन। यहाँ साधना गर्ने सबै बराबर हैसियतका साधकसाधिका हुन्छन्। एक पटकमा १०० जना पुरुष र १०० जना महिलाले साधना गर्न सक्ने व्यवस्था छ। साधना अवधिभर महिला र पुरुषका लागि छुट्टाछुट्टै कक्ष निर्माण गरिएका छन्। यसको पूर्वमा धोबी ढुंगा, पश्चिममा शिवपुरी जाने सडक, उत्तरमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र दक्षिणमा बूढानीलकण्ठ मन्दिर रहेको छ।



## ६.२१ सुवर्ण शमशेरक्रिकेट मैदान

चुनीखेलमा धोबी खोलाको पूर्वी किनारमा मन्दिर छ। मन्दिरमाथि करिब ९० रोपनी जग्गामा सुवर्ण शमशेर क्रिकेट मैदान बनाउन थालिएको छ। यो मैदान बनाउन २०७१ सालमा प्रधानमन्त्री सुशील कोइरालाबाट शिलान्यास गरिसकिएको छ। निर्माणको काम प्रारम्भ मात्र भएको छ। चौरले पूरा आकार ग्रहण गरिसकेको छैन। उत्तर र पूर्वका ढिस्का सम्याउन र पश्चिमतर्फ पहिरो रोक्न बनाउन लागेको छेको पर्खाल पूरा भएको छैन। अन्य कार्यालय र खेलका लागि चाहिने पूर्वाधारको पनि अत्तोपत्तो पाइँदैन। यस स्थानमा क्रिकेट मैदान बनाउन पर्याप्त जग्गा भएकाले पूर्वाधारले सम्पन्न बनाई खेल सञ्चालन गर्न ढिलाइ गर्नु हुँदैन। यहाँ पूर्वाधार तयार भएमा देशले पर्याप्त दक्ष खेलाडी उत्पादन गर्न सक्ने र यहाँ खेल पर्यटन फस्टाउन धेरै समय लाग्ने देखिँदैन। पर्यटनका लागि पूर्वाधार पहिलो सर्त हो। सडक सुविधा भएको जग्गा र पानीको पर्याप्त स्रोत भएकाले काठमाडौंको अन्य क्षेत्रमा भन्दा यहाँ क्रिकेटको सम्भावना बढी देखिन्छ। वडा, नगरपालिका, प्रदेश सरकार र संघ सबैलाई यस स्थानमा खेल प्रवर्द्धन सरिक भई खेल प्रवर्द्धन गर्दा खेल पर्यटन प्रवर्द्धन हुनेदेखिन्छ। यसको पूर्वमा कौडोल, पश्चिममा नैलिन भद्रकाली मन्दिर, उत्तरमा भद्रकाली सामुदायिक वन र





दक्षिणमा जनउद्धार मावि रहेको छ। सुवर्ण शमशेर क्रिकेट मैदानको **GPS Location N 2745.783, E 08521.956** र उचाइ १३६८ मिटरमा अवस्थित छ।

## ६.२२ धोबीखोला जलाशय (वाटर पार्क)





चपली चुनीखेलको बीचमा भद्रकाली मन्दिर छेउमा एउटा र रुद्रेश्वर मन्दिर माथि बाँध बनाई वाटर पार्क बनाउने अवधारण पर्यटन गुरुयोजना निर्माणका सम्बन्धमा गरिएको छलफलका क्रममा स्थानीय बुद्धिजीवीबाट उठेको थियो । भद्रकाली मन्दिरसँगै ड्याम बनाएर रुद्रेश्वर मन्दिरलाई असर नपर्ने गरी पोखरी करिब ६०० मिटर लम्बाइ र १५० मिटर चौडाइ भएको तलाउ बन्ने देखिन्छ।

त्यस्तै रुद्रेश्वर मन्दिरको उत्तरतर्फ ड्याम बनाई लगभग तीन किलोमिटर मिटर लम्बाइ र २०० मिटर चौडाइको ताल बनाएर जलक्रीडा स्थल बनाउन सकिन्छ । काठमाडौं उपत्यकामा जलक्रीडा गर्ने सीमित स्थान भएकाले यहाँ ताल बनाएर माछा सहितको पोखरी बनाउन सकिन्छ। जल मनोरञ्जनको अभाव रहेको अवस्थामा यहाँ पोखरी बनाउँदा स्थानीयका लागि पनि रमणीय स्थान बन्न पुग्दछ। यो नगरको पर्यटक प्रवर्द्धन गर्ने राम्रो औजार पनि बन्न सक्छ। यसको पूर्वमा बाडे पाखा, पश्चिममा भद्र बस्ती, उत्तरमा बखमानटार र दक्षिणमा भद्रकाली मन्दिर रहेको छ। धोबीखोलाको **GPS Location N 27 45.858, E 085 21.866** र उचाइ १३५१ मिटरमा अवस्थित छ।

## ६.२३ तारेभीर



शिवपुरी निकुञ्जमा अवस्थित नागिन गुम्बाबाट करिब दुई किलोमिटर पूर्वमा विशाल पत्थरयुक्त लगभग पाँचसय मिटर अग्लो भीर रहेको छ। यो भीर बूढानीलकण्ठ र गोकर्णेश्वर नगरपालिकाको सीमामा अवस्थित छ। ढुंगैढुंगाको पहरो तारेभीर स्थानीय लामा समुदायबीच आराध्य रहेको छ। वैशाख शुक्ल पूर्णिमा, आश्वीन शुक्ल पूर्णिमा (कोजाग्रत पूर्णिमा) र माघे संक्रान्तिका दिन यही भीरको फेदमा गई पूजाआजा गर्ने स्थानीय लामासमुदायको परम्परा रहेको छ। वार्षिकरूपमा तारेभिर महोत्सव हुनेगरेको स्थानीय जानकारहरूले फिल्ड अध्ययनको क्रममा बताए। यसको पूर्वमा गोगर्णेश्वर नगरपालिका, पश्चिममा नागी गुम्बा, उत्तरमा वाग्द्वार र दक्षिणमा पुतलीडाँडा रहेको छ। तारेभीरको **GPS Location N 27 47.259, E 085 22.59** र उचाइ १८३१ मिटरमा अवस्थित छ।



**तालिका नं. ६.१ नगरपालिकाका धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटकीय महत्वका स्थलहरू**

| क्र.सं | पर्यटकीय स्थल | स्थानीय क्षेत्र | विशेषता |
|---|---|---|---|
| १ | बूढानीलकण्ठ मन्दिर | वडा नं ३ | हरिहर स्वरूप, छाया दर्शन, एउटै शिलाबाट निर्मित विश्वकै ठूलो मूर्ति |
| २ | विष्णुद्वार धाम | वडा नं. ५ | मुक्ति क्षेत्र, (गुफा) केदारनाथ पुग्ने सुरुङ |
| ३ | वाग्द्वार | वडा नं.३ | मुक्ति क्षेत्र, वाग्मतीको मुहान, रोग नाशक जल |
| ४ | शिवपुरी चचुरो | वडा नं.३ | पौराणिक राजा सूर्यकेतुको निवास, शिवपुरी बाबाको तपस्या स्थल, यसको तल भूमिगत जलाशय भएको किंवदन्ती |
| ५ | कामधेनु शिला | वडा नं.३ | शरणागतका मनोरथ पूरा हुने |
| ६ | शतरुद्रेश्वर | वडा नं.३ | ज्योतिर्लिंग, दर्शनार्थीका पाप हरण |
| ७ | खड्ग भद्रकाली | वडा नं. ६ | वैशाख पूर्णिमा मध्यरातमा पूजा हुने, धनधान्यकी देवी |
| ८ | नौलिन भद्रकाली | वडा नं. १३ | वैशाख पूर्णिमा मध्यरातमा पूजा हुने, धनधान्यकी देवी |
| ९ | रुद्रेश्वर महादेव | वडा नं. १३ | रमणीय स्थल, मन शान्त हुने स्थल |
| १० | पञ्चकुमारी मन्दिर | वडा नं. २ | धनधान्यकी देवी, मन्दिर आसपास जंगलका रुख सोझा नहुने |
| ११ | कपन बंगलामुखी मन्दिर | वडा नं.११ | सात धाममध्ये एक, सम्पूर्ण देवी देवताको नित्य पूजा हुने स्थल |
| १२ | कपन गढी/गुम्बा | वडा नं.११ | अग्लो डाँडामा अवस्थित, दृश्यावलोकन स्थल, पृथ्वीनारायण शाह पुजित महांकाल भगवतीको मन्दिर र गुम्बा, हिन्दु र बौद्धको आराध्य स्थल |
| १३ | नागी गुम्बा | वडा नं. ३ | रमणीय स्थल, ध्यान केन्द्र, बौद्ध शिक्षालय |
| १४ | चुनदेवी मन्दिर | वडा नं. १३ | पशुधन रक्षक देवी, गाईभैंसी ब्याएपछि पहिलो दूध र बजार लैजानुपूर्व पनि चढाउने परम्परा |
| १५ | पुतलीडाँडा गढी/गुफा | वडा नं. १३ | पृथ्वी नारायण शाहको ऐतिहासिक गढी, दृश्यावलोकन स्थल, गुफा अवलोकन गर्दा साहसिक पर्यटन, पिकनिक स्थल |
| १६ | अप्सरा घाट | वडा नं. ३ | परम्परादेखि पाप मोचनका लागि पौष शुक्ल द्वादशीमा स्नान गरिने पवित्र घाट |
| १७ | खप्तड समाधि स्थल | वडा नं. ३ | योगीहरूको पवित्र धाम, खप्तड बाबाले देहत्याग गरेको स्थल |
| १६ | विष्णुमती झरना | वडा नं. ५ | रमणीय झरना, जेविक विविधता अवलोकन स्थल, नगरको एक मात्र झरना |
| १७ | धोबी ढुंगा | वडा नं. २ | रङ बदल्ने ढुंगो, राजाका धोबीहरूले कपडा धुने ऐतिहासिक स्थल |
| १८ | विपश्यना | वडा नं. ३ | ध्यान केन्द्र, रोगहरण स्थल, मनमा 'वसुधैव कुटुम्बकं' भाव ल्याउने स्थान, |
| १९ | सुवर्ण शमशेर क्रिकेट मैदान | वडा नं. १३ | क्रीडा स्थल, खेल पर्यटन स्थल |
| २० | धोबीखोला जलाशय | वडा नं. १३ | जल क्रीडा स्थल |
| २१ | तारेभीर | वडा नं. ३ | साहसिक खेल स्थल |

*स्रोत : गुरुयोजना अध्ययन टोली*

## नगरपालिकाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरू

नगरपालिकामा प्रमुख ३ वटा पर्यटकीय गन्तव्य स्थल छनोट गरिएको छ। (१) बूढानिलकण्ठ हरिहरस्वरूप संसारमा कहीँ नभएको आश्चर्य लाग्दो एउटै ढुङ्गाबाट निर्मित मूर्ति हुनु (२) संसारमा कहीँ नभएको राजधानीबाट नजिक पर्ने एकमात्र निकुञ्ज शिवपुरी नागार्जन राष्ट्रिय निकुञ्ज नगरमा पर्नु (३) नेपालमा सबैभन्दा धेरै गुम्बाहरू भएको नगर पनि बूढानीलकण्ठ हुनु यी मुख्य विशेषताले गर्दा ३ वटा पर्यटकीय स्थललाई प्रमुख पर्यटकीय गन्तव्य स्थलका रूपमा प्रस्ताव गरिएको छ।

**चित्र नं. ६.१**




*स्रोत : गुरुयोजना अध्ययन टोली*

**चित्र नं.६.२ नगरपालिकाका दोस्रो पर्यटकीय गन्तव्य स्थलहरू**

नगरपालिकामा रहेका धार्मिक, प्राकृतिक पर्यटकीय स्थलहरूलाई दोस्रो पर्यटकीय गन्तव्य स्थलका रूपमा प्रस्तुत गरिएको छ। जुन स्थानीय वडा तहमा अवस्थित रहेका र कम चर्चामा रहेकाले यी स्थललाई दोस्रो पर्यटकीय स्थलका रूपमा समावेश गरिएको छ।




*स्रोत : गुरुयोजना अध्ययन टोली*

## नक्सा नं. ६.१: नगरपालिकाका मुख्य–मुख्य पर्यटकीय स्थलहरू




*सम्योजन : राजकुमार रिमाल*

# अध्याय ७

## पर्यटन गुरुयोजनामा गरिने मुख्य मुख्य कार्यक्रमहरू
## (Main activities of tourism master plan)

### ७.१ नगरमा भएका सबै मन्दिरहरूको संरक्षण (Preservation of temples and monuments in the municipality)

बूढानीलकण्ठ नगरमा रहेका मन्दिर तथा गुम्बाहरू पर्यटकका आकर्षणका केन्द्रहरू हुन् । कतिपय मन्दिर हरूमा घाँस र रुखहरू उम्रिनाले धेरै अशोभनीय रहेका छन् । यस्ता मर्मत सम्भार नगरिएका मठमन्दिर र गुम्बाहरू स्थानीय बासिन्दाहरूको सहयोगमा व्यवस्थित गरिनेछ। बूढानीलकण्ठ मन्दिरलाई सरसफाइको विशेष व्यवस्था गरी आकर्षक बनाइने छ।

### ७.२ ऐतिहासिक स्थलहरूको संरक्षण (Preservation of historical places)

विभिन्न ऐतिहासिक स्थलहरूको संरक्षणको निमित्त एक आयोजना लागु गरिनेछ। आश्वीन शुक्ल प्रतिपदामा स्नान गर्न आउने भक्तजनलाई सुविधा पुग्ने गरी अप्सराघाटमा पाँच वटा धारा बनाइने छ। स्थानीय तथा मन्दिरमा आउने अन्य दर्शनार्थीलाई यी धारामा नुहाउने वातावरण बनाइने छ। धर्मपुरको लिच्छिविकालीन खड्ग भद्रकालीमा तारबार लगाई आकर्षक प्रवेशद्वार निर्माण गरिने छ। यहाँ शुद्ध खानेपानी र स्मार्ट शौचालय निर्माण गरिने छ। वाग्द्वारमा महादेवको मुखबाट पानी निस्केको प्रतीक बनाइने छ। विष्णुद्वारमा शौचालय निर्माण गरिने छ। विष्णुमती झरना हेर्न जानेका लागि सुरक्षित भऱ्याङ र अवलोक स्थल बनाइने छ। पुतली डाँडा गुफा अवलोकन गर्न जानेका लागि फलामे भऱ्याङ बनाइने छ। गुफा स्थल वरिपरि सुरक्षित फलामे बार लगाइने छ। पुतली डाँडा गढीलाई तारबारले घेरेर सुरक्षित गरिनेछ।

### ७.३ घुम्ती पर्यटक प्रहरीको व्यवस्था (Tourism police service)

पर्यटकहरूको नेपालप्रतिको धारणा सकारात्मक गराउन माग्ने, ठग्ने तथा अन्य पर्यटनसम्बन्धी अपराधमा संलग्न व्यक्तिहरूबाट पर्यटकहरूलाई जोगाउन नगरपालिकाले भौतिक साधनयुक्त घुम्ती पर्यटक प्रहरीको व्यवस्था गर्नेछ। नगरमा कम्तीमा ३३० जना पर्यटक प्रहरीको व्यवस्था गरिने छ। नगरका पदमार्गहरूमा पनि सुरक्षाको व्यवस्था मिलाइने छ।

### ७.४ प्रचार सामग्री उत्पादन तथा वितरण (Production of advertising materials)

पर्यटक प्रवर्द्धन कार्यक्रममा प्रचारप्रसारको एक विशिष्ट स्थान हुन्छ। प्रचारका विभिन्न तरिकाहरूद्वारा विदेशी पर्यटक तथा इच्छुक व्यक्तिहरूलाई आकर्षित गर्न सकेमा मात्र देशमा पर्यटकहरूको आवागमन बर्सेनि बढ्दै जान सक्तछ। प्रचारका विभिन्न साधनहरू जस्तै पुस्तक, विज्ञापन, चलचित्र, पोष्टर, अन्तर्राष्ट्रिय सेमिनार तथा सम्मेलन आदिको माध्यमद्वारा बूढानीलकण्ठको पुरातात्विक, धार्मिक तथा सांस्कृतिक साथै दर्शनीय स्थानहरू बारे प्रसार गराइनेछ। बूढानीलकण्ठ र शिवपुरी सम्बन्धी सांस्कृतिक, धार्मिक ऐतिहासिक, प्राकृतिक एवं कलात्मक आकर्षणका केन्द्रहरू माथि लेखिएका पुस्तिकाहरू, पर्चा,पम्पलेट, ब्रुसर, फेलेश **प्रिन्ट, ४५,००,००० प्रति छापि**

**वितरण** गर्ने । यसैगरी श्रव्य दृश्यसम्बन्धी फोटो, स्लाइड, वृत्तचित्र आदि पनि निर्माण गरिनेछ। जनचेतना अभिबृद्धि गर्ने हेतुले रेडियो, फेसबुक, इमेल, इन्टरनेट, बेभसाइट, अनलाइन पत्रपत्रिका लगायतका सञ्चारका साधनबाट प्रचार प्रसारका साथै पर्यटनसम्बन्धी जानकारीमूलक तथ्याङ्क तथा सूचनाहरू प्रकाशन गरिनेछ। ४ वटा वृत्तचित्र निर्माण गर्ने, १००० पटक अन्तर्राष्ट्रियस्तरका पत्रिकारहरूमा विज्ञापन प्रकाशित गर्ने, ख्यातिप्राप्त भ्रमण, लेखक, पत्रकार, एयरलाइन्स प्रतिनिधि तथा अन्य संचारमाध्यमसँग सम्बन्ध रहेका विशिष्ट ब्यक्तिहरूलाई नेपाल भ्रमणका लागि निम्त्याउने, १०० वटा मेला, प्रदर्शनी तथा गोष्ठीहरूमा भाग लिने र पर्यटनसम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सदस्यता ग्रहरण गर्नेकार्य गरिनेछ । सांस्कृतिक चाडपर्व तथा मेला उत्सवको वार्षिक क्यालेण्डर प्रकाशन एवं प्रचार-प्रसार गर्ने। विभिन्न कार्यशाला तथा गोष्ठीहरूमार्फत् स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी शिक्षा प्रदान गरी अमूर्त सम्पदा संरक्षणमा समेत उत्प्रेरित गर्ने । स्थानीय मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अभिलेखहरू तयार पारी तिनलाई पर्यटन प्रवर्द्धनका क्रियाकलापसँग आबद्ध गर्ने, जसबाट नगरबासिलाई आय तथा रोजगारीका अवसरहरूसमेत बढ्न सकून् ।

## ७.५ पर्यापर्यटन (Eco-tourism)

बूढानीलकण्ठ प्रचुर मात्रामा प्राकृतिक पर्यटन गतिविधि सञ्चालन गर्न सकिने सम्भावना रहेको नगरपालिका हो। यहाँको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज जैविक विविधताले भरीपूर्ण संरक्षित क्षेत्र रहेको छ। यहाँ चिलाउने, कटुस, पैयुँ, काफल, उत्तिस, अरखलो, लिसो, चाँप, खोटे सल्लो, रानी सल्लो, लाँकुरी, लालीगुँरास जस्ता दुर्लभ वन पैदावार र वनस्पतिहरू बिधमानछन् भने विष्णुमति झरना, पुतली डाँडा, विष्णुपादुका, कपन डाँडा लगायत प्राकृतिक स्थलहरू यस नगरका प्राकृतिक सम्पदाको रूपमा रहेको छन्। समुद्र सतहदेखि न्यूनतम् १३६२ मिटरदेखि अधिकतम् २७२० मिटरसम्मको भू-वनौट भएको यस्तो प्राकृतिक सम्पदा बोकेको राजधानीमै अवस्थित संसारकै अन्तराष्ट्रिय विमानस्थलबाट १० किमि दुरीमा पर्ने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पर्या-पर्यटनका लागि उपयुक्त रहेको मानिन्छ। भालु, घोरल, मृग, नावर, लामपुच्छे, सालक, चितुवा, बँदेल, मालसाप्रो, दुम्सि, निरबिरालो जस्ता वन्यजन्तुहरू, तथा कालिज, हुचिल, लाटोकोसेरो, बाज, मयूर लगायतका चराचुरुङ्गीहरू, थुप्रै प्रजातिका पुतलीहरू पनि रहेका छन् । **चराचुरुंगी अवलोकन** (**Bird Watching**)ः समशितोष्ण र उपोष्ण हावापानी तथा पृथक पारि स्थितीकीय प्रणाली र वासस्थान रहेकाले नगरपालिका जैविक विविधताले धनी रहेको छ। यी सबै पर्यावरणीय वातावरणहरू चराचुरुंगीका लागि उपयुक्त हुन्छन्। बूढानीलकण्ठ नगरको सबैभन्दा चिसो र अग्लो स्थान शिवपुरी चुचुरो सम्म पाइने सबै चराचुरुंगीहरू नगरका पर्यटकीय सम्पति हुन् । नेपालमा मात्र पाइने चरा **काँडेभ्याकुर** (**Spiny Babblar**) जस्ता चरा अवलोकन गर्न पाइन्छ। त्यसैले यस क्षेत्रमा पर्या-पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

## ७.६ पदयात्रा पर्यटन (Trekking tourism)

नगरमा पदयात्राका लागि उपयुक्त डाँडा र प्राकृतिक सौर्न्दय स्थलहरू रहेका छन् भने धार्मिक पदयात्राका लागि वागद्वार,शिवपुरी चुचुरो, कामधेनु शिला, शतरुद्रेस्वर, विष्णुद्वार जस्ता रमणिय स्थलहरू रहेका छन्। पर्यटक पदयात्रामार्गहरू निम्नानुसार रहेका छन् । पशुपतिनाथ मन्दिरदेखि बूढानीलकण्ठ मन्दिरसम्म (शिव-विष्णु) पदमार्ग,बूढानीलकण्ठ – लिपिकोट – विष्णुद्धार– शिवपुरी चुचुरो, बूढानीलकण्ठ – लिपिकोट – विष्णुद्धार– नागिगुम्बा–सुन्दरीजल, बूढानीलकण्ठ– लिपिकोट– विष्णुद्धार – सिक्रे, मुहानपोखरी– ढोकाभञ्ज्याङ – सिक्रे, मुहानपोखरी– ढोकाभञ्ज्याङ– शिवपुरी चुचुरो, मुहानपोखरी– हेलिप्याड– देउराली– वागद्धार– शिवपुरी चुचुरो, मुहानपोखरी– हेलीप्याड– नागिगुम्बा– मुलावारी– देउराली– वागद्धार– शिवपुरी चुचुरो र कपन– तारेभिर– नागिगुम्बा पहिँचान गरिएका पदमार्ग हुन । यी पदमार्गहरूको स्तरउन्नती गरिनेछ । यी पदमार्गमा खानेपानी एवं शौचालय निर्माण गरिनेछ । पदमार्गहरूमा पर्यटकलाई पर्याप्त सूचना दिने गरी सूचना पाटि राखिनेछ । यी पदमार्गहरूको प्रचार प्रसार गरी प्रर्यटन प्रवर्द्धन गरिने छ। पदमार्ग (Treaking) यातायातका साधनले सुखसयलको जिन्दगी सुरु भएपनि अहिले मानिसहरू प्रकृतिसँगै फर्कन थालेका छन् । "**प्रकृतितिर फर्क**" नारा नै विकास

भइसकेको छ। पछिल्ला वर्षहरूमा शिवपुरी राष्ट्रिय निकुञ्ज घुमफिरका लागि आर्कषक गन्तव्य बनिरहेको छ। शिवपुरी वरीपरि ९५ किलिमिटर सडक बनेको छ।

## ७.७ फेसबुक तथा इमेल इन्टरनेट (Facebook and internet)

गुरुयोजनाले प्राथमिकता गरेका नगरका मुख्यमुख्य पर्यटकिय स्थल जस्तै (बूढानीलकण्ठको मुर्ति, गुम्बा, शिवपुरी चुचुरो) एयटा छुट्टै फेसबुक लाइकपेज निर्माण गरी भिडियो डकुमेन्ट्रि मार्फत संसार भरी प्रचारप्रसार गरी लाखौ पर्यटकहरू बूनपामा भित्रयाइने छ। फेसबुकमार्फत करिब १ अर्ब ब्याक्तिले पर्यटकिय भिडियो हेर्ने छन्। जसमा नगर प्रमुखले स्वागत गरेको छोटो प्रस्तुतीलाई समेत समावेस गरिने छ। भिडियो डकुमेन्ट्रि करिब ५ मिनेटको हुनेछ। भने भाषा नेपाली, अंग्रेजी, र हिन्दिमा तयार गरिनेछ। फेसबुक बाहेक अन्य युटुब, इन्सटाग्राम, युकिपिडिया, इनसाइक्लोपिडिया, गुगल, यहु, जीमेल आदिमा समेत बृहत् प्रसारण गरिनेछ।

## ७.८ भ्युटावर (दृश्यावलोकन) (Slight seeing)

पर्यटनमा दृश्यावलोकन सर्वाधिक महत्वको विषय हो छोटो समयमा धेरै कुराहरूको जानकारी लिने र व्यस्त एवं थकित मनलाई केहीबेर मनोरञ्जन गराउने कार्य दृश्यावलोकनबाट हुन्छ। विशेषगरी दृश्यवलोकनमा केन्द्रित हुने पर्यटकहरू प्राकृतिक सुन्दरतामा रमाउँछन्। शिवपुरी चुचुरो यस्ता पर्यटकका लागि उचित गन्तव्यस्थल रहेको छ। यहाँ करिब २० फिट अग्लो काठबाट बनेको भ्युटावर दोस्रो वर्षमा निर्माण गरिने छ।

## ७.९ सूचना केन्द्रको स्थापना (Establishment of information centers)

नगरपालिका कार्यालय भित्र एक पर्यटन सूचना केन्द्रको इकाइ स्थापना गरिनेछ। नगरभित्र आएका पर्यटकहरूलाई आवश्यक पर्ने सूचना दिन बूढानीलकण्ठ मन्दिर र शिवपुरी निकुञ्ज प्रवेशद्वारमा समेत सूचना केन्द्रको स्थापना तत्काल गरिने छ। सूचना केन्द्रमा नेपाली, अंग्रेजी, हिन्दी, भाषा बोल्ने सहजकर्ताहरू राखी सेवा उपलब्ध गराइने छ।

## ७.१० पर्यटन सर्वेक्षण तथा अनुसन्धान (Tourism surveying and research)

पर्यटन विकाससँग सम्बन्धित बिभिन्न तथ्याङ्क तथा अनुसन्धानात्मक प्रतिवेदनहरू क्रमशः तयार गरिनेछ। पर्यटन गुरुयोजनाले उपयुक्त लागेका बूढानीलकण्ठ मन्दिर, शिवपुरी चुचुरो, वागद्धर, विभिन्न गढी, लिच्छबीकालिन खडग भद्रकालि, विष्णुद्वार धाममा अवस्थित गुफा मार्गबाट केदारनाथ पुग्न सकिने चर्चालाई यर्थाथमा उजागर गर्न अध्ययन अनुसन्धान गरिनेछ।

## ७.११ तालिम (Training)

पर्यटन क्षेत्रको विकासको लागि नगरभित्रै आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यबाट सञ्चालित होटेल व्यवस्थापन तथा तालीमलाई सशक्त र प्रभावकारी वनाईनेछ। यसमा विभिन्न स्तरका होटेल एवं रेष्टुराँ सम्बन्धी र भ्रमण र यात्रा सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमहरू सञ्चालन गरिनेछ। निजी क्षेत्रमा सञ्चालित यस प्रकारका तालिम एवं अन्य सरकारी निकायका तालिम सँग आवश्यक सम्वद्धता कायम गरी तालिमको स्तर कायम गर्नेछ। पर्यटन गुरुयोजनाको अवधिमा वार्षिक २० जनालाई पथ प्रदर्शक तालिम दिइनेछ। माध्यमिक तहका होटेल तथा रेष्टुराँ व्यवस्थासम्बन्धी तालिम, कोसेली सामाग्री उत्पादन, २६ जनालाइ अतिथि सत्कार तालिम वार्षिकरूपमा प्रदान गरिनेछ।

## ७.१२ मनोरञ्जन (Entertainment)

पर्यटकहरूलाई साँझको समय बिताउन मनोरञ्जनको व्यवस्था गर्नु आवश्यक छ। यसको लागि नेपाली कला

एवं संस्कृतिमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न नगरपालिकाले संस्कृति विभागसमेत गठनगरी कार्य गरिनेछ। बूढानीलकण्ठ मन्दिरमा साँझको समयमा सुमधुर ध्वनी सहित आरति गराइनेछ।

## ७.१३ अतिथि सत्कार (Guests' welcome)

विदेशका ख्याति प्राप्त लेखकहरू, राष्ट्रिय,अन्तर्राष्ट्रिय पर्यटन क्षेत्रमा ख्याति प्राप्त पत्र पत्रिकाको प्रतिनिधिहरू, एयरलाइन्स, टेलिभिजन तथा ट्राभल एजेन्सीका प्रतिनिधिहरू र अन्य भ्रमण व्यवसायीहरूलाई बूढानीलकण्ठ भ्रमणको अवसरमा बसोबास, दृश्यावलोकन र भ्रमणसम्बन्धी आवश्यक सुविधाहरू उपलब्ध गराउने तथा अतिथि सत्कार गर्ने र उनीहरूद्वारा बूढानीलकण्ठ सम्बन्धी लेखहरू लेखाई विदेशमा, स्वदेशमा बूढानीलकण्ठ मन्दिर र शिवपुरीको प्रचार गराइने छ।

## ७.१४ शिवपुरी केबलकार (Shivapuri Cablecar)

काठमाडौं उपत्यकाको उत्तरमा रहेको शिवपुरी डाँडालाई पर्यटन स्थलका रूपमा विकसित गर्न केवलकार संचालन गर्ने र शिवपुरी,वागद्धारमा आवास, रिसोर्ट तथा अन्य भौतिक सुविधाहरूको निर्माण गर्ने लक्ष्य राखी यो कार्यक्रम सचालन गरिएको छ। यस आयोजना अन्तर्गत बुढानिलकण्ढ चपली देखि शिवपुरी डाँडासम्म केवलकार स्थापना गरी सञ्चालन गर्ने कार्य निजी क्षेत्रबाट गरिने तथा भौतिक विकासको कार्य स्थानीय सरकार, प्रदेश सरकारबाट गरिनेछ। उक्त कार्य सञ्चालन गर्नुपूर्व IEE/EIA, सम्भाब्यता अध्ययन, बातावरण मुल्याङ्कन गरेर उपयुर्क्त लागेमा सञ्चालन हुनेछ।

## ७.१५ पर्यटन विकास समिति गठन र सुदृढीकरण (Formation of tourism development committee and improvement)

पर्यटन उद्योगको विकासको लागि विभिन्न निकायहरूबीचमा समन्वय ल्याई कार्यान्वयनमा आएका बाधा कठिनाइ हटाउन र उचित मार्गदर्शन एवं नीति तर्जुमा गर्न नगरप्रमुखको अध्यक्षतामा एउटा "पर्यटन विकास समिति" एक अधिकार सम्पन्न निकायको गठन गरिनेछ। पर्यटन उद्योगको विकास सरकारी तथा निजी क्षेत्र समेतको संयुक्त प्रयासबाट हुने भएकोले ती क्षेत्रमा समन्वय कायम गर्न यस उद्योगसँग सम्बन्धित सरकारी तथा निजी क्षेत्रका पदाधिकारीहरूलाई यस समितिमा प्रतिनिधित्व गराइनेछ। उपर्युक्तअनुसार कार्यहरू कार्यान्वयन गर्न पर्यटन विकास समितिको अध्यक्षतामा निजी क्षेत्रका प्रतिनिधिहरू, नगर प्रमुखले तोके बमोजिमका ब्यक्ति समेत रहेको पर्यटन विकास समिति गठन गरिनेछ। घोषित नीतिहरूको कार्यान्वयन तथा अनुगमनका लागि यी समितिलाई सुदृढ गर्दै लगिनेछ।

## ७.१६ सांस्कृतिक तथा धार्मिक पर्यटन (Cultural and religious tourism)

जातजातिहरूका आ-आफ्नो परम्परा, रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहनसहन, खानपिन, जात्रा पर्वहरू छन्। नगरमा मनाइने प्रमुख चाडहरूमा दसै, तिहार, ल्होसार, माघे संक्रान्ति, चैते दसै, बूढानीलकण्ठ मन्दिरमा एकादशी, जनैपूर्णिमा, तीज, धान्यपूर्णिमा, स्वस्थानी ब्रत पूर्णिमा, मातातीर्थ औंशी, गोकर्ण औंशी, गाईजात्रा, कृष्णजन्माष्टमी जात्रा (जगडोल), पञ्चकुमारी जात्रा, भद्रकाली जात्रा (नौलीन र खडग भद्रकाली) तारेभिर मेला,वागद्वार मेला जस्ता सांस्कृतिक सम्पदाको प्रवर्द्धन गरी सांस्कृतिक पर्यटन विकास गर्नुका साथै यस पेशामा लागेका कलाकारहरूलाई पनि सहयोग पुग्ने गरी कार्यक्रमहरू संयोजन तथा प्रदर्शनको व्यवस्था मिलाइनेछ। धार्मिक पर्यटनलाई सुव्यवस्थित रूपमा प्रवर्द्धन गर्न निजी क्षेत्रसँगको समन्वयमा समुचित कार्यक्रमको निर्माण गर्ने र आवश्यकताअनुसार केही धार्मिक स्थलहरूमा पूर्वाधार विकासका कार्यक्रम पनि सञ्चालन गरिनेछ। यसअन्तर्गत हिन्दुधर्मावलम्वीहरूलाई बूढानीलकण्ठमा प्रशिद्ध भगवानबिष्णुको र अन्य मन्दिरहरू, तथा अन्य शिवपुरीमा भएका तीर्थस्थलहरू, र यसै गरी बुद्धधर्मावलम्वीहरूलाई नागी गुम्बा,कपन गुम्बामा आकर्षण गर्न थप कार्यक्रमहरूको

साथै यी स्थलहरूको विकास गरिनेछ। धार्मिक तथा सांस्कृतिक पर्व अवलोकनका लागि पनि समुचित व्यवस्था मिलाइनेछ।

## ७.१७ पर्यटन उत्पादन, विकास तथा उपयोग (Tourism production, development and usages)

पर्यटकहरूले उपभोग गर्ने वस्तु र सेवाहरू स्वदेशमै उत्पादन गर्न प्रेरित गरिनेछ। पर्यटन विकासलाई वातावरणीय पक्षबाट समेत दिगो बनाउन स्थानीयस्तरका खाद्य वस्तु उत्पादन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न लगाइनेछ। पर्यटकहरूलाई आवश्यक पर्ने सामानहरूको अलावा देशमा नै उत्पादित विभिन्न वस्तुहरू (हस्तकला इत्यादि) एउटै थलोमा उपलब्ध गराउने हेतुले बूढानीलकण्ठको वडा नं.३ मा एउटा बृहत् पसल खोलिनेछ। यस्तै किसिमका पसलहरू सम्भाव्यताको आधारमा अन्य पर्यटकीय स्थलहरूमा पनि खोल्दै लगिनेछ। उपरोक्त स्थानहरूमा स्थानीय जनताको सहभागितालाई प्रोत्साहन गरी उनीहरूलाई नै फाइदा हुने खालका उपयुक्त पर्यटन कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

## ७.१८ प्रशासनिक सुदृढीकरण (Administrative improvement)

पर्यटकहरूको सुरक्षा लगायत पर्न सक्ने समस्याहरूलाई समाधान गर्न र तुरुन्तै कारवाही गर्नका निमित्त घुम्ती पर्यटन प्रहरीलाई पर्यटन स्थलमा पुऱ्याइनेछ। पर्यटन उद्योगलाई आवश्यक पर्ने जनशक्ति नगरमा नै तयार गर्न र सोको प्रयोग गर्ने निकाय बीच समन्वय पनि कायम गर्न उपयुक्त हुने हुँदा पाठ्यक्रमहरू निर्माणअवस्था देखि नै पर्यटनक्षेत्रमा रहेका व्यवसायीक संघहरूलाई संलग्न गराउने गरी प्रक्रियामा सुधार ल्याइनेछ। पर्यटनमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धनको लागि प्रशासनिक प्रक्रियालाई सरलीकरण गरी लगानी उपयुक्त वातावरण सृजना गर्न आकर्षक सुविधाहरू प्रदान गरिनेछ। होटल, ट्राभल, ट्रेकीङ्ग व्यवसायका लागि विद्यमान प्रशासनिक प्रक्रियालाई सरलीकरण गरिनेछ।

## ७.१९ पर्यटन गुरुयोजना कार्यान्वयन व्यवस्था (Tourism master plan execution)

नयाँ पर्यटन स्थलहरूको निर्माण तथा पूर्वाधारको विकासको साथै विद्यमान पर्यटन स्थलहरूमा भौतिक तथा अन्य सुविधाहरू उपलब्ध गराउन, पर्यटन विकासको लागि आवश्यक नीति तथा सुविधाहरू उपलब्ध गराउन र नीतिगत समस्याहरू समाधान गर्न कार्यक्रमहरूको कार्यान्वयन पर्यटन विकास समिति र नगरपालिकाले अन्य सरकारी निकायहरूसँग समन्वय र सहयोग राखेर गर्नेछन्। यस कार्यमा गैर सरकारी निकाय र निजी क्षेत्रको सहयोगलाई पनि परिचालन गरिनेछ। साथै पर्यटन स्थलहरूको निर्माण तथा पूर्वाधार विकासको कार्यहरूमा स्थानीय पर्यटन वडा समितिहरूलाई पनि संलग्न गराइनेछ। पर्यटन प्रवर्द्धन र पर्यटन क्रियाकलापको विकासमा भने निजी क्षेत्रलाई नै अगाडि बढाइनेछ र नगरको भूमिका सहयोगीको रूपमा मात्रै रहनेछ। दीर्घकालिन प्रकृतिका ठूला आयोजनाहरूमा(पीपीपीपी) मोडलमा कार्यन्वयनमा ल्याइनेछ।

## ७.२० नयाँ पूर्वाधारको विकास (Developing new infrastructures)

पर्यटनको लागि बूढानीलकण्ठ मन्दिरमा मात्र विद्यमान चापलाई घटाउन नगरका अन्य क्षेत्रहरूको विस्तार गर्ने हेतुले नयाँ आकर्षक पर्यटनस्थलहरू समेत पहिचान गरी त्यहाँ आवश्यक पर्ने भौतिक पूर्वाधारहरू विस्तार गरिनेछ। हरेक वडामा खास खास पर्यटन स्थलको विकास गरिनेछ। हाल विद्यमान पर्यटनस्थलहरूमा कमी रहेका भौतिक सुविधाहरू थप गर्नुका साथै तिनीहरूलाई आकर्षित तुल्याउन सर सफाइको उचित प्रबन्ध मिलाइनेछ। सडक, सञ्चार, नेटवर्कजस्ता भौतिक पूर्वाधारहरू विस्तार गर्न सरकारी लगानी वृद्धि गरिनेछ। भौतिक पूर्वाधार हरूको निर्माण, संरक्षण र सञ्चालनमा सरकारी लगानीको अलावा निजी क्षेत्र र स्थानीयस्तरका गैरसरकारी संस्था

(N .G .O) हरूलाई पनि परिचालन गरिनेछ। पर्यटन प्रवर्द्धन गर्न आवश्यकता अनुसार अध्ययन, सर्भेक्षण र पर्यटन स्थल विकास कार्यक्रमहरू तर्जुमा गरी सम्भाव्यताको आधारमा नयाँ नयाँ पर्यटन स्थलहरूको विकास गरिनेछ। यस सिलसिलामा पर्यटन विकास समितिबाट स्थानीय वडा र जनसहभागिताको आधारमा पर्यटन स्थल विकास सम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ।

## ७.२१ पार्क तथा पिकनिक स्पट (Parks and picnic spots)

बूढानीलकण्ठ नगरपालिका घना बस्तीका रूपमा विकसित हुँदै गएकोछ। यहाँका खाली जमिन अनेक बहानाबाजी गरेर हडप्नेहरूबाट जोगाएर चौर वा पार्कका रूपमा संरक्षण गरी पर्यटकीय स्थलहरूको रूपमा विकास गर्न सकेको खण्डमा बृद्धबृद्धाहरू र बालबालिकाहरू यहाँ आएर रमाउन/सुस्ताउन सक्छन्। यस नगरपालिकाका जनप्रतिनिधि, स्थानीय बुद्धिजीवीहरूसँगको छलफलबाट पार्क/चौतारा पहिचान भएका स्थानहरू निर्माण गरिनेछ। वडा नम्बर १ मा अवस्थित तौलुन चौतारा, वडा नम्बर २ मा अवस्थित पञ्चकन्या मन्दिर परिसरमा फन पार्क, रुद्रेश्वर परिसरमा पार्क, धान्य ढिकुरामा रंगशाला, महांकाल मन्दिर परिसरमा पार्क, जगन्नाथ मन्दिर परिसरमा पार्क, वडा नम्बर ६ मा अवस्थित धर्मपुर बरफेदी राधाकृष्ण मन्दिर परिसरमा पार्क, वडा नम्बर ११ मा अवस्थित बंगलादेवी मन्दिर परिसरमा पार्क, वडा नम्बर १२ मा अवस्थित भद्रकाली मन्दिर परिसरमा देउ पार्क, बाल उद्यान पार्क बनाइनेछ।

## ७.२२ पर्यटन नमुना वडा (Sample tourism wards)

पर्यटकीय गतिविधि वडास्तर सम्म विस्तार गर्न वडामा आधारित पर्यटन लाई बढावा दिई नगरका सवै भौगोलिक क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी पर्यटकीय दृष्टिकोणबाट उपयुक्त वडाहरूमा आन्तरिक र वाह्य पर्यटकहरूलाई गन्तव्यस्थलको रूपमा विकास गरिने छ। पर्यटकहरूलाइ आर्कषण गर्न एक वडा एक उत्पादन साथै एक वडा एक उद्यानको निर्माण गरी वार्षिक रूपमा एक वडालाई सरसफाइ विधामा पुरस्कृत गरिनेछ।

## ७.२३ अन्तर्राष्ट्रिय सम्पर्क (International contacts)

पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका निमित्त सरकारी क्षेत्रका दायित्वहरू पूरा गर्न विश्व पर्यटन दिवस मनाउने, विश्व पर्यटन सङ्गठनको बैठकमा भाग लिने, विदेशस्थित राजदूतावास र नियोगहरूलाई परिचालन गर्ने, विदेशी लगानी प्रवाहित गर्न उपयुक्त आयोजनाहरूको पहिचान गरी दातृ संस्थाहरूलाई परिचालन गर्ने कार्यक्रमहरू समावेश गरिनेछ।

## ७.२४ निजी क्षेत्रको परिचालन तथा सुविधा (Mobilization of private sectors)

होटल लगायत पर्यटनक्षेत्र एवं स्थलहरूमा पर्यटन सेवाको गुणस्तर तथा क्षमता बढाउन निजी क्षेत्रबाट प्रस्तावहरू प्राप्त गरी सोहीअनुसार गतिविधि बढाउने गरी निजी क्षेत्रलाई परिचालन गरिनेछ। यसमा स्वदेशी एवं विदेशी लगानीकर्तालाई छुट्टै वा संयुक्त रूपमा प्रोत्साहित गरिनेछ। सन्तुलित पर्यटन विकास गर्न गुरुयोजना अवधिमा उपयुक्त स्थानहरूमा रिसोर्ट क्षेत्रको विकास गर्ने कार्यमा स्थानीय सरकार आफू पनि सहभागी भई वा पूरै लिजमा दिएर स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ। पर्यटनक्षेत्रमा निजी क्षेत्रको प्रभावकारी संलग्नताको लागि आकर्षित गर्न थप सुविधा तथा सहुलियत प्रदान गरिनेछ। पर्यटनक्षेत्रमा लगानीको लागि आवश्यक कर्जा वाणिज्य बैङ्कहरूबाट प्राथमिकताको आधारमा पहल गरिनेछ। विभिन्न वित्तीय सुविधाहरू आवश्यकतानुसार उपलब्ध गराउँदै लगिनेछ।

## ७.२५ वातावरण संरक्षण (Environmental conservation)

पर्यटन प्रवर्द्धनको लागि स्वच्छ वातावरण जगेर्ना गर्ने कार्यमा स्थानीय वडा र निजी व्यवसायीहरूलाई संलग्न गराई पर्यटकीय गतिविधिलाई अनुगमन गर्न सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरिनेछ। शिवपुरीमा वातावरणीय दृष्टिकोणबाट महत्वपूर्ण एवं संवेदनशील पर्यटक स्थलहरूमा वातावरणीय संरक्षणको लागि सम्बन्धित

सरकारी निकाय, सामाजिक निकाय एवं निजी क्षेत्रसँग समन्वय गरिनेछ । पर्यटनस्थलहरूमा स्तरीय सशुल्क बिश्रामस्थलहरू निर्माण गर्नमा स्थानीय वडाहरू एवं निजी क्षेत्रहरूलाई सक्रिय तुल्याइने छ। पर्यटकीय सेवा प्रदान गर्ने निजी व्यवसायीहरूले वातावराण जोगाउन अपनाउनुपर्ने आचार संहिता तयार गरी पालन गर्न लगाइने छ।

पदयात्रा तथा प्राकृतिक वातावरण संवेदनशील गतिविधिहरूबाट हुने प्रदूषण नियन्त्रण कार्यमा विशेष अनुगमन गरिनेछ।

## ७.२६ ब्रान्डिङ (Branding)

"प्राकृतिक सुन्दर नेपाल, एक पटक मात्रले पुग्दैन" भन्ने नेपालको पर्यटन ब्रान्ड भए जस्तैः '**एउटै शिलाबाट निर्मित विश्वकै ठूलो बूढानीलकण्ठको मूर्ति, नगरबासीको वरदान**' यस नगरको ब्रान्ड सिफारिस गरिएको छ। त्यसैले बूढानीलकण्ठको आकृति नै नगरको ब्रान्ड बनाइएको छ। बूढानीलकण्ठबाट चल्ने सवारी साधनलाइ पहेँलो रङले रंगाएर दायाँबायाँ भागमा नगरको ब्रान्ड तस्बिर अंकित गर्न लगाइनेछ। त्यस्तै नारायण गोपाल चोकदेखि बूढानीलकण्ठ मन्दिरसम्म यस नगरका घरहरूका मुखाकृति मौलिक नेपाली कलाकृतिले सजाउन प्रोत्साहन गरिनेछ। बूढानीलकण्ठका स्वंयम सेवकहरूलाई नगरको ब्रान्ड अंकित टिसर्ट लगाएर सेवामा संलग्न हुन प्रेरित गरिनेछ। ब्राण्ड प्रयोग सम्बन्धी निर्देशिका तयार पार्ने र उपब्राण्डिङको प्रावधानसमेत राखी निर्देशिका जारी गर्ने । ब्राण्ड प्रवर्द्धनका लागि व्यावहारिक साझेदारी तथा पहलका लागि समझदारी बढाउने।

## ७.२७ धोबीखोलामा जलाशय निर्माण (Construction of watersheds in dhobikhola)

वर्षको बाह्रै महिना पानी बगिरहने धोवीखोलामा बूनपाको वडा नं.२ र १३ मा पर्ने भद्रमाली मन्दिर भन्दा करिव ५० मि तलबाट भद्रकाली मन्दिर सम्म सानोसानो ड्याम बनाई त्यस भन्दा माथि रुद्रेश्वर मन्दिर सम्म करिव १०० मि मा ड्याम निर्माण गर्ने र रुद्रेश्वर भन्दा माथि सर्भेगरि पानीलाई सञ्चित गरि उपत्यकाकै एउटा नमुना जलाशय बनाइनेछ। यसैलाई दृष्टिगत गरी धोवीखोलाको विस्तृत इन्जिनियरिङ्ग सर्वेक्षण गरी धोवीखोला डिपिआर तयार पारिनेछ।

## ७.२८ फूल तथा फूलका बेर्ना (Flowers and its seeds)

भौगोलिक बनोट र विभिन्न किसिमका वन-जङ्गल,माटो र धार्मिक क्षेत्र भएकोले विशेष जातका फूलहरू र फूलका बेर्ना नगरमा उत्पादन गरीनेछ। यिनीहरूको उत्पादन व्यापारिक प्रयोजनको लागि बृहत् रूपमा स्थानीयलाई गराइनेछ। अत्यन्त संवेदनशील र छोटो अवधिसम्म मात्र रहने (Short Product Life) उत्पादनको लागि जग्गा लिजमा वा भाडामा दिनुका साथै ऊननत बीउ तथा प्रविधिद्वारा यी वस्तुहरूको विकास गरिनेछ। बूढानीलकण्ठ मन्दिर, नजिकै पशुपतिनाथ मन्दिर समेतहुनु फूल तथा बेर्नाहरूको अधिक माग रहेकोले ती धार्मिक स्थलहरूमा बिशेष रूपले बजार प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ७.२९ पर्यटन सेवा सुदृढीकरण (Tourism services promotion)

नगरपालिकाको भवन निर्माण पूरा गरी पर्यटकको लागि रिसेप्सन हल, फर्निचर तथा मेसिनरी तथा स्यानिटरीको व्यवस्था गर्ने, बूढानीलकण्ठ मन्दिरमा र नगरपालिकामा पर्यटन सूचना केन्द्रको कार्यालय व्यवस्था गरिने छ। शिवपुरी क्षेत्रको सूचना केन्द्रमा भौतिक सुविधा उपलब्ध गराउने र भृकुटीमण्डपमा रहेको पर्यटन बोर्डमा छुट्टै डेस्क राखी पर्यटकहरूलाई बूढानीकण्ठका पर्यटक स्थलहरूबारे जानकारी गराउने लक्ष्य राखिएको छ।

## ७.३० सडक तथा यातायात (Roads and transport)

सडक तथा यातायात पर्यटन, आर्थिक विकास, सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो। विकासको

आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट नगरका असमानता कम गर्न, पर्यटक र आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नगरपालिकामा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको छ । दिगो तथा किफायती संरचनाहरूको विकासका लागि विद्यमान् संरचनाहरूको सुदृढीकरणका साथै अन्य आवश्यक संरचनाहरूको स्थापना गरिने छ । त्यस्तै नगरपालिकामा चल्ने सबै सार्वजनिक यातायातमा एकै प्रकारको रङ (unique colour) सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

## ७.३१ सुशासन (Good governance)

नगरको बहुआयामिक विकासको लागि नगरपालिका पर्यटन गुरुयोजना सञ्चालन र विकास कार्यको व्यवस्थापनमा पारदर्शिता, जनसहभागिता र जवाफदेहिता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रभावकारी रूपमा सञ्चालन गरी जनतालाई सुशासनको प्रत्याभुति दिनु नगरपालिकाकोको दायित्व हो । नेपालको संविधान, २०७२ ले सुशासनलाई राज्यको दायित्वको रूपमा स्वीकार गरेकोले सार्वजनिक क्षेत्रमा आवश्यक सुधार गरेर नगरबासिलाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउनु र नीति निर्माण तहदेखि नै सुशासनका आधारहरू तय गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनु आवश्यक भएको छ । स्थानीयसरकार, निजी क्षेत्र, वडा कार्यालय, सार्वजनिक संघ संस्थाहरू, सहकारी, गैरसरकारी संघसंस्था, नागरिक समाजको समग्र क्रियाकलाप तथा सेवा प्रवाहलाई नगरपालिकाबाट समन्वय गर्दै सबै सेवा प्रदायकको जवाफदेहिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, लगनशिलता, सदाचारको अभिवृद्धिबाट सेवा प्रवाह सरल, सुलभ, गुणस्तरीय र चुस्तदुरुस्त बनाई पर्यटन उधोगबाट नगरमा भएको आम्दानीलाई चौमासिक रूपमा सार्वजनिक गरिनेछ ।

## ७.३२ मानव अधिकार (Human rights)

संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी घोषणा सन् १९४८ र त्यस पछिका मानव अधिकारसँग सम्बन्धित विभिन्न महासन्धिहरूमा नेपालले पनि प्रतिबद्धता जनाइसकेको छ । मानव अधिकारसम्बन्धी मुख्य दस्तावेजहरू एवं ६ मुख्य महासन्धिहरू लगायत २२ वटा मानव अधिकारसम्बन्धी दस्तावेजहरूको अनुमोदन एवं सम्मिलन गरी नेपालपक्ष राष्ट्र बनिसकेको छ । यी दस्तावेजका व्यवस्थाहरू अनुरूप कार्य गर्ने क्रममा राष्ट्रिय स्तरमा समेत बलियो संस्थागत, नीतिगत एवं कानुनी संरचना तयार गरेको छ । मानव अधिकार संस्कृतिको विकास गरी नगरपालिकाका सबै जात, जाति, भाषा, धर्म, संस्कृति, वर्ण, सम्प्रदाय, लिङ्ग र क्षेत्रका नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गरी समानता र न्यायपूर्ण नगरको विकास गर्नेतर्फ यो पर्यटन गुरुयोजना केन्द्रित रहने छ ।

## ७.३३ तथ्यांक (Statistics)

नगरमा बढ्दो पर्यटक संख्या र सीमित स्रोत तथा साधनबीच सन्तुलन कायम गरी पर्यटन क्षेत्रको विकास गतिविधिलाई तीव्रता दिन प्रभावकारी योजना पद्धतिको पर्यटन योजना आवश्यक हुन्छ । योजना पद्धतिलाई भरपर्दो, व्यवस्थित, वैज्ञानिक तथा वस्तुगत एवं व्यावहारिक बनाउन पर्यटन सूचना र तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण र प्रयोगका लागि पर्यटकको तथ्याङ्क पद्धतिलाई सुदृढ गर्दै जानु अपरिहार्य छ । पर्यटनमैत्री एवं भरपर्दो तथ्याङ्क प्रणालीको विकास गर्दै प्रभावकारी, परिणाममुखी र दिगो तथा न्यायपूर्ण पर्यटन विकासको प्रक्रियालाई गति प्रदान गर्ने योजना पद्धतिलाई संस्थागत गर्ने पर्यटन गुरुयोजनाको मुख्य कार्य समेत रहने छ । नगरपालिकाले प्रत्येक वर्ष नगरमा आउने पर्यटकको तथ्याङ्क संकलन, अद्यावधिक गरी प्रकाशन गर्दै जाने छ । त्यसका लागि नगरमा एउटा छुट्टै युनिटको व्यवस्था गरिने छ ।

## ७.३४ एग्रो टुरिजम (Agrotourism)

बूनपाको वडा नं. १३ मा एग्रोटुरिजम सम्बन्धी कार्यक्रम गरी पर्यटकलाई कृषि उपज उत्पादन, प्रशोधन र

उपभोगको सुविधा उपलब्ध गराइने अवधारणा रहेको छ। एग्रोटुरिजमको यो अवधारणा अनुसार कृषि फार्महरूमा भ्रमण गर्ने पर्यटकहरूलाई कृषि उपज हेर्न, सुँघ्न, स्वाद लिन, छुन र महसुस गर्न अवसर दिइनेछ। नेपालमा हाल जंगल सफारी, ट्रेकिङ, सांस्कृतिक महत्वको क्षेत्रको भ्रमण, आदिलाई पर्यटनको क्षेत्रको रूपमा विकसित गरेको पाइन्छ। एग्रो टुरिजमकै अवधारणा अनुसार नगरमा बर्सेनि हजारौं विदेशी पर्यटक भित्राउने उद्देश्य लिएका छौ। नगरको अर्थतन्त्रको लागि नयाँ विकल्पको रूपमा लिनुपर्नेमा जोड दिइनेछ। एग्रोटुरिजमका लागि कृषिका फर्म हेर्नका लागि मात्र थप ५० हजार पर्यटक भित्र्याउने लक्ष्य रहेको छ।

## ७.३५ सरसफाइ तथा खानेपानी (Sanitation and drinking water)

नगरमा पर्यटकहरूलाई आकर्षण गर्न सरसफाइमा मुख्य ध्यान दिन आवश्यक देखिन्छ। सरसफाइ मानव विकासको प्रमुख आधार हो। मानिसको दैनिक जीवनयापन प्रक्रिया र स्वास्थ्यसँग सरसफाइको प्रत्यक्ष सम्बन्ध हुने भएकाले यसमा सबैको पहुँच हुनु आवश्यक छ। वडा, समुदाय, उपभोक्ता तथा गैरसरकारी संघसंस्थाहरूबाट एकीकृत तथा समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक रहेको छ। साथै कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आबद्ध गरी कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ। बाहिरबाट नगरमा पर्यटक आउँदा पर्यटकीयस्थलहरू सफा भएमा पर्यटकहरू आकर्षण हुने गर्दछन्। बूढानीलकण्ठ मन्दिरको फोहर व्यवस्थापनमा निजी क्षेत्रलाई दिई कार्यान्वयन गरिने छ। त्यस्तै गरी शिवपुरी क्षेत्रमा हुने फोहोरलाई समेत मोहरमा बदल्ने कार्य निजी क्षेत्रबाट गरिनेछ। शिवपुरी चुचुरोमा जाँदा कहींकतै बाटोमा शुद्ध खानेपानीको व्यवस्था नभएकाले तत्काल कम्तीमा १ किमिको दूरीमा खानेपानीको प्रबन्ध गरिने छ। यसले गर्दा पदमार्गमा जाने पर्यटकहरूको संख्यामा वृद्धि हुने देखिन्छ।

## ७.३६ फोहरमैला व्यवस्थापन (Wastages management)

नगरका पर्यटकीय स्थलहरूको फोहरमैला सम्बन्धमा सम्भाव्यता अध्ययन र आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने छ। नगरका पर्यटकीय स्थल, मठमन्दिर जस्तै बूढानीलकण्ठ मन्दिर र नगरपलिका वडाहरूको फोहोरमैला संकलन, पृथकीकरण, ओसारपसार, कम्पोस्ट प्लान्ट र सेनिटरी ल्यान्ड फिल्ड साइट विकास तथा सञ्चालन सम्बन्धी अध्ययन गर्नुका साथै आवश्यक नीति, नर्मस, निर्देशिका र कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन गरिने छ। यो कार्य अर्गानिक फोहरको रूपमा विकास गर्न निजी क्षेत्रसँगको समन्वयमा गरिने छ।

## ७.३७ जैविक विविधता कार्यक्रम (Ecosystem diversity programs)

नगरपालिकाको क्षेत्रभित्र पर्ने शिवपुरी क्षेत्र लगायत अन्य वन जंगलमा जैविक विविधता संरक्षणलाई समन्वयात्मक रूपले अघि बढाइने छ। जैविक विविधतासँग सम्बन्धित नीतिगत पक्षको संयोजन गर्ने, जैविक विविधतासम्बन्धी द्विपक्षीय सहयोग प्रवर्द्धन गर्ने, सम्बन्धित महासन्धि तथा अनुबन्ध, अभिसन्धिको पालना गर्ने प्रक्रियाको सहजीकरण लगायतका प्रावधानहरूको कार्यान्वयन गरिने छ। साथै जैविक विविधतामा आधारित लोपोन्मुख जंगली जनावर, चराचुरुङ्गी, सर्प आदि जडीबुटी, बोटबिरुवाहरूको संरक्षण, प्रवर्द्धन, प्रचारप्रसार, जनचेतनामूलक कार्यक्रममार्फत स्वदेशी, विदेशी पर्यटकहरूलाई भित्र्याई नगरको राजस्वमा वृद्धि गर्न सकिने छ।

## ७.३८ स्वास्थ्य पर्यटन कार्यक्रम (Health tourism program)

त्रिशूलीबाट उपत्यका छिर्ने उत्तरी वायुले बूढानीलकण्ठमा बस्नेलाई स्वस्थ वनाउछ। यहाँका जंगलमा रहेका सल्लाको हावाले क्षयरोग निको पार्ने विश्वास गरिन्छ। यहाँका पदमार्गमा हिँड्नेहरू पनि स्वस्थ हुन्छन्। विपश्यना केन्द्रले देशविदेशका मानिसलाई ध्यानमार्फत स्वस्थ बनाउँदै आएको छ। यस्ता गतिविधिले यहाँको स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गर्न सकिनेछ। पुतली डाँडामा योग केन्द्रका लागि कमसेकम ४०० देखि ५०० जना अटाउने योगहल निर्माण गरिनेछ। मुहान पोखरीमा प्राकृतिक अस्पताल खोली स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

## ७.३९ शैक्षिक पर्यटन (Edu Tourism)

आजको युगमा शैक्षिक पर्यटन आवश्यक छ। यो विषय परम्परादेखि अभ्यासमा छ। विद्या हराए काशी जानु नेपालीको पुरानो उखान हो। बूढानीलकण्ठ नगरमा बूढानीलकण्ठ विद्यालयले शैक्षिक पर्यटनलाई धेरै पहिलेदेखि सञ्चालन गर्दै आएको छ। अझ पाठ्यक्रममै यो विषय समावेश गर्ने हो भने युग सुहाउँदो शिक्षा विद्यार्थीले पाउने देखिन्छ। भौगोलिक अवस्था, वातावरण, संस्कार संस्कृति आदिको पृथकताका कारण देशका एक कुनाको विद्यार्थीले अर्को कुनाको वातावरण, भूगोल नचिन्ने अवस्था आएको छ। यस्तो अवस्था न्यूनीकरण गर्ने गरी पर्यटनमा विद्यार्थीको ध्यान आकृष्ट गर्न सके पर्यटनमार्फत भएको विशाल सम्भावनालाई आउँदो पुस्ताले नेतृत्व दिन सक्ने अवस्था बनाउनका लागि शैक्षिक पर्यटनलाई बहसको विषय बनाएर नीतिगत र कार्यक्रमका हिसावले सम्बोधन गर्नुपर्छ। नगरमा रहेका विद्यार्थीहरूलाई कलेज वा स्कुलकै पहलमा नगरले प्राथमिकता गरेका पर्यटकीय स्थलहरूमा वार्षिक रूपमा अनिवार्य भ्रमण गराउने। नगरमा भएको नेपालकै उत्कृष्ठ बूढानीलकण्ठ आवासीय माध्यमिक विद्यालयमा पर्यटन सम्बन्धी अध्ययन अध्यापन गराउन पहल गरिने छ । त्यस्तै अन्य क्याम्पसहरूमा समेत पर्यटन प्रवर्द्धन सम्बन्धी पढाइ सुचारु गरिने छ। जसले गर्दा यस नगरको शैक्षिक पर्यटनमा महत्वपूर्ण टेवा पुग्नेछ।

## ७.४० खेल पर्यटन (Sport tourism)

पर्यटन प्रवर्द्धनको अर्को महत्वपूर्ण पक्ष खेल पर्यटन हो। साहसिक खेल पर्यटनलाई पर्यटनमा विधाका रूपमा लिइए पनि अन्य सामान्य खेललाई पर्यटनको विषयका रूपमा नलिइए पनि पर्यटन प्रवर्द्धनका लागि खेलकुदको आयोजना गर्न सकिन्छ। नगरमा सुवर्णशमशेर क्रिकेट खेलको पूर्वाधारहरू विकास गर्न सके विभिन्न स्थानबाट खेलका लागि आउने अवस्था बन्न सक्छ। क्रिकेट मैदान र टेनिस कोर्ट लगायतका खेलमैदानहरू निर्माण गर्न सके त्यो खेलमैदानमा हुने खेलका आयोजनाहरूले पनि त्यस क्षेत्रमा पर्यटनको वृद्धि हुने छ। त्यस्तै तारेभिरमा साहसिक खेल आदि खेल पर्यटन आयोजना गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

## ७.४१ साइक्लिङ रुट (Cycling route)

अहिले विशिष्ट समुदायमा पनि साइक्लिङको सौख छ। यस्तै वातावरणवादीहरूको मत पनि साइक्लिङलाई प्रवर्द्धन गर्ने छ। नगरमा केही खास क्षेत्रलाई साइक्लिङलाई प्रवर्द्धन गर्ने गरी योजना बन्नुपर्छ। जस्तै बूढानीलकण्ठ मन्दिर, मुहान पोखरी, हेलीप्याड, तारेभिर, वागद्वार, शिवपुरी चुचुरोसम्म जाने बाटोलाई साइक्लिङ रुटको रूपमा विकास गरिने छ। यसले गर्दा शिवपुरी क्षेत्र विनाश हुनवाट जोगिन सक्छ। वातावरणमा पर्ने प्रतिकुल असर न्यून हुनेछ। जंगली जनावर, चराचुरुङ्गीहरूको बासस्थानमा समेत फाइदा पुग्ने गरी पुराना साइक्लिङ रुटको स्तरउन्नती साथै नयाँ रुटको पहिचान गरी सञ्चालन योग्य बनाइनेछ।

## ७.४२ पर्यटन प्रवर्द्धनमा समुदाय–सार्वजनिक–निजी साझेदारी (पीपीपीपी) (Community- private-public-partnerships in tourism promotion)

नगरपालिकामा स्थानीयसमुदाय-सार्वजनिक-निजी साझेदारी कार्यक्रम पद्धतिमा आधारित धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन गरिनेछ। प्राकृतिक सम्पदा रहेका पर्यटकीय स्थलहरूमा पर्यटकहरूबाट भएको आम्दानी त्यहिँको विकासमा खर्च गरिनेछ। नगरमा साझेदारी व्यवसायजन्य विकासका मोडेलहरू अवलम्बन गरिनेछ। धार्मिक,सांस्कृतिक सम्पदाक्षेत्रबाट उठ्ने राजस्वलाई त्यहींकै संरक्षण र व्यवस्थापनमा खर्च गर्ने पद्धति प्रवर्द्धन गरिनेछ। पर्यटक गाइडहरूको क्षमता बढाई पर्यटन गुरुयोजनाले प्राथमिकता गरेका सम्पदाको व्याख्या गर्ने सीपको गुणस्तर बढाउने कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न र

हस्तकलाको विकास गरी स्थानीय आय तथा रोजगारी बढाउनका लागि सहकारी संस्थाहरू,नेचर गाइड संस्थाहरू, धार्मिकसंघसस्थाहरू,आदि सगँ हातेमालो गरि साझेदारीमा पर्यटनको विकास एवं प्रवर्द्धन कार्य गरिने छ।

## ७.४३ साहसिक पर्यटन (Adventurous tourism)

शिवपुरी जंगलमा पहरा पनि छन् । यी पहरामा साहसिक पर्यटन विकास गर्न सकिन्छ । यस क्षेत्रलाई रक क्लाइम्बिङ, बोझ डोइङका रूपमा विकास गर्न प्रस्ताव गरिएको छ।

## ७.४४ वृक्षरोपण (Tree plantation)

नगरका सबै वडामा भएका खाली स्थलमा वृक्षरोपण गरी यस नगरलाई हरित नगरका रूपमा विकास गर्न स्थानीयलाई प्रोत्साहन गर्न सिफारिस गरिएको छ।

## ७.४५ घाट, धारा र वाटर पार्क (Water parks)

अप्सरा घाट, धान्य ढिकुरो घाट, वाग्द्वार, ढुंगेधारा, जगडोल/पैयुँटार ढुंगेधारा, टुपेक र टुसाल ढुंगेधारा, मुहान पोखरी वाटर पार्क, विष्णुमती वाटर फल्स, च्यासेन्डोल, धोबी खोला बोटिङ, एक्वेरियमका साथै ग्रिन बेल्टको आवश्यक प्रवर्द्धन र संरक्षण गरिनेछ।

## ७.४६ संग्रहालय (Museums)

यस नगरमा जातीय विविधता पाइन्छ। यहाँको जातीय विविधता यस नगरको पहिचान बन्न सक्छ। यस नगरपालिकामा प्राचीन नेवार बस्तीहरू छन्। त्यस्तै तामाङका गुम्बाहरू पनि छन्। यहाँ जातीय संग्रहालय बनाउने हो भने पर्यटकका लागि आकर्षणको केन्द्र बन्न सक्ने प्रचुर सम्भावना रहन्छ। वासिकामा नेवार संग्रहालय बनाएमा सुनमा सुगन्ध हुन जान्छ। कुनै गुम्बाको परिसरमा तामाङ संग्रहालय बनाउनु उपयुक्त देखिन्छ। यस नगरमा विभिन्न जात जातिका संग्रहालय निर्माण गरिनेछ।

## ७.४७ पर्व, जात्रा प्रवर्द्धन र संरक्षण (Festivals and fests preservations and conservation)

यस नगर पालिका भित्र मनाइने पर्व र जात्राले स्थानीय संस्कृतिको मापन गर्ने हुनाले लाखे नाच प्रवर्द्धन, रोपाइँ जात्रा,  रथ यात्रा, जन्माष्टमी जात्रा, इन्द्र जात्रा भिन्तुना, नौलिङ्गेश्वरी जात्रा, भद्रकाली जात्रा (सौरथा), चण्डी पूर्णिमा, बुद्ध जयन्ती एवं स्थानीय बाजागाजा, वेशभूषा संरक्षण, जात्रा प्रवर्द्धन स्थानीय वडा र जनसमुदायको सहभागितामा संरक्षण र प्रवर्द्धन गरिनेछ।

## ७.४८ अध्ययन अनुसन्धान तथा गुरुयोजना (Study, research and master plans)

यस नगरपालिकाको विभिन्न स्थानमा अवस्थित शिवपुरी गढी, कपन गढी, पुतली डाँडा, थाने डाँडाको ऐतिहासिकता उजागारका लागि उत्खनन गरी अध्ययन अनुशन्धान कार्य गरिनेछ। बूढानीलकण्ठ मन्दिरको बृहत् गुरुयोजना तयार गरिनेछ। त्यस्तै नगरमा रहेका अन्य महत्वपूण स्थलहरू लाखे पोखरीको जग्गा, गुम्बाहरूको संरक्षण, पञ्चकुमारी र निखिलेश्वर मन्दिरको गुरुयोजना बनाइनेछ।

## ७.४९ माइस पर्यटन (Mice tourism)

शिवपुरी निकुञ्जको काख बूढानीलकण्ठको पावन भूमिमा मानिसको मन त्यसै प्रफुल्ल रहन्छ। माइस पर्यटनका लागि यो स्थान उपयुक्त छ। त्यसका लागि आवश्यक पूर्वाधार आवश्यक छ। पूर्वाधार निर्माण गरी माइस पर्यटनको विकास गरिनेछ।

# अध्याय ८

## पाँचवर्षे विस्तृत कार्य योजना
## (Five Years detailed action plan)

पर्यटन गुरुयोजनाले ५ वर्षमा पूरा गर्नुपर्ने क्रियाकलापहरू अन्तर्गत कामको अवधि, जिम्मेवार निकायहरू, अनुमानित बजेट, कार्यगत प्रक्रिया तथा सूचकहरूलाई तालिकामा प्रस्तुत गरिएको छ।

### ८.१ प्रस्तावित कार्यक्रम, बजेट र जिम्मेवारी (Proppose d programs, budgeting and responsibility)

बूढानीलकण्ठ नगरपालिकाको पर्यटकीय गुरुयोजना बनाउने सिलसिलामा वि सं २०८० सालसम्मका लागि प्रस्तावित जिम्मेवारी एवं बजेटलाई तालिकामा समावेश गरिएको छ। योजना अनुसारका लक्ष्य प्राप्त गर्ने सेरोफेरोमा रहेर पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई बेग्लाबेग्लै उल्लेख गरिएको छ। प्रस्तावित क्रियाकलापहरू नगरपालिकाको अगुवाइमा सञ्चालन गर्ने गरी प्रस्ताव गरिएका छन्। प्रस्तावित योजनाको खाका बूढानीलकण्ठ नगरपालिकाका १३ वटै वडाका निर्वाचित जनप्रतिनिधि, पर्यटन सम्बद्ध व्यक्तिहरू, निजी क्षेत्रका संघसंस्था तथा स्थानीयबासीहरूबाट प्राप्त सुझाव तथा प्रस्तुत गरिएका कार्यक्रमका आधारमा तयार गरिएको हो। नगरपालिकामा गठन हुने पर्यटन विकास समितिबाट यस नगरपालिकाको समग्र पर्यटन विकासका लागि विशेष भूमिका रहने अपेक्षा राखिएको छ। यसलाई नगरपालिकाले सम्बद्ध क्षेत्रबाट आवश्यक सहयोग लिँदै पर्यटन विकासका गतिविधिहरू सञ्चालन गर्ने छ। अधिकांश क्रियाकलापहरू सम्बन्धित नगरपालिका, वडा कार्यालय एवं स्थानीय संघसंस्थाको सहयोगमा सञ्चालन गर्न सिफारिस गरिएको छ। ठूला योजना कार्यान्वयनको नेतृत्व नगरपालिका तथा प्रदेश सरकारले गर्नुपर्ने छ। योजना कार्यान्वयन गर्दा लाग्ने रकम पर्यटन बोर्ड, पर्यटन मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, प्रदेश सरकार जस्ता तालुक निकाय र नगरपालिकाको आन्तरिक स्रोतबाट जुटाइने छ। योजना कार्यान्वयनका लागि आवश्यक पर्ने अन्य रकम निजी क्षेत्र, स्थानीय उद्योग वाणिज्य संघ, पर्यटन व्यवसाय सम्बद्ध संघसंस्था, गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा जुटाई योजना कार्यान्वयन हुने अपेक्षा राखिएको छ। प्रस्तावित क्रियाकलापहरूलाई ६ वटा मुख्य कार्यक्रम क्षेत्रमा समूहगत गरी तल उल्लेख गरिएको छ।

### ८.२ ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू (Historical, archeological, religious, cultural and natural heritages)

बूढानीलकण्ठ नगरपालिका हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको बसोबास स्थल हो। यस नगरपालिकाका हरेक वडामा मात्र नभई टोलमै मन्दिर र गुम्बाहरू छन्। तीमध्ये बूढानीलकण्ठ मन्दिर विशेष प्रसिद्ध छ। नेपालका गद्दीसिन राजाले दर्शन गर्न नहुने मन्दिरका रूपमा यसको अझ प्रसिद्ध छ। बूढानीलकण्ठ मन्दिरमा हिन्दु र बौद्ध दुवै धर्मावलम्बीको उत्तिकै आस्था रहेको पाइन्छ। शिवपुरी र वाग्द्वार यस नगरका प्रसिद्ध धाम हुन्। बूढानीलकण्ठ, विष्णुपादुका, शिवपुरी क्षेत्रको धार्मिक महत्व र यसको प्रर्वद्धनको साथै ऐतिहासिक, धार्मिक स्थलहरू जस्ता धरोहरहरूको यथोचित व्यवस्थापन र संरक्षणबिना नगरपालकाको पर्यटन विकास सम्भव देखिँदैन। पर्यटन गतिविधिका कारण यस्ता धार्मिक स्थलमा नकारात्मक प्रभाव पर्न नदिन पर्यटक, पर्यटन व्यवसायी, पथ प्रथर्शक

र स्थानीय समुदाय समेतका लागि आचार संहिता बनाई दृढतापूर्वक लागु गर्नुका साथै नगरपालिकाबाट अनुगमन हुनु आवश्यक छ । बूढानीलकण्ठ नगरपालिकाका पुराना नेवार बस्तीमा मौलिक रीतिरिवाज, परम्परा र सांस्कृतिक धरोहरहरू विद्यमान छन् ।

## ८.३ प्राकृतिक, जैविक विविधतायुक्त पर्यटकीय स्थलहरूको अध्ययन–अनुसन्धान (Study of natural diversity and biodiversity related sites)

दिगो पर्यटन विकासका लागि पर्यटनबाट पर्ने प्रभावहरूका बारेमा अध्ययन अनुसन्धानको आवश्यकता पर्दछ। सकारात्मक आर्थिक तथा सामाजिक प्रभावमा वृद्धि र वातावरणीय एवं सांस्कृतिक क्षेत्रको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यक अध्ययन अनुसन्धान गरी तद्नुकुलको सुधारको उपायहरू सञ्चालन गर्नुपर्दछ । यस सन्दर्भमा पर्यटकहरूको सन्तुष्टिको स्तर कस्तो छ र उनीहरूबाट समग्र नगरको पर्यटनका बारेमा सकारात्मक सन्देश प्रवाह हुन सकोस् भन्नका लागि सर्वेक्षणमार्फत जानकारी प्राप्त गरी आवश्यक सुधारका कार्यक्रम सञ्चालन गरिने छ। पर्यटन व्यवसायी, पर्यटक तथा सम्बन्धित सरोकारवालाहरूद्वारा दिगो विकासका लागि बनाइएको आचारसंहिता एवं सामाजिक उत्तरदायित्वको राम्रोसँग परिपालना हुन सके वा नसकेको समेत सर्वेक्षण गरी नकारात्मक प्रभावलाई न्यून पार्ने प्रयत्न गरिने छ।

बूढानीलकण्ठ मन्दिर,रुद्रेश्वर महादेव, नौलिन भद्रकाली, शिवपुरी क्षेत्रका मन्दिर, पञ्चकुमारीको माइती थान, निखिलेश्वर मन्दिर र लाखे पोखरी प्रत्येकको बृहत् गुरुयोजना बनाइने छ। त्यस्तै टोड्के बाबाले वाग्द्वारलाई तपस्या स्थल छनोट गर्नुको कारण बारे अध्ययन गर्ने, शिवपुरी क्षेत्रमा वन्यजन्तु, चरा अवलोकनको लागि व्यवस्थापन गर्ने सोच राखिएको छ।

बूढानीलकण्ठ नगरपालिकामा प्राकृतिक सम्पदाहरू पर्यटक लोभ्याउने महत्त्वपूर्ण वस्तुका रूपमा रहेका छन् । त्यस्तै यहाँका भीरमा चट्टान आरोहण गर्न पनि सम्भव छ। यो क्षेत्रमा हाइकिङ तथा पदमार्गका रूपमा पनि विकास गर्न सकिने सम्भावना छ। नागी गुम्बालाई पर्यटनमैत्री बनाएर आकर्षण गर्न सकिने अवस्था छ। वाग्द्वार, विष्णुद्वार, खप्तड बाबा समाधि स्थलको संरक्षण र प्रचार गर्न आवश्यक देखिन्छ। यसैगरी शिवपुरी गढी, पुतली डाँडा, थाने डाँडा र कपन गढी उत्खनन तथा अनुसन्धान गरी पर्यटन क्षेत्रका रूपमा विकास गर्न आवश्यक देखिन्छ। त्यसैले यी स्थानको विकास, संरक्षण तथा प्रवर्द्धनका लागि अध्ययन–अनुसन्धान कार्य गर्न प्रस्ताव गरिएको छ।

## ८.४ पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता (Trainings for tourism human resources, income generating skills and labour)

पर्यटक आकर्षित गर्न उनीहरूका लागि उपयुक्त वातावरण हुनु आवश्यक छ। आन्तरिक तथा बाह्य पर्यटक भए पनि उनीहरू आउँदा स्थानीयले देखाएको आतिथ्य भावले उनीहरूको हामीप्रतिको धारणा सकारात्मक वा नकारात्मक हुने गर्छ । स्थानीयहरूमा पर्यटकप्रति 'अतिथि देवो भवः' को भाव हुनु वाञ्छनीय छ । यसका लागि पर्यटन शिक्षा आवश्यक हुन्छ । समुदायलाई पर्यटनमैत्री बनाउन तालिम दिनु आवश्यक छ । यस्तो तालिमका लागि स्थानीय शिक्षण संस्थामा पर्यटन तालिम चलाउन उपयुक्त हुने सुझाव वडा स्तरीय छलफलमा जनप्रतिनिधि र बुद्धिजीवीबाट अभिव्यक्त भएको छ । पर्यटन गुरुयोजनाबारे गोष्ठी गरी यस नगरपालिकाका सबै वडाका प्रतिनिधिहरूलाई पर्यटनसम्बन्धी तालिम दिन प्रस्ताव गरिएको छ। नगरमा रहेका पर्यटन व्यवसायीसँग पनि समय-समयमा अन्तरक्रिया हुनु आवश्यक छ। प्रत्येक वडाबाट पर्यटन व्यवसायमा आबद्ध हुन चाहने युवा/युवतीलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ। नगर, वडा तथा समुदाय तहका विभिन्न संघसंस्था तथा व्यक्ति (उद्यमी) हरूलाई सीप विकास सम्बन्धी तालिम व्यवस्था गर्न प्रस्ताव गरिएको छ। पर्यटकहरू नगरमा भ्रमण गर्न आइसकेपछि यो ठाउँको चिनो लैजाउँ भन्ने अभिप्राय सबैमा हुने गर्दछ। बूढानीलकण्ठको मूर्ति झल्कने गरी मायाको चिनोको रूपमा बूढानीलकण्ठ क्षेत्रमा उत्पादित बस्तुहरू उपहारको रूपमा बिक्री वितरण गर्नुपर्दछ। पर्यटनसम्बन्धी सरोकारवालाहरूलाई प्याकेज डिजाइन जस्ता नयाँ विषयहरूमा तालिम दिनु आवश्यक

छ । इन्टरनेट तथा सामाजिक सञ्जालमार्फत बजारीकरण, ब्रान्ड व्यवस्थापन, विद्युतीय व्यापार (ई-बिजनेस), गुणस्तर अभिवृद्धि ग्राहक विश्लेषण तथा मूल्य निर्धारण पद्धति जस्ता तालिम नगरपालिकाका तर्फबाट व्यवस्था गर्न प्रस्ताव गरिएको छ ।

## ८.५ पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ (Construction of tourism infrastructures)

- **पूर्वाधार मर्मत** : भत्केका, रङरोगन नगरिएका पूर्वाधारले पर्यटक आकर्षित गर्दैन । त्यसैले त्यस्ता पूर्वाधारको आवश्यकता अनुसार पुनर्निर्माण, मर्मत सम्भार तथा रङरोगन गरी सुन्दर, आकर्षक र चिटिक्क पारिनुपर्छ । बूढानीलकण्ठ मन्दिर तथा पदमार्गमा रहेका ऐतिहासिक पर्यटकीय पूर्वाधारहरूलाई चिटिक्क पार्न नगरपालिकालाई प्रस्ताव गरिएको छ ।
- **खानेपानी व्यवस्था** : पदमार्गमा हिँड्ने पर्यटक, स्थानीय बासिन्दा तथा निकुञ्जलाई पनि लाभ पुग्ने गरी खानेपानीको स्रोत पहिचान गरी व्यवस्थापन गर्नु वाञ्छनीय छ ।
- **समितिहरू** : नगरपालिका स्तरीय एक अधिकार सम्पन्न पर्यटन विकास समितिको गठन आवश्यक छ । यस मातहत निम्न समितिहरू पनि रहनु आवश्यक तथा उपयुक्त देखिन्छ ।

१. घरबास (होमस्टे) व्यवस्थापन समिति
२. शिवपुरी निकुञ्जभित्र आइपर्ने आकस्मिक विपत्ति तथा प्रकोप व्यवस्थापन गर्न एक समन्वय समिति
३. मूर्तिकला, चित्रकला प्रवर्द्धन समिति

यिनै समिति मार्फत नगरपालिकाको समग्र पर्यटन विकासको योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयनका लागि नीतिगत निर्णय हुने छ ।

- **दृश्यावलोकन केन्द्र (भ्यु टावर) निर्माण** : भ्यु टावर बनाउने साथै आई.ई.ई, ई.आई.ए अध्ययन गरी शिवपुरी चुचुरो, चिसिनी र डाँडा गाउँमा भ्यु टावर निर्माण गरी पर्यटक आकर्षण गर्ने सोच राखिएको छ । १३ वटै वडाका प्रवेश विन्दुमा आकर्षक प्रवेशद्वार निर्माण गर्न प्रस्ताव गरिएको छ । नगरबासीलाई स्वस्थ राख्न सबै वडामा मेडिटेसन, योग, ध्यान केन्द्र सञ्चालन गर्न व्यवस्थित सामुदायिक भवन निर्माण गर्ने सोच राखिएको छ ।
- **पिकनिक स्पट** : Eco-Tourism पूर्वाधार, चिसेनी ठूलोगाउँ प्रकृति पार्क निर्माण, रुद्रेश्वर क्षेत्र Eco-park गुरुयोजना, पञ्चकन्या मन्दिर परिसरमा पिकनिक स्पट निर्माण गर्न प्रस्ताव गरिएको छ ।
- **साइक्लिङ्ग रुट** : बूनपा डाँडा गाउँ–टुसालबाट–चिसेनी ठूलोगाउँ–मुहान पोखरी–दुगुर्ने डाँडा–तारेभिर जगडोल पश्चिम रुटबाट कपन गुम्बा सम्म करिव २ घन्टाको उकालो ओरालो साहसिक साइक्लिङ्ग मार्ग बिकासको गर्न गुरुयोजना बनाइ कार्य प्रारम्भ गरिने छ । जगडोल कपनगढी क्षेत्रमा पर्यटन पूर्वाधार साथै Eco-Tourism को रूपमा विविधतायुक्त बोटविरुवा लगायत अध्ययन क्षेत्रको रूपमा विकास गरिने छ ।
- **यातायात व्यवस्था** : बूढानीलकण्ठ नगरपालिकाका १३ वटै वडा समेटेर पर्यटकीय सडक यातायातको व्यवस्थापन गरी पर्यटकीय क्षेत्रमा सवारी विश्राम स्थल (बस स्टप) निर्माण गर्नु आवश्यक छ । यस्तै बूढानीलकण्ठ मन्दिरको आसपासमा जग्गा व्यवस्थापन गरी पर्यटकीय बसपार्क निर्माण गरिने छ ।
- **शौचालय** : नगरपालिकाका पर्यटकीय क्षेत्र तथा अन्य आवश्यक स्थानमा सार्वजनिक- निजी साझेदारीमा स्तरीय शौचालय निर्माण गरिने छ ।
- **गुरुयोजना कार्यान्वयन** : यस नगरपालिकाले बनाएको पर्यटन गुरुयोजना कार्यान्वयन गर्न पर्यटनसम्बन्धी गैरसरकारी संस्था, निजी क्षेत्र, वडा तथा नगर स्तरीय पर्यटन प्रवर्द्धन समितिहरूलाई व्यापक रूपमा परिचालन गरिने छ ।

## ८.६ प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण र ब्रान्डिङ (Advertisement, promotions, information, marketing and branding)

नगरका सबै प्रवेश विन्दुहरूमा बूढानीलकण्ठ प्रवेश गरेको आभास दिने गरी आकर्षक प्रवेशद्वार (गेट) बनाइने छ। साथै पर्यटकीय गन्तव्यहरूको सूचीयुक्त होर्डिङ बोर्ड राखिने छ। यस नगरपालिकामा पर्यटन विकास र व्यवस्थापनका सन्दर्भमा गन्तव्य स्थानहरूका वरपर रहेका पर्यटकीय सम्पदाहरूको यथार्थ जानकारी दिने विवरणसहितका पुस्तिका प्रकाशन गरी पर्यटन व्यवसायी एवं पर्यटक गाइडहरूलाई उपलब्ध गराइने छ। यस्ता पुस्तिकामा नक्सासहित पदमार्ग, साइकल ट्र्याक, रक क्लाइम्बिङ तथा वरपरका ऐतिहासिक स्थलको जानकारी समावेश गरिने छ। बूढानीलकण्ठ नगरभित्र मनाइने सांस्कृतिक पर्व तथा अन्य गतिविधिको समयतालिका खुल्ने गरी क्यालेन्डर प्रकाशन गरी वितरण गरिने छ।

बूढानीलकण्ठको दर्शन गर्ने हरेक दर्शनार्थीले देख्ने गरी स्थानीय हाइकिङ, पदमार्ग, गुफा, पार्क, वाटर पार्क आदिको जानकारीमूलक सामग्री (विद्युतीय पाटी) डिजिटल बोर्डमा राखिने छ। त्यस्तै बूढानीलकण्ठको महिमागान सुमधुर ध्वनिमा सुनाउने व्यवस्था गरिने छ। हरेक स्थानीयबासीलाई स्वदेश या विदेशमा रहेकालाई 'एक घर एक पर्यटक' नारासहित बूढानीलकण्ठको प्रचारप्रसारमा सरिक गराउन प्रोत्साहन गरिने छ। स्थानीय नागरिकलाई मोबाइल एसमएस मार्फत पर्यटन प्रवर्द्धन गर्न प्रोत्साहन गरिने छ। बूढानीलकण्ठको वेब पेज बनाई त्यसमा यहाँका धार्मिक, ऐतिहासिक, पदमार्ग लगायतका प्रचार सामग्री राखिने छ। बूढानीलकण्ठ नगरपालिकाको फेसबुक पेज, (www.budhanilkantha.com) बनाई त्यसमार्फत पर्यटकीय स्थान तथा भिडियो क्लिप राखी प्रचारप्रसार गरिने छ। त्यस्तै नगरको आफ्नै अनलाइन पर्यटन पत्रिका प्रकाशन गरिने छ। नगरका पदमार्गमा जानकारीमूलक सूचना पाटी तथा होर्डिङ बोर्ड राखिने छ। नगरपालिकामा एक शाखा अधिकृत दरबन्दीसहितको सूचना केन्द्र स्थापना गरिने छ। त्यही केन्द्रमार्फत नगरका महत्त्वपूर्ण पर्यटकीय स्थलहरू समस्टीगत रूपमा बनाई ७७ वटै जिल्लाका सबै नगरपालिका, गाउँपालिका कार्यालयहरूमा राख्नका लागि पठाइने छ। नगरमा आउने पर्यटकहरूको तथ्यांक विश्लेषण गरी वेबपेजमा समावेश गरिने छ। पर्यटन गुरुयोजना नगरका प्रत्येक कार्यालय र विद्यालय, क्याम्पसहरूमा वितरण गरी सबैलाई पर्यटन प्रवर्द्धन कार्यमा सरिक हुन प्रोत्साहन गरिने छ। बूढानीलकण्ठ नगरलाई केन्द्र बनाएर चल्ने सार्वजनिक सवारी साधनलाई विशेष रङरोगन र चित्रमार्फत ब्रान्डिङ गर्न सम्बन्धित व्यवसायीलाई प्रोत्साहन गरिने छ। वार्षिक रूपमा नगर स्तरीय पर्यटन महोत्सव आयोजना गरिने छ। अध्ययन केन्द्र सहितको पुस्तकालय स्थापना गरिने छ। त्यस्तै बार्षिक रूपमा मनाइने पर्यटन दिवस, साइकल दिवस जस्ता कार्यहरू भब्यताका साथ मनाइनेछ। नगरका जनप्रतिनिधिलाई देश-विदेशका पर्यटकीय स्थलको अवलोकन भ्रमण गर्ने अवसर दिई बूढानीलकण्ठको महिमा प्रचारप्रसार गरिने छ।

## ८.७ कानुन, सुरक्षा र संस्थागत सुधार (Laws, security and institutional improvement)

पर्यटक तथा पर्यटन व्यवसायीका गतिविधिका कारण स्थानीय मौलिक कला र संस्कृतिमा विचलन आउन नदिन बूढानीलकण्ठ नगरपालिकाले 'पर्यटक तथा पर्यटन व्यवसायी आचारसंहिता' बनाई लागू गर्न प्रस्ताव गरिएको छ। त्यसैगरी व्यवसायीहरूले स्थानीय पर्यटन वस्तु तथा सम्पदाबाट आय आर्जन गरिरहेको सन्दर्भमा उनीहरूको स्थानीय समुदायप्रतिको उत्तरदायित्वसमेतमा प्रस्ट पार्दै आपसी सहभागितामा कार्यान्वयन गर्ने गरी पर्यटनबाट हुने आम्दानीको न्यायोचित वितरणमा जोड दिइनेछ। पर्यटन गुरुयोजना स्वीकृत गरी आ.व. २०७५/०७६ बाटै लागू गर्ने, नगरप्रमुखको अध्यक्षतामा गठित पर्यटन गुरुयोजना कार्यान्वयन कार्यदलले गुरुयोजनाले निर्दिष्ट गरेका योजना वार्षिक नगरसभामा समावेश गर्ने, बूढानीलकण्ठ विकास समितिलाई नगरपालिका मातहत ल्याउने, नगरका पर्यटकीय सम्पदाहरूको विकास र बजारीकरण गर्न फोर पी (4P) मोडलका आधारमा कार्यविधि बनाएर स्तरीय

समिति गठन गर्ने तथा रात्रिकालीन रिसोर्ट र बस सेवा सञ्चालन गर्न कार्यविधि बनाई कार्यन्वयन गर्न प्रस्ताव गरिएको छ ।

## ८.८ पञ्चवर्षीय कार्ययोजना (5 Years work plan)

पर्यटन गुरुयोजनाले तय गरेका योजनाहरूलाइ हासिल गर्नका लागि आगामि ५ वर्ष भित्रमा गर्नुपर्ने कामहरूको विस्तृत विवरण र १० वर्षे दीर्घकालिन दुरदृष्टि प्रकृतिका रणनीतिक योजनाहरू उल्लेख गरिएको छ । कार्ययोजना निर्माण गर्ने क्रममा कुन कुन क्रियाकलापहरू गर्ने, कुन समयमा गरिसक्ने, कुन निकायको मुख्य जिम्मेवारी हुने र कुन कुन निकायले सहयोगी भूमिका निभाउने र सो क्रियाकलापका लागि के कति बजेट लाग्ने, कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू के के हुने, कार्य सम्पन्न मापनका र उपलब्धि सूचकहरू कस्ता हुने भन्ने कुराको पनि विस्तृत खाका यहाँ प्रस्तुत गरिएको छ । कतिपय परियोजनाको बजेट उल्लेख नगरिएको भए पनि उक्त काम सम्पन्न गर्न कुन निकायले, बजेट सहितको भूमिका निभाउनुपर्छ । कुन कुन क्रियाकलापहरू जनश्रमदानबाट कार्य गर्ने भन्ने कुरा पनि यहाँ उल्लेख गरिएको छ । यहाँ प्रस्तुत गरिएका बजेटहरू (लाखमा) मोटामोटी अनुमानमा आधारित छन् । तसर्थ प्रस्तावित क्रियाकलापलाई विस्तृत योजना र वार्षिक बजेटमा राख्ने क्रममा र कार्यान्वयनको प्रक्रियामा म्एच तयार गरिनुपर्छ । नगरपालिकाको पर्यटन गुरुयोजना विकासको प्रक्रियालाई पद्धतिगत ढंगबाट निरन्तर अगाडि बढाउनका लागि यस गुरुयोजनामा सिफारिस गरिएका रणनीतिक योजनाहरूलाई आगामि ५ वर्ष भित्रै ठोस रूपमा कार्यान्वयन गर्ने खाका यस कार्ययोजनाले समेटेको छ । प्रस्ताव गरिएका परियोजना तथा क्रियाकलापहरूले पर्यटन सम्पदा विकास, प्रवर्द्धन एवं बजारीकरण प्रयास, तथा संस्थागत संयन्त्र सुदृढीकरणका सवालहरूलाई सन्तुलित रूपमा अघि बढाउने प्रयत्न भएको छ । यस पञ्चवर्षीय कार्ययोजनामा पर्यटन विकास र व्यावसायिक लगानीका लागि प्रस्तावित बृहत्तर बजेटको स्रोत सरकारी तथा निजी दुवै क्षेत्रबाट प्राप्त हुने अपेक्षा गरिएको छ । योजनाका विविध उद्देश्यहरूमध्ये निजी क्षेत्रलाई पर्यटनमा लगानी गर्नका लागि उपयुक्त वातावरण बनाइदिने र कार्य सम्पन्न गर्नका लागि प्रोत्साहित गर्ने पनि रहेको छ । कार्ययोजनामा प्रस्तावित जिम्मेवार निकायमा उल्लिखित संस्थाहरूमध्ये पहिलो स्थानमा दिइएको नाम (बूनपा) मुख्य जिम्मेवार निकाय हो भने त्यसपछिका नामहरू सहयोगी निकायहरू हुन् । कार्ययोजनामा उल्लेख भए अनुसार बूढानीलकण्ठ नगरपालिकामा एउटा छुट्टै मूल्याङ्कन इकाइ गठन हुने छ र त्यसै इकाइले यस गुरुयोजना कार्ययोजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी पार्नका लागि निश्चित समय, स्रोत, प्रक्रिया, उपलब्धि, सूचक जस्ता विषयहरूको अनुगमन गर्ने छ । सो कुराको रिपोर्टिङ नगरपालिकामा गठन हुने पर्यटन विकास समितिलाई गर्ने छ । नगरमा गठन हुने पर्यटन विकास समितिले गुरुयोजना कार्यान्वयनको नियमित अनुगमन गरी समसामयिक पृष्ठपोषण दिने कार्य गर्नेछ ।

## ८.९ तत्कालीन प्राथमिकताका कार्यक्रमहरू (Immediate Priority Programs)

### ८.९.१ धार्मिक र पर्यावरणीय पर्यटन क्रियाकलापमा प्रवर्द्धन (Promotion of religious and ecosystem activities)

बूढानिलकण्ठ नगरपालिका धार्मिक तथा पर्यापर्यटनका पारखी हिन्दु तथा बौद्धमार्गीहरूको पवित्र तीर्थस्थलका रूपमा परिचित रहेको छ । काठमाडौँ उपत्यकाको सभ्यताको विकाससँग पनि यो क्षेत्र गाँसिएको छ । नगरपालिका भित्रका सांस्कृतिक तथा धार्मिक तीर्थस्थलहरूको विकास व्यवस्थापन र प्रवर्द्धन मार्फत सांस्कृतिक कार्यक्रमहरूको व्यवस्थित ढंगबाट सञ्चालन र प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाउन तत्स्थानहरूमा म्युजिक फेस्टिभल, सभा सम्मेलन, स्थानीय सामाजिक जनजीवनको अनुभूति गर्ने घरबास कार्यक्रम सञ्चालन गर्न सकिए धेरै संख्यामा पर्यटकलाई नगरपालिकामा आकर्षित गर्न सकिन्छ । नगरपालिकाका विभिन्न सांस्कृतिक, धार्मिकस्थलहरूलाई फरक फरक समय र अवधिका लागि प्रमुख आकर्षण गत्तव्यका रूपमा प्रवर्द्धन गर्न सकिए बाँकी रहेका अन्य गन्तव्य र आकर्षणहरूलाई थप प्याकेजमा संयोजन गर्न सहयोग पुग्नेछ । यी गन्तव्यलाई अझ आकर्षक बनाउन आवश्यक सूचनाको प्रवाह गर्न सक्ने व्यक्तिहरू र पथप्रदर्शकबाट पर्यटकहरूलाई सांस्कृतिक तथा पर्यावरणीय

पदयात्रा गराउँने कार्यक्रम तय गरिने छ। यसका लागि सक्षम दक्ष जनशक्तिका साथै बृहत् रूपमा जानकारीमूलक सामग्रीका साथ बजारीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

## ८.९.२ पर्यटकीय सम्पदा र पर्यापर्यटकीय गतिविधिमा विविधीकरण (Diversification tourim product & adventure activities)

विक्रम संवत २०८० सम्ममा पर्यटन बजारमा बूढानिलकण्ठ नगरपालिकाको एउटा फरक तस्बिर प्रस्तुत गर्न नगरपालिकामा पर्यटन विकासका लागि पहिलादेखि सुरु गरिएको विकास प्रयासलाई थप मजबुत बनाउन लक्षित बजारीकरण रणनीतिलाई दृढताका साथ अगाािड बढाइने छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, शिवपुरी चुचुरो, वाग्द्वार, विष्णुद्धर धाम, विष्णुमती झरना, कपन गुम्बा, नागी गुम्बा आदि पदमार्ग लगायत वैकल्पिक मार्गको व्यवस्थापन हुनुका साथै नयाँ नयाँ पर्यटकीय सम्पदाको विकास गर्दै धार्मिक, सांस्कृतिक र प्राकृतिक गन्तव्यका लागि गुणस्तरीय पर्यटकहरूलाई बूढानीलकण्ठ नगरपालिकामा आकर्षित गरिने छ। मौजुदा पर्यटकीय सम्पदालाई अझ आकर्षक बनाई त्यस्ता सम्पदाको स्तरवृद्धिमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। योजना अवधिमा नगरपालिकामा निम्न अनुसारको गतिविधि मार्फत उल्लेखनीय कार्य सम्पादन गर्न सकिने विश्वास गरिएको छ। प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्दै बैठक तथा सभा सम्मेलन आदि गतिविधियुक्त पर्यटन क्रियाकलापहरूको विकास गर्ने। पर्यापर्यटन तर्फ बढ्दै गएको पर्यटकहरूको रुचि र मागलाई सम्बोधन गरी चरा तथा वन्यजन्तु अवलोकन गर्ने वानस्पतिक उद्यानको विकास गरिनेछ।

## ८.१० गुरुयोजनाको कार्यान्वयन र अपेक्षाहरू (विसं. २०८०) (Execution of master plan 2080 B.S)

बूढानीलकण्ठ नगरपालिकाको पर्यटन विकासका लागि आवश्यक वित्तीय श्रोत पर्यटन राजस्वबाट प्राप्त हुने आम्दानी र सम्बन्धित मन्त्रालय र केन्द्रीय निकायबाट स्थानीय तहमा प्रदान गरिने बजेटमा निर्भर रहने छ। यस पर्यटन गुरुयोजनाले बूढानिलकण्ठ नगरपालिकामा पर्यटन विकास र व्यवस्थापन गर्न आगामी पाँच वर्षका लागि अवलम्बन गरिएको अवधारणा पूरा गर्न समेत उल्लेखनीय आर्थिक स्रोतहरूका साथै निजी तथा व्यावसायिक क्षेत्र दातृ निकायबाट सहयोग पुग्ने अपेक्षा राखिएको छ। यद्यपि वर्तमान अवस्थामा नगरपालिकाको पर्यटन विकास तथा व्यवस्थापन योजना सिद्धान्त वि.स.२०८० सम्म निम्न आधारमा कार्यान्वयन हुने विश्वास राखिएको छ :

क) नगरपालिकाको नेतृत्वमा बूढानीलकण्ठ पर्यटन विकास समिति, वडाहरू तथा स्थानिय रूपमा गठित व्यवसायिक एवम् पर्यटन विकास तथा व्यवस्थापन समितिहरू र स्थानिय समुदाय बिच समन्वयात्मक कार्यमुलक संयन्त्र खडा गर्ने।

ख) नगरपालिकामा गुरुयोजना अनुरूप पर्यटनको विकास र व्यवस्थापनका कार्यक्रमलाई कार्य रूपमा लैजानका लागि स्थानीय समुदायका व्यक्तिहरूमा व्यवसाय एवम् पर्यटन उद्यमशीलता क्षमता अभिवृद्धि गर्ने।

ग) नगरपालिकाका सबै वडाहरूलाई जोड्ने सडक सञ्जालको सुधार गर्ने र शिवपुरी राष्ट्रिय निकुञ्ज, चिसिनी बौद्ध गुम्बा, ठुलो गाउँ स्तूप, कपन र नागी गुम्बा, तारेभीर जोड्ने सडकलाई स्तरोन्नति गरी सवारी आवागमनलाई सहज र सुलभ बनाउने।

घ) नगरपालिकामा रहेका अद्वितीय पर्यटकीय सम्पदाहरूका साथै वातावरणीय सम्पदाहरूको सौन्दर्यात्मक तथा रहस्यात्मक गन्तव्यका रूपमा रहेको बूढानीलकण्ठ नगरपालिकालाई दिगो तथा गुणस्तरीय र जिम्मेवारपूर्ण पर्यटन विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने।

ङ) यातायातको सुविधा वा पहुँच पर्यटन विकासको लागि एक महत्त्वपूर्ण आधारशिला हो। राजधानी काठमाडौँसँगै जोडिएको भए तापनि पर्यटकीय स्थलको जानकारी नहुनु पशुपतिको दर्शन र लुम्बिनी तथा स्वयम्भुनाथको दर्शनमा सीमित रहेको प्रवृत्तिलाई थप फराकिलो पारी हिन्दु आराध्यदेव विष्णु र विभिन्न बौद्ध स्तुपाको प्रचार प्रसार गरी पर्यटकको आवगमलाई बढावा दिनुपर्ने देखिन्छ।

च) बूढानीलकण्ठ नगरपालिकामा रहेका सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरूका साथै पर्यावरणीय स्थलहरूलाई समायोजन गर्ने पदमार्ग एवम् साँघुरा कच्ची सडकहरूले पनि पर्यटकहरूको सहज आवागमनलाई असर पुऱ्याएको छ।

छ) बूढानिलकण्ठ नगरपालिकाको प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित भई विविधीकरण गरिएका पर्यटन उत्पादनहरूका लागि नयाँ पर्यटन बजारलाई आकर्षित गर्ने कार्य सडक लगायत अन्य पूर्वाधारहरूमा सुधार नगरिए अत्यन्तै कठिन हुने देखिन्छ। तसर्थ वि.स.२०७५ देखि वि.स.२०८० सम्मको अवधिमा नगरपालिकाका लागि प्रस्ताव गरिएका कार्यक्रमहरू पूर्णतः लागु गरिने अपेक्षामा आधारित भएर योजनाको अवधारणा प्रस्ताव गरिएको छ।

## ८.११ पर्यटन गुरुयोजना कार्यान्वयनका लागि आवश्यक वित्त व्यवस्था (Economic facilities for execution of tourism masterplan)

यस गुरुयोजनाका लागि तयार गरिएका ६ वटा आधार स्तम्भहरू बूढानीलकण्ठको पर्यटन विकासलाई आधार मानी लिइएको छ। यी आधारस्तम्भमा व्यापक रूपमा अध्ययन अनुसन्धान गरिएको थियो। कार्यक्रम कार्यन्वयनका लागि ५ वर्षमा **रु ५३,१९,००,०००/–** (**रु त्रिपन्न करोड उन्नाइस लाख**) लगानी आवश्यक पर्ने देखिन्छ। पर्यटन उद्योगलाई नाफामुखी बनाउनका लागि यातायात तथा भैतिक संसाधनका क्षेत्रमा थप लगानीको दायरा बढाउनुपर्ने देखिन्छ। प्राथमिकता नं १ र प्राथमिकता नं. २ मा उल्लिखित कार्यक्रमहरू यही लगानीको दायरा भित्र रही सम्पन्न हुने छन्। अनुमानित लागत पहिले नै निर्धारित कार्यक्रमको खर्चका लागि हुने छ। पूर्ण अवधिका लागि हुने छैनन्। यो केवल अनुमानित बजेट भएकाले डीपीआर निर्माण गरेर मात्र योजना कार्यान्वयनको अवस्थामा जानका लागि यो गुरुयोजनाले सिफारिस गर्दछ।

## प्राथमिकता नं. १

योजनालाई प्राथमिकीकरण गर्दा नगरपालिकामा नगर प्रमुख साथै पर्यटन व्यावसायीहरूको उपस्थितमा छलफल गरी आगामी पाँच वर्ष भित्र नगरको बजेट स्रोत साधनबाट सम्पन्न हुने, नगरका अति आवश्यक योजनाहरू, तत्कालै गर्न आवश्यक भएका योजनाहरूलाई निम्न ६ वटा मुख्य शीर्षकहरूभित्र रही समावेश गरिएको छ। यसमा अनुमानित बजेट र मुख्य शीर्षकहरूको कार्यक्रम संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

## प्राथमिकता नं. १

**तालिका नं ८.१ पाँचवर्षे विस्तृत कार्ययोजना (अल्पकालीन) (Five years detailed action plan)**

जनप्रतिनीधि र स्थानीय बासिन्दाहरूसँग गरिएको छलफल बाट आएका पर्यटन गुरुयोजना अन्तरगतका योजनाहरूलाई क्रमस स्रोतको उपलब्धता अनुसार कार्यन्वयन गर्दै जान सूचिकृत गरिएको छ।

**पाँच वर्षमा गरिने मुख्य मुख्य कार्यक्रमहरू (अल्पकालीन)**

पर्यटन गुरुयोजना नगरको भौगोलिक स्थिति प्राकृतिक विविधता, उपलब्ध स्रोत, आर्थिक उपलब्धता, नगरको प्राथमिकता, स्थानीयको चाहना, विद्यमान ऐन, कानुनका आधारमा अल्पकालीन पाँचवर्षे र दीर्घकालीन १०–१५ वर्षे (सन् २०२५– २०३०) योजना निर्माण गरिएको छ। सबै योजनाको विस्तृत अध्ययन र कार्यन्वयनका लागि सजिलोका लागि निम्न अनुसार संक्षिप्त योजना प्रस्तुत गरिएको छ। प्रत्येक वर्ष योजना निर्माण गर्दा उल्लेख गरिएका अल्पकालीन र दीर्घकालीन योजनाहरूलाई ध्यान दिँदै वार्षिक नगर विकास योजना छनोट र बजेट विनियोजन गर्दै जाने गुरुयोजनाले कार्ययोजना तर्जुमा गरेको छ।

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | | | |
| १ | ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू | | | | | | | | | | |
| १.१ | धार्मिक पर्यटकीय योजना | | | | | | | | | | |
| १.१.१ | बूढानीलकण्ठ मन्दिरको गुरुयोजना सहित पुरातात्विक तवरबाट प्रवर्द्धन गर्न योजना बनाउने । (इन्जिनियरिङ्ग आर्किटक्चर, डिपिआर, नक्सा आदि) | | √ | √ | √ | √ | ५,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मनत्रालय, पुरातत्व विभाग, बूनपा, मन्दिर व्यवस्थापन समिति | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघिंय मामिला तथा सामान्य प्रशासन मनत्रालय, प्रदेश सरकार | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, कार्य गर्ने निर्णय, निर्माण समिति, परामर्शदाता छनोट, कार्यादेश तयार भएको, मापदण्ड तयार भएको, अनुगमन तथा मुल्याङन कार्यदल गठन भएको । | परामर्श दाता छनौट भएको, गुरुयोजना प्रतिवेदन तयार भएको, छलफल तथा अन्तरक्रिया भएको, उपस्थितिको हाजिरी, फोटा, भिडियो क्लिप |
| १.१.२ | वागद्वार संरक्षण गर्ने | | | | √ | | ४,००० | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा, स्थानीय समिति | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघिंय मामिला तथा सामान्य प्रशासन मनत्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, बाघको मुखाकृतिको सट्टा शिवको मुखाकृतिबाट पानी निस्केको देखाउने । वरिपरि तारबार साथै वाल लगाउने, प्रवेश निकास द्वार बनाउने, सूचना पाटी राख्ने । | निर्माण समिति गठन भएको, निर्णय पुस्तिका, फोटा, भिडियो क्लिप, परियोजनाको विस्तृत सूचना पाटी, पूर्वाधार निर्माण भएका हुनेछन् । |
| १.२ | **Eco–Tourism** (प्रकृति पर्यटन) र पूर्वाधार | | | | | | | | | | |
| १.२.१ | रुद्रेश्वर मन्दिर संरक्षण, प्रवर्द्धन तथा इकोपार्क निर्माण गर्ने वडा नं.२ | | √ | | | | १३,००० | बूनपा, मन्दिर व्यवस्थापन समिति | बूढानीलकण्ठ नगरपालिका, अन्य विकास साझेदार संस्थाहरू । | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी | रुद्रेश्वर मन्दिरमा तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, मन्दिर र पार्कको सौन्दर्यता देखिएको , समितिको बैठक बसेको निणर्य, फोटा । |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.२ | विष्णुमतीको उत्पत्ति स्थल विष्णुपादुका क्षेत्रको आसपासमा निकुञ्ज, चिसेनी सामुदायिक वन क्षेत्रमा पार्कको डिपिआर तयार गरी तीन वर्षभित्रमा पर्यटकीय क्षेत्रको गन्तव्य स्थलका रूपमा विकास गर्ने । | | √ | √ | √ | | ५,००० | बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, पर्यटन सम्बन्धि सघं सस्थाहरू, NGO \ INGO | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | विष्णुपादुकामा तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, मन्दिर र पार्कको सौन्दर्यता देखिएको , समितिको बैठक बसेको निणर्य, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.३ | १) चिसेनी ठुलोगाउँमा प्रकृति पार्क निर्माण गर्ने ।<br>२) बू.नं.पा वडा नं. ५ र ३ मा रहेको चिसेनी सामुदायिक बन क्षेत्र र बुद्ध गुम्बा क्षेत्रमा पिकनिक स्पट निर्माण गर्ने ।<br>३) बिद्यार्थीहरूको अध्ययनको लागि द्ययतबलष्अर्बा एबचप बिकास गर्ने । | | √ | √ | √ | | ६,००० | बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, पर्यटन सम्बन्धि सघं सस्थाहरू, NGO \ INGO | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निणर्य, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.४ | दुगुर्ने सामुदायिक बनलाई बुद्ध मुर्ती सहित प्रकृति पार्क क्षेत्रको रूपमा बिकास गर्ने । | | √ | √ | √ | √ | ५,००० | बूनपा, गुम्बा विकास समिति, वडा | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय, बुद्ध मुर्ती स्थापना गर्ने । | तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निर्णय, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.५ | पञ्चकन्या सामुदायिक बन क्षेत्रमा भएको घना हरियाली क्षेत्रमा शहिद स्मृती पार्क निर्माण गर्ने । | | √ | √ | √ | √ | ५,००० | बूनपा, सामुदायीक वन उपभोक्ता समिति पर्यटन सम्बन्धि सघं सस्थाहरू | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निर्णय, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.६ | चण्डेश्वरी मन्दिर, बिष्णुपादुका, शिवपुरी, नारायणडाँडा, तारेभीर, भद्रकाली मन्दिर, कपनका स्थानीय मन्दिरहरूको धार्मिक र मौलिक स्वरूपमा बिकास गर्ने । | | √ | √ | √ | √ | ५,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, पुरातत्व विभाग, बूनपा, मन्दिर व्यवस्थापन समिति | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, प्रदेश सरकार | वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, कार्य गर्ने निर्णय, निर्माण समिति, परामर्शदाता छनोट, कार्यादेश तयार भएको, मापदण्ड तयार भएको, अनुगमन तथा मूल्यांकन कार्यदल गठन भएको । | परामर्श दाता छनोट भएको, गुरुयोजना प्रतिवेदन तयार भएको, छलफल तथा अन्तरक्रिया भएको, उपस्थितिको हाजिरी, फोटा, भिडियो क्लिप |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.७ | टोड्के बाबाको कुटी पुनर्निर्माण र संरक्षण गर्ने | | | | √ | | १,००० | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा, स्थानीय समिति | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, बूनपा | वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, स्थानीय समिति निर्माण, निकुञ्जसँग सहकार्य, वरिपरि तारजाली लगाउने, जानकारीमुलक सन्देश सहितको सूचना बोर्ड, टोडके बाबाको पुर्णकदको फोटो फ्रेममा राख्ने । | कुटी निर्माण भएको हुनेछ, बैठक निर्णय, फोटा |
| १.२.८ | पञ्चकन्या सामुदायिक बन क्षेत्रमा भएको घना हरियाली क्षेत्रमा शहिद स्मृती पार्क निर्माण गर्ने । | | √ | √ | √ | √ | ५,००० | बूनपा, सामुदायीक वन उपभोक्ता समिति पर्यटन सम्बन्धि सघं सस्थाहरू | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, इको पार्क निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निणर्य, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.९ | निश्चित क्षेत्रमा चराहरू, स-साना बन्यजन्तु सहितको चिडियाघरको रूपमा बिकास गर्ने । | | √ | √ | √ | √ | १०,००० | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा, राष्ट्रिय प्रकृति संरक्षण कोष | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, संसद विकास कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, चिडिया घरमा राख्ने जनावरहरूको पहिचान, चिडिया घर निर्माणको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | तारवार लगाएको, चिडिया घरमा जनावरहरू भएका, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निणर्य, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.१० | चिसेनी आइतबारेमा सामुदायिक पर्यटकीय पार्क निर्माण गर्ने वडा नं. ५ | | √ | | | | ५,००० | वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय, बूनपा, सामुदायिक संघसंस्था | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, बूनपा | वार्षिक नगर विकास योजनामा समावेश भएका, वजेटको सुनिश्चितता, डिपिआर तयार गर्ने, समिति गठन, परामर्शदाता छनौट । सार्वजनिक सुनुवाई गर्ने । कार्यक्रमको पुरा विवरणहरू खुल्ने सूचना बोड राखिने । | पार्क निर्माण भएको हुने छ । पार्कमा आगन्तुकहरू सुस्ताएको देखिनेछ । कार्य गरेको प्रतिवेदन, कार्य गरेको लेखापरिक्षण प्रतिवेदन । फोटाहरू, कार्यको भिडियो क्लिप आदि |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.११ | बिविध जातका बिरुवाहरू, च्याउ, झ्याउको बिकास र अध्ययन सम्बन्धी बिकास गर्ने । जडिबुटी र नर्सरीको बिकास गर्ने । | | √ | √ | √ | √ | २,००० | बूनपा, डिभिजन वन कार्यालय, सामुदायीक वन उपभोक्ता समिति | बन तथा वातावरण मन्त्रालय, राष्ट्रिय प्रकृति संरक्षण कोष | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, विरुवाहरू पहिचान, जडिवुटीको लागि जग्गा तयारी, विवाद रहित, सम्बन्धित निकायहरूसँग सहकार्य, समन्वय | तारवार लगाएको, जडिवुटीहरू भएका, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निणर्य, फोटा, प्रतिबेदन, वडाको सिफारिस पत्र । |
| १.२.१२ | थानेडाँडा सामुदायिक बन क्षेत्रमा सुरक्षित पिकनिक स्थल र पार्क सहितको पुर्वाधार बिकास गर्ने । | | | | | | ५,००० | बूनपा, सामुदायिक वन उपभोक्ता समिति | वन तथा वातावरण मन्त्रालय, बूनपा, अन्य विकास साझेदार संस्थाहरू । | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, समिति गठन, क्षेत्र निर्धारण, पार्क निर्माणको लागि जग्गा तयारी, पिकनिक स्थल जग्गा तयारी | थानेडाँडामा तारवार लगाएको, पार्कमा फुल विरुवा लगाएको, पार्कको सौन्दर्यता देखिएको, समितिको बैठक बसेको निणर्य, फोटा, भौतिक पूर्वाधारहरू निर्माण भएका हुनेछन् । |
| १.२.१३ | टुसाल-दुलाल टोल-चिसिनी हुँदै मुहान पोखरी सम्म साइकिलिङ ट्र्याक निर्माण गर्ने वडा नं.५ | | | √ | | | १,०००० | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा, पर्यटन सम्बन्धि सघंसस्थाहरू । | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा | वार्षिक नगर विकास योजनामा समावेश भएका, बजेटको सुनिश्चितता, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग समझदारी, फिल्ड सर्भे, स्थानीयसँग छलफल | साइकिलिङ ट्र्याक निर्माण भएको, वडा कार्यालयको सिफारिस, अनुगमनको प्रतिवेदन, साइक्लिङ गरेको फोटो, भिडियो क्लिप आदि । |
| १.२.१४ | च्यासन्डोलमा आधुनिक पार्क निमार्ण गर्ने वडा नं.६ | | √ | | | | १२,००० | बूनपा, सामुदायिक सघंसस्था | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, बूनपा, | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, डिपिआर तयार गर्ने, वजेटको सुनिश्चितता, पार्क समिति गठन, परामर्शदाता छनौट, सार्वजनिक सुनुवाइ गर्ने, कार्यक्रमको पुरा विवरणहरू खुल्ने सूचना बोर्ड राखिने । | पार्क निर्माण भएको हुने छ । पार्कमा आगन्तुकहरू सुस्ताएको देखिने छ । कार्य गरेको प्रतिवेदन, कार्य गरेको लेखापरिक्षण प्रतिवेदन, फोटाहरू, कार्यको भिडियो क्लिप आदि |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.१५ | नगरका नदीकिनार, विद्यालय परिसर, सरकारी कार्यालयहरू, गैरसरकारी संघसंस्थाहरू, सार्वजनिक स्थलहरूमा वृक्षरोपण; पत्येक घरमा कम्तिमा एक घर दुइ रुख अवधारणा लागु गरी हरित नगरको विकास गर्ने । | | √ | √ | √ | √ | २,००० | बूनपा, वडा, सामुदायिक वन, टोल विकास समिति | वन तथा वातावरण मन्त्रालय, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय | वार्षिक नगर विकास योजनामा समावेश भएको, सरोकारवालाहरू सँगको समन्वय र अन्तरक्रिया, स्थान पहिचान, विरुवा छनोट | सार्वजनिक स्थलहरूमा विरुवाहरू रोपिएका हुनेछन्, नगरमा हरियाली भएको, एक घर एक रुख अभियानले मूर्तरूप पाएको । |
| १.३ | सांस्कृतिक पर्यटन विकास योजना | | | | | | | | | | |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.३.१ | संस्कृति संरक्षण सग्रहालय निर्माण : लाखे नाच, रोपाइँ जात्रा, रथयात्रा, कृष्ण जन्माष्टमी जात्रा, इन्द्रजात्रा, भिन्तुना, नौलिङ्गेश्वरी, भद्रकाली जात्रा, नवरात्र जात्रा (नौरथा), चण्डी पूर्णिमा, बुद्ध जयन्ती, बाजागाजा र वेशभूषा, बाँसुरी, इ्याली, धिमे,सनई, नायखी, ढाँचा, दायाखल संरक्षण गर्ने, माधवनारायण कलश जात्रा प्रवर्द्धन गर्ने वडा नं.१३ (भवन निर्माण सहित) | | | √ | √ | √ | १०,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, पुरातत्व विभाग, बूनपा, मन्दिर व्यवस्थापन समितिहरू। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पुरातत्व विभाग, प्रदेश सरकार, दातृनिकायहरू, बूनपा, मन्दिर व्यवस्थापन समिति, | वार्षिक नगर विकास योजनामा समावेश भएको, नगर स्तरिय साँस्कृतिक समित गठन, संग्रहालयको लागि स्थान तय गर्ने, फिल्ड अध्ययन, नगर स्तरीय सांस्कृतिक अभिलेख संकलन गर्ने, बजेटको सुनिश्चितता, निर्माण व्यवसायी छनोट, अभिलेख प्रशोधन , सार्वजनिक सुनुवाइको कार्य योजना । | वडाको सिफारिस पत्र, संग्रहालय भवन निर्माण भएको हुनेछ। साँस्कृतिक सामग्रीहरू सजाइएका हुनेछन्। इन्जिनियरिङ लेखा परीक्षण प्रतिवेदन, सार्वजनिक सुनुवाइको उपस्थिति र निर्णय। निर्माण अनुगमन समितिको प्रतिवेदन आदि। |
| १.३.२ | बूनपामा नगरस्तरीय स्थानीय जातजातिको ऐतिहासिक, संस्कृति झल्कने संग्रहालय भवन निर्माण गर्ने। | | | √ | | | १७,००० | बूनपा, पुरातत्व बिभाग, पर्यटन विभाग | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघिंय मामिला तथा सामान्य प्रशासन मनत्रालय, प्रदेश सरकार | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, नेवार, तामाङ, खसआर्यका संस्कृति झल्कने संग्रहालय निर्माण गर्ने। अध्ययन गर्न टोली गठन र प्रतिवेदन तयार गर्ने। | संग्रहालय निर्माण गर्न समिति गठन भएको, स्थान निर्धारण, निर्णय पुस्तिका, भवन निर्माण, संस्कृति झल्कने सामाग्री भएका। |

| क्र.सं | प्रस्तावित योजना / कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५/०७६ देखि०७९/८० सम्म) | | | | | अनुमानित बजेट रु हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.३.३ | नगरमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, भेषभुषा पहिरन हेर्न, प्रयोग गर्न, परम्परागत पेशा ब्यवसाय झल्कने संग्रहालयको भवन निर्माण गर्ने र सञ्चालनमा ल्याउने। | | √ | √ | √ | √ | १०,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, पुरातत्व विभाग, बूनपा, मन्दिर व्यवस्थापन समितिहरू। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पुरातत्व विभाग, प्रदेश सरकार, दातृनिकायहरू, बूनपा, मन्दिर व्यवस्थापन समिति | वार्षिक नगर विकास योजनामा समावेश भएको, नगर स्तरिय साँस्कृतिक समित गठन, संग्रहालयको लागि स्थान तय गर्ने, फिल्ड अध्ययन, नगर स्तरीय सांस्कृतिक अभिलेख संकलन गर्ने, बजेटको सुनिश्चितता, निर्माण व्यवसायी छनोट, अभिलेख प्रशोधन , सार्वजनिक सुनुवाइको कार्य योजना । | वडाको सिफारिस पत्र, संग्रहालय भवन निर्माण भएको हुनेछ। साँस्कृतिक सामग्रीहरू सजाइएका हुनेछन्। इन्जिनियरिङ लेखा परीक्षण प्रतिवेदन, सार्वजनिक सुनुवाइको उपस्थिति र निर्णय। निर्माण अनुगमन समितिको प्रतिवेदन आदि। |
| १.३.४ | नगरका प्रत्येक वडामा एक एक वटा पर्यटकीय स्थलको निर्माण प्रारम्भ गर्ने।<br>(धार्मिक, सांस्कृतिक, पार्क, मठ मन्दिर आदि) | | √ | √ | √ | √ | १३,००० | बूनपा, वडा | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, प्रदेश सरकार, पर्यटन विभाग, पुरातत्व विभाग | सम्बन्धित निकाय र सरोकारवालाहरूसँग, छलफल गर्ने। सम्भाव्यता अध्ययन गर्ने प्रतिबेदन तयार गर्ने लागत अनुमान र स्रोत व्यवस्थापन गर्ने वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता | नगरका सबै वडाहरूमा एक एक वटा पर्यटकीय स्थलको निर्माण भएको हुनेछ। वडाको सिफारिस, वडामा पर्यटकहरू भित्रिएका हुनेछन्। |

| क्र.स | योजना | कार्यान्वयन वर्ष (२०७५ देखि २०७९ सम्म) | | | | | अनुमानित बजेट हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धी, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | | | |
| २ | प्राकृतिक, जैविक विविधता, पर्यटकीय स्थलहरूको सम्भाव्यता, अध्ययन– अनुसन्धान | | | | | | | | | | |
| २.१ | विष्णुपादुका, पञ्च कुमारीको माइती थान, निखिलेश्वर मन्दिर र लाखे पोखरी प्रत्येकको अध्ययन–अनुसन्धान सहित बृहत गुरुयोजना बनाउने | | | | √ | | २,५०० | बूनपा, वडा | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पुरातत्व विभाग, प्रदेश सरकार, पर्यटन विभाग | वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, कार्यपालिका बाट निर्णय, सूचना प्रकाशन, परामर्शदाता छनोट, सम्बन्धित स्थलमा पुगी तथ्य संकलन, संकलित तथ्य प्रशोधन। | अध्ययन प्रतिवेदन, फिल्ड अध्ययन गरेको फोटो, भिडियो क्लिप |
| २.२ | टोड्के बाबाले वाग्द्वारलाइ तपस्या स्थल छनोट गर्नुको कारण बारे अध्ययन गर्ने वडा नं.१ | | | √ | | | २,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, बूनपा, वडा नं.१ | बूनपा, साझेदार अनुशन्धान संस्थाहरू, पुरातत्व विभाग, प्रदेश सरकार, सम्बन्धी विश्व बिद्यालयका विद्यार्थीहरू। | वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, कार्यपालिका बाट निर्णय, सूचना प्रकाशन, परामर्शदाता छनोट, सम्बन्धित स्थलमा पुगी तथ्य संकलन, संकलित तथ्य प्रशोधन। | अध्ययन प्रतिवेदन, फिल्ड अध्ययन गरेको फोटो, भिडियो क्लिप |
| २.३ | धर्मपुरको प्राचीन, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक महत्वबारे अध्ययन गरी ब्रोसर, चिनारी प्रकाशन गर्ने वडा नं. ६ | | | √ | | | १,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, बूनपा, वडा नं. ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पुरातत्व विभाग, प्रदेश सरकार। | वार्षिक नगर विकास योजनामा समावेश भएको, बूनपाका साथै अध्ययन गर्ने निकायको निर्णय, बजेटको सुनिश्चितता, परामर्शदाता छनोट, धर्मपुर स्थित खडग भद्रकालीमै गई तथ्य संकलन, स्थानीय बासिसँग अन्तरक्रिया, ऐतिहासिक वस्तुको प्राचीनता परीक्षण, संकलित तथ्य प्रशोधन। | प्रतिवेदन, फिल्ड अध्ययन गरेको फोटो, भिडियो क्लिप, छलफल गरेको उपस्थिति र निर्णय। |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.४ | १) शिवपुरी गढी, पुतलीडाँडा गढी, थानेडाँडा, हस्तिनापुर, कपन गढी, अध्ययन, अनुसन्धान गर्ने ।<br><br>२) जैविक विविधतायुक्त वानस्पतिक उधान तथा चरा अवलोकन स्थलको अध्ययन (शिवपुरी क्षेत्र) | | | | | | ४,००० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा, अध्ययन, अनुसन्धान गर्ने अन्य निकायहरू । | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, पुरातत्व विभाग | वार्षिक नगर विकास योजनामा समावेश भएको, बूनपाका साथै अध्ययन गर्ने निकायको निर्णय, बजेटको सुनिश्चितता, परामर्शदाता छनोट, धर्मपुर स्थित खडग भद्रकालीमै गई तथ्य संकलन, स्थानीय बासिसँग अन्तरक्रिया, ऐतिहासिक बस्तुको प्राचीनता परीक्षण, संकलित तथ्य प्रशोधन । | तयारी अध्ययन प्रतिवेदन, फिल्ड अध्ययन गरेको फोटो, भिडियो क्लिप, छलफल गरेको उपस्थिति र निर्णय । |
| २.५ | चपली देखि शिवपुरी चुचुरो केवलकार सम्भाव्यता अध्ययन गर्ने (IEE/EIA)<br>र कार्यान्वयन गर्ने । | | | | √ | | ५,००० | वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश बूनपा, पीपीपीपी | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघिंय मामिला तथा सामान्य प्रशासन मनत्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार | वार्षिक नगर विकास योजनामा समावेश भएको, वजेटको सुनिश्चितता, नगरले परामर्सदातालाई केवलकार निर्माण कार्यका लागि सम्भाव्यता अध्ययन गर्न सूचना आह्वान गर्ने, अध्ययन समिति निर्माण | अध्ययन प्रतिवेदन तयार भएको, फिल्डमा फोटा, उपस्थिति, कार्ययोजना तयार भएको हुने । |
| २.६ | नगरका हरियाली भिराला डाँडाहरूमा हहाइकिङ मार्ग अध्ययन गरि विकास एवं प्रवर्द्धन गर्ने ।<br>(क्रमस ५ वर्ष भित्र गर्ने) | | | | √ | | ५,००० | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बूनपा | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, बूनपा | वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, नगर भित्रका हहाइकिङ सम्भाव्यता भएको स्थान छनौट, फिल्ड प्रतिवेदन, हाइकिङ गराउने र गर्ने संस्थाहरू सगँ समन्वय । | पदयात्राको फोटो, पदमार्गको लोकेसन म्याप, कार्य गरेको निर्णय पुस्तिका, वडाको सिफारिस पत्र । |

| क्र.स | योजना/कार्यक्रम | कार्यान्वयन वर्ष (२०७५ देखि २०७९ सम्म) | | | | | अनुमानित बजेट रु. हजारमा (०००) | कार्यान्वयन निकाय | साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू | कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | | | |
| ३ | पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता | | | | | | | | | | |
| ३.१ | स्थानीय आवश्यकता अनुसारको पाठयक्रमा 'अतिथि देवो भव' जस्ता नैतिक शिक्षा समावेश गर्ने । | | √ | √ | √ | √ | ५०० | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT), बूनपा, शिक्षा कार्यालय, शिक्षण संस्थाहरू | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, विश्व विद्यालयहरू, बूनपा, शिक्षा कार्यालय, प्याबसन, ऐन प्यावसन, गुठी सस्थान, गुम्बा व्यवस्थापन समितिहरू | | विद्यार्थीमा नैतिकताको विकास भएको हुने ।<br>नैतिक शिक्षा समावेश गरि पाठ्यक्रम तयार भएको, सो अनुरूप विद्यालयमा पठनपाठन भएको, सोको आवश्यक निरीक्षण भएको । |
| ३.२ | नगरमा रहेका पर्यटन व्यावसायीसँग अर्धवार्षिक रूपमा अन्तरक्रिया कार्यक्रम गर्ने । | √ | √ | √ | √ | √ | १,००० | बूनपा | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, पर्यटन बोड, पर्यटन विभाग | | अन्तरक्रिया कार्यक्रममा सहभागिको हाजिरी, सहभागिको फोटा, व्यानर,प्रतिवेदन, भरपाइ, भिडियो क्लिप, कार्ययोजना आदि |
| ३.३ | नगरपालिकाका सबै वडाका जनप्रतिनिधिहरू, स्थानीय तहका कर्मचारी, शिवपुरी निकुञ्ज तथा आरक्षका व्यवस्थापक तथा पर्यटकीय क्षेत्रका प्रबन्धकहरूलाई पर्यटनसम्बन्धी अभिमुखीकरण ३ दिने आवासीय तालिम दिने । | √ | | | | | १,५०० | बूनपा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, पर्यटन बोर्ड | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, पर्यटन बोर्ड, दातृ निकायहरू, पर्यटनसँग सम्बन्धित अन्य साझेदार संस्थाहरू | | तालिम कार्यक्रममा सहभागीको हाजिरी, सहभागिको फोटा, ब्यानर, प्रतिवेदन, भरपाइ, भिडियो क्लिप, हेन्डसआउट, कार्ययोजना, सहभागिलाई दिइएको प्रमाण पत्रको प्रतिलिपि आदि |
| ३.४ | पर्यटन गुरुयोजना कार्यान्वयनबारे नगर कार्यपालिकाका सदस्यहरूसँग चौमासिक रूपमा बैठक गर्ने । | √ | √ | √ | √ | √ | १,००० | बूनपा | बूनपा | | बैठकको उपस्थिति र निर्णय, आगामी कार्ययोजना । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.५ | नगर, वडा तथा समुदाय स्तरका विभिन्न संस्था र उद्यमी व्यक्ति गरी ४ वर्षमा १२० जनालाई पर्यटन व्यवसाय सम्बन्धी ७ दिने (**ToT**) क्षमता अभिवृद्धिका साथै हेन्डिक्राफ्टका समग्रीहरू निर्माण गर्ने तालिम प्रदान गर्ने । | | √ | √ | √ | √ | २,००० | प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (CTEVT) बूनपा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, घरेलु तथा साना उद्योग कार्यालय | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, विश्व विद्यालयहरू, बूनपा, शिक्षा कार्यालय, पर्यटन विभाग, पर्यटन बार्ड, मेडेप, दातृनिकायहरू । | | तालिम कार्यक्रममा सहभागिको हाजिरी, सहभागिको फोटा, व्यानर, प्रतिवेदन, भरपाइ, भिडियो क्लिप, हेन्डसआउट, कार्ययोजना, सहभागिलाई दिइएको प्रमाण पत्रको प्रतिलिपि, हेन्डिक्राफ्टका सामग्रीहरू उत्पादन भएका आदि |
| ३.६ | नगरका विद्यालयहरूमा ८ देखि १० सम्मका विद्यार्थीलाई वातावरणीय सरसफाइ र पर्यटन सम्बन्धी जनचेतना अभिवृद्धि गर्न प्रत्येक विद्यालयका विज्ञान, सामाजिक शिक्षकलाइ १ दिने अभिमुखीकरण तालिम वर्षमा दुइदिने, दुई पटक प्रदान गर्ने । | | √ | √ | √ | √ | ५०० | बूनपा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खानेपानी मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार | | तालिम कार्यक्रममा सहभागिको हाजिरी, सहभागिको फोटा, व्यानर, प्रतिवेदन, भरपाइ, भिडियो क्लिप, हेन्डसआउट, कार्ययोजना आदि |
| ३.७ | होटल (कुकिङ, बेकिङ एन्ड लजिङ) व्यवस्थापन १२०, होमस्टे १००, पर्यटक पथ प्रदर्शक २० जनालाई प्रत्येक वर्ष तालिम कार्यक्रम गरिनेछ ।<br>(भक्का परिकारको विकास गर्ने कपनमा) | | √ | √ | √ | √ | २,००० | प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (CTEVT) बूनपा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, घरेलु तथा साना उद्योग कार्यालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, पर्यटन विभाग, पर्यटन बार्ड, मेडेप, दातृनिकायहरू | | तालिम कार्यक्रममा सहभागिको हाजिरी, सहभागिको फोटा, व्यानर, प्रतिवेदन, भरपाइ, भिडियो क्लिप, हेन्डसआउट, कार्ययोजना, सहभागीलाई दिइएको प्रमाणपत्रको प्रतिलिपि आदि |
| ३.८ | स्थानीय पाठयक्रममा वन, वतावरण, पर्यटन ' अतिथि देवो भव', फोहोरमैला व्यवस्थापन हरियाली प्रवर्द्धन जस्ता नैतिक शिक्षा समावेश गर्ने । | | √ | √ | √ | √ | ४,००० | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT), बूनपा, शिक्षा कार्यालय, शिक्षण संस्थाहरू | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, विश्व विद्यालयहरू, बूनपा, शिक्षा कार्यालय, प्याब्सन, ऐन प्याब्सन, गुठी संस्थान, गुम्बा व्यवस्थापन समितिहरू | | नगरका सबै शिक्षालयमा नैतिक शिक्षा पठनपाठन सञ्चालन गरेको, निरीक्षण गर्ने, पाठयक्रम तयार भएको । विद्यार्थीमा नैतिकताको विकास भएको हुने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.९ | डाँडागाउँ –तौलुन–चिसेनी–कौडोल–सापाटार– जगडोल– कपन क्षेत्रलाई होमस्टेका रूपमा विकास र प्रवर्द्धन गर्न नगरपालिकाले तालिम र पूर्वाधार विकासमा सहयोग गर्ने । | √ | √ | √ | √ | √ | २,००० | बूनपा, वडा, होमस्टे सम्बन्धी संस्थाहरू | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय प्रकति संरक्षण कोष, प्रदेश सरकार | | प्रतिबेदन तयारी भएको, स्थान छनोट भएको हुनेछ, लगानीकर्ताहरू होमस्टे सञ्चालन गर्न सहमत भएका हुनेछन् । कम्तिमा २० वटा होमस्टे निर्माण भई सञ्चालनमा आएका हुनेछन् । |
| ३.१० | शिक्षित र उद्यमशील भावना भएका युवाहरूलाई पर्यटन विकास र रोजगारीका सम्भावनाबारे कार्ययोजना बनाई हरेक वर्ष १०० जनालाई प्रशिक्षित गर्ने । | | √ | √ | √ | √ | २,००० | बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, पर्यटन सम्बन्धि सघंसस्थाहरू, NGO \INGO | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय प्रकति संरक्षण कोष, प्रदेश सरकार, CTEVT | | तालिम प्राप्त युवायुवतीहरू नगरमा भएका हुनेछन् । प्रतिबेदन तयार, लेखा परिक्षण भएको, वडाको सिफारिस पत्र, सार्वजनिक सुनुवाई । |
| ३.११ | नगरका बासिन्दाहरूको श्रम, सिप, लगानी र पहिचना भएका बस्तुहरूको, उत्पादन प्रवर्द्धन गर्न कोसेली घर निर्माण गर्ने । | | √ | √ | √ | √ | ४,००० | बूनपा, वडा | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय प्रकति संरक्षण कोष, प्रदेश सरकार, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | | कोसेली सामानहरू बिक्रिवितरण भएको, कोसेली घरहरू निर्माण भएका हुनेछन् । पर्यटकहरूले कोसेली किनिरहेका हुनेछन् । |
| ३.१२ | . स्थानीय कार्यक्रमहरूमा स्वागत सत्कार, उपहार, खानपानमा स्थानीय बस्तुको प्रयोग र प्रवर्द्धन गर्ने । | √ | √ | √ | √ | √ | बूनपा, वडा, टोल विकास समिति | बूनपा, NGO \ INGO | कार्यक्रम गर्ने संस्थाहरू, वडा कार्यालय सबै, नगरका सरकारी कार्यालयहरू | | स्थानीय तहमा कार्यान्वयन भएको, स्थानीय खानपानमा स्थानीय बस्तुको प्रयोग भएको सफा र सुद्ध खाना खाजाको सुरुवात भएको । |
| ३.१३ | डाँडा गाँउ बु.नं.पा ५, चिसेनी ठुलोगाँउ, तौलुङ्ग क्षेत्र, कौडोल, सापाटार कपन ११ का क्षेत्रहरूमा होमस्टे सम्बन्धी योजना बनाई तालिम, सीप, होमस्टे व्यवासाय प्रवर्धन गर्ने | | √ | √ | √ | √ | ४,००० | बूनपा, वडा, होमस्टे सम्बन्धी संस्थाहरू | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय प्रकति संरक्षण कोष, प्रदेश सरकार, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | | प्रतिबेदन तयारी भएको, स्थान छनोट भएको हुनेछ, लगानीकर्ताहरू होमस्टे सञ्चालन गर्न सहमत भएका हुनेछन् । कम्तिमा वार्षिक १२० जना होमस्टे सम्बन्धी तालिम प्राप्त भएका हुनेछन् । होमस्टे व्यावसाय सञ्चालनमा आएका हुनेछन् । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१४ | स्थानीय जनशक्ती उत्पादन गर्न होटेल सत्कार सेवा तालिम (Hospitality Training) सन्चालन गरिनेछ। (वार्षिक १०० जना) | | √ | √ | √ | √ | ४,००० | बूनपा, होटल, पर्यटन व्यावसायहरू | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, ऋत्भ्ख्त, घरेलु तथा साना उधोग विकास समिति | | तालिम प्राप्त युवायुवतीहरू नगरमा भएका हुनेछन्। प्रतिबेदन तयार, लेखा परिक्षण भएको, वडाको सिफारिस पत्र, सार्वजनिक सुनुवाई, होटल व्यावसायमा स्वरोजगार भएका हुनेछन्। |
| ३.१५ | पर्यटन गाइड छोटो र लामो अवधिका तालिम संचालन गर्ने। (वार्षिक १०० जना) | | √ | √ | √ | √ | ४,००० | बूनपा, पर्यटन व्यावसायहरू, , शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, CTEVT, घरेलु तथा साना उधोग विकास समिति, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | | तालिम प्राप्त युवायुवतीहरू नगरमा भएका हुनेछन्। प्रतिबेदन तयार, लेखा परिक्षण भएको, वडाको सिफारिस पत्र, सार्वजनिक सुनुवाई, विदेशि पर्यटकहरूलाई गाइड गरेका हुनेछन्। युवायुवतीहरू व्यावसायमा स्वरोजगार भएका हुनेछन्। तालिमको प्रमाण पत्र। |
| ३.१६ | अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरूका लागि आतिथ्यता सीप, व्यवस्थापकीय सीप एवं अन्य विविध सीपहरूमा निःशुल्क वा सहुलियतमा तालिम प्रदान गर्ने | | √ | √ | √ | √ | ३,००० | बूनपा, वडा, पर्यटन व्यावसायी, NGO \INGO | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग। | | कम्तीमा ६ प्रकारका विशेष तालिमहरू स्थानीय समुदायमा सञ्चालन भएका हुनेछन्। तालिममा प्रमाण पत्र पाएका हुनेछन्। युवायुवतीहरू स्वरोजगार भएका हुनेछन्। |
आजको विश्वमा पर्यटनलाई उद्योगका रूपमा विकास गरिँदै छ। यसै परिप्रेक्ष्यमा बूढानीलकण्ठ नगरपालिका पनि धार्मिक, प्राकृतिक पर्यटनमा प्रसिद्ध छ। बूढानीलकण्ठ नगरपालिकामा पर्यटन उद्योग फस्टाउने धेरै आधार छन्। राजधानी सहर काठमाडौं महानगरपालिका घना बस्तीमा परिणत भइसकेको अवस्थामा खुला ठाउँ प्रशस्त भएको यो नगरले विभिन्न पूर्वाधार निर्माण गरेर आन्तरिक पर्यटन र मर्यादा कायम राख्न सकिएन भने पर्यटक नयाँ गन्तव्यतिर लाग्न सक्छन् भन्ने कुरामा पनि नगरपालिकाले हेक्का राख्न सक्नुपर्छ। यस नगरमा मौलिक संस्कृति, प्राकृतिक तथा ऐतिहासिक सम्पदा पर्यटन आकर्षणका माध्यम हुन्। यी सम्पदाहरूको पहिचान, संरक्षण र प्रभावकारी व्यवस्थापन गरी पर्यटक आकर्षित गर्न वाञ्छनीय देखिन्छ। यी माध्यमहरू एकअर्काका पूरकका रूपमा देखिन्छन्। त्यसैले दिगो विकासका लागि यी माध्यमहरूबीच सन्तुलन आवश्यक रहन्छ। प्रत्येक पर्यटकीय गतिविधि देखि नीति निर्माण तहसम्म स्थानीय वडा, समुदायहरूलाई समेटी लाभ र हानिको जिम्मेवारी समेत उनीहरूमा पर्ने गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं वातावरणीय प्रभावबारे उनीहरूलाई सचेत तुल्याउनुपर्छ।

### ८.१२.२ आर्थिक दिगोपन (Economic sustainability)

यस नगरपालिकामा पर्यटनको दिगो विकासका लागि समुदायमा आधारित पर्यटन उपयुक्त विकल्पका रूपमा देखिएको छ। यसरी पर्यटन विकास गर्दा नगरका हरेक वर्ग यसको प्रतिफलका भागीदार बन्न सक्छन्। यसो गर्दा टाठाबाठाले मात्र आर्थिक उपार्जन गर्ने अवस्था रहँदैन। यसले स्थानीय उपभोग्य सामग्रीको उत्पादनमा प्रोत्साहन

गर्छ। स्थानीयको क्षमता वृद्धि हुनुका साथै पिछडिएका वर्गले पनि सामाजिकीकरणमा अघि सर्ने अवसर पाउँछन्।

### ८.१२.३. सामाजिक दिगोपन (Social sustainability)

पर्यटनलाई दिगो रूपमा सञ्चालन गर्न सामाजिक मूल्य, मान्यता, व्यवहार र परम्पराको संरक्षण र संवर्द्धन आवश्यक हुन्छ। समाजका सबै तहलाई पर्यटकीय गतिविधिप्रति सकारात्मक बनाउन लाभमा सबैको पहुँच पुऱ्याउने संयन्त्र निर्माण आवश्यक हुन्छ। नगरका सबै पर्यटकीय गतिविधिमा महिला तथा पछाडि पारिएका समुदायको संलग्नतामा विशेष ध्यान पुऱ्याउनुपर्छ। सबैका लागि समान अवसर सिर्जना गरी जीवन निर्वाह प्रणालीमा सहयोग पुऱ्याउने एवं सशक्तीकरणका माध्यमबाट सामाजिक दिगोपन विकास गर्नु आवश्यक मानिन्छ।

### ८.१२.४ सांस्कृतिक दिगोपन (Cultural sustainability)

बूढानीलकण्ठ नगरपालिकामा आउने पर्यटक विभिन्न संस्कृतिका हुन सक्छन्। उनीहरूका गतिविधि यहाँको संस्कृतिसित तालमेल नखाने किसिमका हुन सक्छन्। उनीहरूका गतिविधिको सिको यहाँका मानिसले गर्नुहुँदैन। यहाँका पर्यटन सम्बद्ध समुदायले आफ्नो मौलिक परम्परा नछोडी पर्यटकको सत्कार र सेवा गर्नुपर्छ। स्थानीय मौलिक संस्कृतिलाई आगन्तुकको शोषणमा पर्न दिनु हुँदैन। मौलिक संस्कृति अनुसरण गर्दै पाहुनालाई आकर्षित गर्दै मनोरञ्जनपूर्ण वातावरण सिर्जना गर्नुपर्छ। पारम्परिक सांस्कृतिक ज्ञान तथा सहिष्णुताको प्रवर्द्धन गर्दै यस नगरलाई पर्यटनका नकारात्मक प्रभावबाट सुरुदेखि नै मुक्त राख्न सक्नुपर्छ। आजको समयमा सांस्कृतिक आदान प्रदान र सम्मिश्रणलाई अस्वभाविक मान्न सकिन्न। सभ्यताको विकास सांस्कृतिक विकाससँग जोडिएको हुन्छ। तर यसो हुँदाहँदै पनि आफनो मौलिक संस्कृतिको संरक्षण र वैज्ञानिक संस्कृतिको ग्रहणविच सन्तुलन र सचेतना भने आवश्यक हुन्छ।

### ८.१२.५ पर्यावरण दिगोपन (Ecosystem sustainability)

बूढानीलकण्ठ नगरपालिका क्षेत्रफलका तुलनामा सामाजिक विविधताका क्षेत्रमा धनी रहेको पाइन्छ। नेवारी संस्कृतिले सम्पन्न यस नगरमा तामाङ समुदाय तथा ब्राह्मण-क्षेत्रीको पनि प्रशस्त जनसङ्ख्या रहेको देखिन्छ। पर्यटन प्रवर्द्धन गर्दा यहाँको समुदायगत सौहार्दता खलबलिनु हुँदैन। पदमार्ग विकास गर्दा यहाँको हरियाली तथा जैविक विविधतामा आँच आउने कार्य पनि गरिनु हुँदैन। यहाँ भ्रमण गर्ने पर्यटकहरूलाई बोतल, प्लास्टिक, ब्याट्रीजस्ता फोहोर विसर्जन गर्न दिनु हुँदैन। वातावरणीय प्रदूषण हुन नदिन हरेक पर्यटकलाई यहाँ कुनै प्रकारको फोहोर विसर्जन गर्न नपाइने सम्बन्धमा सचेत गराइनुपर्छ र यसलाई प्राथमिक महत्वको विषयका रूपमा ग्रहण गरीनु पर्दछ।

## ८.१३ वि.सं. २०८०–२०८५ सम्मका दीर्घकालीन अपेक्षा (Long-term Expectations for 2080 - 2085)

पर्यटन विकासका क्रियाकलाप र गतिविधीहरू बूढानीलकण्ठ नगरपालिकाका छिमेकी नगरपालिका हुँदै अन्य जिल्ला, प्रदेश, केन्द्र हुँदै अन्तर्राष्ट्रिय स्तरसम्म विस्तारित हुने छ। विशेष गरी हिन्दु र बौद्ध सम्प्रदायका धार्मिक तथा पर्यापर्यटन गतिविधिको अवस्था सुदृढ हुँदै जाने छ। नगरपालिकाका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको मर्मत सम्भार, पुनर्निमार्ण र व्यवस्थापनबाट हिन्दु तथा बौद्धमार्गीहरूको आस्थाको धरोहरका रूपमा आन्तरिक तथा बाह्य पर्यटन बजारमा स्थापित हुने छ। शिवपुरी चुचुरोमा अवस्थित शतरुद्रेश्वर आदिको उचित व्यवस्थापन गरिएको हुने छ। शिवपुरी चुचुरोमा संसारकै ठूलो शिवको मूर्ति र त्रिशुल स्थापना गरिने छ। विष्णुद्वार धाम र विष्णुमति झरना सम्मको साँधुरो सडकलाई स्तरोन्नति गरिएको हुने छ। नगरपालिकामा भित्रने हिन्दु तथा बौद्धमार्गीका साथै पर्यापर्यटनमा रमाउने पर्यटकका लागि संयुक्त प्याकेज निर्माण गर्न समेत अवसर मिल्ने छ।

बूढानिलकण्ठ नगरपालिकालाई प्रमुख पर्यटकीय गन्तव्यस्थलका रूपमा स्थापित गर्न आवश्यक पर्ने सम्पूर्ण

आधारभूत पूर्वाधारहरू र दक्ष जनशक्तिको व्यवस्था गरिएको हुने छ। पदयात्राका लागि वैकल्पिक मार्गको खोजी एवम् विकास, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको व्यवस्थापनलाई नयाँ ढंगबाट प्रस्तुत गरिएको हुने छ। साथै शिवपुरी लगायत आसपासमा पदयात्रा मार्गहरूको प्रवर्द्धन, सांस्कृतिक जात्रा, चाडपर्व र महोत्सवहरूको आयोजना र प्रवर्द्धन गर्ने एवम् स्थानीय समुदायको परिवर्तित जीवनशैलीको अवलोकन गर्ने जस्ता महत्त्वपूर्ण पर्यटकीय क्रियाकलापहरूको विकास गरिएको हुने छ। यी क्षेत्रहरूको विकासले पर्यटकहरूको अनुभव वृद्धि गर्नमा योग्दान पुऱ्याउने छ। पर्यटनको विकासलाई स्थानीय समुदायको आधारभूत सेवा सुविधको विकाससँगै सिधै जोड्ने पक्षमा समेत विशेष जोड दिइएको हुने छ।

## ८.१४ पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाहरू (वि.सं. २०८५) (Sustainable diplomatic plans for tourism development)

१. नगरपालिकामा भएका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको दिगो उपयोग गरी बूढानीलकण्ठ नगरपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउनुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म प्रचार गरिने छ।

२. पर्यटनको माध्यमबाट रोजगारीको सिर्जना गरी नगरपालिका स्तरबाटै नगरको आर्थिक अभिवृद्धि गरी नगरबासीको जीवनस्तरमा सुधार ल्याउनु मुख्य रणनीति रहेको छ।

३. नगरपालिकामा भएका मूर्त, अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथ्य मानव निर्मित सम्पदाहरूको खोज पहिचान, संरक्षण, संवर्द्धन एवं विकास गरी पर्यटनलाई अर्थतन्त्रको मुख्य आधारका रूपमा विकास गरिने छ।

४. पर्यटन पूर्वाधार विकास र वातावरणीय सन्तुलनलाई सँगसँगै ख्याल गरी स्रोत साधनको दिगो उपयोग गरिने छ।

५. ऐतिहासिक, पुरातात्त्विक, धार्मिक एवं सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरूको विकासका कार्यविधिहरू तयार गरी त्यसै अनुरूप गरिने छ। यस अन्तर्गत निम्न कार्यहरू गरिनेछन् :

   क) चौतारा मठमन्दिरहरूको संरक्षण सम्बन्धी रणनीति तयार गर्ने।

   ख) गुम्बाहरूको संरक्षण संवर्द्धन सम्बन्धी रणनीति तयार गर्ने।

   ग) झरना, गुफा, पार्क र मनोरञ्जन क्षेत्र संरक्षण गर्ने।

   घ) मनोरञ्जनात्मक खेल जस्तै बोटिङ, चट्टान आरोहण, हाइकिङ जस्ता क्षेत्रहरू निर्माण गर्ने।

६. वातावरणीय सन्तुलनमा आँच नआउने गरी पूर्वाधार विकास गर्ने नीतिको विकास साथै भविष्यमा देखापर्न सक्ने वातावरणीय प्रतिकूलतालाई समेत ख्याल गर्ने र यहाँको पर्यटक क्षेत्रलाई वातावरणीय सन्तुलनमैत्री बनाइने छ।

७. नगरपालिकाका मुख्य पर्यटन क्षेत्रमा रहेका पर्यटन सम्बन्धी कला संस्कृति र उत्पादनहरूको पहिचान र विकास गरिने छ।

८. सेवा प्रदायक क्षेत्रहरूको क्षमता वृद्धि र सेवा सुविधाको सुधारका लागि तालिम र व्यवस्थापन विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।

९. गुरुयोजनाको सफल कार्यान्वयनका लागि निरन्तर कार्य र सफलताको तुलना गरी कमी कमजोरीहरू औँल्याइने छ।

१०. लगानीमैत्री नीति बनाएर नगरपालिका, प्रदेश र राष्ट्रियस्तरकै लगानीकर्ताहरूको ध्यानाकर्षण गर्ने र यसै सम्बन्धी दीर्घकालीन पर्यटन विकास रणनीतिक योजना बनाइनेछ।

११. सूचना र सञ्चारको उपयुक्त पहुँच बनाउने र पर्यटकीय मुख्य क्षेत्रमा फ्रि वाइफाइको व्यवस्था गरिने छ।

१२. उपयुक्त बजार व्यवस्थापन र पर्यटन उत्पादनलाई पुरानो र नयाँ उदाउँदो बजार अनुसार व्यवस्थापन गरिनेछ।

१३. पर्यटक यातायातका साधनको भरपर्दो सुरक्षा प्रत्याभूत गरिने छ।

१४. नगरपालिकामा पर्यटन सम्बन्धी रहेका तथ्यांकहरूको विश्लेषण गरी योजना निर्माण गरिने छ।

१५. निजी क्षेत्रका व्यावसायीहरूलाई पर्यटनका कार्यक्रमहरूमा सम्मिलित गराई नगरमा पर्यटनको प्रवर्द्धन गरिने छ।
१६. लामो समयका पर्यटन योजनाहरूलाई लागु गर्दै पर्यटन पूर्वाधारहरूको निर्माणको थालनी गरिने छ।
१७. बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृति संरक्षणका लागि कार्य गरिने छ।
१८. शिवपुरी चुचुरोमा संसारको सबैभन्दा ठूलो शिवको मूर्ति र त्रिशूल स्थापना गर्ने, त्यस्तै बूढानीलकण्ठ मन्दिर र गुम्बाहरूको प्रवर्द्धन गरी विश्वभरका पर्यटकहरूको ओइरो लाग्ने वातावरण बनाइने छ।
१९. पर्यटकीय सम्पदाहरूलाई विश्वको उच्च कोटिको पर्यटकीय थलोका रूपमा विकास गरी विश्वका धनाढ्य, विश्वकै ठूला कवि र कलाकार, विश्वका सबै खाले ठूला वैज्ञानिक तथा मानवादी प्रकृतिप्रेमीहरूलाई प्रेरणा दिने, मनोरञ्जन दिने, शान्ति दिने एक मात्र थलोको रूपमा विकास गरिने छ।
२०. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको वाग्द्वारभन्दा केही माथि गुम्बा भएको ठाउँमा प्राकृतिक रूपलाई सजाएर कम्तीमा १० वटा रिसोर्टहरू, क्रीडास्थलहरू, साहित्य र कला कोर्ने, जंगली जनावर, चरा हेर्ने तथा चाहेको तरिकाले बस्ने ससाना नेपाली पनका घरहरू, आश्रमहरू, कुटीहरूको निर्माण गरिने छ। तिनमा बिजुली, सञ्चार, कम्प्युटर आदिको व्यवस्था गरिने छ।
२१. विशेष खालका खेलको व्यवस्था गरी पर्यटनस्थलको अनवरत खोज, विकास र विस्तार गरिरहन नगरमा एउटा छुट्टै खेलकुद बोर्डको गठन गरिने छ।
२२. विश्वका र नेपालका उत्कृष्ट सम्मेलन, गोष्ठी, सभा, कार्यशाला, अनुसन्धान तथा खोजमूलक उत्कृष्ट संम्मेलन नगरमा गराउने व्यवस्थाको वातावरण मिलाइने छ।
२३. संसारमा कहीँ नभएको एउटै शिलाबाट निर्मित विशाल बूढानीलकण्ठ हरिहरस्वरूप मूर्ति, त्यस्तै संसारको सबैभन्दा राजधानीबाट नजिक पर्ने एक मात्र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पनि यही बूढानीलकण्ठ नगरपालिकामा पर्ने र नेपालमा सबैभन्दा धेरै गुम्बाहरू भएको नगरपालिका पनि बूढानीलकण्ठ नगरपालिका भएकाले विश्वका उच्च श्रेणीका पर्यटकलाई आकर्षण गरी २०-२५ वर्षपछि करोडौँ डलर आर्जन हुने र हजारौँ नेपालीलाई थप नयाँ रोजगारीको अवसरहरू बढाउने तथा विश्व बजारलाई आकर्षण गरी ठूलो आर्थिक आर्जन हुने बनाइने छ।
२४. बूढानीलकण्ठ भ्रमणमा आउने विदेशी यात्रुलाई बूढानीलकण्ठबासीको एकता, मूल्य र मान्यता नगरबासीका लोकगीत, कला, धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सम्पदाको महत्त्व र त्यसको वातावरणीय संरक्षणले व्यापकता पाउने गरी मौलिकता कायम राख्न विशेष जोड दिई पर्यटन उद्योगलाई आवश्यक पर्ने वस्तु तथा पर्यटलाई बेचिने कलात्मक वस्तु नगरभित्रै व्यापक उत्पादन गराइने छ।
२५. नगरभित्र प्रभावकारी पर्यटन प्रवर्द्धन तथा सूचना केन्द्रहरू खोली, पर्यटनसँग सम्बद्ध स्थल तथा पर्यटनसित सम्बन्धित भाडाका यातायात (कन्डक्टर, ड्राइभर र मालिकहरू) सबै प्रकारका होटल, रिसोर्टहरू र पसलेहरूलाई अनिवार्य रूपमा आतिथ्य, व्यवहार, आचार तथा नीति नियम विषयक तालिम लिएर मात्र त्यस क्षेत्रमा काम गर्ने अनुमति (**work permit**) पत्र पाउने अनिवार्य व्यवस्था गरिने छ। त्यसको अनुगमन गर्ने निकाय नगरपालिका मार्फत कडा दण्डको निर्धारण गरिने छ ।
२६. पर्यटकीय क्षेत्रहरूमा भरपर्दो विद्युतीय सवारी साधानको व्यवस्था गरिने छ।
२७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश, नगरपालिका तथा निजी क्षेत्रको सहकार्यमा गरिने छ ।
२८. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र नगरका सबै सामुदायिक वनलाई पर्यटकीय स्थलका रूपमा विकास गर्दै लगिने छ।

**तालिका नं.८.५ पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन प्रस्तावित योजनाहरू**

| क्र.स. | प्रस्तावित योजना/कार्यक्रमहरू | कार्यान्वयन निकाय/साझेदार निकाय | कार्य सम्पादन आधारका विधि, प्रक्रियाहरू/ कार्य सम्पन्न मापनका उपलब्धि, सूचकहरू |
|---|---|---|---|
| १ | स्वच्छ, सफा, हरियालीयुक्त शान्त नगरका लागि आवश्यक फोहोर मैला व्यवस्थापन गरी वातावरणमैत्री योजनाहरू तयार गरी कार्यान्वयन गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, **पिपिपिपी मोडेल** |
| २ | बूढानीलकण्ठ–तारेभीर-वाग्द्वार-शिवपुरी चुचुरो केबुलकार निर्माणको सम्भाव्यता अध्ययन । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज समेतको समन्वयमा डिपिआर सहित पिपिपिपी मोडलमा बहुउद्देश्यीय उपयोगिताको योजना कार्यान्वयन गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको, सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, पिपिपिपी मोडेल |
| ३ | शिवपुरी क्षेत्रमा आकर्षक शिवको मूर्ति र त्रिशूल स्थापना गरिने छ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, पिपिपिपी मोडेल |
| ४ | बुद्धको जन्म देखि परिनिर्माण सम्मको गतिविधि समेटेर जीवनवृत्त संग्राहालय स्थापना गर्ने । विश्वकै ठूलो गुम्बा स्मारक स्थापना गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, गुम्बा विकास समिति, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, पिपिपिपी मोडेल |
| ५ | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, गुम्बा विकास समिति, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |

| | | | |
|---|---|---|---|
| ६ | नगरपालिकाको वडा न २ र १३ मा पर्ने धोवीखोलामा जलाशय निर्माण गरी जल पर्यटन कार्यक्रम सञ्चालन गरिने छ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| ७ | प्रत्येक वडामा एक एक वटा आधुनिक मनोरम उद्यानको निर्माण गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, डिभिजन वन कार्यालय | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| ८ | पशुपतिनाथ र बूढानीलकण्ठ लाई जोड्ने (शिव-विष्णु) सर्किटको विकास गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, विकास साझेदारहरू | विवादरहित, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| ९ | पर्यटन सम्बन्धी विभिन्न प्याकेज (ब्रान्ड) बनाई आन्तरिक र बाहय पर्यटकहरूलाई आकर्षण गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, डिभिजन वन कार्यालय, पर्यटन विभाग, पर्यटन बोर्ड | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, द्धएञ्यमभ्ा |
| १० | चुनीखेलमा रहेको गाम्चा मैदानमा 'सुवर्णशमशेर क्रिकेटस्थल निर्माण गरिने छ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, सांसद विकास कोष, बूनपा | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| ११ | विष्णुमतीमा ड्याम बनाउन सम्भाव्यता अध्ययन गरी जलपर्यटनको विकास गरिने छ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १२ | बूढानीलकण्ठ मन्दिर क्षेत्र र शिवपुरी निकुञ्जको फेदीमा साना-ठूला सवारी साधन राख्न मिल्ने सुविधायुक्त स्मार्ट पार्किङको निर्माण गरिने छ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १३ | तारेभीरलाई चट्टान आरोहण केन्द्र (Rock climbing) का रूपमा विकास गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार, सांसद विकास कोष, बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |

| | | | |
|---|---|---|---|
| १४ | बूढानीलकण्ठ नगरपालिकामा ३ देखि ५ वटा तारे होटलहरूको स्थापना एवं सञ्चालनमा वातावरण निर्माण गरिने छ। | बूनपा, विकास साझेदारहरू, सार्वजनिक, निजी सामुदायीक (**सानिसा**) मोडेल | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १५ | शिवपुरी क्षेत्रको उपर्युक्त स्थानमा काठको भ्यूटावर निर्माण गर्ने। | बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १६ | बूढानीलकण्ठ मन्दिरको अध्ययन अनुशन्धान गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, पर्यटन बोर्ड, बूनपा | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १७ | शिवपुरी चुचुरो लगायत अन्यक्षेत्रमा पुराना पदमार्गहरूको स्तरोन्नति गरिने छ। साथै नयाँ पदमार्गहरूको अध्ययन, सर्भे गर्ने। | बूनपा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, विकास साझेदारहरू | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |
| १८ | नगरमा पर्यटकहरूलाई लक्षित गरी आवसीय व्यवस्थाका लागि मौलिकता, पहिचान झल्कने ३ वटा पर्यटकीय अपार्टमेन्ट निर्माण गरिने छ। | बूनपा, सहरी विकास मन्त्रालय, वडा | विवादरहीत, कार्यान्वयन गर्ने र बजेटको सुनिश्चितता, डिपिआर निर्माण, वार्षिक नगर विकास योजनामा समावेश भएको, 4P model |

# अध्याय ९

## नगरपालिकामा पर्यटनका (SWOT) विश्लेषण

## (swot analysis of municipality tourism)

### ९.१ पर्यटन गतिविधि र विकासको पुनरावलोकन (Review of tourism and developmental activities)

श्रीकृष्णले सुदर्शन चक्रमार्फत चोभारको डाँडो काटी चोभारबाट पानीको निकास बनाई काठमाडौंमा बस्ती बसेको इतिहास छ। बस्ती विकास भएपछि गोपाल वंश, महिषपाल वंश, लिच्छवि वंशलयायतले यहाँ राज्य गरे। यहाँ अनेक देवालय स्थापित भए। कैलशकूट भवन, रानीपोखरी, कृष्ण मन्दिरहरू अनेक कलामा सजाइए। इतिहास लेख्न सुरु हुनु अघिदेखि नेपाल सुन्दर हेर्नलायक भनेर चर्चामा आएको पाइन्छ। यही विकासका वा प्राकृतिक विचित्रता हेर्न एक ठाउँको मानिस अर्को ठाउँमा जान थाल्यो। यसैबाट पर्यटन विकास भएको हो।

नेपालमा विसं. २०५२ पछिको द्वन्द्व र ०६२/६३ को व्यवस्था परिवर्तन पछि मोफसलका मानिसहरू बूढानीलकण्ठ नगरपालिकामा स्थायी रूपमा बसोबास गर्न रुचाए। फलस्वरूप बूढानीलकण्ठमा मानिसको चाप बढ्यो। थोरै जग्गा भएका मानिसले पनि जग्गाको भाउ आएकाले बेचेर गुजारा गर्दा झन् गरिब भएको अवस्था विद्यमान छ। कतिपय युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन भएका छन्।

आर्थिक प्रगतिका अचुक सम्भावनाहरू चुनौतीपूर्ण बनेका छन्। बदलिँदो वर्तमान विश्वको पर्यटन बजारले प्रदान गरेको पर्यटन प्रवर्द्धनको सम्भावना पनि चुनौतीपूर्ण नै रहेको छ। यति हुँदाहुँदै पनि ससानो पुँजीको लगानी, प्राविधिक क्षमता तथा पूर्वाधार हुनासाथ जनजीविकाका निमित्त स्थानीय अर्थतन्त्र उकास्ने माध्यम पर्यटन व्यवसाय बन्न सक्छ। यसको प्रवर्द्धनले परम्परागत पेसा व्यवसायहरूलाई पनि पुनर्जीवित गराउन र सामाजिक स्थायित्व कायम गर्न सक्ने सम्भावना देखिन्छ। त्यसका निमित्त समाजका सबै वर्ग र तह हातेमालो गर्दै अघि बढ्न नितान्त आवश्यक छ।

बूढानीलकण्ठ नगरपालिकाले पर्यटन व्यवसायलाई दरो वैकल्पिक व्यावसायिक उपायका रूपमा अङ्गीकार गरेको पाइन्छ। यस परिप्रेक्षमा आगमनका स्रोतको संरक्षण र दिगो विकासका लागि स्थानीय समुदाय जुन रूपमा सरिक हुनुपर्ने हो। त्यो अवस्था नभएको देखिन्छ। योजनाबद्ध प्रयत्न कम भएको देखिन्छ। ऐतिहासिक धरोहर बूढानीलकण्ठ नगरमा पर्यटन व्यवसायको प्रवर्द्धन नगरपालिकाको चासोको विषय बनेको छ। यस पृष्ठभूमिमा नगरमा आगामी दिनमा पर्यटन व्यवसायका सम्बन्धमा गर्नुपर्ने कार्य सबैको चासोको विषय हो। यो नगरले धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूका कारण पर्यटन विकासको एक राम्रो अवसर र सम्भावना बोकेको छ। स्थानीय तहमा आर्थिक, सामाजिक र वातावरणीय सकारात्मक परिवर्तनका लागि यस्ता क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न गन्तव्य स्थानको योजनाबद्ध विकास आवश्यक छ। पर्यटन विकासका लागि त्यस्तो योजना बनाउँदा सबै सरोकारवाला पक्षहरूलाई सहभागिता गराई उनीहरूको भूमिका र अपनत्वलाई सुनिश्चितता गराउँदा नै पर्यटनको दिगो विकासको सम्भावना हुन्छ।

नगरको विकासका लागि क्षेत्रगत विकासको अवधारणा सहित पर्यटन गुरुयोजना तर्जुमा गरी त्यसलाई आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी प्रवर्द्धन गर्ने, पदयात्राका लागि नयाँ रुटहरूको खोजी र विकास गर्न सरकारी लगानीमा प्राथमिकता दिने विषयलाई उल्लेख गरेको छ। त्यस्तैगरी योग साधना, ध्यान र प्राकृतिक उपचार केन्द्रका रूपमा नगरलाई प्रवर्द्धन गर्ने एवं पर्यटन क्षेत्रको व्यावसायिक विकास गर्न सम्बन्धित संघ संस्थाको संलग्नतामा वातावरणीय संरक्षण र व्यवस्थापन सम्बन्धी आचारसंहिता बनाई लागु गर्ने जस्ता

विषयहरूलाई समेटेको अवस्था छ।

अर्कातर्फ व्यवसायीहरूका बीच अस्वस्थ प्रतिस्पर्धा, वातावरणीय प्रदूषण व्यवस्थापनमा सुधार र शान्ति सुरक्षाको प्रत्याभूति जस्ता जोखिमहरूको सामना गर्ने विषयलाई समेत पर्यटन गुरुयोजनाले समेटेको छ। वार्षिक नगर विकास योजनामा बजेट पर्यटनको पूर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यमा खर्च गर्ने भनिए पनि कहाँ ? कसरी ? कुन कार्यका लागि ? कस्तो कार्यक्रममा ? आदि विषयहरूबारे केही उल्लेख गरिएको छैन। यस अध्यायमा जम्मा ८ वटा मुख्य विषयहरू रहेका छन्। १) नगरमा पर्यटनका स्रोत तथा आकर्षणहरू २) पर्यटनको व्यपारीकरण र विस्तार ३) पर्यटकका लागि सेवा तथा सुविधा ४) मानव संशाधन विकास ५) पर्यटकको सेवा तथा सुरक्षा ६) पर्यटकका लागि सहयोग तथा भौतिक संशाधन ७) नीति, नियम र संस्थागत कार्यढाँचा ८) पर्यटन विकासका लागि वित्त। समग्रमा नगरमा **सबल पक्षहरू १६ वटा, कमजोरीहरू २९ वटा, अवसर २२ वटा र चुनौतीहरू २७ वटा रहेका अध्ययनको क्रममा देखिएका छन्।**

## ९.२ सबल पक्षहरू (Strengths)

१. नगरलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक र साहसिक पर्यटकीय गतिविधिको गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने
२. हिन्दु तथा बौद्ध धर्मालम्बीहरूका महत्त्वपूर्ण पवित्र धार्मिक स्थल मन्दिर र गुम्बाहरू रहेको
३. पञ्चकुमारी जात्रा, भद्रकाली जात्रा, नववर्षमा वाग्द्वार मेला, एकादशी मेला, शिवरात्रि जस्ता महत्वपूर्ण चाडपर्व, उत्सव र मेलाहरू नियमित मनाइनु
४. विश्वको एकमात्र राजधानीमै अवस्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट मात्र १० कि.मि को दूरीमा हुनु
५. नगरमा पर्यटनका लागि उपयुक्त विभिन्न जातजातिका प्राचीन बस्तीहरू भएको
६. धार्मिक, सांस्कृतिक, साहसिक, पर्यावरण आदि पर्यटकीय स्रोतसाधनमा विविधीकरणको अवस्था
७. शिवपुरी चुचुरोबाट हेर्न सकिने जंगलसहितको आकर्षण मनोरम भू-धरातल
८. शिवपुरीमा जंगली जनावर, पुतली र विभिन्न प्रजातिका चरा अवलोकन गर्न सकिने
९. नेपालमा मात्र पाइने काँडेभ्याकुर चरा शिवपुरी जंगलमा रहेको
१०. ऐतिहासिक गढीले सम्पन्न नगर
११. नेपालमा सबै भन्दा धेरै गुम्बा भएको नगर
१२. पदमार्ग विकास गरी पदयात्रा पर्यटनलाई प्रवर्द्धन गर्न सकिने
१३. गुफा अवलोकन गर्न सकिने
१४ एउटै सिलाबाट बनेको विश्वमै एक मात्र विशाल हरिहर स्वरूप मूर्ति
१५ पवित्र नदी वाग्मती र बिष्णुमतीको उदगम स्थल शिवपुरी जलाधार क्षेत्र नगरमै हुनु
१६ नगरमै मनोरम विष्णुमती झरना हुनु

## ९.३ कमजोरीहरू (Weaknesses)

१. पर्यटकीय स्थानमा वातावरण र सरसफाइसम्बन्धी जनचेतनाको अभाव
२. फोहोरमैला व्यवस्थापन र प्रदूषण नियन्त्रणमा सजगताको कमी
३. पदमार्गहरूमा आवास, खाना तथा नास्ताको यथोचित व्यवस्था नहुनु
४. पर्यटनबाट हुने आयको न्यायोचित वितरण प्रति नगरबासीको उदासीनता
५. नगरमा दिगो पर्यटन विकासका प्रयासहरूलाई निरन्तरता दिन प्रभावकारी संस्थागत संरचनाका र संयन्त्रको अभाव
६. स्थानीय रूपमा पर्यटनका लागि प्याकेज प्रोग्रामसहितको प्रवर्द्धन एवं व्यवस्थापनको कमी
७. पर्यटनका साझेदार संघसंस्था एवं सरोकारवालाहरू बीच उचित समन्वयको अभाव

८. ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदाहरूको संरक्षणमा स्थानीयहरूको तदारुकतामा कमी
९. पर्यटन विकासका लागि नगरपालिका एवं स्थानीयस्तरमा संस्थागत संरचनाको क्रियाशीलतामा कमी तथा अभाव
१०. व्यवसायीहरूमा पर्यटनका लागि आवश्यक पेसागत सीप तथा दक्षताको कमी
११. उपलब्ध पर्यटकीय सम्पदाहरूको व्यवस्थापन र बजारीकरणमा कमी
१२. मौलिक परम्परा र संस्कृति अनुरूपको घरबास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु
१३. स्थानीय विशेषता अनुरूप एक वडा एक उत्पादनको अवधारणालाई अपनाउँदै अर्गानिक कृषि पर्यटनमा जोड दिन नसक्नु
१४. नगरको पर्यटनलाई एकीकृत विकास अवधारणासँग आबद्ध गरी कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयनतर्फ प्रयास नहुनु
१५. नगरमा पर्यटक सन्तुष्टिका लागि आवश्यक गतिविधिमा कमी
१६. पर्यटकीय सम्पदा र वास्तविकतासँग परिचित ऐतिहासिक वास्तविकता वर्णन गर्न सक्ने टुरिस्ट ट्रेकिङ गाइडहरूको अभाव
१७. नगरबासीमा पर्यटन विकास एवं स्वस्थ जीवनशैली र सरसफाइको अभाव
१८. महत्त्वपूर्ण पर्यटकीय सम्पदाहरूको खोज, पहिचान र विकास तथा पदमार्गहरूमा बाटो दूरी, स्थान आदि सूचना संकेतको अभाव
१९. नगरका पर्यटकीय सम्पदाहरूबारे तथ्यपरक विस्तृत जानकारी दिने सामग्री प्रकाशन एवं वितरणमा कमी
२०. नगरमा रणनीतिक पर्यटन सूचना केन्द्र एवं सुरक्षा जाँच चौकीको अभाव
२१. नगरमा पर्यटन गतिविधिको अनुगमन, निरीक्षण र शान्ति सुरक्षामा स्थानीय तहको फितलो उपस्थिति
२२. परम्परागत सांस्कृतिक गतिविधि एवं वाद्ययवादनको जगेर्ना गर्ने संघसंस्था वा निकायको अभाव एवं पर्यटकीय रूपमा व्यवसायमुखी प्रस्तुतिको अभाव
२३. नगरमा मनाइने चाडपर्व तथा मेलाहरूबारे वार्षिक कार्यपात्रोमा तिथिमिति समेत उल्लेख गरी प्रकाशन गर्ने प्रणाली नभएको
२४. निकुञ्जको प्रवेशद्वार बाहिरै शिवपुरी चुचुरोसम्म पुग्न लाग्ने समय र खाजा, खानाको व्यवस्था नभएको सूचना पाटीको अभाव
२५. शिवपुरी चुचुरोमा जाने पर्यटकका लागि आवश्यक पानी, विद्युत् र उपभोग्य वस्तु समेतको नियमित आपूर्ति व्यवस्थाको अभाव
२६. शिवपुरी निकुञ्जबाट हुने आम्दानीको हिस्सा नगरपालिकाले नपाउनु
२७. शिवपुरी जाने पदमार्गमा सञ्चारका लागि टेलिकमको टावर नभएको
२८. गुम्बाहरूमा आम्दानी र त्यहाँ गरिने गतिविधिको पारदर्शिता नहुनु
२९. बूढानीलकण्ठ मन्दिरको आम्दानी तथा खर्च एकद्वार प्रणलीबाट नहुनु
३०. विदेशी पर्यटकलाई कानुनी रूपमा आइपर्ने समस्याहरूलाई छिटोछरितो समाधान नगरिनु
३१. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जले विदेशी र स्वदेशी पर्यटकहरूलाई पर्याप्त मात्रमा जानकारी नगराइनु, सेवामा ढिलासुस्ती हुनु

## ९.४ अवसरहरू (Opportunities)

१. सरकारले आ.व. २०७५/२०७६मा पहिचान गरेका १०० वटा पर्यटन गन्तव्य स्थलमा बूढानीलकण्ठ मन्दिर नगरमा हुनु
२. स्थानीय मौलिकता अनुरूप वनपैदावरहरूद्वारा निर्मित हस्तकलाका सामग्रीहरूको उत्पादन गर्न सकिने
३. विपश्यनामार्फत स्वास्थ्य पर्यटनको अवसर

४. पर्यटन सुविधाका लागि ऊर्जा, सञ्चार, सूचना प्रविधिहरूको उपलब्धता हुनु
५. तारेभिरमा चट्टान आरोहण तालिम केन्द्र सञ्चालन गर्न सकिने
६. नगरमा माइस, सभासम्मेलन बैठक गोष्ठी पर्यटकीय क्रियाकलापहरूको विकास र विस्तार गर्न सकिने
७. पर्यटन गतिविधिमार्फत युवा तथा महिलाहरूका लागि रोजगारी सिर्जना गरी विदेश पलायन संस्कृतिलाई निरुत्साहित गर्न सकिने
८. सडक यातायात र पैदल यात्राको सुविधा हुनु
९. हिन्दु र बौद्ध धर्मावलम्बीहरको पबित्र तीर्थस्थल बूढानीलकण्ठ, वागद्वार, विष्णुद्वार, कामधेनु शिला, भद्रकाली, कपन गुम्बा, नागी गुम्बालगायत तीर्थयात्राको विकास गर्न सकिने प्रचुर सम्भावना रहेको
१०. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज मध्यवर्ती संरक्षित क्षेत्र भएका कारण विकासका लागि पर्यटन रोयल्टी प्राप्त गर्न सक्षम
११. नगरमा दिगो पर्यटन विकासका लागि नगर प्रमुखबाट विशेष पहल गरिएको
१२. मनोरम भूबनावट अवलोकनका लागि शिवपुरी चुचुरोमा भ्युटावरमार्फत पर्यटनको प्रवर्द्धन गर्न सकिने
१३. धोबीखोलामा जलाशय निर्माण गरी जल विहार गतिविधि सञ्चालन गर्न सकिने
१४. नगरमा राष्ट्रका विसिष्ट ब्यक्तिहरूको आवास हुनु
१५. शिक्षा क्षेत्रको नमुना बूढानीलकण्ठ विद्यालय नगरभित्र हुनु
१६. नगरपालिकाभित्र न्युरो अस्पताल हुनु
१७. त्रिशूलीको उत्तरी स्वच्छ वायु शिवपुरीक्षेत्र हुँदै बूढानीलकण्ठ नगरमा प्रवेश गर्नु
१८. शिवपुरीमा भएका सल्लाको स्वच्छ वायुले बूढानीलकण्ठबासिलाई टीबी जस्ता प्राणघातक रोगलाग्न कम गर्ने
१९. शिवपुरीको वायुमा मानव मस्तिष्कलाई तरंगित पार्न सक्ने अद्बितीय शक्तिरहेको तथा यही गुणका कारण प्रसस्त गुम्बाहरू बनाइएका
२०. पर्यटकीय गन्तव्यहरूलाई सडक, मेट्रोरेल, रोपवे र वायुसेवासँग जोड्नका निमित्त बूढानीलकण्ठ नगरपालिकामा आधारभूत संरचनाको विकासमा पहल गर्न सकिने
२१. खुला बजार अर्थव्यवस्थाको वृद्धि गर्ने तथा चुस्त रूपमा नगरको आर्थिक वृद्धिका लागि वातावरणनिर्माण गर्न सकिने
२२. नगरपालिकामा पर्यटन क्षेत्रको विकासका लागि मानव संसाधनको विकासमा विशेष ध्यान दिइएको
२३. बूढानीलकण्ठ नगरपालिकाको सकारात्मक छवि अन्तर्राष्ट्रिय स्तरसम्म विस्तार गर्न सकिने

## ९.५ चुनौतीहरू (Threats)

१. युवाहरूमा विदेश पलायन संस्कृति हाबी, पर्यटनमा स्थानीय उद्यमी एवं व्यवसायीको अभाव हुनु
२. जलवायु परिवर्तन तथा तापमानमा वृद्धि र वन विनाशका कारण पानीको स्रोत सुक्दै जाने एवं मरुभूमिकरणतर्फ उन्मुख हुँदै जानु
३. वस्तीबाट निकुञ्ज नजिक भएकाले जंगली जनावरहरू वाट आक्रमणको जोखिम
४. पर्यटकहरूलाई पदयात्रामा लैजाँदा स्थानीय गाइड तथा सहयोगीको अभाव
५. पर्यटन प्रवर्द्धनमा स्थानीय व्यवसायीहरूको न्यून संलग्नता
६. पर्यटनबाट प्राप्त लाभ नगरका सबै वर्गमा न्यायोचित वितरण हुन नसक्नु
७. स्थानीय मौलिक संस्कृति, परम्परा चाडपर्व र रीतिरिवाजबारे अध्ययन तथा अनुसन्धानको कमी हुनु
८. स्थानीय मौलिक परम्परा, संस्कृति चाडपर्व एवं मेलाहरूमा युवाको रुचि नहुनु
९. पर्यटन व्यवसायमा आवश्यक योग्य जनशक्तिको अभाव हुनु
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा नगरका पर्यटकीय सम्पदाहरूबारे प्रचारप्रसारमा कमी हुनु
११. स्वस्थ, सरसफाइ एवं गुणस्तरीय सेवामा कमी

१२. नगरको पर्यटन विकास र प्रवर्द्धनमा राज्यको सम्बन्धित निकायको न्यून पहलकदमी रहनु
१३. नदी प्रदूषण र वायु प्रदूषण आदिले वातावरणीय समस्यामा वृद्धिहुनु
१४. कपन गुम्बामा नेपालका विभूतिको तस्बिर नराखी दलाई लामाको विशाल तस्विर राखिएको
१५. कपन गुम्बामा सर्बसाधारणले सजिलै प्रबेश नपाउनु
१६. पृथ्वीनारायण शाहले आराधाना गरेको कपन गढी स्थित महांकाल मन्दिरमा पूजा गर्न जानका लागि सर्वसाधारणलाई अवरोध गरेको
१७. कपन गुम्बामा पर्यटकलाई सशुल्क आवसीय सुविधा उपलब्ध गराएको अभिलेख गोप्य राखिएको
१८. नगरक्षेत्रमा अवस्थित गुम्बाहरू नगरपालिका मातहत नरहेको
१९. नगरबासीलाई शिवपुरी निकुञ्जले प्रवेशमा कडाइ गरेको
२०. पर्यटहरूका लागि सुविधायुक्त तारेहोटलहरूको अभाव
२१. नगरमा पर्यटन सूचना केन्द्रको अभाव
२२. बूढानीलकण्ठ मन्दिरलाई वरीवरिबाट खुलारूपमा दर्शन गर्ने अवस्था नरहेको
२३. राजनीतिक अस्थिरता, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज सँगको समन्वयात्म कार्य नहुनु
२४. राष्ट्रिय अर्थव्यवस्थाको वातावरण बिग्रनु जस्तैः राष्ट्रको वित्तीय संकट हुनु
२५. पर्यटन व्यवसायको बढ्दो अस्वस्थ प्रतिस्पर्धा
२६. प्रमुख पर्यटन स्थलहरूको बारेमा प्रदत्त प्रचार तथा सुझाव बिचमा मेल नहुनु
२७. नकारात्मक खालको पर्यटकीय वातारवरणको परिस्थिति र जलवायु परिवर्तनको असर
२८. बूढानीलकण्ठ मन्दिर र शिवपुरीमा आउने पर्यटकका लागि सवारी साधनहरूको पार्किङ्ग व्यवस्था नहुनु

## तालिका नं. ९.१ नगरका पर्यटकीय क्षेत्रमा देखिएका सबल पक्ष र दुर्बल पक्षहरू

१) **नगरमा पर्यटनका स्रोत तथा आकर्षणहरू**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • विभिन्न किसिमका धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक पर्यटकीय स्रोतहरू<br>• परम्परागत संगीत, नाट्यका साथसाथै विभिन्न किसिमका पर्वहरू, जात्राहरू तथा उत्सवहरू रहेको<br>• एउटै शिलाले बनेको बूढानीलकण्ठको अद्वितीय मूर्ति<br>• विभिन्न प्राकृतिक तथा नेवारी संस्कृतिले भरीपूर्ण<br>• प्राकृतिक विष्णुद्वार झरना मनोरम दृश्य<br>• विभिन्न किसिमका सांस्कृतिक, परिकारले भरिपूर्ण<br>• धार्मिक, सांस्कृतिक प्रचुरता तथा विशेष किसिमको सहअस्तित्व, आत्मीयता र संलग्नतामा विभिन्नता | • धार्मिक, सांस्कृतिक, प्राकृतिक, तथा ऐतिहासिक आर्कषणहरूको उचित किसिमको व्यवस्थापन हुन नसक्नु<br>• बूढानीलकण्ठ मन्दिर युनेस्कोको विश्व सम्पदाको सूचीभित्र पर्न नसक्नु<br>• प्राकृतिक तथा सांस्कृतिक स्रोतहरूको नक्सांकन, मूल्यांकन तथा पवर्द्धनका लागि उचित रणनीति बनाउन नसक्नु<br>• पर्यटकका लागि प्रदान गरिने सेवा सुविधा तथा आवश्यकताहरूको कमजोर तथा अपर्याप्त वितरण हुनु<br>• पर्यटकका लागि प्रदान गरिने निर्देशन कमजोर हुनु<br>• असमान वित्त स्रोतहरू<br>• दक्ष तालिम प्राप्त जनशक्तिको अभाव<br>• योजना र कार्यान्वयनका लागि लगानीकर्ता बिचमा सहकार्य, समन्वय, समझदारी र प्रचारप्रसारको कमी<br>• पर्यटन उद्योगबाट उत्पन्न राजस्वको सन्दर्भमा कार्ययोग्य ऐन, नियमको कमी<br>• बहुमूल्य स्रोत वा आकर्षणका क्षेत्रहरूको संरक्षणमा समुदायको संलग्नता र जागरुकतामा कमी<br>• पर्यटन क्षेत्रको अवधिमा सार्वजनिक लगानीको मार्गदर्शन र संघीय, प्रदेश र नगरपालिकाको भूमिका वा प्रयास बीचमा उचित समन्वयका लागि स्पस्ट प्राथमिकताहरूको कमी<br>• प्रमुख गन्तव्य र मार्गद्वारा एकीकृत पर्यटन विकास योजनाहरूको कमी |

२) **पर्यटनको व्यापारीकरण र विस्तार**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • बूढानीलकण्ठ नगरपालिका शीर्ष पर्यटन स्थल बनाउनका निमित्त पर्यटन बजारका लागि उपयुक्त स्थान<br>• पर्यटन प्रर्वद्धनका लागि नयाँ बजारीकरण रणनीति र ब्रान्डिङ गतिविधिहरू हुँदै गएका<br>• बूढानीलकण्ठ पर्यटन गन्तव्य स्थलका रूपमा रहेको<br>• पर्यटक आगमनको संख्या बढ्दो क्रममा रहेको | • व्यापारिक रणनीतिको कमी<br>• मान्यता प्राप्त राष्ट्रिय तथा क्षेत्रीय गन्तव्यका रूपमा ब्रान्डिङको कमी<br>• परम्परागत च्यानलहरूमा अधिक ध्यान र आधिकारिक अनलाइन मार्केटिङको अभाव<br>• प्रमुख पर्यटक आगमन क्षेत्रहरूमा मार्केटिङ प्रतितिधिको कमी<br>• बूढानीलकण्ठ नगरपालिकाले पर्यटन सम्बन्धी जानकारी उपलब्ध गराउने संयन्त्रको कमी<br>• क्षेत्रगत तथा घरेलु बजारका लागि आकर्षणको कमी<br>• ज्ञान र कौशलको सन्दर्भमा भ्रमण सञ्चालकहरूको सीमित क्षमता<br>• खराब व्यापारिक विभाजन र मिश्रित बजार<br>• पर्यटन प्रवर्द्धनमा स्थानीय व्यवसायी र भ्रमण सञ्चालकहरू बीच समन्वयको कमी<br>• पर्यटक सूचना केन्द्रको अभाव<br>• स्थानीय जनसमुदायमा पर्यटन उद्यमशीलतामा कम जागरुकता र चेतनामा कमी हुनु |

३) **पर्यटकका लागि सेवा तथा सुविधा**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • सहज बजार र खुला आर्थिक नीति<br>• नगरपालिकाले पर्यटन क्षेत्रको विकास र पर्यटकका लागि प्रदान गरिने सेवा सुविधामा विशेष ध्यान दिएको<br>• पर्यटकको सेवा सुविधामा लगानी भएको<br>• निजी क्षेत्रको संलग्नता बढ्दै गएको<br>• होटल, लज तथा रिसोर्टहरूको संख्यामा वृद्धि भइरहेको<br>• पर्यटन क्षेत्रमा पर्याप्त लगानीका लागि कार्यढाँचाको निमार्ण हुँदै गएको<br>• होटल तथा लजहरूको समेत वर्गीकरण गर्दै लगिएको | • सबै प्रकारको पर्यटन आवास र कार्यक्रमका लागि स्पष्ट कार्यविधिको कमी<br>• पर्यटन सेवामा भन्दा अन्य प्रकारका होटल तथा लजहरूमा बढी मात्रामा लगानी हुनु<br>• प्रमुख व्यापारिक क्षेत्रहरूमा मात्र होटल तथा लजहरूमा लगानी<br>• पर्यटन सेवा सुविधामा सचेतनाको कमी<br>• चक्रपथबाट बूढानीलकण्ठमा आउने पर्यटकहरू अत्यधिक जाममा पर्नु, सरसफाइ, फोहोर र धुलोका कारण समस्यामा पर्नु<br>• पर्यटनको लगानी क्षेत्रमा सक्रिय लगानीकर्ताको कमी<br>• पर्यटकको अपेक्षा अनुरूपको बिक्री वितरणका लागि नयाँ विचार र डिजाइनको कमी, ज्ञान तथा सिपको कमीले गर्दा गुणस्तारहीन र कमसल सामग्रीको उत्पादन |

४) **मानव संशाधन विकास**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • पर्यटन उद्योगको विकासमा नगरपालिकामा नेतृत्वको बलियो प्रतिबद्धता<br>• पर्यटन उद्योगलाई उत्कृष्टताको केन्द्रबिन्दु बनाउन CTEVT प्रशिक्षण संस्थानहरूको विस्तार गर्ने स्थानीय सरकारको प्रतिबद्धता<br>• नगरपालिका क्षेत्रमा खानपान सम्बन्धमा पर्यटन उद्योगको उत्कृष्टता कायम हुनु<br>• नगरका धेरै विद्यालयमा पर्यटन व्यवस्थापन सम्बन्धमा अध्यापन गराउन स्थानीय सरकार सकारात्मक<br>• मानव संसाधन विकासका लागि पर्यटन बोर्ड र उच्च शिक्षा प्रदत्त संस्थाहरूबीच नगरपालिकाको नेतृत्व बाट पहल हुनु | • तालिम प्राप्त दक्ष जनशक्तिको अभाव<br>• पर्यटन उद्योगको आवश्यकता अनुरूप प्रशिक्षित जनशक्ति उत्पादन गर्नका लागि कमजोर योजना<br>• पर्यटन प्रशिक्षण केन्द्र नहुनु, सिमित मानव स्रोत तथा सामग्री हुनु<br>• नगरमा पर्यटन उद्योगको माग बमोजिमको खानपान र प्रशिक्षण तालिम केन्द्रको क्षमता नहुनु<br>• पर्यटन क्षेत्रमा काम गर्ने जनशक्ति तथा पर्यटन कम्पनी बीच औपचारिक तन्त्रको कमी<br>• प्रशिक्षित जनशक्तिको महत्वबारे पर्यटन सेवा कम्पनीहरूका लगानीकर्ता तथा प्रबन्धकहरूमा जागरुकतामा कमी<br>• प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदा व्यवस्थापनमा उच्च किसिमका योग्य व्यक्तिहरूको कमी |

५) पर्यटकको सेवा तथा सुरक्षा

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • मान्यता प्राप्त सुरक्षा निकाय नगरमा हुनु<br>• शान्ति र राजनीतिक स्थिरता<br>• अपेक्षा अनुरूपको सुरक्षित वातावरण<br>• पर्यटन सुरक्षाको सम्बन्धमा बूढानीलकण्ठ नगरपालिकाको बलियो प्रतिबद्धता | • आधुनिक खालका अपराधहरूको बढ्दो क्रम<br>• शिवपुरीमा आपतकालीन उद्धार सेवाको कमी<br>• पर्यटनका लागि आवश्यक पर्ने स्वास्थ क्षेत्रको योजना तथा नीति निर्माणमा कम ध्यान दिइएको<br>• सड्क दुर्घटनाका घटना बढ्दो क्रममा हुनु<br>• शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई अपग्रेड पर्यटनको पहुँच, पदमार्गलाई स्तरोन्नति नगर्नु, भरपर्दो सुरक्षा व्यवस्था नहुँदा पर्यटनमा कमी आउनु |

६) पर्यटन सहयोग तथा भौतिक संसाधन

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • हवाई पर्यटकका लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नगरबाट १० कि.मिको दुरीमा हुनु<br>• उचित किसिमको सडक सञ्जाल भएको<br>• एटिएम र इलेक्ट्रोनिक्स भुक्तानी प्रणाली बढ्दो क्रममा हुनु<br>• सूचना, सञ्चार, बिजली, पानीको आपूर्ति भएको | • पर्यटकका लागि दिशा निर्देशन गर्ने र दुरी निर्देशन गर्ने सही संकेतको अभाव, आराम स्थल तथा सडक चिह्नको कमी<br>• सिमित एटिएम तथा इलेक्ट्रोनिक्स पेमेन्ट सेवाहरू<br>• अपर्याप्त आइटी सुविधा<br>• नगर वरपरका गन्तव्य क्षेत्रहरूको पहुंचमा समन्वयनको कमी<br>• बूढानीलकण्ठ नगर क्षेत्रमा आधारभूत पर्यटकीय संरचनाको विकास नहुनु<br>• बूढानीलकण्ठ मन्दिरलाई पशुपतिनाथ मन्दिरसँग जोड्न नसकिनु<br>• मन्दिरमा स्मार्ट शौचालय, सरसफाइ र मन्दिरको ब्युटिसियन नहुनु |

७) नीति, नियम र संस्थागत कार्यढाँचा

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • पर्यटन विकास नीति र नीति कार्यान्वयन ढाँचाको लागि नगर प्रमुखबाट पहलकदमी हुनु<br>• पर्यटकीय गन्तव्य विकास योजना भएको<br>• स्थानीय सरकारीस्तरबाट समर्थन र पर्यटन क्षेत्रको प्राथमिकता<br>• नगरपालिकाबाट नयाँ पर्यटन विकास समिति गठन हुँदै<br>• पर्यटन विकासमा वडाहरूको समेत सक्रिय सहभागिता | • नगर पर्यटन विस्तार रणनीति र गन्तव्य विकास रणनीतिको अभाव<br>• आवास र टुर अपरेटर जस्ता पर्यटन सेवाका लागि कार्यढाँचाको कमी<br>• पर्यटन प्रवर्द्धनका लागि नयाँ पर्यटन योजनाहरू जस्तै रकक्लाइम्बिङ, पाराग्लाइडिङ, साइक्लिङ बन्न नसक्नु<br>• वार्षिक नगर विकास योजनाहरू उचित रूपमा लागु हुन नसक्नु<br>• बूढानीलकण्ठ मन्दिरलाई देशका महत्वपूर्ण धार्मिक स्थलहरू पशुपतिनाथ, मुक्तिनाथ, दोलखा भीमसेन, पाथीभरा, सुपादेउराली, देवघाट, स्वर्गद्वारीसँग जोडी प्रचारप्रसार हुन नसक्नु |

८) **पर्यटन विकासका लागि वित्त**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • पर्यटन विकास गतिविधिहरूका लागि स्थानीय सरकार तवरबाटै उचित किसिमको बजेट विनियोजन भएको<br>• लगानीकर्ताहरूका लागि नगरपालिका पर्यटन क्षेत्रमा विशेष आर्कषणको केन्द्र बन्न सफल<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय साझेदारहरूबाट सहयोग साथै विदेशी स्वयंसेवक आउनु<br>• सरकारी बजेट तथा दाताहरूबाट प्राप्त वित्तको उचित उपयोग | • नगरपालिकामा अतिरिक्त वित्तको अभाव<br>• अन्य क्षेत्रहरूको तुलनामा पर्यटन उद्योगको क्षेत्रमा लगानी तथा दाताहरूको समर्थन सीमित मात्रामा हुनु |

## तालिका नं.९.२ बूढानीलकण्ठ मन्दिरका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • विश्वमा कहीँ नभएको बूढानीलकण्ठ मन्दिर एउटै शिलाबाट रहेको भगवान विष्णुको एक अदभुत मूर्ति<br>• दुर्लभ प्रविधिले युक्त<br>• छाया दर्शन हुने<br>• चारैतिरबाट दर्शन गर्न मिल्ने खुला मूर्ति | • वरिपरि फलामे बारले घेरिएको<br>• वरिपरि बसेर हर्न नमिल्ने<br>• मूर्ति अवस्थित पोखरी फोहोर र हरियो पानी जमेको<br>• पर्यटक पुलिस नभएको<br>• पर्याप्त शौचालय नभएको<br>• मन्दिर नजिकै मगन्ते<br>• दर्शनार्थीको अभिलेख नभएको<br>• पर्याप्त डस्टबिनको व्यवस्था नभएको |
| **अवसर** | **चुनौती** |
| • नगरको राजस्वमा वृद्धि<br>• रोजगारीको सृजना<br>• स्थानीय उत्पादनको बिक्री वितरण<br>• स्थानीयमा संस्कार र अनुशासनको बिकास<br>• राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा बूढानीलकण्ठको पहिचान<br>• फूलप्रसादको फोहोरबाट जैविक मल बनाइएको<br>• फोहोर संकलन स्थललाई फुलबारी बनाइएको<br>• धार्मिक मनोरञ्जन<br>• दर्शनार्थीहरूको नैतिक, सकारात्मक साथै कल्पना शक्तिको सोचमा बिकास हुनु<br>• हिन्दु मात्र नभई अन्य धर्मालम्बीहरूको समेत मूर्ति दृश्यावलोकन आकर्षणको केन्द्र बिन्दु<br>• भगवानको हरिहर स्वरूप दर्शन पश्चात अलौकिक आनन्दानुभूति | • आम्दानी र खर्चको एकद्वार प्रणाली लागु गर्न नसकेको<br>• पार्किङ्ग वयवस्थापन नभएको<br>• स्तरीय खाजा पसल नभएको<br>• मन्दिरको जग्गा अतिक्रमण भएको |

## तालिका नं.९.३ शिवपुरी क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • मानव स्रोत (नेपाली सेनाबाट सुरक्षित)<br>• प्राकृतिक स्रोतको पर्याप्तता (प्रसस्त जलस्रोत, जनावर र जंगल)<br>• सञ्चार, यातायात सुगमता<br>• जैविक विविधता तथा प्रसस्त पर्यटकीय गन्तव्य स्थलहरू<br>• शिवपुरीलाई पर्खाल निर्माण गरी घेरिएको<br>• मध्यवर्ती क्षेत्र भएको<br>• ढुङ्गेसिडी सहितका पदमार्ग भएको | • संरक्षणमा न्यून जनसहभागिता<br>• फोहोर व्यवस्थापन हुन नसकेको<br>• सूचना केन्द्र अभाव र कमजोर सूचना सम्प्रेषण<br>• नीतिगत दस्तावेजको अभाव (छुट्टै नियमावली, व्यवस्थापन योजना, डढेलो नियन्त्रण योजना, पर्यटन व्यवस्थापन तथा कार्ययोजना, जलस्रोत उपयोग)<br>• मानव र वन्यजन्तु द्वन्द्वको न्यूनीकरण हुन नसक्नु<br>• समस्याग्रस्त जनावर उद्धार तथा व्यवस्थापन नभएको<br>• न्यून कार्यक्रम बजेट र प्राथमिकता<br>• भौतिक संरचनाको मर्मत सम्भार तथा नव निर्माणका लागि बजेट अभाव<br>• वन्यजन्तुहरूको अध्ययन अनुसन्धान नहुनु<br>• घाइते वन्यजन्तुहरू र अन्य वन्यजन्तुहरूको उपचारको लागि भेटेनरी अस्पताल नहुनु |
| **अवसर** | **चुनौती** |
| • मध्यवर्ती क्षेत्र कार्यक्रम अन्तर्गत जनसहभागिता<br>• राजधानी नजिक भएका कारण प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने<br>• जलस्रोतको उचित उपयोग र वातावरणीय सेवा भुक्तानीको अवधारणाको कार्यान्वयन तथा राजस्व आर्जन<br>• बूढानीलकण्ठ नगरपालिकामा स्रोत परिचालन | • शिवपुरी र नगार्जुन दुई छुट्टाछुट्टै खण्डमा विभाजित हुनु र सडक लगायत विभिन्न भौतिक संरचनाका कारण वन्यजन्तुको बासस्थान खण्डित हुनु<br>• निकुञ्जभित्र मानव बस्ती हुनु र जनसंख्या बढ्नु<br>• बढ्दो डढेलो<br>• वन पैदावारको चोरी निकासी तथा वन्यजन्तुको चोरी सिकार<br>• वन क्षेत्रको खण्डीकरण, डढेलो, चोरी तथा वन विनाससँगै वन्यजन्तुको बासस्थानको विनास<br>• मानव वन्यजन्तु बीचको द्वन्द्व |

## ९.६ बूढानीलकण्ठ नगरपालिकामा पर्यटन विकास र प्रवर्द्धनमा देखिएका प्रमुख समस्याहरू (Main problems observed in the tourism of Budhanilkantha municipality)

१. पर्यटन व्यवसायमा स्थानीय सरकार, प्रदेश, केन्द्र सरकारको उदासीनता

२. विभिन्न जातजातिको भाषा, संस्कृति संरक्षणका लागि सरकार प्रतिबद्ध नहुनु

३. केही सीमित स्थानहरू मात्र पर्यटनको लागि उपलब्ध रहेको छ र ती ठाउँहरूमा पनि अत्यधिक मात्रामा चाप बढ्दै जानु

४. हाल विद्यमान पर्यटन स्थल र सम्भावित थप स्थलहरूको उचित विकासका लागि पूर्वाधारहरूको कमी

३. पर्यटनको विकास गर्दा वातावरण एवं सांस्कृतिक सम्पदा तथा धार्मिक पर्यटन स्थलहरूको प्रवर्द्धनतर्फ पर्याप्त ध्यान नपुगेको

४. पर्यटकहरूको बूढानीलकण्ठमा बसाइलाई लम्ब्याउने र उनीहरूलाई खर्च बढी गर्न लगाउने खालका कार्यक्रमहरूको कमी रहेको

५. पर्यटन विकासको लागि आवश्यक प्रवर्द्धन कार्यहरूको प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसकेको

६. नेपाल पर्यटन बोर्डको स्थापना पश्चात् पनि सरकारी तथा निजी क्षेत्रबीच र निजी क्षेत्रभित्रै पनि कार्यक्रम तथा

व्यवहारमा समन्वय आउन नसक्नु

७. पर्यटन क्षेत्रबाट आर्जितमध्ये नगरभित्रै रहने रकम लाभ तथा लागत, मूल्यमा आधारित गुणस्तरीय पर्यटनको विकासको स्थिति; प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी र जनशक्तिको अवस्था; पर्यटनको गुणनात्मक लाभको स्थिति; निर्मित पूर्वाधारहरूको उपयोगको स्तर र लगानीको आवश्यकता आदि जस्ता विषयहरूको लेखाजोखा हुन नसकेको
८. धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थल तथा स्मारक लगायत जीवन्त सांस्कृतिक सम्पदाहरूका आर्थिक स्रोतका अभावका कारणले संरक्षण, संवर्द्धन तथा प्रचार-प्रसार पर्याप्त मात्रामा हुन सकेका छैनन्। सम्पदाहरूको पर्याप्त मात्रामा स्तर वृद्धि हुन सकेको छैन र विश्व सम्पदाको सूचीमा बूढानीलकण्ठ मन्दिर नपरेको, शिवपुरी क्षेत्रमा संरक्षणको कार्य सन्तोष जनकरूपमा भइनरहेकाले केही स्थलहरू खतराको स्तरमा पुगिसकेका
९. नगरका पर्यटकीय स्थलहरूको पर्याप्त विकास नहुनु र पर्यटकलाई उपलब्ध गराउने सेवा सुविधाहरू नगरक्षेत्रतर्फ अभिमुख हुन नसक्नु
१०. पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी एवं गैरसरकारी निकाय र निजी क्षेत्रका लगानीकर्ताहरू पूर्वाधार विकासमा भन्दा प्रचारप्रसार एवं प्रवर्द्धनात्मक कार्यमा बढी आकर्षित हुने गरेका
११. बूढानीलकण्ठ मन्दिरको प्रचारप्रसार कम हुनु
१२. नगरका सबै वडाहरूमा सबै पर्यटकीय क्षेत्रमा सडक र सूचनाको सुविधा नहुनु, स्थानीय स्रोत साधनको समुचित उपयोगका लागि क्षमता विकासका अवसरहरूको अभाव हुनु जस्ता समस्याहरूले पर्यटन क्षेत्र विकास कार्यले अपेक्षित गति लिन नसक्नु
१३. नगरका विभिन्न स्थानमा रहेका पर्यटकीय गन्तव्य स्थल तथा तिनिहरूको पदमार्गहरूको पहिचान र प्रचार प्रसार नहुनु
१४. पर्यटन व्यवसायका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारको विकास नहुनु
१५. पर्यटन व्यवसायको एकीकृत विकासका लागि सरकारी कार्यालयहरू, गैरसरकारी संघसंस्था, दातृ निकायहरू र नागरिक समाजबीच समन्वय र सहकार्य नहुनु
१६. पर्यटनमा देखिएका समस्या जस्तै पूर्वाधार विकासको अभाव, सु-व्यवस्थापनको कमी, सीप र क्षमताको अभाव, तालिम अप्राप्त, ठाडा मिजासका यातायात व्यवसायी, चर्को मोलतोल (बार्गेनिङ), जनसम्पर्कमा रहनेहरूको ठाडो बोली र रुखो व्यवहार, असुरक्षा, अपर्याप्त र प्रभावहीन ऐन-कानुन जस्ता कुरा पर्यटन क्षेत्रका बाधक हुनु

## ९.७ कार्यक्रम कार्यान्वयन संरचना (Programme implementing model)

कुनै पनि योजनालाई तर्जुमा गरेपछि त्यसको प्रभावकारी कार्यान्वयन बिना अपेक्षित प्रतिफल प्राप्त गर्न सकिँदैन। नगरको पर्यटन विकास एवं व्यवस्थापन गर्ने उद्देश्य अनुरूप तयार पारिएको यस पर्यटन गुरुयोजनाको कार्यान्वयनका लागि पर्यटनसँग सम्बद्ध पक्ष एवं संघसंस्थाहरूबाट निम्न अनुसारको भूमिका निर्वाह गर्नका लागि सुझाव गरिएको छ। योजनाले प्रस्ताव गरेका पर्यटकीय गतिविधि र क्रियाकलापलाई तोकिएको समयमा एवं उक्त समयपछि पनि निरन्तरता दिने कार्य स्वयं नगरपालिका लगायतका निकायहरूले गर्ने अपेक्षा राखिएको छ।

### ९.७.१ नगरस्तरीय संस्थागत संरचना (Municipality level institutional structure)

नगरपालिकाद्वारा गरिएको पहलदकमीकै आधारमा पर्यटन गुरुयोजना तर्जुमा गर्ने कार्य गरिएको छ। यस सन्दर्भमा यसको सफल कार्यान्वयनको लागि आवश्यक संयोजन एवं समन्वय गर्ने कार्य समेत बूढानीलकण्ठ नगरपालिकाले गर्नका लागि सुझाव गरिएको छ। नगरपालिका अन्तर्गत नगर पर्यटन विकास शाखा खोली अधिकृत स्तरको कर्मचारी मार्फत पर्यटन विकास र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनमा सचिवालय स्तरको

कार्य सम्पादन गरिनेछ। पर्यटन विकास शाखाले नगर पर्यटन विकास तथा प्रवर्द्धन समितिको बैठकबाट कार्यक्रम बजेट र पर्यटकीय गतिविधि सम्बन्धमा आवश्यक निर्णय लिनेछ। नगरभित्र पर्यटन विकास कार्यक्रमका प्राथमिकता निर्धारण, सेवामा स्तरीकरण, बजार विस्तार लगायतका विषयमा निर्णय गर्ने एवं कार्यान्वयनको पहल गर्ने सम्मको जिम्मेवारी  नगर पर्यटन विकास समितिलाई हुनेछ। यद्यपि नगरको तर्फबाट विभिन्न मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटन सम्बद्ध संघसंस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थासँग समन्वय गर्ने कार्यक्रम र बजेट तयार गरी साझेदारी गर्ने कार्यको नेतृत्व नगर पर्यटन विकास समितिको परामर्शमा बूढानीलकण्ठ नगरपालिकाले गर्नेछ।

### ९.७.२ स्थानीय संस्थागत संरचना (Local level instutional structure)

यो पर्यटन गुरुयोजनाको कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह भनेको नगरपालिका, वडा, नगरमा गठन हुने पर्यटन विकास समिति हुनेछ। वडा प्रमुखको अध्यक्षयतामा स्थानीय पर्यटन व्यवसायी, सामुदायिक संघसंस्थाका प्रतिनिधि, नागरिक समाज लगायतको संलग्नतामा प्रत्येक वडामा पर्यटन  समितिको गठन नगरपालिकाले गर्नेछ। आ-आफ्नो वडा अन्तर्गत नगरपालिका मार्फत आएको पर्यटन विकास एवं व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्न पर्यटन वडा विकास समितिले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। विकासलाई सहभागितामूलक बनाएमा दिगो हुन सक्छ। भन्ने मान्यता अनुरूप स्थानीय समुदायको सहभीगतामा बजेट विनियोजन कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ।

### ९.७.३ पर्यटन गुरुयोजना कार्यान्वयनका लागि संस्थागत कार्यढाँचा (Institutional frame work for implementing tourism master palan)

नगरका पर्यटन विकास लक्ष्यहरू र रणनीतिहरूको सफल र कुशल कार्यान्वयनको सुनिश्चितता गर्नका लागि प्रमुख संस्थाहरू र उनीहरूको विशेष भूमिकाहरूको बारेमा एक स्पष्ट संस्थागत कार्यढाँचाको आवश्यकता पर्दछ। यस बाहेक यस्तो संस्थागत कार्यढाँचाले व्यक्तिगत,  राष्ट्रिय निकायहरू, राष्ट्रिय र क्षेत्रीय निकायहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रीय निकायहरूको बीचमा रिपोर्ट गर्ने र सहयोगको स्पष्ट रेखा निमार्ण गर्ने गर्दछ। कुनै पनि विवादबाट बच्नका लागि निकायहरूको दोहोरो भूमिका रोक्नु पनि आवश्यक छ।

## तालिका नं. ९.४ पर्यटन गुरुयोजना कार्यान्वयनका लागि संस्थागत कार्यढाँचा

| संस्था (Institution) | कार्य  (Functions) |
|---|---|
| संस्कृति, पर्यटन तथा नागरिग उड्यन मन्त्रालय | ● नगरपालिकाले तयार गरेको पर्यटन गुरुयोजना अनुसारका योजनाहरूलाई कार्यन्वयनमा सघाउने<br>● नगरको पर्यटन गुरुयोजना अनुसार पर्यटन नीति र योजनाको कार्यान्वयन सहित पर्यटन गतिविधि तथा सेवाहरूमा सहयोग गर्ने<br>● पर्यटन क्षेत्रको विकास योजना निर्माण गर्ने<br>● सम्बन्धित विज्ञ व्यक्तिहरूसँग परामर्श गरी पर्यटन सेवा र सुविधाहरूको वर्गीकरणको मापदण्ड निर्धारण गर्ने<br>● पर्यटन विकासका लागि नगरपालिकासँग समन्वय<br>● पर्यटन उद्योगको वकालत र राष्ट्रिय तथा क्षेत्रीय नीति निर्माता, पूर्वाधार विकास एजेन्सीहरू, विदेश मिसन लगायतका अन्य संस्थाहरूसँग सम्पर्क<br>● पर्यटन लगानी विस्तार नीति<br>● पर्यटन र पर्यटन सम्बन्धी गतिविधि र सेवाको लागि दर्ता र अनुमति प्राप्त<br>● राष्ट्रिय तथा प्रदेश दृष्टिकोणसँग पर्यटन उत्पादनको विकास<br>● प्रदेश पर्यटन पवर्द्धनका लागि रणनीतिहरूको विकास र कार्यान्यवन गर्न समर्थन, सहयोग |

| | |
|---|---|
| प्रदेश सरकार | • नगरपालिकाले तयार गरेको पर्यटन गुरुयोजना अनुसारका योजनाहरूलाई कार्यन्वयनमा सघाउने<br>• पर्यटन सुरक्षा सेवाको कार्यक्रमका लागि लगानी गर्ने<br>• पर्यटन क्षेत्रमा अनुसन्धान गर्नका लागि लगानी गर्ने<br>• जिम्मेवार सम्बन्धित संस्थाहरूसँग शिक्षा सम्बन्धी विषयका लागि परामर्श गरी पर्यटन र अतिथि सत्कारको विषयमा जोड दिने खालको पाठ्यक्रमको प्रमाणीकरण, विकास र विस्तार गर्ने<br>• पर्यटन लगानी विस्तार नीति<br>• विभिन्न क्षेत्रको रोयल्टीबाट सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन |
| पर्यटन विभाग | • नगरपालिकाले तयार गरेको पर्यटन गुरुयोजना अनुसारका योजनाहरूलाई कार्यन्वयनमा सघाउने<br>• गन्तव्य लगानी बढाउने<br>• पर्यटन क्षेत्रको लागि सम्बन्धित क्षेत्रलाई लगानी गर्न प्रोत्साहन<br>• पर्यटन क्षेत्रमा लगानीकर्ताहरू वा उद्यमीहरूलाई सस्तो ऋण सुविधाहरूको बारेमा सल्लाह प्रदान गर्ने र साना तथा मध्यमस्तरीय उद्यमीहरूका लागि उक्त सेवाहरूको विकास र विस्तार गर्ने<br>• उपयुक्त पर्यटन विकास क्षेत्रहरूको निर्धारण<br>• त्यगचष्क कबतभर्षित्भ बअअयगलत  सम्बन्धी कार्य |
| नेपाल पर्यटन बोर्ड | • गन्तव्य स्थलको विकास, नीतिहरू, कार्यक्रमहरू र पहलहरूमा समग्र नेतृत्व पर्यटन गुरुयोजनाको कार्यन्वयन समेतमा समन्वय गर्ने<br>• नगरको पर्यटन विकास र विस्तारको पहलका लागि दिशा निर्देशनहरू गर्ने<br>• पर्यटन उद्योगमा विकासको चुनौती र चुनौतीको निराकरणका लागि आन्तरिक र बाह्य क्षेत्रीय नीतिहरू, कार्यक्रमहरू र पहलहरूको समग्र समन्वय गर्ने<br>• पर्यटन विकास र विस्तार योजनाको सफल कार्यान्वयनका लागि विभिन्न संस्थाहरू बिच सहयोग र समन्वयका लागि आशातित दिशाहरू प्रदान गर्ने<br>• नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि रणनीति विकास लागु गर्न समन्वय |
| शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | • नगरपालिकाले तयार गरेको पर्यटन गुरुयोजना अनुसारका योजनाहरूलाई कार्यन्वयनमा सघाउने<br>• जलवायु परिवर्तको कारणले हुने विपद व्यवस्थापन, प्रभावको सम्बन्धमा सूचना प्रदान गर्ने तथा त्यसका लागि योजना तयार गर्ने<br>• शिवपुरी क्षेत्रमा पर्ने पर्यटकीय स्थलहरूको अनुसन्धानका लागि अनुमति प्रदान गर्ने<br>• सम्बन्धित प्रमुख पर्यटकीय एजेन्सीहरू र साझेदारहरूको सहयोगमा पर्यटनको विकासको आधारस्तम्भ तयार गर्ने<br>• शिवपुरी क्षेत्रमा विभिन्न पर्यटन एजेन्सीहरूको आवश्यक संरक्षण र प्राथमिकताका क्षेत्रहरूको बारेमा परामर्श निर्धारण गर्ने<br>• पर्यटन प्रशिक्षण र विकासका लागि योजना निर्माण<br>• पर्यटन उत्पादन र सेवाहरूको विकासका लागि लगानीलाई रणनीतिक योजना सहित विकास गर्ने<br>• पर्यटन सुरक्षाका निमित्त बहुभाषिक सुरक्षा गार्डको व्यवस्था गर्ने, प्राकृतिक विपद व्यवस्थापन र आकस्मिक अवस्थाको लागि उनीहरूलाई आवश्यक प्रशिक्षण प्रदान गरी पर्यटनको मनोभावना, अन्तर सांस्कृतिक सीप तथा आत्मीयता बढाउने जस्ता भूमिका निर्वाह गर्ने<br>• आवासको साथसाथै अन्य सुविधाहरू जस्तै : सरसफाइ, आवश्यक सामग्रीको उपलब्धताको सुनिश्चित गर्ने<br>• उपयुक्त प्रवेश शुल्क निर्धारण गर्ने<br>• शिवपुरी आरक्षित क्षेत्रभित्रका पर्यटकको सुरक्षा र आपतकालीन सेवाको व्यवस्था गर्ने<br>• वन्यजन्तु स्रोतहरूको जिम्मेवारी बहन गर्न जिम्मेवारपूर्ण पर्यटन योजना<br>• निर्धारित निर्देशनहरू र आचरणहरूको संकेत<br>• आगन्तुक तथा गाइडहरूका लागि नैतिकताका उपयुक्त संकेतहरूको व्यवस्था |

| | |
|---|---|
| बूढानीलकण्ठ नगरपालिका | ● पर्यटन क्षेत्रमा नैतिकता सम्बन्धी ज्ञानको विकास र लागु गर्ने<br>● पर्यटन र पर्यटन सम्बन्धी गतिविधि र सेवाका लागि दर्ता र अनुमति प्राप्त गर्ने<br>● नगरपालिका भित्र रहेका विभिन्न जाति समुदायको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण एवं संवर्द्धन कार्यक्रम<br>● संस्कृति प्रवर्द्धनसँग सम्वन्धित जात्रा पर्व मेलाहरूका लागि रकम उपलव्ध गराउने<br>● योजना तथा वार्षिक कार्यक्रमको तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य<br>● आयोजना कार्यान्वयनमा देखापरेका समस्याहरू समाधान सम्बन्धी समन्वयकारी भूमिका निर्वाह गर्ने<br>● पर्यटन गुरुयोजनाले उल्लेख गरेका सम्भाव्यता अध्ययन, अनुसन्धान, पर्यटकीय स्थलहरूको खोजी, सूचना संकलन, डकुमेन्टेसन र प्रकाशन सम्बन्धी कार्य<br>● पर्यटन विकास सम्बन्धी पूर्वाधारहरूको विकास गर्न आवश्यक योजनाहरू कार्यान्वन<br>● पर्यापर्यटन, साहसिक पर्यटन, खेलकुद पर्यटन आदिको विकास सम्बन्धी कार्य<br>● पर्यटन सम्बन्धी आवश्यक तथ्यांक प्रकाशन सम्बन्धी कार्य<br>● नगरमा आउने पर्यटकको लक्ष्य प्रक्षेपण सम्बन्धी कार्य<br>● पर्यटकीय स्थलहरूको विस्तृत विवरण संकलन गरी भौगोलिक सूचना प्रणली अन्तर्गत सूचना प्रवाह सम्बन्धी कार्य<br>● चौमासिक तथा वार्षिक समीक्षा गोष्ठी गर्ने<br>● वडास्तरीय अनुगमन तथा निरीक्षण गर्ने<br>● पर्यटन विभाग, प्रदेश सरकारको कार्यालयमा नियमित प्रतिवेदन पेस गर्ने<br>● पर्यटन लगानीमा समुदाय र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न उपयुक्त मोडल प्रस्तुत गर्ने<br>● पर्यटक सूचना केन्द्रको स्थापना तत्काल गर्नुपर्ने<br>● बूढानीलकण्ठ नगरपालिकामा पर्यटन विकास कोष स्थापना गर्ने<br>● बहुभाषी आपतकालीन निःशुल्क टोलफ्री नम्बरको व्यवस्था गर्ने<br>● गन्तव्य तथा सहरमा समेत पर्यटकको सुरक्षा गर्ने<br>● स्थानीय वडासँग सम्बन्धित पर्यटन प्रर्वद्धन, संचालन र विस्तार गर्ने<br>● उचित सडकको व्यवस्था<br>● पार्क सञ्चालन र संरक्षण गर्नका लागि नियन्त्रण र निगरानी<br>● आगन्तुक तथा गाइडहरूका लागि नैतिकताका उपयुक्त संकेतहरूको व्यवस्था |

## तालिका नं.९.५ विभिन्न तहका पर्यटन विकास समितिहरू एवं जिम्मेवारी

| समिति वा निकाय | समिति गठन प्रक्रिया | सम्पादन गर्नुपर्ने कार्यहरू | कैफियत |
|---|---|---|---|
| नगरपालिका पर्यटन विकास समिति | नगरकार्यपालिकाले निर्णय गरेको व्यक्तिको अध्यक्षतामा, निजी क्षेत्र उद्योग बाणिज्य संघ, पर्यटन व्यवसायी, संघ संस्थाको प्रतिनिधि रहने गरी स्थानीय सरकारी निकाय, निजी व्यावसायिक क्षेत्र र गैरसरकारी संघसंस्था र नागरिक समाजको समेत प्रतिनिधित्व गर्ने | नगरको पर्यटन विकास व्यवस्थापन, प्रवर्द्धन, बजारीकरण, समन्वय, स्रोत संकलन, परिचालन र स्रोत दुरूपयोगको नियन्त्रण, अनुगमन, नीति निर्माण निर्देशिका तयारी आदि | हाल गठन नभएको तत्कालै व्यवस्था गर्नुपर्ने |
| नगरपालिकामा पर्यटन विकास शाखा | पर्यटन र स्रोत परिचालनमा विशेष अनुभव भएको एक जना नगरपालिकाबाट तोकिएका पर्यटन अधिकृत सहित अन्य ४ जना कर्मचारीले यस शाखाको नेतृत्व गर्नेछन् । | नगरको पर्यटन विकास व्यवस्थापन, प्रवर्द्धन, बजारीकरण, समन्वय, स्रोत संकलन, परिचालन र स्रोत दुरूपयोगको नियन्त्रण अनुगमन र नीति निर्माण सम्बन्धी कार्य सम्पादन गर्ने | तत्कालै व्यवस्था गर्नुपर्ने नगरपालिकामा शाखा रहने गरी |

| | | | |
|---|---|---|---|
| वडा स्तरमा पर्यटन विकास समिति | नगरकार्यपालिकाले निर्णय गरेको व्यक्तिको अध्यक्षतामा पर्यटन व्यवसायीहरू, सामुदायिक, संघसंस्थाका प्रतिनिधिहरू जस्तै : वन उपभोक्ता समूह, आमा समूह, युवा समूह, कृषक समूह, स्थानीय धार्मिक संस्थाका प्रतिनिधि आदिबाट हुने | सम्पदाको संरक्षण, योजना तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन समेत बढाउने, स्थानीय सहभागितालाई प्रेरित गर्न लाभमा पनि हिस्सेदार बनाउने, आचारसंहिताको निर्माण एवं कार्यान्वयन | नगरका १३ वटै वडामा पर्यटन विकास समिति गठन तत्कालै गर्नुपर्ने |
| धार्मिक स्थलहरू तथा विशेष पर्यटकीय क्षेत्र एवं सम्पदाहरूको संरक्षण र व्यवस्थापन समितिहरू, संस्कृति समिति आदि | परम्परागत समितिलाई बढी पद्धति संगत, समावेशी, पारदर्शी र सक्रिय बनाउँदै अन्य बाहिरी पक्षसँग समवन्य गर्न सक्ने बनाउने, वडा समितिका प्रतिनिधि समावेश गर्ने आदि | सम्बन्धित सम्पदाहरूको व्यवस्थापन तथा संरक्षण योजना तर्जुमा, विकास, आचार संहिता निर्माण एवं कार्यान्वयनमा जोड, स्थानीय स्रोत साधनको उपयोग र व्यवस्थापनमा जोड | बूढानीलकण्ठ क्षेत्र विकास समिति, गुम्बा विकास समितिहरू नगरपालिका मातहतमा तत्काल ल्याउनुपर्ने, नगर होटल तथा लज व्यवस्थापन समितिहरू गठन आदि |

## ९.८ कार्यक्रमको अनुगमन र जिम्मेवारी (Program monitoring and resposibility)

यस पर्यटन गुरुयोजनाले तर्जुमा गरे अनुसारका कार्यक्रमलाई कार्यान्वयन गर्ने निकायहरूले ठीक तरिकाबाट कार्यसम्पादन भएको छ वा छैन ? थप सुधार गर्नुपर्ने विषयहरू पनि केही छन् कि ? कार्य सम्पादनमा कठिनाइ उत्पन्न भई पर्यटन विकास एवं व्यवस्थापनको कार्य सम्पादनमा विलम्ब वा असजिलो हुन गएको छ कि ? आदि विषयका बारेमा अनुगमन गर्ने मुख्य निकाय नगरपालिका रहनेछ। नगरपालिकामा गठन भए अनुसारका पर्यटन विकास समिति, विभिन्न उपसमितिहरूले कार्यसम्पादन, समन्वय र अनुगमनको जिम्मेवारी लिनेछन्। नगरपालिका अन्तर्गतको पर्यटन विकास शाखाले सम्पादन गर्ने कार्य र यसले योजना कार्यान्वयनका लागि गरेको समन्वयका प्रयासहरूको रेखदेख नगरपालिका पर्यटन विकास समितिले गर्नेछ। साथै यसले नगरपालिकालाई योजना कार्यान्वयन गर्ने कार्यमा सहजता प्रदान गर्ने, नगरमा उपयुक्त पर्यटन विकास नीति निर्माण गर्न आवश्यक कार्य सम्पादन निर्देशिका तयार गर्ने र उपयुक्त निर्णय लिन पनि सहजीकरण गर्नेछ। नगरपालिकाले पर्यटन गुरुयोजनाको कार्यान्वयन पछि भएका उपलब्धिहरूको लेखाजोखा गर्नका लागि अर्धवार्षिक रूपमा समीक्षा बैठक राख्नेछ।

### ९.८.१ स्थलगत अनुगमन भ्रमण (Site visit & monitoring)

नगरकार्यपालिकाका सदस्यहरूद्वारा चौमासिक रूपमा स्थलगत अनुगमन भ्रमण गर्नका लागि एउटा छुट्टै संयन्त्रको विकास गरिएको हुनेछ। यस्तो संयन्त्रले वडा स्तरको समितिको सहभागितामा प्रत्येक वडा तथा समुदायस्तरका पर्यटन विकास तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्नेछ।

### ९.८.२ विकास सूचक एवं वार्षिक समीक्षा (Development indicators & annual analysis)

नगर तथा स्थानीय स्तरमा रहेका समितिहरू सबैलाई आफ्नो कामप्रति जिम्मेवारी बनाउने सोंचका साथ हरेक तहमा वार्षिक समीक्षा गर्ने तथा त्यसको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने प्रणालीको विकास गर्न प्रस्ताव गरिएको छ। यसबाट योजनामा निर्धारण गरिएका विकास सूचकलाई अनुसरण गरी वार्षिक योजना तथा कार्यक्रमहरूको समयमा नै अनुगमन गर्न र थप आवश्यकता अनुसार तिनीहरूमा परिमार्जन गर्न सकिने अपेक्षा राखिएको छ।

कार्यक्रमको अनुगमन गर्दा आधारभूत लक्षित सूचांक र पर्यटन विकासका सूचाङ्कमा भएका उपलब्धि र यसबाट पर्न गएका प्रभावहरूको अुनगमनमा विशेष जोड दिइनेछ। यसरी अनुगमन गर्दा पर्यटन विकासको नतिजा र यसको प्रभावमा विशेष जोडदिनुपर्दछ। साथै नगरमा पर्यटकहरूको आगमन संख्या, पर्यटकहरूले गर्ने खर्च, पर्यटन विकासबाट भएको रोजगारी सृजना, पर्यटन विकासबाट गरिब तथा विपन्न वर्गको आम्दानीमा भएको वृद्धि तथा उनीहरूको जीवनशैलीमा आएको परिवर्तन, स्थानीय स्तरको पर्यटन क्रियाकलापमा सीमान्तकृत वर्गको सहभागिता लगायतका योजनाको मुख्य चासोलाई अनुगमनमा समेट्ने अपेक्षा गरिएको छ।

### ९.८.३ पर्यटन विकास शाखामार्फत नगरपालिकाबाट अनुगमन (Monitoring by municipality through tourism development branch)

नगरपालिका अन्तर्गत रहने पर्यटन विकास शाखाले नियमित रूपमा वा कम्तीमा वर्षको ४ पटक नगरका पर्यटकीयस्थलहरू र वडाहरूको स्थलगत अनुगमन भ्रमण गरी ती क्षेत्रहरूमा भएका पर्यटन विकासको अवस्थाको अवलोकन गर्ने र आवश्यक सल्लाह, सुझाव समेत दिनेछ। यस्तो अनुगमन भ्रमण गर्दा आवश्यकता अनुसार पूर्वाधार निर्माण एवं पर्यटन सम्बन्धी विज्ञ व्यक्तिको साथमा वडाका अध्यक्ष वा सचिवहरूलाई अनिवार्य सहभागी गराउनु पर्नेछ। त्यस्तैगरी पर्यटन विकास शाखाको पहलमा पर्यटन विकास समितिको प्रत्येक ३ महिनामा बैठक राखी चौमासिक रूपमा नगरको समग्र पर्यटन विकास एवं व्यवस्थापन सम्बन्धी समीक्षात्मक प्रतिवेदन नगरपालिकाको पर्यटन विकास समितिसमक्ष राख्नुपर्नेछ।

### ९.८.४ स्थानीय समितिहरूबाट अनुगमन (Monitoring by local committiees)

पर्यटन विकास तथा व्यवस्थापनका लागि पर्यटन विकास समितिमा उल्लेख गरिए अनुसारका समितिहरू नै अनुगमनकर्ता रहने गरी प्रस्ताव गरिएको छ। जस अनुसार नगरमा गठित पर्यटन विकासस समिति, प्रत्येक वडामा गठित वडा पर्यटन विकास समितिले प्रत्येक ३ महिनामा बैठक बसी प्रगतिको समीक्षा गर्नेछ। पर्यटन विकास कार्यक्रम सञ्चालन गर्दा देखिएका समस्याहरू, अवसरहरूको छलफल गर्न नगर भित्रका तीन क्षेत्रहरू (बूढानीलकण्ठ धार्मिक क्षेत्र, गुम्बा क्षेत्र र शिवपुरी क्षेत्र) का पर्यटन विकास त्रैमासिक प्रतिवेदन प्रस्तुतगरी छलफल गरिनेछ। वडा स्तरको पर्यटन विकास समिति मार्फत पर्यटन विकासका कार्यक्रममा थप परिमार्जन गर्नुपर्ने वा विस्तारगर्नुपरेमा प्रतिवेदन सहितको विवरण चौमासिक रूपमा नगरपालिकामा प्रस्तुत गरी अनुगमन गर्ने संयन्त्रको परिकल्पना गरिएको छ।

## ९.९ पर्यटन गुरुयोजना कार्यान्वयन, परिचालन र मूल्यांकन योजना (Tourism master plan execution, mobilization and inspection plans)

पर्यटन विकास समितिले विभिन्न उपसमिति तथा सम्बद्ध निकायसँग दिगो पर्यटन गुरुयोजनाको परिचालन तथा कार्यन्वयनका लागि काम गरिरहने छ। सुरुवाती चरणमा प्रमुख निकायहरूले अन्य साझेदार निकायहरूसँग सहकार्य गरी पर्यटन गुरुयोजना निर्धारित समय र बजेटभित्र कार्यन्वयनका सम्बन्धमा कार्ययोजना तयार पार्नेछन्। प्रमुख निकायहरूले तयार पारेको कार्ययोजना नै कार्यक्रम परिचालन र मूल्यांकन गर्ने साधन हुनेछ।

पर्यटन गुरुयोजना कार्यान्वयन समितिले आफूले तयार पारेको कार्ययोजनाका आधारमा निर्धारित कार्यक्रमको प्रगति विवरण वार्षिक रूपमा पेस गर्नुपर्नेछ। पर्यटन गुरुयोजना कार्यान्वयन समितिले प्रत्येक कार्यक्रमको समाप्ति पश्चात (प्रत्येक २.५ वर्षमा) कार्यक्रम प्रतिवेदन तयार गरी प्रमुख समिति समक्ष प्रस्तुत गर्नेछन्। यो पुनरावलोकन कार्यले निर्धारित कार्यक्रम निश्चित समय र बजेटभित्र भए नभएको सम्बन्धमा आवश्यक सूचना प्रदान गर्दछ।

नगरमा गठन भएको पर्यटन विकास समितिले पुनरावलोकन गर्न तथा योजनालाई पूर्णता दिनका लागि प्राविधिक सहयोग गर्नेछ।

## तालिका नं.९.६ पर्यटन गुरुयोजनाको परिचालन तथा मूल्यांकन योजना

| परिचालन तथा मूल्यांकनको प्रकृति | समय सीमा | अनुमानित प्रतिफल | उत्तरदायित्व |
|---|---|---|---|
| वार्षिक पुनरावलोकन | पर्यटन गुरुयोजना कार्यान्वयनको प्रत्येक वर्षको समाप्तिमा | कार्यान्वयन चरणको प्रत्येक वर्षको प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्न | पर्यटन विकास समिति आदि |
| पर्यटन गुरुयोजना कार्यान्वयन चक्रको पुनरावलोकन | प्रत्येक कार्यान्वयन चक्रको समाप्तिमा प्रत्येक २.५, ५, ७, १० वर्षमा) | कार्यक्रमको उपलब्धि चुनौती, भइरहेको कार्य र अब हुने कार्यको बारेमा प्रगति विवरण पेस गर्ने | नगरपालिका, पर्यटन विकास समिति आदि |
| अन्तिम मूल्यांकन | पर्यटन गुरुयोजनाको अन्तिम चरणमा | कार्यक्रमको समापनसँगै कार्यक्रमको उपलब्धि, चुनौतीहरू, त्यसबाट सिकेको पाठ र आगामी दिनमा गर्नुपर्ने कार्यको बारेमा प्रतिवेदन पेस गर्ने | नगरपालिका, पर्यटन विकास समिति आदि |

## ९.१० विस.२०८० सम्म अपेक्षित उपलब्धिहरू (Expectations till 2080)

१. नगरको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि भई सहरिया गरिबी न्यूनीकरणमा सहयोग पुग्नेछ।

२. पर्यटन पूर्वाधारको विकासमा सरकारी क्षेत्र, स्थानीय वडा र निजी क्षेत्रको समन्वय, सहभागिता र सहकार्य हुनेछ।

३. पर्यटन व्यवसायबाट प्राप्त लाभ समुदाय क्षेत्रसम्म विस्तार भएको हुनेछ।

४. पर्यटक संख्या र प्रतिपर्यटक खर्चमा वृद्धि, स्थानीयमा रोजगारीको अवसर र विदेशी मुद्रा आर्जनमा उल्लेख्यवृद्धि हुनेछ।

५. करिब ५० भन्दा बढी सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार भएको हुनेछ।

६. विभिन्न पारम्परिक भाषा, धर्म, सांस्कृतिक सम्पदाहरू, उपयुक्त परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचारभई नगरको छवि उच्च हुनेछ।

७. नगरमा आउने सबै पर्यटकहरूको विवरण तयार/अद्यावधिक भई तथ्यांकमा आधारित योजना तर्जुमा, कार्यान्वयन र मासिक, चौमासिक, वार्षिकरूपमा प्रतिवेदन प्रणाली लागु भएको हुनेछ।

८. गुरुयोजना अनुसार पर्यटकस्थलहरूको विकास निर्माण र पर्यटकहरूमा गुस्तरीय सेवाप्रवाह भएको हुनेछ।

९. एग्रोकृषि, पर्यटन एवं उद्योगहरूमा युवाहरूको संलग्नता र युवा रोजगारका अवसरहरूको वृद्धि भएको हुनेछ।

१०. परम्परागत खेलकुदहरूको पहिचान, व्यवस्थित रूपमा सञ्चालन र विकास भएको हुनेछ।

११. नगरमा विद्यमान पर्यटन जनशक्तिको क्षमतामा सुधारआई गुरुयोजनाको उद्देश्य अनुरूप प्रतिफल हासिल गर्न सहयोग पुगेको हुनेछ।

१२. नगरका पर्यटकीय स्थलहरू, खानेपानी सेवा नपुगेका बस्तीमा खानेपानीको पहुँचमा सुधार भएको हुनेछ।

१३. नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा गुरुयोजनाले तयगरेका कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन भएका हुनेछन्।

१४. आदिबासी जनजातिका भाषा र संस्कृतिहरूलाई संरक्षण गरिएको हुनेछ।

१५. नगरमा पर्यटन प्रवर्द्धनकार्यमा निजीक्षेत्र, पर्यटन गाइड, नगरका पर्यटन युनिटका कर्मचारीहरूको मासिक, चौमासिक, वार्षिकरूपमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएको हुनेछ।

१६. नगरमा आउने पर्यटकको प्रतिदिन खर्च कम्तीमा ७० अमेरिकी डलर पुगेको हुने तथा औसत पर्यटक बसाइ अवधि कम्तिमा ३ दिन पुगेको हुनेछ। यो अवधि पर्यटन वर्ष विसं. २०८० सम्ममा हुनेछ।

१७. गुरुयोजनाको सफल कार्यान्वयन भई नगरमा विदेशी पर्यटन आगमन संख्या वार्षिक ५० हजार पुगेको हुनेछ।

१८. बूढानीलकण्ठको हरिहरस्वरूप मूर्तिलाई हेर्न मिल्ने गरी फलामे बारलाई तत्काल हटाइ खुल्ला भएको हुनेछ।

१९. पर्यटन क्षेत्रबाट कम्तीमा नगरमा १० हजार रोजगारी प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सिर्जना भएको हुनेछ ।

२०. नगरमा स्वदेशी पर्यटन आगमन संख्या वार्षिक एक लाख पचास हजार पुग्नेछन्।

२१. बूढानीलकण्ठ मन्दिरलाई (एउटै सिलाबाट निर्मित भगवान् विष्णुको मूर्ति) विश्वमा कहीँ नभएकाले विश्वसम्पदा सूचीमा गुरुयोजना अवधिको समयमा सूचीकृत भएको हुनेछ।

२२. शिवपुरी नागाजुर्न राष्ट्रिय निकुञ्जमा पर्ने पूर्वाधारहरूको कार्य निकुञ्जसँग सहकार्य, समन्वय गरेर पर्यटन गुरुयोजना कार्यान्वयनमा आएको हुनेछ।

## तालिका नं.९.७ जोखिम र अनिश्चितताको आकलन तथा व्यवस्थापन

बूढानीलकण्ठ नगरपालिकामा पर्यटन गुरुयोजना कार्यान्वयन गर्दा आउन सक्ने जोखिम र अनिश्चितताको आकलन तथा व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम प्रस्टाइएको छ।

<table>
<tr><th>क्र.स.</th><th>मुख्य शीर्षक/आधारस्तम्भहरू</th><th>जोखिम तथा मान्यताहरू<br>(Risks and uncertaintles)</th><th>व्यवस्थापन<br>(Mitigation measures)</th></tr>
<tr><td>१</td><td>ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू</td><td rowspan="6">• शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्र गरिने विकास निर्माण तथा प्रवर्द्धनका कार्यहरू निकुञ्जसँगको समन्वय र सहकार्य हुन नसकेमा निकुञ्जबाट अवरोध आउन सक्ने।<br>• नगरपालिकाले निकुञ्ज केन्द्रित पर्यटन प्रवर्द्धन गर्दा निकुञ्जसँग समन्वय हुन नसकेमा लक्ष्य प्राप्तिमा अवरोध आउन सक्ने।<br>• संघ, प्रदेश र नगरपालिका बीच प्राकृतिक स्रोत माथिको अधिकार बाँडफाँडलाई लिएर मतभिन्नता भई पर्यटन गुरुयोजनाका कार्यक्रमहरू कार्यान्वयनमा समस्या पर्न सक्ने।<br>• पर्यटन पुर्वाधार निर्माण गर्न ठुलो लगानी जुटाउन गाह्रो हुने भएकाले विकास गर्न लामो समय लाग्न सक्ने।<br>• नगरपालिकाले समयमै ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू नबनाएमा पर्यटन गुरुयोजना कार्यान्वयनमा अवरोध हुन सक्ने।</td><td rowspan="6">• शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग समन्वय।<br>• संघ, प्रदेश र नगरपालिका बीच समस्याहरूको सम्भाव्य प्रतिकूल अवस्था बारे नगरक्षेत्रका सांसदहरूलाई सुमधुर सम्बन्ध कायम गर्न र पूर्वजानकारी सहित जिम्मेवार बनाउने।<br>• शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र गरिने विकास निर्माण तथा प्रवर्द्धनका कार्यमा निकुञ्जलाई नै बढी जिम्मेवार बनाउने।<br>• स्थानीय स्तरका समुदायलाई 'संघे शक्ति कलौ युगे' बोध गराई बढी सशक्त र जिम्मेवार बनाउँदै लाने।</td></tr>
<tr><td>२</td><td>प्राकृतिक, जैविक विविधता, पर्यटकीय स्थलहरूको सम्भाव्यता, अध्ययन–अनुसन्धान</td></tr>
<tr><td>३</td><td>पर्यटन जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता</td></tr>
<tr><td>४</td><td>पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ</td></tr>
<tr><td>५</td><td>प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण तथा ब्रान्डिङ</td></tr>
<tr><td>६</td><td>कानुन, सुरक्षा र संस्थागत सुधार</td></tr>
</table>

## ९.११ बूढानीलकण्ठ मन्दिर, नगरपालिका, प्रदेश सरकार र संघीय सरकारस्तरीय सुझावहरू (Budhanilkantha temple, municipality, provincial government and federal governmental suggestions)

## ९.११.१ बूढानीलकण्ठ मन्दिरमा पर्यटन प्रवर्द्धनका लागि सुझाव (Budhanilkantha temple protection promotion related suggestions)

१. मूर्ति छोप्नका लागि नभई दर्शनका लागि हुने र बूढानीलकण्ठ सजिलै लैजान सक्ने स्वरूपमा नभएकाले फलामे बारले घेर्न आवश्यक नभएको ।
२. सजिलै हेर्न मिल्ने गरी सांकेतिक बार मात्र लगाउन सकिने ।
३. हेर्न बनाइएको मूर्ति अनावश्यक रूपमा छोप्न नहुने, शिर खुलै राख्नुपर्ने, मूर्तिको भुइँको सतह पूर्ण रूपमा देखाउनु पर्ने ।
४. पर्चा सामग्रीमा देवविशेष नभनेर स्रष्टा उल्लेख गर्नुपर्ने जसले सबै धर्मावलम्बीले अपनत्व लिन पाऊन् ।
५. पानी सफा बनाउन पानीको स्रोत र निकास व्यवस्थापन, फर्पिङमा जस्तै यहाँ अनुकूलन हुने माछा राख्नुपर्ने ।
६. आधुनिक टायल प्रयोग नगर्ने, आवश्यक ठाउँमा मात्र ढुंगा छाप्नुपर्ने ।
७. मूर्ति अवलोकन स्थलको चारैतिर व्यवस्थित रूपमा काठका आरामी बेच्च राख्नुपर्ने ।
८. चिया, खाजा पसल व्यवस्थित बनाउने, १-२ डलरभन्दा बढी नपर्ने साना र सस्ता मूर्ति बिक्रीमा राख्नुपर्ने ।
९. पर्याप्त सुविधा युक्त शौचालयको व्यवस्थापन ।
१०. पर्याप्त सरसफाइको व्यवस्थापन मिलाउनुपर्ने ।
११. बूढानीलकण्ठ नगरपालिकाका पर्यटकीय स्थलबारे जानकारी दिने ब्रोसर छपाइ पर्यटक पुलिस लगायत अन्य सम्बन्धित संस्थाहरूमा उपलब्ध गराउनुपर्ने ।
१२. मगन्तेलाई मन्दिर वरपरबाट हटाई अन्यत्र व्यवस्थापन गर्नुपर्ने ।

## ९.११.२ नगरपालिकास्तरीय सुझावहरू (Municipality level suggestions)

१. बूढानीलकण्ठ क्षेत्र विकास समितिलाई स्थानीय सरकार मातहत ल्याई नगरपालिकाले यसको परम्परागत नामलाई (**बूढानीलकण्ठ विकास समिति**) बनाउने ।
२. बूढानीलकण्ठ मन्दिरको गुरुयोजना निर्माण गरी प्राचीन शैलीमा विकास गर्ने ।
३. बूढानीलकण्ठ मन्दिर आसपासमा अधिकरण भएका जग्गा मन्दिरको नाममा ल्याउनुपर्ने ।
४. बूढानीलकण्ठ नगरपालिकाले गोकर्णेश्वर र टोखा नगरपालिका एवं शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग समन्वय गरी पर्यटक भित्राउन पहल गर्नुपर्ने ।
५. पर्यटकले ल्याएका मालसामानहरू खरिद बिक्रीमा प्रतिबन्ध लगाउनुपर्ने ।
६. पर्यटन पूर्वाधारको विकास गर्दा समग्र समुदायलाई लाभ पुग्ने गरी स्थानीय व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्नेतर्फ जोड दिनुपर्ने ।
७. नगरपालिकाभित्र पर्ने सबै गुम्बाहरूलाई नियमन र प्रवर्द्धन गर्ने गुम्बा विकास समितिलाई नगरपालिका मातहत ल्याउनुपर्ने ।
८. बूनपा वडा नं. ३ मा रहेको (देउवा चोक) को नाम पञ्चकन्या मार्ग वा पञ्चकन्या चोक राख्नुपर्ने ।
९. शिवपुरी चुचुरोमा काठको भ्युटावर बनाउनुपर्ने ।
१०. वार्षिक ५० हजार राशिको पर्यटन पत्रकारिता पुरस्कार स्थापना गर्नुपर्ने ।
११. नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न कलाकार (ख्यातिप्राप्त व्याक्तिलाई) सदभावना दूत नियुक्त गर्नुपर्ने ।
१२. नगरमा रहेका विद्यालयहरूमा पर्यटनसम्बन्धी अध्ययन अध्यापन कार्य तत्काल गर्नुपर्ने ।
१३. बूढानीलकण्ठ विद्यालयको जग्गामा अन्तर्राष्ट्रिय स्तरको इको पार्क निर्माण गर्नुपर्ने ।
१४. बूढानीलकण्ठ मन्दिरको विषयमा अध्ययन गर्न चाहनेहरूका लागि पर्याप्त प्रामाणिक विवरणसहितका पुस्तक

तथा मन्दिरको परिचय झल्कने साहित्य उपलब्ध गराउनुपर्ने ।

१५. मन्दिरसँग जोडिएको क्षेत्रमा भएको खाली जग्गालाई संरक्षण गरेर रमणीय पार्क बनाउने ।

१६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र नगरपालिका भित्र रहेका पदमार्गहरूमा सिमेन्टरहित ढुङ्गाको मात्र प्रयोग गर्नुपर्ने ।

१७. बूढानीलकण्ठ नगरपालिकामा नेपालको सबैभन्दा धेरै गुम्बाहरू भएकाले बौद्ध शिक्षाको उपयुक्त गन्तव्यका रूपमा विकास गर्ने ।

१८. नगरमा हुने सबै प्रकारका मेला, जात्रा, पर्वको प्रचार प्रसार र सुरक्षाको भरपर्दो व्यवस्था गरी पर्यटकहरूलाई हेर्न प्रोत्साहित गर्नुपर्ने ।

१९. नगरका मुख्य पर्यटकीय स्थलहरूको लोकेसन म्याप, आकर्षण, महत्व, देशका विभिन्न विमानस्थल, मुख्य सहरका विभिन्न स्थान, पशुपतिनाथ मन्दिर आसपास, लुम्बिनी, पोखरा, जानकी मन्दिर, पर्यटक प्रहरी कार्यालयमा राख्ने व्यवस्था मिलाउनुपर्ने ।

२०. नगरपालिकामा भएका सबै गढी क्षेत्रलाई संरक्षणको व्यवस्था मिलाउने ।

२१. नगरपालिकामा भएका पर्यटकीय सम्पदाहरूसँग जोडिएका जीर्ण संरचनाहरूले सौन्दर्य बिगारेकाले त्यस्ता संरचना तत्काल हटाउने व्यवस्था मिलाउने ।

२२. नगरका पर्यटकीय पूर्वाधारहरूको विकास एवं प्रवर्द्धन गर्ने कार्यमा (p4 Modle) विधिबाट गर्ने ।

२३. बूढानीलकण्ठ मन्दिर, धोबीखोला लगायत अन्य पर्यटकीय सम्पदाहरूको प्रत्येक शनिबार नगरप्रमुखको नेतृत्वमा स्थानीय समुदाय, सरकारी, संघसंस्था, सुरक्षा निकायसमेतको सहभागितामा सरसफाइ अभियान थालनी गर्ने ।

२४. नगरका पर्यटकीय सम्पदाहरूमा पर्यटनमैत्री स्मार्ट शौचालय र शुद्ध खानेपानीको तत्काल व्यवस्थापन गर्ने ।

२५. बूढानीलकण्ठ मन्दिरमा आउने (स्वदेशी र भारतीय बाहेक) विदेशी पर्यटकबाट मात्र पर्यटन शुल्क लिने कार्य तत्काल थालनी गर्नुपर्ने ।

२६. वैकल्पिक पदमार्गको खोजी तथा विकास गर्ने ।

२७. स्थानीय रूपमा निजी व्यवसाय तथा समुदायलाई पर्यटकीय पूर्वाधार निर्माणमा सरिक गराउने ।

२८. बूढानिलकण्ठ नगरका पर्यटकीय सम्पदाहरू यसका अवसरहरू र भए गरेका प्रचलनबारे सचेतना बढाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्ने ।

२९. पर्यटनबाट आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणमा पारेका असरहरूको अनुगमन गर्ने ।

३०. पर्यापर्यटन विकास कार्यक्रम स्थानीय समुदायलाई लाभ पुग्ने गरी गरिबमुखी गतिविधिमा जोड दिनुपर्ने ।

३१. पर्यटकीय सेवा र सुविधालाई विविधीकरण गरिनुपर्ने ।

३२. पर्यटनमा सम्बद्ध स्थानीय व्यक्तिहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने ।

३३. पर्यटन सेवा सुविधाको गुणस्तरमा सुधार गर्नुपर्ने ।

३४. पर्यटनसम्बन्धी जानकारी एवं सूचना सम्प्रेषणमा सुधार गर्नुपर्ने ।

३५. शिवपुरी क्षेत्रको पदयात्रामा जानका लागि सुरक्षित संयन्त्रको विकास र विश्वसनीय वातावरण बनाउनुपर्ने ।

३६. नगरका सम्पूर्ण वडाहरूको संलग्नतामा समन्वयात्मक ढंगबाट पर्यटन पूर्वाधारको विकास गर्ने ।

३७. युवा, महिला तथा पिछडिएका सीमान्तकृत बासिन्दाहरूलाई लक्षित गरी पर्यटकीय कार्यक्रम सञ्चालन गर्ने ।

३८. गरिब तथा विपन्न वर्गलाई लक्षित गरी प्राकृतिक तथा सांस्कृतिक स्रोत संरक्षणको माध्यमद्वारा पर्यटन क्षेत्रबाट आम्दानीको अवसर बढाउने ।

३९. बूढानीलकण्ठ पर्यटकीय सम्पदाहरूको प्रवर्द्धन गर्न प्राथमिकतापूर्वक ध्यानकेन्द्रित गर्ने र सम्पूर्ण पर्यटकीय सम्पदालाई बजारसँग आबद्ध गर्न आवश्यक व्यवस्थापन गर्ने ।

४०. पर्यटनसँग सम्बद्ध व्यवसायी संस्थाहरूको स्थापना र त्यस्ता संस्थाहरूको देशका अन्य पर्यटन बजारका संस्थाहरू बीचको सम्बन्ध सुदृढ गर्ने ।

४१. प्राकृतिक र सांस्कृतिक वातावरण बीच सुमधुर सन्तुलन कायम राखी पर्यटकीय सम्पदाहरूमा अवसरको विविधीकरण गर्ने ।

४२. पूर्वाधारहरूको विकास गर्दा सम्पूर्ण सरकारी र विषयगत कार्यालयहरूको दोहोरोपनालाई न्यूनीकरण गरी पारस्पारिक फाइदा अभिवृद्धि हुने गरी समन्वय गर्नुपर्ने ।

४३. स्थानीय तहका संघसंस्थाहरूको सञ्जाल बनाई उद्यमशीलता विकासमा जोड दिने ।

४४. पर्यटन विकास र प्रवर्द्धनका लागि अनुभवहरू आदानप्रदान गर्न अन्तरक्रिया गर्ने असल व्यवहारयुक्त संस्कृतिको विकास गर्ने ।

४५. नगरको आफ्नो पर्यटन नीति, कार्यविधि तत्काल बनाउनुपर्ने ।

## ९.११.३ प्रदेश सरकारस्तरीय सुझावहरू (Province level suggestions)

कुनै पनि उद्देश्य प्राप्तिलाई अल्प तथा दीर्घकालीन समय अवधिसँग संलग्न गराई प्राथमिकताको आधारमा सञ्चालन गर्ने गरी कार्यक्रम बनाउनु गुरुयोजनाको मुख्य कार्य हो । साधनको उपलब्धता विभिन्न प्रदेशमा फरक फरक हुने हुनाले विकास कार्यहरूले प्रादेशिक अर्थ व्यवस्थामा महत्त्वपूर्ण परिवर्तन ल्याउँछ । तसर्थ गतिशील विकासका लागि अपनाइने कुनै पनि विकास रणनीति (Devlopment Strategy) मा प्रादेशिक आधार (Spatal dimension) कोमहत्वपूर्ण भूमिका रहन्छ ।

१. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज बूढानीलकण्ठ नगरपालिका भित्र पर्ने क्षेत्रको पर्यटकबाट उठ्ने राजस्व नगरपालिकामा आउने ब्यावस्था गर्नुपर्ने ।

२. बूढानीलकण्ठ मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्नुपर्ने ।

३. पर्यटकीय आयोजनाहरू बीच असन्तुलन हटाउने ।

४. अन्तर-पालिका असमानता विवाद घटाउने ।

५. नगरपालिका भित्रपर्ने सबै प्रकारका गुम्बाहरूलाई नियमन र प्रवर्द्धन गर्न नगरपालिकामा गुम्बा विकास समिति गठन) गर्नुपर्ने ।

६. नगरभित्रका गुम्बाहरूलाई पालिका मातहतमा ल्याउन पहल गर्नुपर्ने ।

## ९.११.४ संघीय सरकारस्तरीय सुझावहरू (Federal government level suggestions)

१. बूढानीलकण्ठ मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्ने ।

२. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको बूढानीलकण्ठ नगरपालिकाभित्र पर्ने क्षेत्रको पर्यटकबाट उठ्ने राजस्वको अंश नगरपालिकामा आउने व्यवस्था गर्नुपर्ने ।

३. नगरपालिका भित्रपर्ने सबै प्रकारका गुम्बाहरूलाई नियमन र प्रवर्द्धन गर्न नगरपालिकामा गुम्बा विकास समिति गठन) गर्नुपर्ने ।

४. नगरभित्रका गुम्बाहरूलाई पालिका मातहतमा ल्याउन पहल गर्नुपर्ने ।

# उपसम्वार १

## तर्कयुक्त ढाँचा (Logical Frame work)

तर्कयुक्त ढाँचा एउटा साधन हो । जसले पर्यटन गुरुयोजना चक्रमा योजनाको डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनलाई सुदृढ बनाउन सहयोग गर्दछ । आयोजना के ले र कसरी पुरा हुन्छ भन्ने विस्तृत जानकारी दिन्छ भने अनुसन्धानकर्ताले कसरी आयोजना पुरा भएको छ भनी थाहा पाउँदछ ।

| विवरणको सार ांश (Narrative Summary) | मापन योग्य सूचकहरू ⁄ नतिजा (Objectively Verifiable Indicators) | प्रमाणित गरिने माध्यम (Means of Verification) | जोखिम तथा मान्यताहरू (Risks and Assumptions) |
|---|---|---|---|
| लक्ष्य (Goal) बूढानीलकण्ठ नगरपालिकाका धार्मिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक र ऐतिहासिकसम्पदाहरूको संरक्षण, पवर्द्धनका साथै पर्यटन पूर्वाधारहरू विकास गरी नगरवासिको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ । | | | |
| उद्देश्य (Purpose) | बूढानीलकण्ठ नगरपालिकालाई पर्यटन गन्तब्यको प्रमुख स्थलका रुपमा विकास र प्रवर्द्धन गरिनेछ । | | |
| प्रतिफल (Output) | नगरमा आवश्यक पर्यटन पूर्वाधारहरू निर्माण भएका हुनेछ्न । बूढानीलकण्ठ मान्दिर, शिवपुरी, वाग्द्वार यस नगरका प्रसिद्ध धाम हुन् । नागी र कपन गुम्बा, पञ्चकन्या मन्दिर, धर्मपुर मन्दिर जस्ता धरो हरहरूको यथोचित व्यवस्थापन र संरक्षण भएको हुनेछ । पुराना नेवार बस्तीमा मौलिक रीतिरिवाज, पर म्परा र सांस्कृतिक धरोहरहरूको संर क्षण । | नगरपालिका, पर्यटन विकास समिति, पर्यटन प्रवर्द्धन संस्था निर्माण समिति गठन भएको, निर्णय पुस्तिका, फोटा, भिडियो क्लिप, परियोजनाको विस्तृत सूचना पाटी, पूर्वाधार निर्माण भएका हुनेछन् । संग्रहालय निर्माण गर्न समिति गठन भएको, स्थान निर्धारण, निर्णय पुस्तिका, भवन निर्माण, संस्कृति झल्कने सामाग्री भएका, स्थलगत अध्ययन अवलोकन, प्रतिबेदन आदि | पर्यटकीय गन्तब्यको रुपमा नगर परिचित हुनेछ ।शिवपुरी नागार्जुन र ाष्ट्रिय निकुञ्ज भित्र गरिने विकास निर्माण तथा प्रवर्द्धनका कार्यहरू निकुञ्जसँगको समन्वय र सहकार्य हुन नसके मा निकुञ्जबाट अवरोध आउन सक्ने । |
| • क्रियाकलाप (Activities÷Input) आधारस्तम्भहरू : ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरू :<br>• बूढानीलकण्ठ मन्दिरको गुरुयोजना सहित पुरातात्विक तवरबाट प्रवर्द्धन गर्न योजना बनाउने । (इन्जिनियरिङ्ग आर्किटक्चर, डिपिआर, नक्सा आदि)<br>• वागद्वार संरक्षण गर्ने ।<br>• विष्णुमतीको उत्पत्ति स्थल विष्णुपादुका क्षेत्रको आसपासमा निकुञ्ज, चिसेनी सामुदायिक वन क्षेत्रमा पार्कको डिपिआर तयार गरी तीन वर्षभित्रमा पर्यटकीय क्षेत्रको गन्तव्य स्थलका रुपमा विकास गर्ने ।<br>• संस्कृति संरक्षण सग्रहालय निर्माण : लाखे नाच, रोपाइँ जात्रा, रथयात्रा, कृष्ण जन्माष्टमी जात्रा, इन्द्रजात्रा, भिन्तुना, नौ लिङ्गेश्वरी, भद्रकाली जात्रा, नवरात्र जात्रा (नौरथा), चण्डी पूर्णिमा, बुद्ध जयन्ती, बाजागाजा र वेशभूषा, बाँसुरी, झ्याली, धिमे,सनई, नायखी, ढाँचा, दायाखल संरक्षण गर्ने, माधवनारायण कलश जात्रा प्रवर्द्धन गर्ने वडा नं.१३ (भवन निर्माण सहित) आदि | | | |
| उद्देश्य (Purpose) | नगरमा रहेका धार्मिक, सांस्कतिक, प्राकृतिक सम्पदाहरूको सम्भाव्यता, अध्ययन–अनुसन्धान सम्बन्धी कार्य गरिनेछ । | | |

| | | | |
|---|---|---|---|
| प्रतिफल **९इगतउगत०** | नगरमा रहेका विभिन्न स्थानहरूमा धार्मिक, सांस्कृतिक, प्राकृतिक, खेल पर्यटन, साहसिक पर्यटन, कृषि पर्यटन आदिको सम्भाव्यता, अध्ययन– अनुसन्धान भइ त्यस क्षेत्रहरूमा पूर्वाधार विकास भएको हुनेछ। | विभिन्न सम्भावित स्थानहरूको संख्या, पर्यटन पूर्वाधार मा लगानी दर, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, पर्यटन विकास समिति, पर्यटन प्रवर्द्धन संस्था, अध्ययन प्रतिवेदन, फिल्ड अध्ययन गरेको फोटो, भिडियो क्लिप, स्थलगत अध्ययन अवलोकन, प्रतिबेदन आदि | पर्यटनमा निजी क्षेत्र आकर्षित भएको हुनेछ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्र गरिने सम्भाव्यता, अध्ययन– अनुसन्धान विकास निर्माण तथा प्रवर्द्धनका कार्यहरू निकुञ्जसँगको समन्वय र सहकार्य हुन नसकेमा निकुञ्जबाट अवरोध आउन सक्ने । |
| क्रियाकलाप **(Activities/Input)** आधारस्तम्भहरू : प्राकृतिक, जैविक विविधता, पर्यटकीय स्थलहरूको सम्भाव्यता, अध्ययन–अनुसन्धान : टोड्के बाबाले वाग्द्वारलाइ तपस्या स्थल छनोट गर्नुको कारण बारे अध्ययन गर्ने ।चपली देखि शिवपुरी चुचुरो केवलकार सम्भाव्यता अध्ययन गर्ने (**IEE/EIA**) र कार्यान्वियन गर्ने । विष्णुपादुका, पञ्चकुमारीको माइती थान, निखिलेश्वर मन्दिर र लाखे पोखरी प्रत्येकको अध्ययन– अनुसन्धान सहित बृहत गुरुयोजना बनाउने आदि | | | |
| लक्ष्य **(Goal)** पर्यटन क्षेत्रबाट कम्तीमा १० हजार परिवारले प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारी तथा आर्थिक अवसरहरू प्राप्त गर्ने । | | | |
| उद्देश्य **(Purpose)** | पर्यटन क्षेत्रबाट रोजगारीको अवसर, आय आर्जन, जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता जस्ता योजनाहरूलाई वडा, समुदाय सम्म विस्तार गरिनेछ। | | |
| प्रतिफल **(Output)** | नगरमा पर्यटन जनशक्ति उत्पादन भइ पर्यटन व्यवसाय प्रवर्द्धन भएको हुनेछ।<br>बैदेशिक रोजगारीमा जाने युवा जनशक्तिमा कमि आउनेछ। | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT), बूनपा, शिक्षा कार्यालय, शिक्षण संस्थाहरू। सरोकारवालाहरूसँग नगरस्तरीय बृहत छलफल मार्फत नैतिक शिक्षाको आवश्यकता गराउने। पाठयक्रम तयार पारी लागु गर्ने । स्थलगत अध्ययन अवलोकन, प्रतिबेदन आदि | नगरमा पर्याप्त दक्ष जनशक्ति नभएमा। विभिन्न सरकारी गैह्रसरकारी संघसस्थाहरूसँग समन्वय हुन नसकेमा। तालिम लगाएत अन्य उद्यमसिलता कार्यहरू सोचे अनुरुप कार्यन्वयन हुने बातावरण नभएमा आदि |
| क्रियाकलाप **(Activities/Input)** जनशक्ति तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता : नगर, वडा तथा समुदाय स्तरका विभिन्न संस्था र उद्यमी व्यक्ति गरी ४ वर्षमा १२० जनालाई पर्यटन व्यवसाय सम्बन्धी ७ दिने (**ToT**) क्षमता अभिवृद्धिका साथै हेन्डिक्राफ्टका समग्रीहरू निर्माण गर्ने तालिम प्रदान गर्ने। स्थानीय जनशक्ती उत्पादन गर्न होटेल सत्कार सेवा तालिम (**Hospitality Training**) सन्चालन गरिनेछ। (वार्षिक १०० जना) | | | |
| उद्देश्य **(Purpose)** | पर्यटकीय पूर्वाधार निर्माण एवं क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइनेछ । | | |

| | | | |
|---|---|---|---|
| प्रतिफल **९इगतउगत०** | नगरमा रहेका पर्यटकीय पूर्वाधार हरूको विकास भएको हुनेछ। | बैठकको उपस्थिति, निर्णय र कार्ययोजना तयारी, विभिन्न समिति तथा उपसमिति गठन भएका हुनेछन। वार्षिक नगर विकास योजनामा समावेश भएको, बजेटको सुनिश्चितता, नगरमा सडक समन्वय कार्यदल बनाउने, बोलपत्र आब्हान गर्ने, बैठक नियमितरूपमा गरी शिव-विष्णु पथ निर्माणमा तदारुकता ल्याउने नगरले विबाद समाधानमा सक्रिय भूमिका निर्बाह गर्ने | पर्यटन पुर्वाधार निर्माण गर्न ठुलो लगानी जुटाउन गाह्रो हुने भएकाले विकास गर्न लामो समय लाग्न सक्ने। शिवपुरी नागार्जुन र ाष्ट्रिय निकुञ्ज भित्र गरिने विकास निर्माण तथा प्रवर्द्धनका कार्यहरू निकुञ्जसँगको समन्वय र सहकार्य हुन नसके मा निकुञ्जबाट अवरोध आउन सक्ने। |
| क्रियाकलाप **(Activities/Input)** पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाइ : पशुपतिनाथ - वौद्ध- कपन गुम्वा -नौलीन मन्दिर हुदै बूढानीलकण्ठ सिधा जोडने शिव- विष्णु पथ निर्माण गर्ने। (अध्ययन सहित) बूढानीलकण्ठ विद्यालयको उपयुक्त स्थानमा हरिहर स्वरुपको मूर्ति सहितको मौलिकता झल्कने २ वटा धर्मशाला भवन निर्माण गर्ने, इकोपार्कको डिपिआर तयार गरी पाँच वर्षमा पूरा गर्ने लक्ष्यसहित कार्य सुरु गर्ने नगरपालिका भित्र सम्भावित स्थान छनोट गरी साइकिलिङ ट्र्याक निर्माण गर्ने। | | | |

| | | | |
|---|---|---|---|
| लक्ष्य **(Goal)** बूढानीलकण्ठ पर्यटन वर्ष वि.सं.२०८० मा करिब १० लाख आन्तरिक र वाह्य पर्यटक नगरमा भित्र्याउने। | | | |
| उद्देश्य **(Purpose)** | नगरमा रहेका पर्यटकीय सम्पदा स्थलहरूको प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण तथा ब्रान्डिङ गर्दै लगिनेछ। | | |
| प्रतिफल **(Output)** | विभिन्न प्रचारप्रसारको माध्यमद्धारा नगरमा पर्यटकीय गन्तब्यको रुपमा परिणत भएको हुनेछ। पर्यटक सूचना केन्द्रको स्थापना भइ नगरमा पर्यटकीय तथ्याङक संकलन भएको हुनेछ। पर ामर्शदाताबाट बनाइएको पर्यटन नीति, सबै कार्यविधिका प्रति। बैठकको निर्णय, कार्ययोजना स्विकृत भएको प्रतिलिपि। वेबपेज निर्माण भएको हुनेछ। फेसबुक पेज भई कार्यान्वयन भएको हुनेछ। नगर मा भएका मुख्य पर्यटकीय स्थलहरूमा फ्रिवाइफाइ भएको हुनेछ र पर्यटकहरूले प्रयोग गरेका हुनेछन। | पर्यटक सूचना केन्द्र निर्माण। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार नगरपालिका कार्यालय परामर्श र समन्वय गरेको निर्णय पुस्तिका, महिमागान बजेको हुनेछ। सबैले देख्ने गरी डिजिटल बोर्ड राखिएको हुनेछ। | कानुन, सुरक्षा र संस्थागत विकासमा सुधार भएको। नगरपालिकाले समयमै ऐन, नियम, कार्यविधि तथा निर्दे शिकाहरू नबनाएमा पर्यटन गुरुयोजना कार्यान्वयनमा अवरोध हुन सक्ने। नगर पालिकाले निकुञ्ज के न्द्रित पर्यटन प्रर्वद्धन गर्दा निकुञ्जसँग समन्वय हुन नसकेमा लक्ष्य प्राप्तिमा अवरोध आउन सक्ने। |
| क्रियाकलाप **(Activities/Input)** प्रचारप्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण तथा ब्रान्डिङ, कानुन, सुरक्षा र संस्थागत विकास : नगरपालिकामा एक पर्यटक सूचना केन्द्र स्थापना गरी एक जना अधिकृत स्तरको कर्मचारी व्यवस्थापन गर्ने। (सूचना अधिकारी समेत रहने गरी) नगरमा सञ्चालनमा आएका सम्पूर्ण सार्वजनिक यातायातका सवारी साधनमा एक युनिक कलरको विकास गर्ने र साइडमा नगरको ब्रान्ड झल्कने तस्बिर राख्ने, नगरका मुख्य सडकमा रहेका घरहरूले समेत घरको मुखाकृतिमा सोही अनुसार रंगरोगन गर्ने। कार्यपालिकाबाट पर्यटन गुरुयोजना स्वीकृत गरी कार्यविधि बनाई यही आव २०७५/२०७६ बाट लागु गर्ने। पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेका योजनाहरूलाई वार्षिक नगर सभामा समावेश गर्दै लैजाने। | | | |

## सन्दर्भ सामग्रीहरू


नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाडौँ

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँ

प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं.३, हेटौंडा, मकवानपुर, नेपाल

राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

पर्यटन विभाग भृकुटीमण्डप, काठमाडौँ

पुरातत्व विभाग, काठमाडौँ

नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप, काठमाडौँ

डिभिजन वन कार्यालय काठमाडौँ

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पानीमुहान, बूढानीलकण्ठ, काठमाडौँ

जिल्ला समन्वय समिति मुस्ताङ

जिल्ला समन्वय समिति दोलखा

जिल्ला समन्वय समिति ललितपुर

जिल्ला समन्वय समिति काठमाडौँ

जिल्ला समन्वय समिति इलाम

बूढानीलकण्ठ नगरपालिकाको कार्यालय, गोल्फुटार काठमाडौँ

Tourism statistics 2017 – Punlished by Nepal Tourism Board

नेपालको संविधान २०७२

पर्यटन नीति २०६५, प्रकाशक नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं

स्थानीय सरकार सञ्चालन ऐन २०७४

प्रथम पञ्चवर्षीय योजनादेखि त्रिवर्षीय अन्तरिम योजना (२०६७/०६८–२०६९/२०७०),
राष्ट्रिय योजना आयोग, नेपाल

नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५

चुरे -तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना

पर्यटन, विकास र नेपाल, उद्धव पुरी

पर्यटन दिग्दर्शन, गणेश दाहाल

स्कन्ध पुराण हिमवत् खण्ड नेपाल महात्म्य

पर्यटन र यात्रा व्यवस्थापन, उद्धव पुरी (Travel and tourism management)

बूढानीलकण्ठ एक परिचय, बूढानीलकण्ठ क्षेत्र विकास समिति

बूढानीलकण्ठ आसपासका देव-देवीस्थान र योगी-तपस्वीहरूको परिचय, नरप्रसाद धिताल, बूढानीलकण्ठ सेवक

www.hamrobudhanilkantha.com, www.hindukhabar.com

अनुसूची १

# शब्दावली तथा परिभाषा

| शब्दावली | परिभाषा |
|---|---|
| पर्यटन गुरुयोजना | पर्यटनको विकास, प्रवर्द्धन, बजारीकरण, व्यावस्थापन अनुगमनगरी पर्यटनको क्षेत्रमा देखिएका समस्याहरूको पहिचान र समाधान गर्ने संस्थागत ढाँचा प्रदान गर्ने एक वृहत्तर दिगो रणनीतिक योजना |
| पर्यटक | विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल आउने गैर नेपाली नागरिक। |
| नेपाली पर्यटक | नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक। |
| ट्राभल एजेन्सी | पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरूमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी। |
| ट्रेकिङ्ग एजेन्सी | पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ। |
| पदयात्रा | विविध प्राकृतिक वा सांस्कृतिक दृश्यावलोकन गर्न आधुनिक सवारीका साधन उपलब्ध नहुने ठाउँमा पर्यटकद्वारा गरिने पैदल भ्रमण। |
| साईकलिङ्गल पर्यटन | साईकललाई फुर्सदको सदुपयोग तथा यातायातको साधनको रुपमा प्रयोग गर्दा सामाजिकस्तरमा हाशिल हुने बहुआयामिक फाइदाबारे व्यापक सचेतना बढाउने उद्धेश्यले गत अप्रिल १२, २०१८ का दिन १९३ सदस्य राष्ट्रको सहमतिमा संयुक्त राष्टसंघ महासभाको ७२ औं नियमित सेसनले हरेक वर्ष जुन ३ तारिखलाई 'विश्व साईकल दिवस' को रुपमा मनाउने घोषणा गरेको छ। त्यसैगरि साइकलले खेलकुद तथा असल प्रतिस्पर्धा प्रबर्धन गराउन मद्दत गर्छ। मानिसलाई रचनात्मक बनाउन सक्छ भने सामाजिक सम्बन्ध बिस्तारमा पनि प्रभावकारी योगदान गर्न सक्छ। |
| होमस्टे | पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ। |
| साहसिक पर्यटन | जल, स्थल र वायुमा आधारित मनोञ्जनात्मक खेल। |
| पथप्रदर्शक | पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनको लागि काम गर्ने व्यक्ति। |
| पर्यटन व्यवसाय | पर्यटकहरूलाई कुनैपनि स्थानमा पूर्ण वा आंशिकरुपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एंव मनोरञ्जनात्मक सेवा पुऱ्याउने र सो वापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार |
| कृषि पर्यटन | पर्यटकहरूलाई कृषि जिल्लामा लगी प्राङ्गारिक उत्पादनहरू किन्न, अवलोकन घुम्न फलफूल टिप्न हेर्न र फिल्डमा मनोरञ्जन गर्न मद्दत गर्ने क्रियाकलापलाई कृषि पर्यटन। |
| मनोरञ्जन पर्यटन | व्यस्त र थकित जीवनबाट छुककरापाई आनन्दपूर्वक रमाउने उद्देश्यले कुनै धार्मिक सांस्कृतिक र प्राकृतिक क्षेत्रहरूको भ्रमण सम्बन्धी व्यवस्था |
| खेलकुद पर्यटन | पर्यटन क्षेत्रलाई विकास सघाउने राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिता हुने र धेरै भन्दा धेरै दर्शकहरू पुऱ्याउने |
| स्वास्थ्य पर्यटन | स्वास्थ्य उपचार तथा स्वास्थ्य अनुकूल क्रियाकलाप योग, ध्यान, विपश्याना गर्ने उद्देश्यले गरिने जसले पर्यटन क्षेत्रमा ठुलो सहयोग पुऱ्याउने। |
| पर्यापर्यटन | वातावरणको संरक्षणगरी वनजंगल वन्यजन्तु जीव र वनस्पतिहरू अवलोकन गर्ने उद्देश्य र स्थानीय नागरिकको जीवनस्तर सुधार गर्ने पर्यटन क्रियाकलाप। |
| अतिथि सत्कार | पाहुनाहरूलाई राम्रो सेवा सुविधा उपलब्ध गराई उनीहरूलाई आफ्नो घर आँगनको जस्तो अनुमति दिलाउने कार्य |
| साँस्कृतिक पर्यटन | जीवित परम्परा, जीवित स्थल, कला संस्कृतिहरूको पहिचान र खोजीगरी |

| | |
|---|---|
| वन्यजन्तु पर्यटन | वन्यजन्तुहरूलाई उनीहरूको आफ्नै बासस्थानमा गई हेर्ने क्रियाकलाप साथै पर्यापर्यटन र दिगो पर्यटनसँग सम्बन्धित । |
| ग्रामीण पर्यटन | ग्रामीण जीवनशैलीमा सक्रियरुपमा भाग लिने पर्यटन सम्बन्धी गतिविधि |
| शहरिया पर्यटन | शहरी क्षेत्रमा ऐतिहासिक, धार्मिक, प्राकृतिक संग्रहालय, उद्यानहरूमा गरिने भ्रमण |
| पर्यटन उद्योग | पर्यटन व्यावसायसँग सम्बन्धित उत्पादन गर्ने उद्योग |
| सम्पदा पर्यटन | विश्व सम्पदा सूचीमा  परेका वा नपरेका त्यस्ता सम्पदा स्थलहरू जस्तैः धार्मिक, प्राकृतिक, ऐतिहासिक क्षेत्रहरूमा अध्ययन अनुसन्धान र संरक्षण गर्ने उद्देश्यले गरिने भ्रमण |
| दिगो पर्यटन | पर्यटक उद्योग, वातावरण र स्थानीय समुदायहरूको आवश्यकतालाई ध्यान दिँदै वर्तमान र भविष्यका आर्थिक, सामाजिक तथा वातावरणीय प्रभावहरूसँग सम्बन्धित पर्यटन |
| माइस पर्यटन | सभा, सम्मेलन, प्रोत्साहन र प्रदर्शनी गर्ने उद्देश्यले गरिने पर्यटन योजना |
| मास पर्यटन | एकै साथ समुदायमा भ्रमण गर्ने पर्यटक |
| समुदायमा आधारित पर्यटन | स्थानीय जनताको आर्थिक लाभ हुने उद्देश्यले स्थानीय जनताकै सहभागितामा आधारित पर्यटन यसले स्थानीय समुदायमा रोजगारीको सृजना गर्दछ । |
| उपत्यका | वरिपरि पहाडले घेरेको समथर भूभाग । |
| खोल्सी | दुई डाँडा बीच वा भिरालो धरातलमा पानी बग्दै जाँदा बनेको गहिरो र साँघुरो सोतो वा प्राकृतिक कुलो । |
| जलवायु अनुकूलन | जलवायु परिवर्तन (तापक्रम वृद्धि, अतिवृष्टि, अनावृष्टि आदि) का असरहरूलाई (जोखिमलाई) कम गर्ने क्रियाकलापहरू । |
| जैविक विविधता | पारिस्थितिकीय प्रणालीको विविधता, प्रजातीय विविधता तथा वंशाणु विविधता |
| टार | खोला वा नदी बग्ने स्थानभन्दा केही अग्लो स्थानमा रहेको समथर गह्राहरू |
| पारिस्थितिकीय प्रणाली | कुनै निश्चित क्षेत्रमा भएका वनस्पति, जन्तु, सूक्ष्म जीवाणु सहितको चलायमान जीव समुदाय र तिनका वरिपरि रहेर निर्जीव वातावरण बीचको निरन्तर भइरहने प्राकृतिक अन्तरक्रिया । |
| प्रारम्भिक वातावरणीय परीक्षण | वातारण संरक्षण ऐन, २०५३ मा व्यवस्था भए अनुसार कुनै प्रस्तावको कार्यान्वयन गर्दा प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन |
| भू आकृति | पृथ्वीको धरातलीय स्वरुप र त्यसमा क्रियाशील भौगर्भिक प्रक्रियाहरूको अन्तर सम्बन्ध । |
| भूगर्भ | पृथ्वीको भौतिक संरचना तथा पदार्थ सम्बन्धी विज्ञान |
| वातावरणीय सेवा | पारिस्थिकीय प्रणालीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवलाई प्राप्त हुने वस्तु वा सेवा |
| वातावरणीय प्रभाव मूल्याङ्कन | वातावरण संरक्षण ऐन, २०५३ मा व्यवस्था भएअनुसार कुनै प्रस्तावको  कार्यान्वयन गर्दा प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन । |
| संरक्षित वन | विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको ठानी नेपाल सरकारले वन ऐन, २०४९  बमोजिम संरक्षित वनको रुपमा घोषित गरेको राष्ट्रिय वन |
| जलवायु परिवर्तन | पृथ्वीको औषत मौसममा आउने परिवर्तन । |

# अनुसूची २

## वडा स्तरीय  दृश्यावलोकन स्थल

| क्र.स. | दृश्यावलोकन स्थल | वडा नं. |
|---|---|---|
| १ | चौकी डाँडा | वडा नं. १ |
| २ | पञ्चकन्या सामुदायिक वन | वडा नं. २ |
| ३ | ठूलो गाँउ स्तुपा नजिक तीनचुलेबाट नुवाकोट र काठमाण्डौ देखिन्छ | वडा नं. ३ |
| ४ | क्याटोल  भ्यूटावर  दृश्यावलोकन | वडा नं. ४ |
| ५ | डाँडा गाँउ, चिसिनी | वडा नं. ५ |
| ६ | बरफेदी सार्वजनिक जग्गा | वडा नं. ९ |
| ७ | बालकुमारी मन्दिर | वडा नं. १२ |
| ८ | शिवमन्दिर सुवर्णसमसेर क्रिकेट हाइट | वडा नं. १३ |

## वडा स्तरीय  गुफा स्थल

| क्र.स. | गुफा स्थल | वडा नं. |
|---|---|---|
| १ | पञ्चकन्या गुफा | वडा नं. २ |
| २ | विष्णु द्धावार गुफा | वडा नं. ३ |
| ३ | नागिनी गुफा | वडा नं. ५ |
| ४ | थानेडाडा ,पुतली डाँडा गुफा | वडा नं. १३ |

## वडा स्तरीय  पार्क, चौर पिकनिक स्पट,कोट स्थल

| क्र.स. | पार्क, चौर पिकनिक स्पट,कोट स्थल | वडा नं. |
|---|---|---|
| १ | डुकुनी सामुदायीक वनमा | १ |
| २ | पञ्चकन्या सामुदायीक वन भित्र पिकनिक बनाउन सक्ने रुद्रेश्वर पार्क | २ |
| ३ | बूढानीलकण्ठ मन्दिर पूर्व तर्फ पार्क | ३ |
| ४ | भद्रकाली मन्दिर | ६ |
| ५ | गणेश, शिव, बुद्ध चुनदेवी, पानचौर | ७ |
| ६ | लाखेपोखरी पार्क | १२ |
| ७ | भद्रकाली मन्दिर, रातोमाटे पिकनिक स्थल | १३ |

अनुसूची ३

## पर्यटन गुरुयोजना निर्माण कार्ययोजना

| सि.नं. | कार्य विवरण | कार्य अवधि २०७५ साल | | | | |
|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कात्तिक | मंसिर |
| १ | गुरुयोजना निमार्ण सम्बन्धी दुई पक्षीय सम्झौता | √ | | | | |
| २ | नगरपालिकाका सरोकारवालहरूसगँ प्रारम्भिक छलफल तथा गोष्ठि | √ | | | | |
| ३ | गुरुयोजना तर्जुमाको सैद्धान्तीक खाका, योजना निमार्ण विधि, प्रकृया र सूचना संकलन, पर्यटन राष्ट्रिय निती योजना कार्यक्रमको पुनरावलोकन | √ | √ | | | |
| ४ | स्थलगत अध्ययनको आवश्यक औजार (Tools) बिधि निमार्ण | | √ | | | |
| ५ | स्थलगत अध्ययन, पर्यटकीय स्थल पहिचान, सामुदायिक छलफल र सूचना संकलन | | √ | √ | | |
| ६ | नगरका वडाहरूमा (साविक गाविसहरू) सरोकारवालाहरूसगँ अन्तरक्रिया | √ | | | | |
| ७ | पर्यटन विकासको अवधारणा तर्जुमा कार्यशाला (Visionary Workshop) | | | | | √ |
| ८ | प्राकृतिक, सांस्कृतिक तथा धार्मिक स्थलहरू जुन पर्यटकीय दृष्टिले महत्वपुर्ण छन तिनिहरूको नक्सा निमार्ण | | | | √ | √ |
| ९ | पर्यटन गुरुयोजनाको मस्यौदा तयार र प्रस्तुतिकरण | | | | | √ |
